प्रदेश सरकारको प्रतिबद्धताः "समृद्ध प्रदेश, खुशी जनता"

# प्रदेश स्थापनाको दुई वर्ष

## (२०७४/११/३ – २०७६/११/२)


**प्रकाशकः**

प्रदेश सरकार

प्रदेश नं. ५

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल



फोन नं. :- ०७१-५५००१४, ५५०६१०

फ्याक्स :- ०७१-५५०६१०

Email :- info@ocmcm.p5.gov.np, infocmofficep5,@gmail.com

Website :- www.ocmcm.p5.gov.np

**प्रकाशक** : प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५, बुटवल, नेपाल

**प्रकाशन वर्ष** : २०७६, फागुन

**सर्वाधिकार** : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सुरक्षित

**मुद्रण प्रति** : १००० प्रति

**मुद्रक** : फास्ट प्रिन्टर्स, बुटवल-४, लक्ष्मीनगर
मो: ९८४७०७२२३४

# मन्तव्य

नयाँ संविधान जारी भए पश्चात सम्पन्न चुनावबाट प्राप्त जनादेश अनुसार प्रदेश सरकार गठन भएको आज ठीक दुई बर्ष पूरा भएको छ। विल्कुलै नयाँ संरचनाको रुपमा प्रदेश सरकार स्थापना भई जनआकांक्षा पूरा गर्न प्रदेश सरकार अग्रसर छ । संवैधानिक दायरा र सीमा भित्र रहेर संघीयता कार्यान्वयन गर्न प्रदेश सरकार प्रतिबद्ध छ। सहकारितामूलक संघीयता अंगालेको नेपालको संविधानले प्रत्येक तहका सरकारहरू बीचमा सहअस्तित्व, समन्वय र सहकार्यको परिकल्पना गरेको छ। संवैधानिक व्यवस्था अनुसार संघीयता कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकार समन्वय र सहकार्य गर्दै अघि बढिरहेका छन् ।

संविधानले एकात्मक राज्य संरचनाको अन्त्य गर्दै संघात्मक राज्य व्यवस्था स्थापना गरेको छ। एकात्मक राज्य व्यवस्थामा प्रदेश सरकार बाहेक स्थानीय र संघका संरचना थिए । स्थानीय तह हिजो स्थानीय निकायको रुपमा क्रियाशिल थियो। प्रदेशको संरचना शुन्यबाट आरम्भ गर्दै आवश्यकता अनुसार फराकिलो हुँदै अघि बढेको छ। संवैधानिक अधिकारको प्रयोगमा अब्बल सावित गरेर राज्य संरचनाको एक अत्यावश्यक र अभिन्न इकाईको रुपमा प्रदेशलाई स्थापित गर्न हामी दृढ संकल्पित छौं । प्रदेशको आर्थिक तथा सामाजिक विकासलाई गति दिन र शासकीय प्रवन्धहरुलाई जनस्तरसम्म पुऱ्याउन प्रदेश सरकार क्रियाशिल छ । लामो समयदेखिको एकात्मक मानसिकताबाट गुज्रिएको राजनीतिक र प्रशासनिक नेतृत्व तथा संरचनालाई व्यवहारिक रुपमा परिवर्तन गर्ने दिशामा मुलुक अघि बढेको छ ।

प्रदेश सरकार यो दुई वर्षमा आधारभूत रुपमा कानून बनाउन सफल भएको छ। आवधिक योजना तयार भएको छ। संघीयता कार्यान्वयनको महत्वपूर्ण पाटोको रुपमा रहेको कानून निर्माण गर्ने कार्यले प्रदेशमा प्राथमिकता पाएको छ। संवैधानिक दायाराभित्र रहेर निर्माण गर्नुपर्ने करिव १ सय १६ वटा ऐनहरुको पहिचान भएको छ। त्यसमध्ये ४८ वटा कानून बनिसकेका छन्। प्रदेश सरकारले योजनावद्द विकासको थालनी गरेको छ । प्रदेश सरकार गठन भए लगत्तै प्रदेश नं ५ को वस्तुस्थिति विवरण तयार गरिएको छ । सोही वस्तुस्थिति विवरणको आधारमा प्रथम आवधिक योजना निर्माण गरी लागू गरिएको छ । प्रदेश अब देखिने र सुनिने अवस्थामा आइपुगेको छ। संविधानले प्रदान गरेका अधिकारभित्र रहेर प्रदेशको विकास

र समृद्धिको लागि गर्नुपर्ने काम पहिचान गरेका छौं । विकासप्रति देखिएको नागरिकको तीव्र चाहना पूरा गर्ने महत्वपूर्ण अंग प्रदेश बन्न सक्छ भन्ने कुरालाई हामीले काम गरेर देखाउने छौं । त्यसका लागि आधारभूत रुपमा जग तयार भएको छ ।

शून्यबाट काम थाल्दै प्रदेशमा ७ वटा मन्त्रालय, सचिवालय, आयोग, प्रतिष्ठान, प्राधिकरण, निर्देशनालय, कार्यालय गरी १७१ वटा निकायहरु स्थापित भएका छन् । प्रशासनिक संघीयताको जटिल पाटोको रुपमा रहेको कर्मचारी समायोजन प्रक्रिया करिव अन्तिम चरणमा पुगेको छ । संघबाट प्रदेशमा समायोजन भएका कर्मचारीलाई निश्चित मापदण्ड र कार्यविधि बनाएर व्यवस्थापन गरिएको छ । प्रदेशको करिव ४ हजार दरवन्दी मध्ये करिब २ हजार ४ सय दरवन्दी समायोजन पछि पूरा भएको छ । बाँकी दरबन्दीमा पदपूर्ती गर्न प्रदेश लोक सेवा आयोग गठन भई काम अघि बढाइएको छ । प्रदेशको आवश्यकता बमोजिमका संगठन संरचना प्रदेशमा हस्तान्तरण हुँदैछन् ।

आवधिक योजनाको आधारमा वार्षिक बजेट र नीति तथा कार्यक्रम बनाउने परिपाटीको विकास भएको छ । प्रदेशको चालू बजेट भन्दा पूँजीगत बजेट बढी हुनुले विकासको केन्द्र प्रदेश बन्न सक्छ भन्ने विषय प्रमाणित भएको छ। अन्तर प्रदेश परिषद, अन्तरसरकारी वित्त परिषद, राष्ट्रिय विकास समस्या समधान समितको वैठक लगायतका फोरमहरूमा प्रदेश सरकारले आफ्ना अप्ठ्यारा र संघीयता कार्यान्वयनमा देखा परेका समस्यालाई उजागर गर्दै समस्या समाधानमा पर्याप्त ध्यानाकर्षण गराएको छ । स्थानीय तहहरुबीच समन्वय र सहकार्य गर्न प्रदेश समन्वय परिषदको तीन वटा वैठक सम्पन्न भएका छन् । ती वैठकहरुबाट आएका निष्कर्षलाई प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्दै अघि बढेका छन् ।

"समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्न प्रदेश नम्बर ५ ले "समृद्ध प्रदेश, खुसी जनता" को सोँच अघि सारेको छ। संविधानले प्रदान गरेका अधिकारको प्रयोग गर्दै संघीयतालाई सफल रुपमा कार्यान्वयन गरी विकास र समृद्धिप्रतिको जनआकांक्षालाई पूरा गर्दै जनताको मुहारमा हाँसो र खुसी ल्याउने दिशामा हामी दृढ संकल्पित छौं । प्रदेश सरकारको यस लक्ष्य प्राप्तिका लागि सबै राजनैतिक दल, पेशाकर्मी, नीजि क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी र आम जनसमुदायमा हार्दिक अपील गर्दछु ।

शंकर पोखरेल
मुख्यमन्त्री

# कार्यकारी सारांश

## १. पृष्ठभूमि

संघीय शासन प्रणालीको कार्यान्वयनका क्रममा प्रदेश नं. ५ को प्रदेश सरकार गठन भएको दुई वर्ष पूरा भएको छ। विं. सं. २०७४ साल फागुन ३ गते प्रदेश सभामा बहुमत प्राप्त दलको नेता मा. श्री शंकर पोखरेललाई मा. प्रदेश प्रमुखबाट मुख्यमन्त्री नियुक्त गरी सपथ ग्रहण गरेसंगै प्रदेश सरकारको गठन भएको हो। उक्त दिनलाई प्रदेश सरकारले प्रदेश स्थापना दिवसको रुपमा मनाउने भनी निर्णय गरे अनुसार फागुन ३ गतेलाई प्रदेश स्थापना दिवसको रुपमा मनाउने गरिएको छ। यही अवसरमा प्रदेश सरकारले वार्षिक रुपमा सम्पादन गरेका गतिविधि तथा हासिल गरेका उपलब्धिहरुलाई समेटेर दोस्रो स्मारिकाको रुपमा यो पुस्तक प्रकाशनको जमर्को गरेको छ। पुस्तिकामा प्रकाशित तथ्याङ्कीय विवरणहरु छुट्टै स्रोत उल्लेख भएको अवस्थामा बाहेक मुख्य रुपमा प्रदेश वस्तुस्थिति विवरण-२०७५ र मन्त्रालयहरुबाट प्राप्त विवरणहरुमा आधारित छन्। साथै अन्य विवरणहरु सम्बन्धित मन्त्रालय तथा निकायहरुबाट प्राप्त विवरणमा आधारित रही संक्षेपमा मात्र समेटिएको छ।

## २. प्रदेशको वस्तुस्थिति

प्रदेश नं. ५ पूर्वमा पाल्पा जिल्लाको रामपूर देखि पश्चिमा बर्दियाको राजापूर सम्म तथा उत्तरमा रुकुम पूर्वको पूथा हिमाल देखि दक्षिणमा भारतको सीमाना सम्म फैलिएको मिनि नेपालको रुपमा रहेको छ। यस प्रदेशमा १ हिमाली जिल्ला, ५ पहाडी जिल्ला र ६ वटा तराई एवं भित्री मधेशका जिल्ला गरी १२ जिल्ला रहेका छन् । यी १२ वटा जिल्लामा ४ उपमहानगरपालिका ३२ नगरपालिका र ७३ वटा गाउँपालिका गरी १०९ वटा स्थानीय तहहरु छन्। ५२ वटा प्रदेश सभाका निर्वाचन क्षेत्र रहेको यो प्रदेश प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण प्रदेशको रुपमा छ। प्रदेशले नेपालको कूल क्षेत्रफलको करीब १५% भूभाग ओगटेको छ।

उपलब्ध तथ्यांकले यस प्रदेशको आर्थिक अवस्था मुलुकको समग्र औसत अवस्थाको हाराहारीमा रहेको देखाउँछ। मानव विकास प्रतिवेदन २०१४ अनुसार यस प्रदेशको क्रयशक्तिमा आधारित प्रतिव्यक्ति आय ९५० अमेरिकी डलर रहेको छ। आर्थिक सर्वेक्षण २०७५/७६ का अनुसार प्रदेशको निरपेक्ष गरिबी १८.२% र बहुआयामिक गरिबीको दर २९.९ प्रतिशत रहेको छ। यो प्रदेश अन्नबालीमा करीब आत्मनिर्भर रहेका छन्। कफी उत्पादन र मौरी पालनका हिसावले पनि यसले पहिचान बनाएको छ। यहाँ बुटवल औद्योगिक क्षेत्रका अतिरिक्त रुपन्देहीको मोतीपुरमा विशेष आर्थिक क्षेत्रको स्थापना भएको छ भने बाँकेको नौवस्तामा विशेष आर्थिक क्षेत्र प्रस्तावित छ। प्रदेशभित्र साना ठूला गरी करीब ४५,००० उद्योग व्यवसाय संचालनमा छन्। रुपन्देही नेपालकै सबैभन्दा बढी उद्योग स्थापना भएको जिल्लामध्ये पर्दछ। आ.व. २०७५/७६ मा यो प्रदेश अन्य प्रदेशको तुलनामा सबैभन्दा उच्च आर्थिक वृद्धि हासिल गर्ने प्रदेशको रुपमा रहेको छ। त्यसैगरी नेपालको कूल ग्राहस्थ उत्पादनमा यस प्रदेशको १८.२% योगदान रहेको छ

बि.सं.२०६८ को जनगणना अनुसार यस प्रदेशको कूल जनसंख्या ४४ लाख ९९ हजार रहेको छ। यहाँको ९० प्रतिशत घरधूरीमा खानेपानी सुविधा पुगेको छ। प्रदेशका सबै जिल्ला खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेका छन् र प्रदेश पूर्ण साक्षर प्रदेश बन्ने दिशामा अगाडि बढेको छ। प्रदेशको कूल साक्षरता दर ६६.४ प्रतिशत रहेको छ भने ७५.५ प्रतिशत पुरुष र ५८.३ प्रतिशत महिला साक्षर रहेको अनुमान छ। यहाँको जन्मदाको अपेक्षित आयु ६७.५ वर्ष रहेको छ। यस प्रदेशको लैङ्गिक समानता तथा महिला सशक्तीकरणको स्तर राष्ट्रिय औसतभन्दा केही कमजोर रहेको स्थिति छ।

प्रदेश वस्तुस्थिति विवरण अनुसार यस प्रदेशमा करीब ३००० मे.वा. जलविद्युत उत्पादनको सम्भावना रहेकोमा हालसम्म करीब २१ मे.वा. मात्र उत्पादन भएको छ। यहाँ कूल भूभागको २९ प्रतिशत कृषि भूमि रहेको र त्यसको ५१ प्रतिशतमा मात्र सिँचाइ सुविधा पुगेको छ। यस प्रदेशमा हालसम्म करिब ११,००० कि.मि. सडक निर्माण भएको र ३१५ कि.मि. मात्र कालोपत्रे भएको छ। प्रदेशभित्र रहेका चारवटा विमानस्थलमध्ये ३

वटा विमानस्थलहरु निरन्तर संचालनमा छन्। रुपन्देहीको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नतिको अन्तिम चरणमा रहेको छ।

प्रदेशको करीब ४५% क्षेत्र वन क्षेत्रको रुपमा रहेको छ। बाँके राष्ट्रिय निकुञ्ज र वर्दिया राष्ट्रिय निकुञ्ज गरी २ वटा राष्ट्रिय निकुञ्ज, नेपालको एक मात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्षको केही भाग, बिभिन्न संरक्षित क्षेत्रहरु, भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनी क्षेत्र, रेसुङ्गा, रुरुक्षेत्र, पाल्पा दरबार, रानीमहल, गाभर भ्याली, दाङ उपत्यका, स्वर्गद्वारी, पुथा र सिस्ने हिमाल, रामग्राम, राजापूर क्षेत्र, ठाकुरद्वारा, आदि यस प्रदेश प्रमुख पर्यटकीय गन्तव्यका रुपमा रहेका छन्।

## ३. प्रदेश सरकारका दोस्रो वर्षका प्रमुख उपलब्धिहरु

### ३.१. आवधिक योजना तथा आधारभूत कानुनको निर्माण

प्रदेशले आ.व. २०७५/०७६ लाई प्रदेशको आवधिक योजना र आधारभूत कानूनहरुको निर्माण वर्षको रुपमा घोषणा गरी काम अगाडि बढाएको थियो। यस क्रममा स्थापनाकाल देखि हालसम्म प्रदेश सभाबाट ४८ वटा कानूनहरु निर्माण भएका छन्। त्यसैगरी प्रदेशको प्रथम आवधिक योजनाको निर्माण भई कार्यान्वयन भईरहेको छ। महत्वपूर्ण आयोजना तथा कार्यक्रमहरुमा स्रोतको सुनिश्चितताका लागि मध्यमकालीन खर्च संरचना तयार भएको छ। योजनावद्ध विकासलाई संस्थागत गर्ने र प्रदेशका कामकारबाहीलाई नियमित तथा व्यवस्थित गर्ने सन्दर्भमा यी कानून तथा आवधिक योजना आधार स्तम्भका रुपमा रहेका छन्।

### ३.२. प्रदेशको शासन ब्यवस्थाको निर्देशन, नियन्त्रण र संचालन

प्रदेशका मा. मुख्यमन्त्रीको नेतृत्वमा ६ सदस्यीय मन्त्रीमण्डलको गठन भई कार्य संचालन भइरहेको छ। हाल सम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अतिरिक्त ६ वटा मन्त्रालयहरु रहेका र आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी मा. मुख्यमन्त्रीबाट सम्हालिरहेको अवस्था रहेको छ। प्रदेश सरकाको कार्य विभाजन नियमावली एवं कार्यसम्पादन नियमावली बमोजिम मन्त्रिपरिषद् तथा मन्त्रालयका कार्यहरु संचालन एवं

निर्देशित छन्। स्थापनाकाल देखि २०७६ पुस मसान्त सम्म मन्त्रिपरिषद्का ६१ वटा बैठक सम्पन्न भई ३०१ वटा निर्णयहरु भएका छन।

## ३.३. विकास निर्माणका गतिविधिहरुमा प्राथमिकता

प्रदेश सरकारले आवधिक योजना, वार्षिक वजेट तथा कार्यक्रमले निर्देशित गरेका क्षेत्रहरुमा रही वार्षिक बजेटको विनियोजन गरी विकास निर्माणका कार्यहरुलाई प्राथमिकताका साथ संचालन गरेको छ। आ.व. २०७५/७६ र २०७६/७७ को पौष मसान्तसम्ममा चालू खर्चको तुलनामा पूँजीगत बजेट उच्च रहेको छ। साथै गत आ.व. २०७५/७६ मा बजेट खर्चको स्थिति अन्य प्रदेशको तुलनामा उच्च रहेको छ। स्थानीय तहका केन्द्रहरु जोड्ने पहुँच मार्ग, पर्यटन पूर्वाधार, प्रादेशिक सडक एवं पूलहरु, उच्च शिक्षासँग सम्बन्धित पूर्वाधार, कृषि पूर्वाधारहरु, जनताको आवास सूधार आदि प्रदेशको निर्माणका प्राथमिकताका विषयहरु रहेका छन्। त्यसैगरी प्रदेशबाट संचालन हुने निश्चित आयोजनाहरुलाई प्रदेश गौरवका आयोजनाका रुपमा परिभाषित गर्ने तयारी भइरहेको छ।

## ३.४.समावेशी विकास एवं सामाजिक समावेशीकरण र गरीबी निवारणमा जोड

प्रदेश सरकारले सामाजिक समावेशीकरणमा जोड दिदै विभिन्न कारणले मूलधारबाट पछाडि परेका वा पारिएका समुदायहरुको उत्थानमा जोड दिएको छ। साथै राष्ट्रिय एजेण्डासँग मेल खाने गरी गरीबी निवारणका कार्यक्रमहरु संचालन भइरहेका छन्। प्रदेशलाई पूर्ण साक्षार वनाउने, आगामी ५ वर्ष भित्रमा निरपेक्ष गरीबीलाई १०% भन्दा तल झार्ने लक्ष्य अनुरुप प्रादेशिक कार्यक्रमहरु संचालन छन्। सबैभन्दा तल्लो स्तरमा रहेका जनताहरुलाई गरीबी निवारणमा प्रत्यक्ष्य सहयोग पुग्ने गरी प्रत्येक गाउँपालिकामा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम संचालन भइरहेको छ।

## ३.५. प्रादेशिक सँगठनहरुको स्थापना र सेवाको विस्तार

गत वर्ष सम्म स्थापित प्रदेशका बिभिन्न १४५ वटा कार्यलय र इकाईहरु रहेकामा आवश्यकता र औचित्यताका आधारमा मितव्ययी तवरबाट साविककै जनशक्तिबाट

व्यवस्थापन हुनेगरी सँगठन विस्तार गरी विकास निर्माण र सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउने प्रयास गरिएको छ। यस क्रममा हालसम्म प्रदेशबाट स्थापित कार्यालयहरुको संख्या १७१ पुगेको छ।

### ३.६. प्रादेशिक एवं स्थानीय जनशक्तिको आपूर्तिका लागि आधार तयार

संवैधानिक एवं कानूनी व्यवस्था अनुसार प्रदेश निजामती सेवा लगायत अन्य सरकारी सेवा र स्थानीय सेवाको जनशक्तिको भर्ना, छनौट र सिफारिसका लागि प्रदेश लोकसेवा आयोग गठन भई कार्य प्रारम्भ भएको छ। साथै प्रदेश निजामती सेवा विधेयकको मस्यौदा तयार भइरहेको र निकट भविष्यमै उक्त विधेयक प्रदेश सभामा पेश गर्न सकिने अवस्था रहेको छ। यसबाट प्रदेश तथा स्थानीय तहमा जनशक्ति आपूर्ति भई प्रदेशका कामकारबाहीमा थप सुधार र प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ।

### ३.७. दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण र सूचकमा आधारित नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणालीको विकासको आधार तयार

राष्ट्रले सन् २०३० सम्म हासिल गर्ने भनी निर्धारण गरेका दिगो विकाससँग सम्बन्धित लक्ष्यहरुको आन्तरिकीकरणका लागि आधार प्रतिवेदन (Baseline Reoprt) तयार भई प्रकाशन भएको छ। साथै प्रदेशबाट संचालन हुने विकास योजना तथा कार्यक्रमहरुलाई नतिजामूलक तथा प्रभावकारी बनाउने उद्देश्यले प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन जारी भई कार्यान्वयनमा रहेको छ। यसबाट राष्ट्रिय लक्ष्यसँग प्रादेशिक लक्ष्यहरुको तालमेल गरी विकास आयोजनाहरुको कार्यान्वयन र अनुगमन तथा मूल्यांकन प्रभावकारी हुने अपेक्षा गरिएको छ। साथै सोही दिग्दर्शनमा आधारित सूचना प्रविधिमैत्री आयोजना व्यवस्थापन प्रणालीको विकासको कार्य अगाडि बढेको छ।त्यसैगरी प्रदेशबाट संचालित विकास आयोजना तथा कृयाकलापहरुको नियमति समीक्षा गरी सोका प्रतिवेदनहरु प्रकाशन तथा प्रसारण गर्ने गरिएको छ। मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विकास समस्या समाधान समिति, विषयगत मन्त्रीको अध्यक्षतामा प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति, प्रमुख सचिवको अध्यक्षतामा प्रदेश अनुगमन तथा मूल्याङ्कन समिति कृयाशील छन्।

### ३.८.समन्वय, सहकार्य र सहअस्तित्वमा जोड

संघीय शासन प्रणाली अनुरुप प्रदेश सरकार संघ र स्थानीय सरकार बीच तहको सरकार भएको र तीनवटै तहका वीचमा समन्वयका लागि बढी भूमिका निर्वाह गर्नुपर्ने अवस्थामा रहन्छ। विशेष गरी स्थानीय तहलाई नीति निर्देशनका साथै विकास निर्माण एवं सेवा प्रवाहमा सहयोग गर्ने र संघीय सरकारबाट सोही किसिमको सहयोग प्राप्त गर्ने तथा सूचनाको आदान प्रदान गर्ने सन्दर्भमा प्रदेश सरकार कृयाशील छ। यसै अवधिमा प्रदेश समन्वय परिषद्को दोस्रो र तेस्रो बैठक सम्पन्न भई विभिन्न निर्णयहरु भएका छन्। साथै संघ एवं स्थानीय तहसँगको साझेदारी र समन्वयमा विभिन्न कार्यक्रम तथा आयोजनाहरु संचालित छन्। संघ र प्रदेश एवं प्रदेश र स्थानीय तहका साझा सरोकारका विषयहरुमा चरणबद्ध छलफल तथा अन्तरकृयाहरु सम्पन्न भएका छन्।

### ३.९. सूचना प्रविधिको बहुउपयोगका लागि आधार तयार

प्रदेश सरकारले आफ्ना गतिविधिहरुलाई सूचना प्रविधि मैत्री बनाउने तथा सूचना प्रविधिलाई प्रदेश विकासको महत्वपूर्ण आधारको रुपमा तयार गर्ने उद्देश्यले सूचना तथा संचार प्रविधि प्रतिष्ठान ऐन, २०७६ बमोजिम सूचना तथा संचार प्रविधि प्रतिष्ठानको गठन गरी कार्यकारी अधिकृतको नियुक्ती गरी कार्य अगाडि बढाइएको छ। यसले प्रदेशले प्रयोग गर्ने सूचना प्रविधिको आधार तयार गर्ने तथा सूचना प्रविधि क्षेत्रलाई रोजगारी सृजना एवं प्रदेश विकासको महत्वपूर्ण आधार बनाउने गरी कार्य संचालन गरिरहेको छ।

### ३.१०. अन्तर्राष्ट्रिय सम्बन्धको स्थापना र बाह्य लगानी जुटाउने प्रयास

प्रदेशको विकासको लागि आवश्यक लगानी जुटाउने तथा अन्तर्राष्ट्रिय स्तरमा प्रादेशिक सम्बन्धमा स्थापना गर्ने उद्देश्यले विभिन्न प्रयासहरु भएका छन्। यस क्रममा मित्रराष्ट्र चीनका सिचुवान र गान्सु प्रान्तसँग प्रदेशको भगिनी सम्बन्ध स्थापना भएको छ। माननीय मुख्यमन्त्रीको नेतृत्वमा चीनको बिभिन्न प्रान्तको भ्रमण भई सम्बन्ध विस्तार भएको छ भने प्रदेशका विभिन्न स्थानीय तहहरुले चीनका बिभिन्न शहरहरुसँग भगिनी सम्बन्ध स्थापना गरेका छन्। त्यसैगरी बिभिन्न देशका राजदुतहरु एवं अन्तर्राष्ट्रिय दातृ निकायका

प्रतिनिधिहरुले मुख्यमन्त्रीसँग भेट गरी आपसी सम्बन्धका विषयहरुमा छलफल भएका छन्। आन्तरिक एवं बाह्य लगानीको बृद्धिका लागि प्रदेशले आगामी बैशाखमा सम्पन्न गर्ने गरी लगानी सम्मेलनको तयारी गरिरहेको छ।

## ४. प्रमुख समस्या तथा चुनौतीहरू

प्रदेश सरकार स्थापनाको प्रारम्भ देखि नै मुख्य रुपमा देखापरेका जनशक्ति अभाव, भौतिक एवं वित्तीय साधन र स्रोतको न्यूनता रहेको छ। प्रदेश नयाँ संरचना भएकोले प्रभावकारी सेवा प्रवाह र कार्यसम्पादनद्वारा आम जनमानसमा यसको आवश्यकता र महत्व स्थापित गर्नुपर्ने चुनौती छ। साथै संघीय शासन प्रणालीमा तहगत सरकारहरु बीचमा समन्वय र सन्तुलन कायम गर्न प्रदेश सरकारले निर्वाह गर्नुपर्ने भुमिका समेत चुनौतिपूर्ण छ। समयमै संघीय कानूनहरु प्राप्त नहुनु, विकास आयोजनाहरु संचालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति र स्रोत प्रयाप्त मात्रामा प्राप्त नहुनु, आफ्नै स्रोतको न्यूनताको कारण संघीय सरकारमा निर्भर रहनुपर्ने अवस्थाको कारणले स्रोत व्यवस्थापनको चुनौती छ। संघीय शासन प्रणली तुलनात्मक रुपमा खर्चिलो प्रणाली भएको र यसबाट जनतामा प्रणाली प्रति नकारात्मक भावनाको विकास हुनसक्ने सम्भावनालाई सेवा प्रवाहको माध्यमबाट चिर्दै शासन प्रणाली प्रति सकारात्मक भावनाको विकास गर्नु चुनौती पूर्ण छ। राष्ट्रिय आवश्यकता बमोजिम तीन वटै तहका सरकारहरुले संचालन गर्ने विकास निर्माण एवं सेवा प्रवाहका कृयाकलापहरुमा सामञ्जस्यता ल्याई दोहोरोपन कायम नहुने गरी संचालन गर्नुपर्ने चुनौती छ। नयाँ संरचनाका कारण पूर्ण व्यवस्थित हुन नसकेका प्रशासकीय संरचनाहरुलाई प्रविधिमैत्री र व्यवस्थित गरी सेवा प्रवाहमा सुधार ल्याउनु पर्ने चुनौती छ। संविधान बमोजिम साझा अधिकार सूचीमा रहेका विषयहरुलाई खण्डीकरण गरी प्रदेशले प्राप्त गर्ने अधिकारहरुको अभ्यासको आधार प्राप्त गर्नुपर्ने चुनौती छ। बढ्दो भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने र राज्यले लिएको भ्रष्टाचार प्रतिको शुन्य सहनशीलताको नीतिलाई आत्मसात गरी दिगो विकासका लक्ष्य एवं राष्ट्रको दीर्घकालीन सोंच बमोजिम प्रदेशको समृद्ध प्रदेश, खुशी जनताको लक्ष्य हासिल गर्नु चनौतीपूर्ण छ।

# विषय सूची

**परिच्छेद-एक : प्रदेश नं. ५ को संक्षिप्त परिचय ....... १**

१.१ पृष्ठभूमि ....... १

१.२ राजनैतिक तथा प्रशासनिक विभाजन ....... १

१.३ प्रदेशको भूगोल ....... ३

१.४ जनसंख्या ....... ४

१.५ भूमिको उपयोग ....... ४

१.६ आर्थिक क्षेत्रको स्थिति ....... ५

१.७ संस्थागत उपस्थिति ....... ७

१.८ भौतिक पूर्वाधार ....... ९

१.९ सामाजिक क्षेत्रको स्थिति ....... ११

१.१० आय, गरिबी र मानव विकास ....... १६

१.११ वन तथा जलाधार ....... १७

**परिच्छेद - दुई : कार्यगत वस्तुस्थिति ....... १९**

२.१ प्रदेश सभा ....... १९

२.२ मन्त्रिपरिषद् ....... ४३

२.२ मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय ....... ४७

२.४ आर्थिक मामिला तथा योजना मन्त्रालय ....... ७०

२.५ आन्तरिक मामिला तथा कानून मन्त्रालय....... ८४

२.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ....... १०३

२.७ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ....... ११८

२.८ भौतिक पूर्वाधार विकास मन्त्रालय ....... १४०

२.९ सामाजिक विकास मन्त्रालय ....... १५९

२.१० मुख्य न्यायाधिवक्ताको कार्यालय ....... १७८

२.११ प्रदेश लोक सेवा आयोग ....... १९५

२.१२ प्रदेश योजना आयोग ....... १९७

**परिच्छेद तीन : समस्या तथा चुनौती र भावी कार्यदिशा ........................................................२०७**

३.१ समस्या तथा चुनौती ..............................................................................२०८

३.२ अवसर .....................................................................................................२११

३.३ भावी कार्यदिशा ........................................................................................२११

**अनुसूचीहरु ........................................................................................................२१५**

अनुसूची - १ ..................................................................................................२१७

(क) प्रदेश समन्वय परिषद्को दोस्रो बैठकका निर्णयहरु ...........................................२१७

(ख) प्रदेश समन्वय परिषद्को तेस्रो बैठकका निर्णयहरु ............................................२२०

अनुसूची - २ ..................................................................................................२२५

अनुसूची - ३ ..................................................................................................२२८

# परिच्छेद-एक
# प्रदेश नं ५ को संक्षिप्त परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार यो प्रदेशमा संविधानको अनुसूची -४ बमोजिम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रूकुम(पूर्वी भाग), रोल्पा, प्यूठान, दाङ, बाँके र बर्दिया गरी बाह्र जिल्लाहरू रहेका छन। बाह्र जिल्लामध्ये पहाडमा ६ जिल्ला र तराईमा ६ जिल्ला रहेका छन्। यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कूल १०९ वटा स्थानीय तहहरू रहेका छन। यो प्रदेश उत्तरमा रुकुमको पुथा हिमालदेखि दक्षिणमा मर्चवारसम्म, पूर्वमा त्रिवेणी सुस्तादेखि पश्चिममा बर्दियाको राजापुरसम्म जम्मा २२,२८८ वर्ग किलोमिटर भूभाग रहेको छ । प्रदेशले नेपालको कूल क्षेत्रफलको १५.१ प्रतिशत हिस्सा ओगटेको छ। जनगणना २०६८ बमोजिम कूल जनसंख्याको १७.१४ प्रतिशत जनसंख्या रहेको देखिन्छ। यस प्रदेशको आफ्नै मौलिक विशषेता हुनुका साथै शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी, तिलौराकोट तथा थुप्रै बुद्धकालीन ऐतिहासिक र सांस्कृतिक महत्वका सम्पदाहरू यसै प्रदेशमा पर्दछन् । एसियाकै ठूलो दाङ उपत्यका यो प्रदेशमा पर्दछ। ।

## १.२ राजनैतिक तथा प्रशासनिक विभाजन

यस प्रदेशका १२ जिल्लामा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कूल १०९ वटा स्थानीय तहहरु रहेका छन्। ती स्थानीय तहमा ९८३ वटा वडाहरु छन्। स्थानीय तहको संख्याको हिसाबले यो प्रदेश धेरै स्थानीय तहहरु भएको चौथो प्रदेशको रुपमा रहेको छ। यस प्रदेशमा रुपन्देही जिल्लामा सबैभन्दा बढी १६ वटा स्थानीय तहका १५५ वटा वडाहरु छन् भने सबैभन्दा कम रुकुम पूर्वमा ३ वटा स्थानीय तहका ३१ वटा वडाहरु रहेका छन्। जिल्लागत रुपमा स्थानीय तहहरुको विवरण देहाय बमोजिम छ।

| क्र.सं. | जिल्ला | गाउँपालिका | नगरपालिका | उपमहानगरपालिका | वडा संख्या |
|---|---|---|---|---|---|
| १. | नवलपरासी (सुस्ता-वर्दघाट पश्चिम) | ४ | ३ | | ७४ |
| २. | रुपन्देही | १० | ५ | १ | १५५ |
| ३. | कपिलवस्तु | ४ | ६ | | ९६ |
| ४. | पाल्पा | ८ | २ | | ८१ |
| ५. | अर्घाखाँची | ३ | ३ | | ६१ |
| ६. | गुल्मी | १० | २ | | ९३ |
| ७. | रुकुम (पूर्व) | ३ | | | ३१ |
| ८. | रोल्पा | ९ | १ | | ७२ |
| ९. | प्यूठान | ७ | २ | | ६४ |
| १०. | दाङ | ७ | १ | २ | १०० |
| ११. | बाँके | ६ | १ | १ | ८१ |
| १२. | बर्दिया | २ | ६ | | ७५ |
| | जम्मा | ७३ | ३२ | ४ | ९८३ |

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय


## १.३ प्रदेशको भूगोल

चित्र नं. १: प्रदेश नं ५ को नक्शा




तराइको समथर जमिनदेखि ७,२४६ मीटर उचाई भएको पुथा हिमालसम्म यो प्रदेश फैलिएको छ। प्रदेशको कूल क्षेत्रफल २२,२८८ वर्ग किलोमिटर छ, जुन नेपालको क्षेत्रफलको १५.१ प्रतिशत हुन आउँछ। राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रबाहेक यस प्रदेशको क्षेत्रफल १७,८१० वर्ग कि.मी. रहेको छ। यस प्रदेशको १२ जिल्लामध्ये दाङ्गको क्षेत्रफल सबैभन्दा बढी (१७.२ प्रतिशत) रहेको छ भने त्यसपछिका ठूला जिल्ला बाँके र रोल्पा हुन्। तराईको समथर भू-भागदेखि भित्री मधेस एवम् पहाडी र हिमाली भूगोल समेटेर वनेको यो प्रदेशलाई भौगोलिक आकार, प्राकृतिक स्रोतको विविधता र मानव सभ्यता एवम् संस्कृतिका दृष्टिले मिनी नेपालको रुपमा लिन सकिन्छ।

चित्र नं. २: प्रदेशको भौगोलिक अवस्था




यस प्रदेशको ३.१ प्रतिशत भूभाग उच्च हिमाल, ९.१ प्रतिशत उच्च पहाड, ३२.२ प्रतिशत मध्यम पहाड, २७.९ प्रतिशत शिवालिक र २७.६ प्रतिशत तराई क्षेत्र रहेको छ। उचाईका आधारमा ५०० मिटरभन्दा कम उचाई भएको क्षेत्र ४३.३प्रतिशत रहेको छ भने ५०० देखि १००० मिटर सम्मको क्षेत्र २०.४ प्रतिशत र १००० देखि २००० मिटर सम्मको २४.१ प्रतिशत क्षेत्र रहेको छ। २००० देखि ३००० मिटर सम्मको क्षेत्र ७.४ प्रतिशत, ३००० देखि ४०००


मिटर उचाई भएको क्षेत्र ३.० प्रतिशत, ४००० देखि ५००० मिटर उचाई भएको क्षेत्र १.६ प्रतिशत र ५००० मिटरभन्दा बढी उचाई भएको क्षेत्र ०.३ प्रतिशत जति रहेको छ।

## १.४ जनसंख्या

वि.सं. २०६८ को जनगणना अनुसार यस प्रदेशमा ८,८४,७५७ घरपरिवार संख्या रहेको छ। यसैगरी कूल जनसंख्या ४४ लाख ९९ हजार २७२ रहेको छ। वि.स. २०५८ र २०६८ बीचमा यस प्रदेशको औसत जनसंख्या वृद्धिदर १.३७ प्रतिशत रहेको थियो जुन नेपालको औसत जनसंख्या वृद्धिदरभन्दा ०.२ प्रतिशतले बढी रहेको थियो। जिल्लागत रुपमा रुपन्देहीमा यस प्रदेशका १९.६ प्रतिशत मानिसहरू बसोबास गर्दछन्। त्यसपछि कपिलवस्तुमा १२.८ प्रतिशत, दाङ्गमा १२.३ प्रतिशत र बाँकेमा १०.९ प्रतिशत मानिस बसोबास गर्दछन्। बाँकी अन्य जिल्लामा प्रत्येकमा १० प्रतिशतभन्दा कम मानिस बसोबास गरेका छन्। यस प्रदेशको जनघनत्व प्रति वर्ग कि.मी. २५२ जना रहेको छ जुन नेपालको औसत जनघनत्व प्रति वर्ग कि.मी. १८० जनाभन्दा केही बढी हो। यस प्रदेशका कूल जनसंख्यामध्ये ५२ प्रतिशत नगरपालिकामा र बाँकी ४८.० प्रतिशत गाउँपालिकामा बसोवास गर्दछन्।यसैगरी यहाँ ५५.८ प्रतिशत जनसंख्या १५ देखि ५९वर्ष उमेर समूहका सक्रिय जनसंख्या रहेकाछन् भने ३६ प्रतिशत १५ वर्ष मुनीका छन्। यस प्रदेशमा परिवारको आकार ५.०८ रहेको छ।

## १.५ भूमिको उपयोग

चित्र नं. ३: भूउपयोगको स्थिति




यस प्रदेशमा ६५५.८२ हजार हेक्टर (२९ प्रतिशत) कृषि भूमि रहेको छ। वन क्षेत्रले १,००८.७ हजार हेक्टर क्षेत्र (४५ प्रतिशत) ओगटेको छ।साथै,बुट्यान११८.८ हजार हेक्टर (५ प्रतिशत) भूभागमा रहेको छ भने १३.६ हजार हेक्टर जल क्षेत्र रहेको छ। बाँझो जग्गा १०७.६ हजार हेक्टर रहेको छ जसले कूल भूभागको ५ प्रतिशत ओगटेको छ। त्यसै गरी आवासले १४ प्रतिशत भूमि ओगटेको छ।

स्रोत: प्रदेश वस्तुस्थिति विवरण, २०७५

यस प्रदेशमा एक कृषक परिवारसँग औसतमा ०.७ हेक्टर (१.०३ विघा) जग्गा रहेको देखिन्छ। यसैगरी, ७६.५ प्रतिशत कृषक परिवारसँग १ हेक्टरभन्दा कम जग्गा रहेको छ। तिनीहरूसँग कूल जग्गाको ५५ प्रतिशत रहेको छ।जग्गाको आकार टुक्रिदै गएकोले व्यावसायिक कृषि गर्न पुग्नेगरी रहेको छैन।

# १.६ आर्थिक क्षेत्रको स्थिति

## कृषि

यस प्रदेशमा कृषि प्रमुख आर्थिक क्षेत्रको रुपमा रहेको छ। यहाँ प्रमुख खाद्यान्न बालीको रुपमा धान, मकै, गहूँ, कोदो, फापर र जौं उत्पादन हुने गर्दछ।समग्रमा खाद्यान्न बचत हुने प्रदेशको रुपमा रहे पनि खाद्यान्नको पहूँच समान छैन। यस प्रदेशमा आर्थिक वर्ष २०७३।७४ मा करीब ११३५.३ हजार मे. टन धान उत्पादन भएको थियो। धान उत्पादकत्वको हिसाबले राष्ट्रिय औसत (३.३७ मे.टनप्रति हेक्टर) भन्दा बढी रहे पनि प्रदेशहरूको तुलना गर्दा तेस्रो स्थानमा रहेको छ। यस प्रदेशको धानको औसत उत्पादकत्व करीब ३.४६ मे.टनप्रति हेक्टर रहेको छ।आ.व. २०७६/७७ ११८५.५ हजार मे.ट. धान उत्पादन भएको अनुमान छ।

आर्थिक वर्ष २०७३।७४ मा करीब ३०८.० हजार मे. टन मकै उत्पादन भएकोमा आ.व. २०७४/७५ मा करीब ३५५.१ हजार मे.ट. मकै उत्पादन भएको भएको थियो। मकैको औसत उत्पादकत्व करीब २.४ मे.टनप्रति हेक्टर रहेको छ जुन राष्ट्रिय औसत (२.७) भन्दा केही कम रहेको छ। त्यसैगरी गहूँ उत्पादन पनि यस प्रदेशका सबै जिल्लामा हुने गर्दछ। राष्ट्रिय रुपमा गहूँ उत्पादनमा यो प्रदेशको दोस्रो स्थान रहेको छ। आर्थिक वर्ष २०७३।७४ मा करीब ४५७.३ हजार मे. टन गहूँ उत्पादन भएकोमा आ.व. २०७४/७५ मा ४४८.५२ हजार मे.ट. गहुँ उत्पादन भएको थियो। यस प्रदेशमा गहूँको उत्पादकत्व ३.२३ मे.टनप्रति हेक्टर रहेको छ जुन राष्ट्रिय औसत (२.८) भन्दा बढी हो। सबै जिल्लामा तेलहन र दलहन बालीको उत्पादन हुने यस प्रदेशमा आर्थिक वर्ष २०७३।७४ मा करीब ५४.३५ हजार मे.टन तेलहन र ११८.५३ हजार मे.टन दलहन उत्पादन भएको थियो भने आ.व. २०७४/७५ मा ६२.३८ हजार मे.ट. तेलहन उत्पादन भएको थियो।

बिगतदेखि नै कफी खेतीका लागि राष्ट्रिय रुपमा प्रख्यात गुल्मी जिल्ला यसै प्रदेशमा पर्छ।गुल्मीका अतिरिक्त अर्घाखाँची, पाल्पा र प्यूठानमा पनि कफी उत्पादन हुने

गरेको छ। आर्थिक वर्ष २०७३।७४ मा यस प्रदेशमा ९४ मे.टन कफी र १२७ मे.टन कपास उत्पादन भएको थियो।भने आ.व. २०७५/७६ मा करीब १०० मे.ट. कफि उत्पादन भएको थियो। कपास उत्पादन हुने यस प्रदेशका दुई जिल्लाहरु बाँके र बर्दियामा आ.व. २०७४/७५ मा १२५ मे.ट. कपास उत्पादन भएको थियो। यस प्रदेशमा करीब २४३७ हेक्टर जलाशय क्षेत्रफलले ओगट्ने १०८०९ वटा पोखरी रहेका छन्। आर्थिक वर्ष २०७३।७४ मा यहाँ ११,५५० मे.टन माछा उत्पादन भएको थियो।

## उद्योग

यस प्रदेशमा १० जनाभन्दा बढीलाई रोजगारी दिएका करीब ९०० जति उद्योग रहेका छन्। उद्योग संख्याका हिसावले यो प्रदेश दोस्रोमा पर्दछ। जिल्लागत हिसाबले रुपन्देही जिल्लामा ठूला उद्योग धेरै संख्यामा रहेका छन्। रुपन्देही पछि क्रमशः बाँके, कपिलवस्तु, दाङ, बर्दिया, नवलपरासी, र पाल्पामा धेरै उद्योग संचालनमा रहेका छन्।यहाँ करीब ४५ हजार मानिस ठूला उद्योग संचालनमा संलग्न छन्। यस प्रदेशमा एक दर्जनभन्दा बढी सिमेन्ट उद्योगहरू संचालनमा रहेका छन्।

यस प्रदेशमा दुइवटा औद्योगिक क्षेत्र संचालनमा रहेका छन्।बाँके जिल्लाको नेपालगन्जमा ११.९ हेक्टर (२३३.९ रोपनी) क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्रमा २८ वटा उद्योग संचालनमा, २ वटा निर्माणाधीन र ३ वटा उद्योग बन्द रहेको अवस्था छ। त्यस्तै, २२.१ हेक्टर (४३४ रोपनी) क्षेत्रफल रहेको बुटवल औद्योगिक क्षेत्रमा ६४ वटा उद्योग संचालनमा र ३ वटा बन्द रहेको अवस्था छ। रुपन्देहीको मोतिपपुर र बाँकेको नौवस्तामा नयाँ औद्योगिक क्षेत्र निर्माणाधीन अवस्थामा रहेको छ।

केन्द्रीय तथ्याङ्क विभागले २०७५ जेष्ठमा गरेको राष्ट्रिय आर्थिक गणनाको प्रतिवेदन अनुसार यस प्रदेशमा १,४७,७८९ वटा व्यावसायिक प्रतिष्ठान संचालनमा रहेका छन् जसमा ४,७४,२६४ जना जनशक्ति संलग्न रहेका छन्। क्षेत्रगत रुपमा हेर्दा कृषि, वन तथा माछापालन व्यवसायमा ४,०८७,खानी तथा उत्खनन् ८८, औधोगिक उत्पादन १६,१७०,थोक तथा खुद्रा व्यापार, मोटरगाडी, मोटरसाईकल मर्मत ८३,६७२, आवास सुबिधा तथा खाना व्यबस्था १८,७१५, वित्तिय तथा विमा २,३८२, शिक्षा ६,१११ र मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप २,९४४ वटा प्रतिष्ठानहरु रहेका छन्।

यस प्रदेशको तराई र पहाडी जिल्लामा विभिन्न किसिमका प्राकृतिक सम्पदाको रुपमा खानी तथा खनिजजन्य पदार्थ रहेका छन् जसको पूर्ण उत्खनन र प्रयोग हुन सकेको छैन। यस प्रदेशमा चूनढुंगा, कोइला, फलाम, सुन, तामा, स्लेट, जिंक, रोडाढुंगा उपलब्ध छन्। दाङ्गमा आधा दर्जन जति कोइला उद्योग संचालनमा छन्। यहाँ चूनढुंगा उपयोग गरेर सिमेण्ट उद्योग खुल्ने क्रम बढेको छ। आर्थिक वर्ष २०७४।७५ सम्ममा उत्खनन कार्यका लागि ३३ वटा लाइसेन्स जारी भएका छन् भने ८६ व्यक्ति तथा संस्थाहरूले विभिन्न खानीहरूको खोजतलास कार्यका लागि लाइसेन्स लिएका छन्।

**<u>पर्यटन</u>**

पर्यटन यो प्रदेशको महत्वपूर्ण क्षेत्र हो।यस प्रदेशमा खासगरी धार्मिक पर्यटकहरू बढी आउने गर्दछन्।बाह्य पर्यटकका लागि गौतम बुद्धको जन्मस्थल लुम्बिनी मुख्य आकर्षणको रुपमा रहेको छ। साथै, मानसरोवर यात्राका लागि जाने भारतीय पर्यटकहरूका लागि नेपालगन्ज आधार स्थानको रुपमा रहेको छ। सन् २०१८ मा लुम्बिनीमा आन्तरिक र बाह्य गरी १५ लाख ३२ हजार १३४ पर्यटकहरूले भ्रमण गरेका थिए। त्यसै गरी प्युठानको स्वर्गद्वारी पनि पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ। यहाँ विशेष गरी स्वदेशी र भारतिय पर्यटकहरुले भ्रमण गर्ने गरेका छन्।


पर्यटकको वृद्धिसंगै रुपन्देही र बाँकेमा स्तरीय होटलहरू विस्तार भइरहेका छन्। २०७४ पुषसम्म रुपन्देहीमा १,८६७ वटा वेड सहितका ५२ वटा पर्यटकस्तरीय होटल तथा लजहरू रहेका छन्। त्यस्तै, पाल्पामा ६४ वेड भएको एउटा होटल, बाँकेमा ४० वटा (२,०१८बेड), बर्दियामा १६ वटा (२२५ बेड)र दाङमा ७६ वटा (१०२६ बेड) पर्यटकस्तरीय होटल तथा लज रहेका छन्।

# १.७ संस्थागत उपस्थिति

**<u>सहकारी</u>**

२०७४ असार मसान्तसम्म यस प्रदेशमा ४,०४३ वटा सहकारी संचालनमा छन्। सबैभन्दा बढी रुपन्देहीमा ७७९ र दोस्रोमा दाङ्गमा ६२७ सहकारी संचालनमा

**चित्र नं. ४: सहकारीको संख्या**




स्रोत: भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश

छन्।सबैभन्दा कम रुकुम पूर्वमा ४४ वटा मात्र संचालनमा छन्। विषयगत रुपमा हेर्दा सबै सहकारीमध्ये सबैभन्दा धेरै कृषि सहकारी संस्था १७४१ वटा(४३.१प्रतिशत) छन् भने दोस्रो स्थानमा बचत तथा ऋण सहकारीको संख्या १३०१ (३२.२ प्रतिशत) रहेको छ।बहुउद्देश्यीय सहकारी संस्थाको संख्या ४८१ रहेको छ।यस प्रदेशमा सहकारीका सदस्य ९,६७,२२३ जना रहेको र सहकारी क्षेत्रबाट ६,१६२ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। साथै, सहकारी क्षेत्रमा रु.६०२ करोड शेयर पूँजी, रु. २६अर्व ४३ करोड निक्षेप र रु. ३०अर्व ७० करोड कर्जा लगानी भएको देखिन्छ।

## वित्तीय संस्था

प्रदेश वस्तुस्थिति विवरण २०७५ का अनुसार यस प्रदेशमा २०७५ मंसीर महिनासम्ममा वाणिज्य बैंकका ४७६, विकास बैंकका २९७ र वित्त कम्पनीहरूको २९ गरी ८०२ वटा शाखा संचालनमा छन्। औसतमा यस प्रदेशमा बैक तथा वित्तीय संस्थाहरूको एक शाखाले ६१९१ जनालाई बैकिङ्ग सेवा पुर्‍याएको स्थिति छ जुन राष्ट्रिय औसत (६४१०) भन्दा राम्रो हो। रुपन्देहीमा बैंक तथा वित्तीय संस्थाहरूको एक शाखाले ३९६२ जनालाई वित्तीय सेवा पुर्‍याएको छ भने रोल्पामा सबैभन्दा बढी १५६७४ जनालाई वित्तीय सेवा पुर्‍याउनु परेको स्थिति छ।नेपाल राष्ट्र बैंकको पछिल्लो प्रतिवेदन अनुसार यस प्रदेशका सबै स्थानीय तहहरुमा वाणिज्य बैंकका शाखाहरु पुगेका छन्।

## गैरसरकारी संस्था

यस प्रदेशमा करीब ३६०५ गैरसरकारी संस्थाहरू संचालनमा रहेको देखिन्छ। यसमध्ये करीब ६२.५ प्रतिशत (२२५३) संस्थाहरू सामुदायिक तथा ग्रामीण विकासको कार्यमा संलग्न रहेको पाइन्छ। त्यसपछिको ठूलो संख्यामा (५०७ वटा) संस्थाहरू युवा सेवासँग सम्बन्धित छन्।महिलासँग सम्बन्धित क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरू ३१२ वटा र एच.आई.भि./एड्स सम्बन्धी काम गर्ने ७ वटा यस्ता संस्था रहेका छन्। यस बाहेक स्वास्थ्य क्षेत्रमा ६१ वटा गैर सरकारी संस्थाहरूले काम गरिरहेका छन्।


जिल्लागत रुपमा हेर्दा सबैभन्दा बढी गैर सरकारी संस्थाहरू दाङमा ५९३ रहेका छन्। तत्पश्चात् बाँकेमा ५१७ र रुपन्देहीमा ४३३ रहेका छन्।सबैभन्दा कम प्यूठानमा १३८ वटा गैर सरकारी संस्थाहरू कार्यरत रहेका छन्।सबै जिल्लामा सामुदायिक तथा

ग्रामीण विकास सम्बन्धमा काम गर्ने गैर सरकारी संस्थाहरूको उपस्थिति बाक्लो रहेको देखिन्छ।

## १.८ भौतिक पूर्वाधार

### सडक तथा यातायात पूर्वाधार

चित्र नं.५: सडक (कि.मी.)




स्रोत: आर्थिक सर्वेक्षण २०७४।७५

प्रदेशको प्रथम आवधिक योजनाका अनुसार यस प्रदेशमा राष्ट्रिय र ग्रामीण सडक गरी करीब ११ हजार कि.मी. सडक निर्माण भएको छ। आर्थिक वर्ष २०७४।७५ को आर्थिक सर्वेक्षणका अनुसार यहाँ ८६०३ कि.मी. स्थानीय सडक छ।यसमध्ये ४,१३३ कि.मी. जिल्ला सडक र ४४७० कि.मी. ग्रामीण सडक रहेको छ।निर्मित सडकमध्ये ६०४ कि. मी. (७ प्रतिशत ) मात्र कालोपत्रे, २,६६८ कि.मी. (३१.० प्रतिशत) ग्राभेल र बाँकी ५,३३१ कि.मी. (६२.० प्रतिशत) कच्ची प्रकृतिका छन्।

हवाई यातायातको विकासको पूर्वाधारका रुपमा यस प्रदेशको भैरहवा, नेपालगन्ज, दाङ्ग र गुल्मीमा विमानस्थल रहेका छन्। भैरहवास्थित गौतम बुद्ध विमानस्थललाई अन्तर्राष्ट्रिय स्तरको बनाउने काम भैरहेको छ। कर्णाली प्रदेशका विभिन्न जिल्लामा जाने मुख्य केन्द्रको रुपमा नेपालगन्ज विमानस्थल रहने गरेको छ। खासगरी, मानसरोवर यात्राको लागि नेपालगन्ज प्रमुख केन्द्रको रूपमा रहेको छ।दाङ्गको तुलसीपुरमा रहेको विमानस्थल पनि पछिल्लो समय पुन: संचालनमा आएको छ भने गुल्मीको विमानस्थल संचालनमा छैन

### जलविद्युत

यो प्रदेशको नवलपरासीमा १५ मे.वा., प्यूठानमा १२ मे.वा., पाल्पामा १.७५ मे.वा., गुल्मीमा ७.४ मे.वा गरी ३५.४५ मे.वा. जलविद्युत उत्पादन भएको छ। साथै, पाल्पामा १.७ मे.वा., गुल्मीमा १.७५ मे.वा., रोल्पामा ०.९६ मे.वा. र रुकुममा ५ मे.वा. गरी १५.९९ मे.वा निर्माणाधीन अवस्थामा रहेका जलविद्युत आयोजना छन्। करीब ११३.९३

मे. वा. क्षमताका ९ वटा आयोजनाले सर्वेक्षण अनुमति प्राप्त गरेका छन्। यस प्रदेशमा करीब ३००० मे.वा. जलविद्युत उत्पादन गर्न सकिने प्रारम्भिक अनुमान रहेको छ। नेपाल सरकारको बास्केटमा गुल्मीमा ४ वटा, अर्घाखाँचीमा एउटा र रोल्पामा ७ वटा गरी एक दर्जन साना आयोजनाहरूबाट ५१ मे.वा. जति जलविद्युत उत्पादन गर्न सकिने अनुमान छ। वि.स.२०६८ को जनगणना अनुसार यस प्रदेशका ६६.० प्रतिशत घरपरिवारमा मात्र बिजुली पुगेको छ। आर्थिक सर्वेक्षण २०७४।७५ का अनुसार नेपालका अझै ३० प्रतिशत घरपरिवारहरू अध्यारोमा बस्न बाध्य छन्। विद्युत सेवा पुगेको ठाउँमा पनि नियमित ढंगले विद्युत प्रवाह नभएको र भोल्टेजको उतारचढाव हुने गरेको छ। खाना पकाउने इन्धनको मुख्य स्रोतमा काठ दाउराको बाहुल्यता रहेको छ। यस प्रदेशमा ७१.१ प्रतिशत घरपरिवारले खाना पकाउन काठदाउराको प्रयोग गर्दछन् जुन राष्ट्रिय औसत ६४.० प्रतिशत भन्दा बढी हो। खाना पकाउन बिजुली प्रयोग गर्ने घरपरिवार नगन्य छन्।

## सिँचाइ

कृषि गणना २०६८ अनुसार यस प्रदेशमा करीब ५१ प्रतिशत कृषि भूमिमा मात्र सिँचाइ सुविधा पुगेको छ। ठूला सिँचाइ आयोजनाको रुपमा बर्दिया जिल्लामा ३६,००० हेक्टर जमीनमा सिँचाइ सेवा पुऱ्याउनेउद्देश्यले बबई सिँचाइ आयोजना निर्माणको चरणमा छ। त्यस्तै, दाङ्ग जिल्लाको देउखुरी उपत्यकाको ५,८०० हेक्टरमा सिँचाइ विस्तार गर्न प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, बाँकेको ४२,७६६ हेक्टर क्षेत्रमा सिँचाइ पु-याउन सिक्टा सिँचाइ र बाँके र बर्दियाको गरी ६०,००० हेक्टर सिँचाइ सुविधा उपलब्ध गराउन भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना निर्माणको चरणमा रहेको छ। यस प्रदेशमा साना ठूला गरी कुल ५४१ वटा सिँचाइ प्रणालीमार्फत ३१६ हजार हेक्टर भूमिमा सिँचाइ सुविधा उपलव्ध छ।

## खानेपानी तथा सरसफाइ

वि.सं. २०६८ सालको जनगणना अनुसार नवलपरासी, रुपन्देही, कपिलबस्तु, गुल्मी, बाँके र बर्दियामा ९० प्रतिशतभन्दा बढी घरधूरीमा खानेपानी सुविधा उपलब्ध भएको देखिन्छ। सबैभन्दा कम दाङमा ६८.४ प्रतिशत घरधूरीमा, रूकुममा ७४.३ प्रतिशत र रोल्पामा ७७.८ प्रतिशत घरधूरीमा खानेपानी सुविधा पुगेको देखिन्छ। पछिल्लो समय यसमा केही थप भएको हुनसक्छ तर भरपर्दो र गुणस्तरीय खानेपानी सेवाको उपलब्धता भने कमजोर नै रहेको छ। तराईका जिल्लामा आर्सेनिकको समस्या छ भने पहाडी जिल्लामा

पानीका मुहानहरू सुक्दै गएका छन्। त्यसैगरी सरसफाईको कुरा गर्नुपर्दा यस प्रदेशका सबै जिल्ला खुला दिशामुक्त जिल्ला घोषणा भएका छन् ।

# १.९ सामाजिक क्षेत्रको स्थिति

**शिक्षा**

यस प्रदेशको समग्र साक्षरता दर ६६.४ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत ६५.९ प्रतिशतभन्दा सीमान्त रुपले मात्र बढी छ। यहाँ ७५.५ प्रतिशत पुरुष र ५८.३ प्रतिशत महिला साक्षर रहेका छन्।यस प्रदेशका बाँके र कपिलवस्तु बाहेक अन्य दश जिल्ला पूर्ण साक्षर घोषणा भएका छन्।

प्रदेश वस्तुस्थिति विवरण २०७५ का अनुसार यस प्रदेशमा करीब ५,९०६ विद्यालयहरू रहेका छन्, तीमध्ये ७९.२ प्रतिशत जति सामुदायिक विद्यालय छन् भने १५.७ प्रतिशत संस्थागत विद्यालय र ५.१ प्रतिशत धार्मिक विद्यालय रहेका छन्। कक्षा १ देखि ५ सम्म ७ लाख जति विद्यार्थी रहेका छन् भने कक्षा ६ देखि ८ सम्म ३,२७,८५३, कक्षा ९ र १० मा १,६०, ८०७ र कक्षा ११-१२ मा ७१,८८९ जना विद्यार्थी रहेका छन्। यहाँ ७८.१ प्रतिशत बालबालिका अझै सामुदायिक विद्यालयमा भर्ना हुने गरेका छन् जबकि राष्ट्रियको औसत ८१.५ प्रतिशत रहेको छ।

प्राथमिक तहमा यस प्रदेशको कूल भर्ना दर १३६.४ प्रतिशत छ भने खूद भर्ना दर ९६.५ प्रतिशत छ जुन नेपालको खूद भर्ना दर ९६.६ प्रतिशतभन्दा सीमान्त रुपले मात्र कम छ। निम्न माध्यमिक तहमा यस प्रदेशको कूल भर्ना दर ९८.० प्रतिशत रहेको छ भने खुद भर्ना दर ७७.२ प्रतिशत रहेको छ। यसैगरी, माध्यमिक तहको कूल भर्ना दर ७१.७ प्रतिशत र खूद भर्ना दर ५४.३ प्रतिशत रहेको छ। उच्च माध्यमिक तहको हकमा भने कूल भर्ना दर ३२.८ प्रतिशत र खूद भर्ना दर १५.२ प्रतिशत रहेको छ। कक्षा ९ देखि १२ सम्मको खूद भर्ना दर ४०.५ प्रतिशत रहेको छ।

यस प्रदेशको कक्षा १-५ सम्मको कक्षा दोहोर्‍याउने दर ८.७ प्रतिशत छ। कक्षा १-५ सम्म तुलनात्मक रुपमा छात्राभन्दा छात्रको दोहोर्‍याउने दर बढी रहेको छ। कक्षा ६-८ सम्मको कक्षा दोहोर्‍याउने दर ४.० प्रतिशत र कक्षा ९-१० मा कक्षा दोहोर्‍याउने दर ३.१ प्रतिशत छ।

कक्षा १-५ सम्म यस प्रदेशको कक्षा छाड्ने दर ३.८ प्रतिशत रहेको छ। कक्षा ६-८ मा कक्षा छाड्ने दर बढेर ४.३ प्रतिशत पुग्ने गरेको छ भने कक्षा ९-१० मा जाँदा यो दर थप बढेर ४.९ प्रतिशत पुगेको देखिन्छ। यो तहमा आएपछि छात्रभन्दा छात्राको कक्षा छाड्ने दर बढी रहेको छ।यस प्रदेशमा कक्षा १-५ र कक्षा ६-८ सम्म कूल भर्ना दरमा लैङ्गिक अनुपात १ भन्दा बढी छ।तर, लैङ्गिक अनुपात कक्षा ९-१० मा ०.९८ र कक्षा ११-१२ मा थप घटेर ०.९२ रहेको छ।

यस प्रदेशका करीब ४,५०० सामुदायिक विद्यालयमध्ये ४,१४८ वटा (९२.२%) विद्यालयमा शौचालय सुविधा उपलब्ध छ। यस प्रदेशका सामुदायिक विद्यालयका १३,५३१ वटा भवनमध्ये ३,९४९ वटा (२९.२%) भवन कमजोर अवस्थामा रहेका छन्। यहाँ ९,०५६ वटा थप कक्षा कोठा आवश्यक रहेका छन् भने ९,४९१ वटा पुराना कोठा मर्मत गर्न सकिने अवस्थामा छन्।

यस प्रदेशका ९३.४ प्रतिशत सामुदायिक विद्यालयमा पानी उपलब्ध रहेको छ। जम्मा १४.० प्रतिशत (६३० वटा) सामुदायिक विद्यालयमा मात्र इन्टरनेट सुविधा उपलब्ध छ भने ३४.२ प्रतिशत (१५३७ वटा) मा बिजुली उपलब्ध रहेको छ।कम्प्यूटर सुविधा भएका सामुदायिक विद्यालय जम्मा ७४८ (१६.६ %) रहेका छन्।यसमध्ये पढाउनका लागि कम्प्यूटर प्रयोग हुने सामुदायिक विद्यालयको संख्या करीब ४८२ वटा मात्र छ।

यस प्रदेशमा १६० वटा प्राविधिक शिक्षा दिने संस्था संचालनमा छन् जसले करिब ११,००० जनालाई तालिम प्रदान गर्ने क्षमता राख्दछन्।सामुदायिक विद्यालयमा पनि प्राविधिक शिक्षा उपलब्ध गराउन थालिएको छ। प्राविधिक शिक्षाको पहूँच विस्तार भए पनि यसको गुणस्तर कमजोर रहेको छ। निजी क्षेत्रबाट संचालित प्राविधिक शिक्षा महँगो रहेकाले सर्वसाधारण विद्यार्थीको पहूँच कठिन रहेको स्थिति छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शैक्षिक तथ्याङ्क (२०१८) का अनुसार यस प्रदेशमा त्रिभुवन विश्वविद्यालयका १७२ वटा, नेपाल संस्कृत विश्वविद्यालयका ६ वटा, काठमाण्डौ विश्वविद्यालयका २ वटा, पूर्वाञ्चल विश्वविद्यालयका ४ वटा, पोखरा विश्वविद्यालयका १२ वटा, लुम्बिनी बौद्ध विश्वविद्यालयका एउटा गरी १९७ वटा क्याम्पसहरू रहेका छन्। प्रदेश ३ पछि बढी क्याम्पसहरू यस प्रदेशमा रहेका छन्।

## स्वास्थ्य

मानव विकास प्रतिवेदन २०१४ मा उल्लेख भए अनुसार यस प्रदेशको जन्मदाको अपेक्षित आयू ६७.५ वर्ष रहेको छ जुन राष्ट्रिय औसत ६८.८ वर्षभन्दा कम हो। जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार प्रदेशको औसत शिशु मृत्युदर (एक वर्षभन्दा कम उमेर) ४२ प्रति हजार र ५ वर्षभन्दा कम उमेरको बाल मृत्युदर ४५ प्रति हजार रहेको छ। दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको प्रतिशत ५६.६ प्रतिशत पाइएको छ जुन सात प्रदेशमध्ये तेस्रो कम दर हो।

यस प्रदेशमा २० वटा अस्पताल, ३० वटा प्राथमिक स्वास्थ्य केन्द्र, ५७० वटा स्वास्थ्य चौकी, ९७ वटा शहरी स्वास्थ्य केन्द्र, ६६ वटा सामुदायिक स्वास्थ्य इकाइ र १६५ वटा गैरसरकारी स्वास्थ्य सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था छन्।साथै, यहाँ ३६३ वटा बर्थिङ सेन्टर संचालनमा रहेका छन्। रुकुम पूर्वमा  अस्पताल निर्माणाधीन छ।

### स्वास्थ्य क्षेत्रका सूचकहरू

| क्र.स. | सूचकहरू | इकाई | नेपाल | प्रदेश नं ५ |
|---|---|---|---|---|
| १. | सरकारी अस्पताल | संख्या | १२३ | २० |
| २. | प्राथमिक स्वास्थ्य केन्द्र | संख्या | २०० | ३० |
| ३. | स्वास्थ्य चौकी | संख्या | ३,८०८ | ५७० |
| ४. | शहरी स्वास्थ्य केन्द्र | संख्या | २४६ | ९७ |
| ५. | सामुदायिक स्वास्थ्य एकाइ | संख्या | २०४ | ६६ |
| ६. | गैरसामुदायिक स्वास्थ्य संस्था | संख्या | १,७१५ | १९२ |
| ७. | २०-४९ वर्षका महिलाको पहिलोविवाह हुँदाको उमेर | वर्ष | १८.१ | १८.१ |

| क्र.स. | सूचकहरू | इकाई | नेपाल | प्रदेश नं ५ |
|---|---|---|---|---|
| ८. | २५-४९ वर्षका पुरुषको पहिलोविवाह हुँदाको उमेर | वर्ष | २१.७ | २१ |
| ९. | कूल प्रजनन दर | | २.३ | २.४ |
| १०. | परिवार नियोजनका साधन प्रयोग गर्ने विवाहित महिला | प्रतिशत | ५२.६ | ४८ |
| ११. | नवजात शिशु मृत्युदर (प्रति हजार जीबित जन्म) | | २१ | ३० |
| १२. | शिशु मृत्यु दर (प्रति हजार जीबित जन्म) | | ३२ | ४२ |
| १३. | बाल मृत्युदर (५बर्ष) (प्रति हजार जीबित जन्म) | | ३९ | ४५ |
| १४. | जन्मदाको अपेक्षित आयु | वर्ष | ६८.८ | ६७.५ |

स्रोत: प्रदेश वस्तुस्थिति विवरण/स्वास्थ्य निर्देशनालय

स्वास्थ्यको गुणात्मक पक्षतर्फ हेर्दा यहाँ कुपोषणको स्थिति, मलेरिया र कुष्ठरोगको संक्रमणको स्थिति सन्तोषजनक छैन। करीब ७२ प्रतिशत विरामी नसर्ने रोगबाट पीडित रहेका छन्। करीब १३ प्रतिशत बच्चाहरू कम तौलका जन्मने गरेका छन्। कूल प्रजनन दर २.४ रहेको छ जुन राष्ट्रिय औसतभन्दा सीमान्त रुपले बढी हो। परिवार नियोजनको साधन प्रयोग गर्ने दर यस प्रदेशमा ४३ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत ( ५२.६% ) भन्दा कम छ।

## लैङ्गिक समानता र महिला सशक्तीकरण

जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार यस प्रदेशमा १५ देखि ४९ वर्षका ५२ प्रतिशत महिलाले मात्र आफ्नो कमाई आफैले खर्च गर्ने निर्णय गर्न सक्छन्। ७५ प्रतिशत महिलाको आम्दानी श्रीमानको भन्दा कम रहेको छ। उक्त उमेर समूहका महिलामध्ये ५.६ प्रतिशतसँग आफ्नै स्वामित्वमा घर छ भने ९.४ प्रतिशतसँग जग्गाको स्वामित्व रहेको छ। राष्ट्रियस्तरमा त्यस्तो प्रतिशत क्रमशः ६.७ र १० रहेको

छ। राष्ट्रिय स्तरमा ४०.५ प्रतिशत महिलाको बैंक तथा वित्तीय संस्थामा आफ्नो खाता रहेकोमा यस प्रदेशमा ३८.७ प्रतिशत रहेको छ। त्यस्तै राष्ट्रिय स्तरमा ७२.६ प्रतिशत महिलासँग आफ्नै मोवाइल फोन रहेकोमा यस प्रदेशमा ६९.७ प्रतिशत महिलासँग मात्र आफ्नै मोवाइल फोन रहेको छ। स्वास्थ्य उपचार, घरायसी किनबेच र आफन्तसँग भेटघाटसम्बन्धी निर्णय गर्नसक्ने महिलाको हिस्सा यस प्रदेशमा ३१.१ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत ३७.७ प्रतिशतभन्दा कम रहेको छ। यसैले राष्ट्रियस्तर भन्दा यस प्रदेशमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको स्तर केही कमजोर रहेको छ।

यस प्रदेशमा १५ देखि ४९ वर्षका महिलामध्ये २२.६ प्रतिशत महिलाले शारीरिक हिंसा भोग्ने गरेका छन् जुन राष्ट्रिय औसत २१.८ प्रतिशतभन्दा केही बढी छ। त्यस्तै, यस प्रदेशमा ६ प्रतिशत महिला गर्भवति अवस्थामा हिंसा, ८.३ प्रतिशत महिलाले यौन हिंसा, २४ प्रतिशत महिलाले श्रीमानबाट शारीरिक हिंसा, ८.३ प्रतिशत महिलाले श्रीमानबाट यौन हिंसा, १४.८ प्रतिशत महिलाले श्रीमानबाट मानसिक हिंसा भोग्ने गरेको पाइन्छ। यी सबै अनुपात राष्ट्रिय औसतभन्दा बढी छन्।

**१५-४९ वर्ष उमेर समूहका महिलाले भोगेको घरेलु हिंसा**

| क्र.स. | विवरण | नेपाल | प्रदेश ५ |
|---|---|---|---|
| १. | शारिरिक हिंसा भोगेकामहिलाको प्रतिशत | २१.८ | २२.६ |
| २. | गर्भवती हुदा हिंसा भोगेकामहिलाको प्रतिशत | ५.८ | ६ |
| ३. | यौनजन्य हिंसा भोगेकामहिलाको प्रतिशत | ६.९ | ८.३ |
| ४. | पछिल्लो १ बर्ष भित्र यौनजन्यहिंसा भोगेका महिलाको प्रतिशत | ३.३ | ५.३ |
| ५. | हिंसा भोगेर पनि कसैलाईनबताउने वा कसैको सहयोगनलिने महिलाको प्रतिशत | ६६.४ | ७०.४ |

स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६

जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २०१६ का अनुसार यस प्रदेशमा १५ देखि १९ वर्षका १३.४ प्रतिशत महिला बच्चा जन्माइसकेका वा पहिलो पटक गर्भवति भैसकेका हुने पाइएको छ, जुन राष्ट्रिय औसत १६.७ वर्षभन्दा कम रहेको छ। त्यस्तै, पहिलो विवाह गर्दाको महिलाको सरदर उमेर यस प्रदेशमा १८.१ वर्ष रहेको छ जुन राष्ट्रिय औसत २१.७ वर्षभन्दा कम रहेको छ। पहिलो बच्चा जन्माउँदाको महिलाको सरदर उमेर २०.३ वर्ष रहेको छ।

## १.१० आय, गरिबी र मानव विकास

मानव विकास प्रतिवेदन २०१४ अनुसार यस प्रदेशका सबै जिल्लाहरूको क्रयशक्तिमा आधारित औसत प्रतिव्यक्ति आय ९५० अमेरिकी डलर जति रहेको छ जुन राष्ट्रिय औसत ११६० अमेरिकी डलरभन्दा कम रहेको छ।

मानव विकास प्रतिवेदन २०१९ अनुसार नेपालको मानव विकास सूचकांक ०.५७९ पुगेको छ भने प्रदेशगत तथ्यांक प्राप्त भइनसकेको स्थिति छ। सन् २०१४ को मानव विकास प्रतिवेदन अनुसार यस प्रदेशको मानव विकास सूचकांक ०.४६१ रहेको छ ।उक्त प्रतिवेदन अनुसार सबैभन्दा कम मानव विकास सूचकाङ्क रोल्पाको ०.३९५ छ भने सबैभन्दा बढी पाल्पाको ०.५०० रहेको छ। यस प्रदेशको मानवीय गरिबी सूचकाङ्क (३१.९४) समग्र नेपालको त्यस्तै सूचकाङ्क (३१.१२) भन्दा सीमान्त रुपले बढी छ।

**आय, गरिबी र मानव विकासका सूचकहरू**

| क्र.स. | सूचकहरू | इकाई | नेपाल | प्रदेश ५ |
|---|---|---|---|---|
| | मानव विकास सूचकाङ्क | | ०.५७९ | ०.४६१ |
| | निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसंख्या | प्रतिशत | १८.७ | १८.२ * |
| | प्रतिव्यक्ति आय (२०६८) | अमेरिकीडलर/पिपिपि | १,१६० | ९५० |

| क्र.स. | सूचकहरू | इकाई | नेपाल | प्रदेश ५ |
|---|---|---|---|---|
| | बहु-आयामिक गरिबी सूचकाङ्क | | ०.१२७ | ०.१३३ |
| | बहु-आयामिक गरिबीको दर | प्रतिशत | २८.६ | २९.९ |
| | मानव गरिबी सूचकाङ्क | प्रतिशत | ३१.१२ | ३१.९ |

स्रोत: प्रदेश वस्तुस्थिति विवरण,२०७५

राष्ट्रिय योजना आयोगको पछिल्लो तथ्याङ्क अनुसार यस प्रदेशमा बहुआयामिक गरिबीको अनुपात २९.९२ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत २८. ६२ प्रतिशतभन्दा बढी हो। यस प्रदेशको बहुआयामिक गरिबीको सूचक (MPI) ०.१३३ रहेको छ जुन राष्ट्रिय औसत ०.१२७ भन्दा केही बढी छ। यो प्रदेशमा १५ लाख जति मानिस बहुआयामिक गरिबीको मारमा छन्। यो प्रदेश संख्यात्मक रुपमा दोस्रो धेरै बहुआयामिक गरिबी भएको प्रदेश हो। यो प्रदेशमा बालमृत्युदर र कुपोषणले सबैभन्दा बढी बहुआयामिक गरिबी सिर्जना गर्न भूमिका खेलेको छ।

## १.११ वन तथा जलाधार

यस प्रदेशको करीब आधा (४५%) भूभाग वनजंगल रहेको छ। राष्ट्रिय वनअन्तर्गत ३,९६३ वटा सामुदायिक वन क्षेत्र (३८२.९६ हजार हेक्टर), ३४० वटा कबुलियत वन क्षेत्र (२ हजार हेक्टर), २४ वटा धार्मिक वन क्षेत्र (८०७ हेक्टर), ४ वटा संरक्षित वन क्षेत्र (३३.८८ हजार हेक्टर), ८ वटा साझेदारी वन (२२.५५ हजार हेक्टर), एक चक्ला वन (५४५ हेक्टर) र ८४९ वटा निजी वन (५२६ हेक्टर) रहेको छ। यसैगरी ५३७.५१ हजार हेक्टरमा सरकारद्वारा व्यवस्थित वनक्षेत्र रहेको छ।यस प्रदेशमा बाँके र बर्दिया गरी दुइवटा राष्ट्रिय निकुञ्ज र एउटा संरक्षण क्षेत्रको रुपमा कृष्णसार संरक्षण क्षेत्र पर्दछन्। ढोरपाटन शिकार आरक्षको केही भाग रुकुम पूर्वमा पर्दछ।

यस प्रदेशमा ३२ वटा मुख्य जलाधार प्रणाली रहेका छन्, जसअन्तर्गत ४४ वटा नदी तथा खोलाहरू रहेका छन्। ती नदीहरूको कूल लम्बाई १९५५ कि.मी. हुन आउँछ। यस प्रदेशको सबैभन्दा लामो राप्ती नदी (२०७.७ कि.मी.) रहेको छ। दोस्रो लामो बबई नदी (१६८.८ कि.मी.) र तेस्रो लामो माडी खोला (११५.७ कि.मी.) रहेको छ। यस प्रदेशका कुनै पनि जिल्ला जलवायू परिवर्तनको अति उच्च र उच्च जोखिममा रहेको देखिँदैन। तुलनात्मक रुपमा रोल्पा, रुकुम पूर्व, नवलपरासी जलवायू परिवर्तनको बढी जोखिम भएका जिल्लाका रुपमा रहेका छन्।

राष्ट्रिय वनको प्रकार, संख्या र क्षेत्रफल

| क्र.स. | वनकोप्रकार | संख्या | हेक्टर |
|---|---|---|---|
| १ | सामुदायिक | ३,९६३ | ३,८२,९६० |
| २ | कबुलियत | ३४० | २,००० |
| ३ | धार्मिक | २४ | ८०७ |
| ४ | संरक्षित | ४ | ३३,८८० |
| ५ | साझेदारी | ८ | २२,५५० |
| ६ | चक्ला | १ | ५४५ |
| ७ | निजी | ८४९ | ५२६ |

स्रोत: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं ५

यो प्रदेशले नेपालको समग्र भौगोलिक विशेषतालाई समेटेको छ। नेपालको औसत जनसंख्या वृद्धिदर भन्दा केही बढी दरले जनसंख्या बढिरहेको यस प्रदेशमा तीव्र दरमा शहरीकरण भइरहेको छ। यहाँ हिमाल र पहाड भए पनि कृषियोग्य भूमिको बाहुल्यता रहेको छ। अहिलेसम्म आर्थिक सामाजिक विकासका सूचकमा यो प्रदेशको अवस्था औसत खालको रहे पनि प्राकृतिक सम्पदा, भौगोलिक अवस्था र अवस्थिति, पूर्वाधार विकासको अवस्था, जैविक र साँस्कृतिक विविधताले गर्दा यस प्रदेश कृषि, उद्योग र पर्यटन क्षेत्रको विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ। यसको लागि सहयोगी भौतिक पूर्वाधार र सक्षम जनशक्तिको खाँचो छ। यस प्रदेशले उपलब्ध रहेको जल, जमिन, जंगल, जडीवुटीर जनशक्तिलाई सही प्रयोग गरेर समृद्ध प्रदेश बन्न सक्छ।

# परिच्छेद-दुई
# कार्यगत वस्तुस्थिती

## २.१ प्रदेश सभा

### १. पृष्ठभूमी

नेपालको संविधानको भाग १४ मा सातै प्रदेशहरूका लागि एक सदनात्मक व्यवस्थापिकाको सिद्धान्त अनुसार प्रत्येक प्रदेशमा प्रदेश सभाको व्यवस्था गरिएको छ। संविधानको धारा १७६ बमोजिम ६० प्रतिशत पहिलो हुनेनिर्वाचित हुने प्रणालीबाट र ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीवाट प्रदेश सभा सदस्यहरू निर्वाचित हुने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७३ को दफा १२ बमोजिम निर्वाचन आयोगले पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि मिति २०७४ भाद्र १५ गतेको नेपाल राजविवरणको भाग ३ खण्ड ६७ (अतिरिक्ताङ्क १५क)मा प्रकाशित सूचना अनुसार यस प्रदेशका ५२ वटा प्रदेश सभा सदस्य निर्वाचित हुने निर्वाचन क्षेत्रहरू निर्धारण भएको छ। प्रदेश नं. ५ मा संविधान बमोजिमको उक्त ५२ सिटको ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने २६ जना गरी जम्मा ८७ जना सदस्य रहेको प्रदेश सभा गठन भएको छ।

प्रदेशको नीति निर्माण गर्ने र कानून अनुसार प्रदेश सञ्चालनको पहरेदारी गर्ने सबैभन्दा अग्रणी निकाय प्रदेश सभा हो। प्रदेश सभाको यस्तो अग्रणी भूमिकालाई अध्ययन, अनुसन्धान र व्यवस्थापकीय सहयोग प्रदेश सभा सचिवालयले गर्ने गर्दछ। प्रदेश सभाको काम, कारवाही सुचारु रुपले सञ्चालन तथा व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ र प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ बमोजिम प्रदेश सभा सचिवालय गठन भएको छ।

प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ ले विभिन्न विषयगत समितिहरु, संसदीय दलको कार्यालयहर लगायत प्रदेश सभाको प्रशासनिक कार्यलाई व्यवस्थित गर्न

प्रदेश सभामा प्रदेश सभा सचिव, प्रदेश सभा सचिवालय सचिव, लगायत अन्य कर्मचारीको व्यवस्था गरिएको छ।

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले प्रदेश सरकार गठन तथा नियन्त्रण जस्ता कार्यहरु गर्दछ। ती कार्यहरु मर्यादित रुपमा व्यवस्थापन गर्न संविधानको धारा १८२ मा सभामुख र उपसभामुखको व्यवस्था गरेको छ। प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ मा विभिन्न समितिहरु, संसदीय दलहरु, प्रमुख सचेतकहरु, सचेतकहरु जस्ता संरचना तथा पदहरु रहने व्यवस्था छ।

## २. दीर्घकालीन सोच

जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित प्रदेश सभा।

## ३. उद्देश्य

प्रदेश सभालाई जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित बनाई कानून निर्माण तथा संसदीय निगरानी प्रकृयालाई प्रभावकारी बनाउने।

## ४. लक्ष्य

प्रदेश सभासचिवालयको क्षमतालाई उच्चतम उपयोग गरी संविधान कार्यान्वयन गर्न आवश्यक कानून निर्माण गरी जनप्रतिनिधिको भूमिकालाई उच्च बनाउने।

प्रदेश सभा सचिवालयलाई पूर्ण स्वायत्त निकायको रूपमा स्थापित गर्दै अत्याधुनिक, सुविधा सम्पन्न, सक्षम र आकर्षक बनाउने।

प्रदेश सभाको संसदीय निगरानी सम्बन्धी कामलाई प्रभावकारी, पारदर्शी र जिम्मेवारीपूर्ण बनाउने।

## ५. प्रदेश सभा सचिवालयको कार्यक्षेत्र

(१) नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी आफ्नो कार्य सञ्चालन गर्ने,

(२) प्रदेश नं. ५ प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ बमोजिमको कार्यक्षेत्र,

(३) प्रदेश सभा नियमावली, २०७४ बमोजिमको कार्यक्षेत्र,

(४) प्रदेशको काम, कारवाही संघीय संरचना अनुसार सञ्चालन गर्ने,

(५) संवैधानिक प्रावधान अनुसार प्रदेश सभा मार्फत ऐन कानून निर्माण गर्ने, नीति कार्यक्रम तय गर्ने,

(६) जनताका सरोकारका विषयहरुमा छलफल गर्ने,

(७) प्रदेश सभाको बैठकको सुव्यवस्था कायम राख्न र अन्य कामकारवाही नियमित एवम् प्रभावकारी बनाउने।

(८) प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी तथा प्रदेश सरकार र मातहतका निकायहरूको संसदीय निगरानी सम्बन्धी कार्यमा सहयोग गर्ने,

(९) प्रदेश सभाको काम कारवाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(१०) प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,

(११) प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(१२) प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,

(१३) प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका कार्यालयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,

(१४) प्रदेश सभामा परम्परागत तथा विद्युतीय दुबै प्रकारका पुस्तकालय र संवाद केन्द्रको संचालन गर्ने।

(१५) संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(१६) प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने,

(१७) प्रदेश सभालाई मर्यादित बनाउन अन्य कार्य गर्ने,


## ६. सँगठनात्मक संरचना तथा जनशक्ति विवरण

नेपाल सरकारबाट स्वीकृत भए बमोजिम प्रदेश सभा सचिवालयको सँगठन संरचना र जनशक्ति सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

# ७. स्वीकृत दरबन्दी अनुसारको सँगठन संरचना प्रदेश सभा सचिव

(प्रदेश सभा नियमावली, २०७४ बमोजिम)

विशिष्ट श्रेणी -१



## ८. दरबन्दी र पदपूर्तिको अवस्था

| क्र.सं. | पद तथा श्रेणी | स्वीकृत दरबन्दी तथा पदपूर्ति | | |
|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
| १. | प्रदेश सभा सचिव (प्रदेश सभा नियमावली २०७४ बमोजिम स्वीकृत) | १ | १ | ० |
| २. | सचिवालय सचिव (रा.प. प्रथम) | १ | ० | १ |
| ३. | उपसचिव (रा.प.द्वितीय प्रशासन) | २ | १ | १ |
| ४. | उपसचिव (रा.प.द्वितीय कानून) | १ | १ | ० |
| ५. | शाखा अधिकृत (रा.प. तृतीय) | ४ | ३ | १ |
| ६. | कानून अधिकृत (रा.प. तृतीय) | १ | १ | ० |
| ७. | लेखा अधिकृत (रा.प. तृतीय) | १ | १ | ० |
| ८. | कम्प्यूटर इन्जिनियर/अधिकृत (रा.प. तृतीय) | १ | ० | १ |
| ९. | नायब सुब्बा (रा.प. अनं. प्रथम) | ७ | ४ | ३ |
| १०. | कम्प्यूटर अपरेटर (रा.प. अनं. प्रथम) | १ | १ | ० |
| ११. | इलेक्ट्रिसियन/प्लम्बर (रा.प. अनं. प्रथम) | १ | १ | ० |
| १२. | माइक सञ्चालक (रा.प. अनं. प्रथम) | २ | २ | ० |
| १३. | स.ले.पा. (रा.प. अनं. द्वितीय) | १ | १ | ० |
| १४. | ह.स.चा. (श्रेणीविहिन) | ३ | ३ | ० |

| | | | | |
|---|---|---|---|---|
| १५. | का.स. (श्रेणीविहिन) | ३ | ३ | ० |
| १६. | प्र.नि. | १ | १ | ० |
| १७. | मर्यादापालक | ६ | ६ | ० |
| कुल जम्मा | | ३७ | ३० | ७ |

## ९. प्रदेश सभा स्थापना पश्चात सम्पादित मुख्य कार्यहरु

प्रदेश सभामा पहिलो र दोस्रो अधिवेशन सम्म भएका मुख्य कार्यहरू

| क्र.स. | विवरण | मिति |
|---|---|---|
| १ | प्रदेश सभाको प्र्थम अधिवेशनको पहिलो वैठक | २०७४।१०।२१ |
| २ | प्रदेश नम्बर ५ को प्रदेश सभा कार्य सञ्चालन अन्तरिम कार्यविधि, २०७४ पारित | २०७४।१०।२१ |
| ३ | कार्यव्यवस्था परामर्श समितिमा रहनुु हुने मा० सदस्यहरुको मनोनयन | २०७४।११।०६ |
| ४ | नियमावली मस्यौदा समिति गठन | २०७४।११।०६ |
| ५ | मा० मुख्यमन्त्रीले विश्वासको मत लिएको | २०७४।११।२७ |
| ६ | प्रदेश नम्बर ५ को प्रदेश सभा नियमावली, २०७४ मस्यौदा माथि छलफलको लागि सदनमा पेश | २०७४।१२।०४ |
| ७ | प्रदेश नम्बर ५ को प्रदेश सभा नियमावली, २०७४ सर्वसम्मतीले पारित | २०७४।१२।०४ |
| ८ | विभिन्न विषयगत समितिमा रहनु हुने मा. सदस्यहको मनोनयन | २०७४।१२।१५ |
| ९ | प्रदेश सरकारको आर्थिक सामाजिक विकासको | २०७४।१२।२९ |

| | | |
|---|---|---|
| | स्थितिविवरण प्रदेश सभामा पेश | |
| १० | सम्माननीय प्रधानमन्त्री श्री खड्ग प्रसाद शर्मा ओलीद्वारा प्रदेश सभालाई सम्बोधन | २०७५।०१।१६ |
| ११ | प्रदेश नम्बर ५ प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश | २०७५।०१।२५ |
| १२ | प्रदेश नम्बर ५ को प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५ सर्वसम्मतीले पारित | २०७५।०३।१० |
| १३ | विभिन्न विषयगत समितिमा रहनु हुने मा.० सदस्यहको मनोनयन | २०७५।०३।२७ |

प्रदेश सभा र सचिवालयमा तेस्रो र चौथो अधिवेशनका क्रममा भएका मुख्य कामहरू

| क्र.स. | कार्यक्रमको विवरण | सहभागि | स्थान | आयोजक |
|---|---|---|---|---|
| १ | अन्तर प्रदेश अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान | प्रदेश नं. ५ का मा.उपसभामुख ज्यू एवम् सचिवालयका कर्मचारी, सँग सुदुर पश्चिम प्रदेश र कर्णाली प्रदेशका प्रदेश सभाका पदाधिकारी तथा सदस्य एवम् सचिवालयका कर्मचारी | धनगढी र सुर्खेत | प्रदेश सभा सचिवालय, प्रदेश नं. ५ |
| २ | अन्तर प्रदेश अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान | प्रदेश नं. ५ का मा. सभामुख ज्यू, कार्य व्यवस्था परामर्श | हेटौडा, विराटनगर र जनकपुर | प्रदेश सभा सचिवालय, प्रदेश नं.५ |

| क्र.स. | कार्यक्रमको विवरण | सहभागि | स्थान | आयोजक |
|---|---|---|---|---|
| | | समितिका पदाधिकारी एवम् सचिवालयका कर्मचारी र प्रदेश नं. १, २, र ३ का प्रदेश सभाका पदाधिकारी एवम् सचिवालयका कर्मचारी | | |
| ३ | प्रदेश सभाका विषयगत समितिको प्रभावकारिता सम्बन्धी अन्तरक्रिया | प्रदेश सभा, प्रदेश नं. ३, ४ र ५ का विषयगत समितिका मा. सभापतिहरु, प्रदेश सभा सचिव र समिति सचिवहरु | सौराहा, चितवन | प्रदेश सभा सचिवालय, प्रदेश नं. ३, ४, र ५ |
| ४ | हलुका सवारी चालक दक्षता अभिबृद्धि अनुशिक्षण तालिम | प्रदेशस्तरका निकायमा कार्यरत हलुका सवारी चालकहरु | बुटवल, रुपन्देही | प्रदेश सभा सचिवालय, प्रदेश नं.५ |
| ५ | प्रभावकारी सभा तथा समिति सञ्चालन र विधि व्यवस्थपान | प्रदेश नं. ३ र ५का सचिवालयका कर्मचारी | सौराहा, चितवन | संघीय संसद सचिवालय |
| ६ | मर्यादापालन तथा सुरक्षा अनुशिक्षण तालिम | प्रदेश सभामा खटिएका मर्यादापालकहरु | बुटवल, रुपन्देही | प्रदेश सभा सचिवालय, प्रदेश नं.५ |
| ७ | अन्तर प्रदेश भ्रमण तथा अनुभव आदान प्रदान | प्रदेश नं. ३ र ५ का महिला मा. सदस्यहरु | बुटवल, रुपन्देही | प्रदेश सभा सचिवालय, प्रदेश नं. ३ |
| ८ | अन्तर प्रदेश भ्रमण तथा | प्रदेश नं. ५ , सूदुरपश्चिम | धनगढी र | प्रदेश सभा |

| क्र.स. | कार्यक्रमको विवरण | सहभागि | स्थान | आयोजक |
|---|---|---|---|---|
| | अनुभव आदान प्रदान | प्रदेश र कर्णाली प्रदेशका प्रदेश सभा सचिवालयका कर्मचारी | सुर्खेत | सचिवालय, प्रदेश नं. ५ |
| ९ | अन्तर प्रदेश भ्रमण तथा अनुभव आदान प्रदान | प्रदेश नं. ५ , १ र २ का प्रदेश सभा सचिवालका कर्मचारी | विराटनगर र जनकपुर | प्रदेश सभा सचिवालय, प्रदेश नं. ५ |
| १० | लैङ्गिक हिंसा विरुद्धको अभियानमा प्रदेश सभा सदस्यको भूमिका | प्रदेश सभाका पदाधिकारी तथा सदस्य र सरोकारवाला निकायका प्रतिनिधि | बुटवल, रुपन्देही | प्रदेश सभा सचिवालय, प्रदेश नं. ५ |
| ११ | अन्तर प्रदेश भ्रमण तथा अनुभव आदान प्रदान | प्रदेश नं. १ र ५ का सार्वजनिक लेखा समितिका पदाधिकारी | बुटवल | प्रदेश सभा सचिवालय, प्रदेश नं. १ |
| १२ | अनुभव आदान प्रदान र अन्तरक्रिया | सवै प्रदेशका मा. सभामुख र मा. उपसभामुख | पोखरा, कास्की | संघय संसद सचिवालय |
| १३ | भारतको चण्डीगढ शहरको पूर्वाधार संरचना निर्माण, शहरी विकास, सुरक्षा व्यवस्थापन, भूउपयोग व्यवस्थापन र पञ्जाव एवम् हरियाणा विधान सभाको अवलोकन भ्रमण तथा अध्ययन | प्रदेशको नामाकरण र राजधानी सिफारिस सम्बन्धी विशेष समितिका संयोजक मा. दीपेन्द्र कुमार पुन मगरज्यूको नेतृत्वमा मा. सदस्यहरु र सचिवालयका कर्मचारीहरु | चण्डीगढ, भारत | प्रदेश सभा सचिवालय, प्रदेश नं. ५ |

| क्र.स. | कार्यक्रमको विवरण | सहभागि | स्थान | आयोजक |
|---|---|---|---|---|
| १४ | सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विज्ञ तथा सरोकारवालासँग छलफल | प्रदेश सभाका मा.सदस्यहरु, प्रदेश मन्त्रालयका मा.मन्त्रि तथा सचिवहरु, प्राध्यापक, कानुनविद, राजनीतिक दल, गै.स.स., नागरिक समाजका प्रतिनिधिहरु | बुटवल, रुपन्देही | प्रदेश सभा सचिवालय, प्रदेश नं. ५ |
| १५ | असल अनुभव आदानप्रदानकालागि अवलोकन भ्रमण | प्रदेश नं. ५ र सुदूरपश्चिम प्रदेशका पदाधिकारी तथा मा.सदस्यहरु | बुटवल, रुपन्देही | प्रदेश सभा सचिवालय, सुदूरपश्चिम प्रदेश |
| १६ | अन्तरप्रदेश अवलोकन तथा अनुभव आदानप्रदान | प्रदेश नं.१ र ५का मा. सभामुख, मा.उपसभामुख सहित अन्य पदाधिकारी तथा कर्मचारी | बुटवल, रुपन्देही | प्रदेश सभा सचिवालय, प्रदेश नं. १ |
| १७ | लेखा र लेखापरीक्षणको संदर्भमा छलफल तथा अन्तरक्रिया | महालेखापरिक्षक र मा. सभामुख, मा. उपसभामुख, विषयगत समितिका मा. सभापति र प्रदेश सार्वजनिक लेखा समितिका सदस्यहरु | बुटवल, रुपन्देही | महालेखा परिक्षकको कार्यालय |

## १०. अन्य कार्यहरु

प्रथम अधिवेशनबाट पारित विधेयक संख्याः ४
दोस्रो अधिवेशनबाट पारित विधेयक संख्याः ११
तेस्रो अधिवेशनबाट पारित विधेयक संख्याः २३
चौथो अधिवेशनबाट पारित विधेयक संख्याः १०
हालसम्म प्रमाणिकरण भएका विधेयक संख्याः४८
प्रदेश सभाका विषयगत समितिका सभापति र माननीय सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको।
प्रदेश सभाको प्रथम प्रदेश सभा दिवस २०७५ माघ २१ गतेका दिन सम्पन्न भएको।

प्रदेश सभाको प्रदेशको नामाकरण र स्थायी राजधानी सम्बन्धी गठन भएको विशेष समितिको निर्णय बमोजिम यस प्रदेशको १२ वटा जिल्लामा ६ वटा टोली गठन गरी माननीय सदस्यहरुको संयोजकत्वमा १२ वटै जिल्लामा प्रदेशको नामाकरण र स्थायी राजधानी सम्बन्धमा स्थानीय जनप्रतिनिधिहरुसँग लिखित सुझाव संकलन कार्यक्रम गरिएकोमा हाल उक्त विशेष समिति तर्फबाट माननीय सभामुखज्यू समक्ष प्रतिवेदन पेश भएको छ।

आर्थिक वर्ष २०७५।७६ को प्रदेश नं. ५ को प्रदेश सरकारको नीति तथा कार्यक्रममा पुस्तकालय तथा संवाद केन्द्र स्थापना गर्ने रहेकोमा सो कार्यक्रमलाइ कार्यान्वयन गर्ने क्रममा भवन प्राप्ति, पर्निचर एवम् फर्निसिङको कार्य सम्पन्न भई पुस्तकहरुको व्यवस्थापन भइरहेको छ।

## ११. कानून निर्माणको अवस्था

**प्रदेश सभाबाट हालसम्म पारित भएका कानूनहरु**

| सि. नं. | दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|---|
| १ | प.अ. १ | ०७४।११।२५ | प्रदेश नं. ५ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित | ०७४।१२।८ | ०७४।१२।१९ |

| सि. नं. | दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|---|
| | | | गर्न बनेको विधेयक | | |
| २ | प.अ. २ | ०७४।११।२५ | प्रदेश नं ५ प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।२।१६ | ०७५।०२।२८ |
| ३ | प.अ. ३ | ०७४।१२।३० | प्रदेश नं ५ का सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।०१।२१ | ०७५।०१।३१ |
| ४ | प.अ. ४ | ०७४।१२।३० | प्रदेश न. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।०१।२५ | ०७५।०१।३१ |
| ५ | प.अ. ५ | ०७५।०१।०२ | प्रदेश नं ५ प्रदेश सरकारको आर्थिक वर्ष ०७/४७५ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।०१।०३ | ०७५।०१।०६ |
| ६ | प.अ. ६ | ०७५।०१।१४ | प्रदेश नं ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।०४।१४ | ०७५।०४।२८ |
| ७ | प.अ. | ०७५।० | प्रदेश नं ५ प्रदेश सरकारका मुख्य मन्त्री र मन्त्रीको पारिश्रमिक तथा | ०७५।० | ०७५।० |

| सि. नं. | दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|---|
| | ७ | १।१४ | सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ४।१४ | ४।२२ |
| ८ | प.अ.८ | ०७५।०१।१४ | प्रदेश नं ५ प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।०४।१४ | ०७५।०४।२२ |
| ९ | दो.अ.१ | ०७५।०२।२४ | प्रदेश नं ५ प्रदेश वित्त व्यवस्थापन विधेयक २०७५ | ०७५।०२।३० | ०७५।०२।३१ |
| १० | दो.अ.२ | ०७५।०२।२४ | प्रदेशको कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।०२।३० | ०७५।०२।३१ |
| ११ | दो.अ.३ | ०७५।०३।०१ | प्रदेश नं. ५ प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (आर्थिक विधेयक, २०७५) | ०७५।०३।१४ | ०७५।०३।२६ |
| १२ | दो.अ.४ | ०७५।०३।०१ | प्रदेश नम्बर ५प्रदेश सरकारको आ.व. २०७५/०७६ को सेवा र कार्यहरुको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।०३।२० | ०७५।०३।२६ |
| १३ | दो.अ.५ | ०७५।०३।१९ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको | ०७५।०४।२० | ०७५।०४।२८ |

| सि. नं. | दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|---|
| | | | विधेयक, २०७५ | | |
| १४ | दो.अ.७ | ०७५।०४।१६ | प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ संशोधन गर्न बनेको विधेयक | ०७५।०४।२० | ०७५।०४।३१ |
| १५ | दो.अ.८ | ०७५।०४।१६ | प्रदेश नं. ५ प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ संशोधन गर्न बनेको विधेयक | ०७५।०४।२० | ०७५।०४।३१ |
| १६ | ते.अ.१ | ०७५।०८।१८ | प्रदेश नं ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।११।२६ | ०७५।१२।१० |
| १७ | ते.अ.२ | ०७५।०८।१८ | प्रदेश नं ५, संघ सँस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७६।०१।१५ | ०७६।०१।२४ |
| १८ | ते.अ.३ | ०७५।०८।१८ | प्रदेश नं ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।१२।२७ | ०७६।०१।१९ |
| १९ | ते.अ.४ | ०७५।०८।१८ | प्रदेश नं ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।१२।२६ | ०७६।०१।१९ |
| २ | ते.अ. | ०७५।० | प्रदेश नं ५, जिल्ला सभा तथा जिल्ला | ०७६।० | ०७६।० |

| सि.नं. | दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|---|
| ० | ५ | ८।२८ | समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १।०८ | १।२४ |
| २१ | ते.अ.६ | ०७५।०८।२८ | प्रदेश नं ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।०९।०९ | ०७५।०९।१९ |
| २२ | ते.अ.७ | ०७५।०८।२८ | प्रदेश नं ५, प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।१२।१० | ०७६।०१।०८ |
| २३ | ते.अ.८ | ०७५।०९।०३ | प्रदेश नं ५, सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।१२।२६ | ०७६।०२।१४ |
| २४ | ते.अ.९ | ०७५।०९।०३ | प्रदेश नं ५, बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।१२।१० | ०७६।०१।०८ |
| २५ | ते.अ.१० | ०७५।०९।०३ | प्रदेश नं ५, दाना पदार्थ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।११।२६ | ०७५।१२।१२ |
| २६ | ते.अ.११ | ०७५।०९।०४ | प्रदेश नं ५, मल व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।१२।२७ | ०७६।०१।२३ |
| २७ | ते.अ.१२ | ०७५।०९।०४ | प्रदेश नं ५, पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।१२।२७ | ०७६।०१।२३ |
| २८ | ते.अ.१३ | ०७५।०९।०६ | प्रदेश नं ५, प्रदेश पशु वधशाला तथा मासु जाँच सम्बन्धमा व्यवस्था गर्न | ०७५।१२।२७ | ०७६।०१।२३ |

| सि. नं. | दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|---|
| | | | बनेको विधेयक | | |
| २९ | ते.अ. १४ | ०७५।०९।१० | प्रदेश नं ५, औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।१२।२४ | ०७६।०२।२१ |
| ३० | ते.अ. १५ | ०७५।०९।२४ | प्रदेश नं ५, भवन निर्माण कार्यलाई व्यवस्थित एवम् नियमित गर्ने सम्बन्धमा बनेको विधेयक | ०७५।११।२६ | ०७५।१२।१४ |
| ३१ | ते.अ. १६ | ०७५।१०।०९ | प्रदेश नं ५, तथ्याङ्क सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७५।१२।२५ | ०७६।०१।२४ |
| ३२ | ते.अ. १७ | ०७५।१०।१८ | प्रदेश नं ५, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी बनेको विधेयक | ०७५।१२।२५ | ०७६।०१।२४ |
| ३३ | ते.अ. १८ | ०७५।१०।२१ | प्रदेश नं ५, प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नति गर्न बनेको विधेयक | ०७६।०१।०८ | ०७६।०२।१४ |
| ३४ | ते.अ. १९ | ०७५।१०।२१ | प्रदेश नं ५, बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७६।०१।१९ | ०७६।०२।२१ |
| ३५ | ते.अ. २० | ०७५।१०।२१ | प्रदेश नं ५, खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७६।०१।१९ | ०७६।०२।१४ |
| ३६ | ते.अ. २१ | ०७५।११।१२ | प्रदेश नं ५, प्रदेश पर्यटन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक | ०७६।०१।०९ | ०७६।०१।२४ |

| सि. नं. | दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|---|
| ३७ | ते.अ. २२ | ०७६।०१।०३ | गाउँ सभा/नगरसभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७६।०१।२२ | ०७६।०२।१४ |
| ३८ | ते.अ. २३ | ०७६।०१।०३ | प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक | ०७६।०१।२२ | ०७६।०२।२१ |
| ३९ | ते.अ. २४ | ०७६।०१।२० | सडक सवारी, यातायात तथा परिवहन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७६।०४।२१ | ०७६।०६।०१ |
| ४० | चौ.अ.१ | ०७६।०२।२३ | प्रदेशको अभिलेख संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ | ०७६।०४।२१ | ०७६।०६।०१ |
| ४१ | चौ.अ. २ | ०७६।०३।०१ | प्रदेश नं. ५, प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ | ०७६।०३।०९ | ०७६।०३।१२ |
| ४३ | चौ.अ. ३ | ०७६।०३।०१ | आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि प्रदेश नम्बर ५ प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्न्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७६।०३।०८ | ०७६।०३।१२ |
| ४५ | चौ.अ. | ०७६।०३।०८ | प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७६।०४।२४ | ०७६।०५।०४ |
| ४ | चौ.अ | ०७६।० | प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा | ०७६।० | ०७६।० |

| सि. नं. | दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|---|
| ६ | .५ | ३।१३ | व्यवस्था गर्न बनेको विधेयक | ४।२४ | ५।०४ |
| ४७ | चौ.अ.६ | ०७६।०३।१३ | साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७६।०५।१८ | ०७६।०६।०१ |
| ४८ | चौ.अ. ७ | ०७६।०४।०८ | प्रदेश नं. ५, सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना तथा संचालन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक | ०७६।०५।२३ | ०७६।०६।०१ |
| ४९ | चौ.अ. ९ | ०७६।०५।११ | प्र्रदेश नं ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक | ०७६।०५।२२ | ०७६।०६।०१ |
| ५० | चौ.अ. १० | ०७६।०५।१७ | प्रदेश नं ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक विधेयक | ०७६।०६।०२ | ०७६।०६।०५ |

नोटः कूल पारित कानून संख्या ५० मा दुईवटा कानून संसोधन विधेयकको रुपमा दर्ता भएका

**<u>प्रदेश सचिवालयबाट स्वीकृत भएका नीति, कार्यविधि तथा निर्देशिकाहरू</u>**

१) प्रदेश सभाको संसदीय निगरानी व्यवस्थापन (कार्यसञ्चालन) कार्यविधि, २०७६

२) प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधि, २०७६

**चालू अ.व. २०७६।७७ को नीति तथा कार्यक्रम**

आर्थिक वर्ष २०७६।७७ मा प्रदेशको स्थायी राजधानी र नामाकरणको टुंगो लगाइने छ। प्रदेश सभा भवनको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) का लागि आवश्यक गुरुयोजना तयार पारिने। प्रदेश सभा, प्रदेश सभा सचिवालय, विषयगत समितिका सचिवालय र संसदीय दलका सचिवालय परिसरलाई विद्युतीय निगरानी प्रणालीमा आबद्ध गरिनेछ। प्रदेश सभालाई सूचना प्रविधिमैत्री बनाइनेछ। संचार माध्यमसँगको सहकार्यमा प्रदेश सभा बैठकको प्रत्यक्ष प्रसारणको प्रारम्भ गरिनेछ। प्रदेश सभा सचिवालयमा स्थापित संवाद केन्द्र र पुस्तकालयलाई स्तरोन्नती गर्दै इ-लाइब्रेरीको रुपमा विकास गरिनेछ।

# १२. अधिवेशन अनुसार बैठक समयको विवरण

| अधिवेशन | शुरू | अन्त्य | दिन | बैठक संख्या | सभा चलेको समय |
|---|---|---|---|---|---|
| प्रथम | २०७४/१०/२१ | २०७५/१/२५ | १७ | २२ | २० घण्टा २ मिनेट |
| दोस्रो | २०७५/०१/३१ | २०७५/०४/२४ | २७ | २८ | ३३ घण्टा २० मिनेट |
| तेस्रो | २०७५/०८/२६ | २०७६/०१/२२ | ३३ | ३३ | २९ घण्टा २३ मिनेट |
| चौथो | २०७६/०२/२ | २०७६/०६/०२ | ३१ | ३२ | ४९ घण्टा ४१ मिनेट |
| जम्मा | | | १०८ | ११५ | १३२ घण्टा २६ मिनेट |

# १३. प्रदेश सभामा छलफल र पारित अन्य विषयहरु

<u>नीति तथा कार्यक्रमहरु</u>

| क्र.सं. | विवरण | मिति | | |
|---|---|---|---|---|
| | | सभामा पेश | सभाबाट पारित | |
| १ | प्रदेश सरकारको चालू आ.व. २०७४।०७५को नीति तथा कार्यक्रम | २०७४।१२।२५ | २०७४।१२।२६ | सर्वसम्मतले |
| २ | प्रदेश सरकारको चालू आ.व. २०७५।०७६को नीति तथा कार्यक्रम | २०७५।२।२६ | २०७५।२।३० | सर्वसम्मतले |
| ३ | प्रदेश सरकारको चालू आ.व. २०७६।०७७को नीति तथा कार्यक्रम | २०७६।२।१० | २०७६।२।१३ | बहुमतबाट |

<u>राजश्व र व्ययको अनुमान</u>

| क्र.सं. | विवरण | मिति | | |
|---|---|---|---|---|
| | | पेश | छलफल | |
| | | | देखि | सम्म |
| १ | प्रदेश सरकारको आर्थिक वर्ष २०७४।०७५ को लागि राजश्व र व्ययको अनुमान | १२/३०/२०७४ | १/२/२०७५ | १/२/२०७५ |

| | | | | |
|---|---|---|---|---|
| २ | प्रदेश सरकारको आर्थिक वर्ष २०७५।०७६ को लागि राजश्व र व्ययको अनुमान | ३/१/२०७५ | ३/४/२०७६ | ३/६/२०७६ |
| ३ | प्रदेश सरकारको आर्थिक वर्ष २०७६।०७७ को लागि राजश्व र व्ययको अनुमान | ३/१/२०७६ | ३/५/२०७६ | ३/५/२०७६ |

**<u>प्रदेश सरकारको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता</u>**

| क्र.स. | विवरण | मिति | | |
|---|---|---|---|---|
| | | सभामा पेश | सभामा छलफल | |
| | | | देखि | सम्म |
| १ | प्रदेश नं. ५ विनियोजन विधेयक २०७५ का सिद्धान्त, उद्देश्य, प्रातमिकता र र प्रमुख प्रदेश नीति | १/३१/२०७५ | २/१/२०७५ | २/२/२०७५ |
| २ | प्रदेश नं. ५ विनियोजन विधेयक २०७६ का सिद्धान्त, उद्देश्य, प्रातमिकता र र प्रमुख प्रदेश नीति | २/१४/२०७६ | २/१६/२०७६ | २/१६/२०७६ |

**प्रदेश सभामा मा.प्रदेश प्रमुखज्यूबाट भएको सम्बोधन**

| क्र.स. | विवरण | मिति | अधिवेशन | धन्यवाद प्रस्ताव पारित | कैफियत |
|---|---|---|---|---|---|
| १ | मा. प्रदेश प्रमुख श्री उमाकान्त झालाई स्वागत तथा उहाँबाट नीति तथा कार्यक्रम प्रस्तुतार्थ सभालाई सम्बोधन | १२/२५/२०७४ | प्रथम | २०७४/१२/२५ | सर्वसम्मत |
| २ | मा. प्रदेश प्रमुख श्री उमाकान्त झाबाट सभालाई सम्बोधन | २/२५/२०७५ | दोस्रो | ०७५/२/२६ | बहुमतले |
| ३ | मा. प्रदेश प्रमुख श्री धर्मनाथ यादवलाई स्वागत तथा उहाँबाट सभालाई सम्बोधन | २/९/२०७६ | चौथो | २०७६/९/२ | सर्वसम्मतले |

**प्रदेश सभामा भएका विभिन्न निर्वाचन सम्बन्धी विवरण**

| क्र.स. | विवरण | मिति |
|---|---|---|
| १ | सभामुख निर्वाचन (सर्वसम्मत) | २०७४।११।०२ |
| २ | उपसभामुख निर्वाचन (बहुमत) | २०७४।११।०६ |

| | | |
|---|---|---|
| ३ | अर्थ, उद्योग तथा पर्यटन समितिको सभापति निर्वाचन | २०७५।०४।०९ |
| ४ | भौतिक पूर्वाधार तथा विका समितिको सभापति निर्वाचन | २०७५।०४।०९ |
| ५ | सार्वजनिक लेखा समितिको सभापति निर्वाचन | २०७५।०४।०९ |
| ६ | प्रदेश मामिला तथा कानून समितिको सभापति निर्वाचन | २०७५।०४।१० |
| ७ | सामाजिक विकास समितिको सभापति निर्वाचन | २०७५।०४।१० |
| ८ | कृषि, वन तथा वातावरण समितिको सभापति निर्वाचन | २०७५।०४।१० |
| ९ | विशेषाधिकार समितिको सभापति निर्वाचन | २०७५।०५।११ |
| १० | विशेष समिति (स्थायी राजधानी तथा नामाकरण सम्बन्धी) को सभापति मनोनयन | २०७५।०८।०४ |

**<u>प्रदेश सभा सदस्यहरुको संख्यात्मक विवरण</u>**

| सि.नं. | दलको नाम | प्रत्यक्ष निर्वाचित | | | समानुपातिक | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| १ | ने.क.पा. नेकपा | ४० | २ | ४२ | ० | १९ | १९ | ६१ |
| २ | नेपाली काँग्रेस | ७ | ० | ७ | ५ | ७ | १२ | १९ |
| ३ | समाजवादी पार्टी | ३ | ० | ३ | ० | २ | २ | ५ |
| ४ | रा.ज.पा. नेपाल | ० | ० | ० | ० | १ | १ | १ |
| ५ | रा.ज.मो. | ० | ० | ० | ० | १ | १ | १ |
| जम्मा | | ५० | २ | ५२ | ५ | ३० | ३५ | ८७ |

## १४. संघीयता कार्यान्वयनका समस्या तथा चुनौतीहरु

(क) प्रदेशको स्थायी राजधानी नतोकिएकोले प्रदेश सभाको भौतिक पूर्वाधार र व्यवस्था अस्थायी, स्वामित्व विहिन र असुरक्षित रहेको।

(ख) संघीय संसदबाट प्रदेशको प्रहरी र निजामित सेवा सम्बन्धी कानून निर्माणमा ढिलासुस्ती हुँदा संविधानतः प्रदेश प्रहरी र प्रदेश सभा सेवा गठन नभएकोले कर्मचारी व्यवस्थापनमा समस्या रहेको।

(ग) प्रदेश र स्थानीय तहका अधिकारक्षेत्रसँग सम्बन्धित अन्तरविरोधहरूका कारणले प्रदेश सभा र प्रदेश सभाका सदस्यहरूको काम, कर्तव्य र अधिकार प्रयोग गर्दा चुनौती देखा परेको।

(घ) नेपालको संविधानको धारा १९८(३) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित शब्दावली र अनुसूची ७ मा उल्लेखित संघ र प्रदेशको साझा अधिकारको सूचीमा फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र सपथ (कानूनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया) भनी उल्लेख गरिएकोमा प्रदेश सभाले कैद सजाय तोक्न पाउनेगरी कानून बनाउने सक्ने नसक्ने विषयमा स्पष्ट संघीय कानूनी व्यवस्था नहुँदा प्रदेशको कानून निर्माणमा अनौचित्यता र अन्यौलता देखिन्छ।

(ङ) नेपालको संविधानको धारा २२० बमोजिम गठन हुने जिल्ला समन्वय समितिहरू राजनीतिक रूपले संघीयताका तीन तहहरूका लागि अपरिभाषित जस्तो देखिन गएकोले उक्त समितिका अधिकारहरू संविधान संशोधन गरी मिलान गर्नुपर्ने देखिन्छ।

## २.२ मन्त्रिपरिषद्

नेपालको संविधानमा प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषद्मा रहने ब्यवस्था छ। संविधान र अन्य कानूनको अधिनमा रही प्रदेशको शासन ब्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहेको छ। संविधानको अनुसूची -६ मा रहेको प्रदेशको अधिकार सूची र अनुसूची-७ र अनुसूची -९ मा ब्यवस्था भएका साझा अधिकार सूचीबाट प्रदेशलाई प्राप्त हुने अधिकारभित्र रही प्रदेशको शासन ब्यवस्था संचालन हुने गर्दछ।

**१. मन्त्रीपरिषदको गठन  तथा कार्य विभाजन**

संविधानको धारा १६८ बमोजिम माननीय प्रदेश प्रमुखबाट प्रदेश सभामा बहुमत प्राप्त  संसदीय दलको नेतालाई मुख्यमन्त्रीमा नियुक्ती गर्ने ब्यवस्था रहेको छ। यसै अनुसार प्रदेश प्रमुख माननीय श्री उमाकान्त झाले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलका नेता माननीय श्री शंकर पोखरेललाई मुख्यमन्त्री पदमा नियुक्ति गर्नु भएपछि २०७४ फागुन ३ गते मुख्यमन्त्रीले पद तथा गोपनियताको सपथ ग्रहण तथा पद बहाली गर्नु भएको थियो। त्यसपछि माननीय  मुख्यमन्त्रीको सिफारिसमा सोही दिन तीन सदस्यीय मन्त्रीमण्डलको गठन भएको थियो। उक्त मन्त्रीमण्डल सम्बत् २०७४ साल फागुन ६ गते बिस्तार भई हाल ६ सदस्यीय रहेको छ।

प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्बत् २०७४ फागुन ३ प्रदेश सरकारको कार्य विभाजन नियमावली स्वीकृत भई मन्त्रालयहरूको कार्य विभाजन भएको हो। प्रदेश सरकारका माननीय मन्त्रीहरूको कार्य विभाजन देहाय बमोजिम रहेको छ।

१. माननीय श्री शंकर पोखरेल — मुख्यमन्त्री, आर्थिक मामिला तथा योजना मन्त्री
२. माननीय श्री कुल प्रसाद के.सी. — आन्तरिक मामिला तथा कानून मन्त्री
३. माननीय श्री बैजनाथ चौधरी — भौतिक पूर्वाधार विकास मन्त्री
४. माननीय श्री लिला गिरी — उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री
५. माननीय श्री सुदर्शन बराल — सामाजिक विकास मन्त्री ,

६. माननीय श्री आरती पौडेल — भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री

त्यसैगरी प्रदेश सरकारका प्रवक्ताका रुपमा भौतिक पूर्वाधार विकास मन्त्री माननीय श्री बैजनाथ चौधरी रहनु भएको छ।

## २. मन्त्रिपरिषद् बैठक

प्रदेश सरकार गठन भएपछि मन्त्रीपरिषद्को पहिलो बैठक २०७४ फागुन ३ गते बसेको थियो। उक्त बैठकले प्रदेश सभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गरी सरकार गठन हुँदासम्मको कार्यमा सहयोग गर्नुहुने मतदाता, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारी र सुरक्षाकर्मीहरू, संचारकर्मी लगायत यस प्रदेशका सम्पूर्ण जनसमुदायहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गरेको थियो। त्यसैगरी प्रदेश नं. ५ को प्रदेश सरकार (कार्य विभाजन) नियमावली र प्रदेश सरकार (कार्य सम्पादन) नियमावली स्वीकृत गरेको थियो। यसका अतिरिक्त सोही बैठकले कानून मस्यौदा तथा सुझाव आयोगको सम्बन्धमा ब्यवस्था गर्न बनेको आदेश २०७४, प्रदेश नं. ५ प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरणसम्बन्धी नियमावली समेत स्वीकृत गरेको थियो।

मन्त्रिपरिषद्को सोही बैठकबाट, प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीको पदको शपथको ढाँचा स्वीकृत गर्नुका साथै प्रदेश नं. ५ अन्तर्गत सार्वजनिक लाभको पदमा रहने व्यक्तिले गर्नुपर्ने प्रतिबद्धता विवरणको ढाँचा स्वीकृत गरेको थियो। साथै, भौतिक पूर्वाधार विकास मन्त्री माननीय श्री बैजनाथ चौधरीलाई प्रदेश सरकारको प्रवक्ता तोक्ने निर्णय समेत सोही बैठकले गरेको थियो।

मन्त्रिपरिषद्का हालसम्म ६१ वटा बैठकहरू सम्पन्न भई नीतिगत र अन्य निर्णहरू गरी ३०१ वटा निर्णयहरू भएका छन्। मन्त्रिपरिषद्का निर्णयहरूलाई पारदर्शी रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालयको वेबसाईट तथा अन्य माध्यमहरूबाट सार्वजनिक गर्ने गरिएको छ। मन्त्रिपरिषद् बैठकको समग्र विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ।

## मन्त्रिपरिषद् बैठक सम्बन्धी २ वर्षको संक्षिप्त विवरण

| पहिलो बैठक मितिः २०७४।११।३ | **विवरण** | **बैठक संख्या** | **जम्मा निर्णय संख्या** |
|---|---|---|---|
| पछिल्लो बैठक मितिः२०७६।९।२१ | **मन्त्रिपरिषद् बैठक** | ६१ | ३०१ |

## मन्त्रिपरिषद्का निर्णयहरुको मन्त्रालयगत र विषयगत बिभाजन

| क्र. सं. | मन्त्रालय | विधेयक सम्बन्धी | नियमावली सम्बन्धी | कार्यविधि/ निर्देशिका/ मापदण्ड/ आदेश सम्बन्धी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १३ | ५ | ७ | ९१ | ११६ |
| २ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ८ | ३ | ६ | ३३ | ५० |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १४ | ३ | ५ | ९ | ३१ |
| ४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६ | १ | १ | १६ | २४ |
| ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६ | ० | ५ | ७ | १८ |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २ | ० | ५ | १३ | २० |
| ७ | सामाजिकविकास मन्त्रालय | ४ | ० | १० | २८ | ४२ |
| | **जम्मा** | **५३** | **१२** | **३९** | **१९७** | **३०१** |

## ३. मन्त्रीपरिषद् अन्तर्गत रहेका समितिहरू

प्रदेश नं. ५ प्रदेश सरकार(कार्य सम्पादन) नियमावली २०७४ को व्यवस्था अनुसार मन्त्रिपरिषद्को कार्य सम्पादनलाई सरल र प्रभावकारी बनाउन यस अन्तर्गत तीनवटा समितिहरू कृयाशील छन्। मन्त्रिपरिषद् समितिहरूको थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। **तालिका नं. २.४**

**मन्त्रिपरिषद्का समितिहरू**

| क्र.स. | समितिको नाम | संयोजक |
|---|---|---|
| १. | राजनैतिक समिति | माननीय मुख्यमन्त्री श्री शंकर पोखरेल |
| २. | प्रशासन तथा विधेयक समिति | माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री कुल प्रसाद के.सी. |
| ३. | आर्थिक सामाजिक तथा पूर्वाधार समिति | माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री बैजनाथ चौधरी |

मन्त्रिपरिषद्बाट समितिमा पठाइएका कानूनी, नीतिगत तथा अन्य विषयहरू उपर छलफल गर्न यी समितिका बैठक आवश्यकता अनुसार बस्ने गरेका छन्।

# २.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. ५ प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ अनुसार प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अतिरिक्त अन्य ६ वटा मन्त्रालय रहने ब्यवस्था छ। सोही ब्यवस्था अनुसार यस कार्यालयको स्थापना भएको हो। माननीय मुख्यमन्त्रीको मातहत रहने यस कार्यालयमा राजपत्राङ्कित विशिष्ट श्रेणीका प्रमुख सचिव प्रशासकीय प्रमुखको रुपमा रहने ब्यवस्था छ। मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालयको कार्यक्षेत्र, स्थापना कालदेखि हालसम्मका गतिविधिहरू, सँगठन संरचना, दरबन्दी तथा जनशक्ति ब्यवस्था लगायतका विषयहरू विभिन्न उपशीर्षकमा राखी यहाँ प्रस्तुत गरिएको छ।

### १. कार्यक्षेत्र

प्रदेश सरकार प्रदेश नं. ५ (कार्य विभाजन) नियमावली २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी देहाय बमोजिम रहेको छ :

(क) प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयसम्बन्धी,

(ख) प्रदेश भित्रको शासन ब्यवस्थाको सामान्य निर्देशन तथा नियन्त्रण र संचालन,

(ग) प्रदेश सरकारको कार्य विभाजन तथा कार्य सञ्चालन,

(घ) प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृती, कार्यान्वयन, अनुगमन र मूल्यांकन,

(ङ) प्रदेश सरकारको कार्य सम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,

(च) प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन र नियन्त्रण,

(छ) प्रदेश मन्त्रिपरिषद्का निर्णयहरू कार्यान्वयन र अनुगमन,

(ज) प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृती तथा प्रमाणीकरण,

(झ) प्रदेशभित्रको राजनीतिक, आर्थिक सामाजिक शान्ति सुब्यवस्था एवम् प्रशासनिक, गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन,

(ञ) मानव अधिकारको संरक्षण र प्रवर्द्धन,

(ट) सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,

(ठ) संवैधानिक निकाय तथा आयोग, प्रदेश लोकसेवा आयोग, र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,

(ड) संघीय सरकारको स्वीकृती बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमतिको कार्यान्वयन,

(ढ) प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,

(ण) अन्तर प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,

(त) प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् संचालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा सुविधासम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन,

(थ) निर्वाचनका कार्यमा सहयोग र समन्वय,

(द) प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,

(ध) प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख ब्यवस्थापन,

(न) प्रदेशस्तरका सरकारी निकायको सँगठन तथा ब्यवस्थापन सर्भेक्षण र ब्यवस्थापन परीक्षण,

(ऩ) प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क र समन्वय,

(प) प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन, र

(फ) गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको ब्यवस्थासम्बन्धी कानून तर्जुमा,

## २. आ.व. २०७६/७७ को नीति कार्यक्रममा यस कार्यालयको जिम्मेवारीको क्षेत्र

यस प्रदेशको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा यस कार्यालयसँग सम्बद्ध प्रमुख विषयहरू देहाय बमोजिम रहेका छन् :

क) प्रदेशको विकासका लागि महत्वपूर्ण ठानिएका बढि मा दश वटा प्रादेशिक गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्दै लगिनेछ। द्रुत गतिमा विशेष महत्वका पूर्वाधार विकास गर्न अधिकार सम्पन्न पूर्वाधार विकास प्राधिकरण स्थापना गरिनेछ। पूर्वाधार विकास परियोजना संचालन गर्ने आयोजना वा कार्यालय प्रमुखसँग कार्य सम्पादन करार गरिनेछ।

ख) प्रदेश योजना आयोग अन्तर्गत प्रदेश परियोजना **बैंक स्थापना गरिनेछ**। जनप्रतिनिधि तथा जनस्तरबाट प्रस्ताव भएका परियोजनाहरुलाई परियोजना बैंकमा दर्ता गरी आवश्यक प्रारम्भिक अध्ययन पश्चात् लगानी गर्न उपयुक्त हुने ठहर भएमा प्राथमिकता तोकेर परियोजनाहरु कार्यान्वयन गर्दै जाने नीति लिइनेछ।

ग) कानूनी व्यवस्था गरी प्रदेशको नीति निर्माणमा थिंक टयांकको रुपमा प्रदेश योजना आयोगको संस्थागत सुदृढिकरण गरिनेछ।

घ) **सूचना शक्ति हो, तथ्याङ्क शक्तिको स्रोत हो** भन्ने तथ्यलाई हृदयंगम गरी प्रदेशको तथ्यांकको व्यवस्थापनका लागि संरचनागत व्यवस्था गरिनेछ। आधारभूत तथ्यांकका लागि अन्य निकायमा आश्रित हुनु नपर्ने अवस्था सृजना गरिनेछ।

ङ) **संघीय** लोकतान्त्रिक प्रणालीलाई संस्थागत गर्दै दिगो बनाउन शासकीय प्रणाली तथा नागरिकका अधिकार, सकारात्मक सोच र कर्तव्यको बारेमा जनचेतना अभिवृद्दि गर्न संचार माध्यमसँगको सहकार्यमा वृहत् नागरिक शिक्षा कार्यक्रम संचालन गरिनेछ।

च) गरिवीको मारमा परेका घरपरिवारहरुलाई लक्षित गरी उनीहरुलाई शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, आय आर्जन लगायतका कार्यक्रमका माध्यमबाट गरिबीबाट मुक्त गर्ने उद्देश्य लिई चालू आर्थिक वर्षमा ३५ गाउँपालिकामा संचालित मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमलाई आर्थिक वर्ष २०७६/७७ मा सबै गाउँपालिकामा बिस्तार गरिनेछ।

छ) सबै स्थानीय तहबाट पारित भएका कानूनको संकलन, अभिलेखांकन र विश्लेषण गरी सोका आधारमा स्थानीय तहलाई आवश्यक सुझाव दिने व्यवस्था मिलाइनेछ। स्थानीय तहका न्यायिक समितिहरुको क्षमता अभिवृद्दिका लागि कार्यक्रम संचालन गरिनेछ।

ज) जिल्ला समन्वय समितिलाई अनुगमन र समन्वयको प्रभावकारी इकाईको रुपमा विकास गरिनेछ।

झ) सरकारी सेवाका पदाधिकारी एवम् कर्मचारीहरुमा सदाचारिताको विकासका लागि प्रदेशको सदाचारिता नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ। प्रदेश सुशासन सम्बन्धी कानून तर्जुमा गरी प्रदेश सरकारबाट गरिने क्रियाकलाप तथा खर्चलाई पारदर्शी बनाईनेछ। भ्रष्टाचार र अनियमिततालाई कडाईका साथ निगरानी र दण्डित गरिनेछ।

ञ) प्रदेश लोकसेवा आयोग गठन गरी आगामी वर्ष प्रदेश र स्थानीय तहमा कर्मचारी पदपूर्ति गरी कर्मचारी सम्बन्धमा देखिएको समस्या समाधान गरिनेछ। प्रदेश सरकारी सेवासम्बन्धी कानून तर्जुमा गरिनेछ। प्रदेशका सबै निकायको सँगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिनेछ।

ट) कर्मचारीमा उच्च मनोबल सहित कार्य गर्ने वातावरण तयार गरी उचित प्रोत्साहन गरिनेछ। कर्मचारीहरुको क्षमता अभिवृद्दिका लागि प्रदेशमा प्रशिक्षण केन्द्र स्थापना गरी संचालन गरिनेछ। प्रदेश सेवामा प्रवेश गर्ने सम्पूण कर्मचारीहरुलाई आधारभूत तालिम दिइनेछ।

ठ) संघसँगको समन्वयमा कर्मचारीहरुको तलबमान निर्धारण, वृत्तिविकास लगायतका विषयलाई संवोधन गरिनेछ।


ड) नेपालको संविधानको अनुसूची ६,७ र ९ तथा कार्य विस्तृतीकरणबाट प्रदेशलाई प्राप्त अधिकार तथा जिम्मेवारी पूरा गर्न सक्नेगरी आवश्यक आर्थिक श्रोत, सँगठन संरचना र जनशक्ति विकासको कार्ययोजना तयार गरी अघि बढाईनेछ। यसका लागि आवश्यकता अनुसार नेपाल सरकार तथा स्थानीय सरकारहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ। संविधानको धारा २३३ अनुसार प्रदेशहरु बीच अनुभव तथा सहयोग आदान प्रदानको प्रकृयालाई समेत अघि बढाईनेछ।

## ३. कार्यालयको सँगठन संरचना र जनशक्ति विवरण

### क) <u>सँगठन संरचना</u>

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतको प्रशासनिक नेतृत्व रहने गरी स्थापित छ। कार्यालयमा जम्मा तीनवटा महाशाखा र सातवटा शाखाहरू रहेका छन्। सँगठन संरचना देहाय बमोजिम छ :

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सँगठन संरचना




**दरबन्दी तेरिज**

प्रमुख सचिव(रा.प.विशिष्ट)- १
सचिव, रा.प.प्रथम(प्र.)- २
सचिव, रा.प.प्रथम(न्याय/कानून)- १
उपसचिव, रा.प.द्धि.(प्र./सा.प्र.)- ७
उपसचिव, रा.प.द्धि(न्याय/कानून)- १
शा.अ.,रा.प.तृ.(प्र./सा.प्र.)- ८
ले.अ.,रा.प.तृ.(प्र./सा.प्र.)- १

कम्प्युटर अधिकृत, रा.प.तृ. विविध- १
ना.सु, रा.प.अनं.प्र., सा.प्र- १०
कम्प्युटर अपरेटर, रा.प.अनं.प्र., विविध- ४
सहलेखापाल, रा.प.अनं.द्धि.प्र., लेखा- १खरिदार, रा.प.अनं.द्धि., सा.प्र-२
ह.स.चा., श्रेणीविहिन- ६
का.स., श्रेणीविहिन-७
**जम्मा-** ५२

### ख) जनशक्ति विवरण

यस कार्यालयमा रहेको कूल दरबन्दी संख्या ५२ मध्ये हाल ४० जना कर्मचारीको पदपूर्ति भएको छ। जनशक्तिसम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

### मुख्यमन्त्रीतथा मन्त्रिपरिषद्को कार्यालयको जनशक्ति विवरण

| पद | सेवा तथा समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रमुख सचिव | प्रशासन | रा.प. विशिष्ट | १ | १ | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सचिव | प्रशासन | रा.प. प्रथम | २ | १ | १ | |
| सचिव | न्याय, कानून | रा.प. प्रथम | १ | १ | ० | |
| उपसचिव | प्रशासन,सा. प्र. | रा.प. द्वितीय | ७ | २ | ५ | |
| उपसचिव | न्याय,कानून | रा.प. द्वितीय | १ | ० | १ | |
| शाखा अधिकृत | प्रशासन,सा. प्र. | रा.प. तृतीय | ८ | ७ | १ | १ जना तथ्याङ्क अधिकृत समेत |
| लेखा अधिकृत | प्रशासन,लेखा | रा.प. तृतीय | १ | १ | ० | |
| कम्प्युटर अधिकृत | विविध | रा.प. तृतीय | १ | ० | १ | |
| नायब सुब्बा | प्रशासन,सा. प्र. | रा.प. अनं. प्रथम | १० | १० | | |
| कम्प्युटर अपरेटर | विविध | रा.प. अनं. प्रथम | ४ | ४ | ० | |
| खरिदार | प्रशासन,सा. प्र. | रा.प. अनं. द्वितीय | २ | ० | २ | |
| सह लेखापाल | प्रशासन,लेखा | रा.प. अनं. द्वितीय | १ | १ | ० | |
| ह.स.चा. | | श्रेणीविहीन | ६ | ५ | १ | करार (५) |
| का. सहयोगी | | श्रेणीविहीन | ७ | ७ | ० | करार (७) |
| जम्मा | | | ५२ | ४० | १२ | |

## ४. हालसम्मका मुख्य गतिविधिहरु

### ४.१ कार्यालयकोस्थापना

प्रदेश सरकारको गठनपश्चात् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय २०७४ फागुन ३ का दिन स्थापना भई प्रदेशको अस्थायी राजधानी रहेको स्थान बुटवलको गोलपार्कमा साविकको श्रम कार्यालयको भवन स्थापना गरिएको छ र प्रदेश नं. ५ प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार यसले कार्य सम्पादन गर्दै आईरहेको छ। प्रदेश सरकारको विभिन्न मन्त्रालयहरू र अन्य निकायहरूको कार्यस्थल ब्यवस्थापनका लागि यस कार्यालयले संयोजन गरेको छ। यस अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना योजना मन्त्रालय, प्रदेश योजना आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय साविकको श्रम कार्यालयको भवन गोलपार्कमा संचालित छन्।

### ४.२ प्रदेश सरकारको नीति तथा कार्यक्रमको तयारी

प्रदेश सरकारको बार्षिक नीति तथा कार्यक्रम प्रदेश प्रमुख मार्फत प्रदेश सभामा पेश गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आवश्यक तयारी गर्ने गरेको छ। हाल सम्म आ.व २०७४/७५, ७५/७६ र ७६/७७ को नीति तथा कार्यक्रम पेश भईसकेको छ।चालू आ.व. को नीति तथा कार्यक्रममा यस मन्त्रालयसँग सम्बन्धित विषयहरु यस अघिनै उल्लेख भइसकेको छ। नीति तथा कार्याक्रममा रहेका विषयहरुलाई कार्यान्वयन गर्ने दिशामा मन्त्रालय प्रतिबद्ध छ।

### ४.३ सँगठन तथा ब्यवस्थापन सर्वेक्षण र दरवन्दी व्यवस्थापन

नेपाल सरकारबाट यस प्रदेशका निमित्त शुरुमा १०९ कार्यालय स्वीकृत भएको थियो। हाल प्रदेश अन्तर्गत १७३ वटा कार्यालयहरु स्थापना भईसेका छन्।प्रदेश सरकार अन्तर्गतका सँगठन संरचना, दरवन्दी, कार्यीविरण एवम् जनशक्ति व्यवस्थापन प्रक्रियालाई व्यवस्थित बनाउन सँगठन संरचना र दरबन्दी व्यवस्थापन सम्बन्धी कार्यीविधी,२०७६ बनाई लागू गरिएको छ। सोही कार्यीविधी बमोजिम प्रदेशको स्थायी सँगठन तथा व्यवस्थापन सर्वेक्षण हुने प्रक्रियामा छ। हाल अत्वश्यक कार्यालय र दरवन्दी अस्थायी रुपमा निर्धारण गरी काम गरिएको छ। हाल प्रदेश अन्तर्गत रहेका कार्यालहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**प्रदेशको वर्तमान सँगठन संरचना**

| क्र.स | सँगठन | सङ्ख्या |
|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | १ |
| २ | मन्त्रालय | ७ |
| ३ | प्रदेश लोक सेवा आयोग | १ |
| ४ | मुख्यन्याधिबक्ताको कार्यालय | १ |
| ५ | प्रदेश योजना आयोग | १ |
| ६ | निर्देशनालय | ७ |
| ७ | प्रतिष्ठान/प्राधिकरण | २ |
| ८ | तालिम तथा प्रशिक्षण केन्द्र | ८ |
| ९ | प्रयोगशाला | ५ |
| १० | अस्पताल | २७ |
| ११ | डिभिजन, केन्द्र तथा फर्म र कार्यालयहरु | ११२ |
| १२ | संग्राहलय | १ |
| जम्मा | | १७३ |

प्रदेशका विभिन्न स्थानमा रहेका कार्यालय तथा निकायहरुको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ।

## ४.४ कर्मचारी समायोजन र प्रदेशमा कर्मचारी व्यवस्थापन

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कर्मचारी समायोजन भई यस प्रदेशमा आएका कर्मचारीहरुलाई प्रदेशको आवश्यकता बमोजिम कर्मचारी व्यवस्थापन कार्यविधि २०७५ अनुसार विभिन्न मन्त्रालय र निकायहरुमा पदस्थापन गरिएको छ। समायोजनको अवस्थालाई देहायको तालिकामा देखाईएको छ।

**कर्मचारी समायोजन र प्रदेशमा कर्मचारी व्यवस्थापनसम्बन्धी विवरण**

**मिति २०७६ पौष मसान्त सम्म**

| सि.न. | विवरण | जम्मा दरवन्दी | समायोजन पदस्थापन | कामकाजमा खटिएका | जम्मा कार्यरत | रिक्त दरवन्दी | पदपुर्ति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक सेवा तर्फ | ११२८ | ८४८ | ९ | ८५७ | २७१ | ७५.७९ % | चौथो तहका कर्मचारी ८० जना स्वीकृत दरवन्दी भन्दा बढी संघवाट कामकाजमा खटिएका |
| २. | अप्राविधिक सेवा तर्फ | ५९९ | ५०४ | १० | ५१४ | ८५ | ८५.८० % | |
| ३. | स्वास्थ्य सेवा | ८७५ | ४०१ | ८ | ४०९ | ४६६ | ५३.२५ % | समायोजन भई आउने क्रम |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जारीरहेको |
| ४. | श्रेणी विहिन कर्मचारी | १३३६ | ६४२ | - | ६४२ | ६९४ | ४८.०५ % | स्थायी कर्मचारीहरु मात्र |
| जम्मा | | ३९३८ | २३९५ | २६ | २४२२ | १५१६ | ६१.५० % | |

### ४.५ कर्मचारी अवकास र राजिनामाः

प्रदेशमा समायोजन भएका सबै र स्थानीय तहमा समायोजन भएका छैठौं ,सातौं, आठौं, नवौं र दशौं तहका कर्मचारीहरुको स्वीकृति यस कार्यालयबाट हुने गरेको छ।हाल सम्म यस कार्यालयबाट भएको कर्मचारी अवकास र राजिनामाको विवरण देहाय बमोजिम देखाईएको छ।

**हाल सम्म अवकास भएका कर्मचारीको विवरण**

| विवरण | राजीनामा (जना) | अवकास (जना) | जम्मा (जना) |
|---|---|---|---|
| **प्रदेश** | २७ | १२ | ३९ |
| **स्थानीय तह** | ३३ | ११ | ४४ |
| **जम्मा** | ६० | २३ | ८३ |

### ४.६ कानून निर्माणको अवस्था

प्रदेशको अधिकार सूची अन्तर्गतका कार्यलाई विधिसम्मत ढंगले संचालन तथा सम्पादन गर्न आवश्यक पर्ने ऐन, नियम लगायतका करिव ११६ वटा दस्तावेज आवश्यक पर्ने प्रारम्भिक अनुमान गरिएको छ। मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति लिई सम्बन्धित मन्त्रालयबाट सम्बन्धित सरोकारवालाहरूको राय सुझाव सहित

प्रारम्भिक मस्यौदा गरिएका विधेयकहरूमा आन्तरिक मामिला तथा कानून र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्ने ब्यवस्था छ। यसैगरी यी विधेयकहरू प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गर्नुअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संयोजनमा सम्बन्धित मन्त्रालय, सरोकारवाला अन्य मन्त्रालय तथा निकायहरूका प्रतिनिधिहरूको उपस्थितिमा थप छलफल गरी परिमार्जन गर्ने गरिएको छ।मन्त्रालयहरुबाट तर्जुमा हुने विधेयक, नियमावली, निर्देशिका, कार्यविधी लगायतका दस्तावेजहरूको तर्जुमामा यस कार्यालयले समन्वय गरेको छ। कानून तर्जुमा कार्यमा सहयोग गर्न मुख्यन्याधिवक्ताको संयोजकत्वमा ५ सदस्यीय कानून मस्यौदा तथा सुझाव कार्यदल गठन गरिएको छ।

हालसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलयबाट मस्यौदा भई प्रदेश सभामा पेश भएका कानूनहरुको विवरण देहायको बमोजिम प्रस्तुत गरिएको छ।

## कानून तर्जुमाको अवस्था

**ऐनहरु**

| क्र.स | नाम | प्रमाणिकरण मिति |
|---|---|---|
| १. | प्रदेश नं ५ का सार्वजनिक लिखत प्रमाणिकरण(कार्यविधी) ऐन, २०७५ | १/३१/२०७५ |
| २. | प्रदेश नं ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बनधी ऐन,२०७५ (संसोधन सहित) | १/३१/२०७५ |
| ३. | प्रदेश नं ५ का मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ | ४/२२/२०७५ |
| ४. | मुख्य न्यायाधिक्ताको काम, कर्तव्य र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५ | ४/२८/२०७५ |
| ५. | प्रदेश नं ५ प्रदेश सभाका पदाधीकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ | ४/२८/२०७५ |
| ६. | प्रदेश नं ५, प्रशासकिय कार्यविधी (नियमित गर्ने) ऐन, | ९/१९/२०७५ |

| | | |
|---|---|---|
| | २०७५ | |
| ७. | जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५ | १/२४/२०७६ |
| ८. | गाउँसभा/नगरसभा (कार्य सञ्चलन) कार्यविधि ऐन,२०७६ | २/१४/२०७६ |
| ९. | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ | २/२१/२०७६ |
| १०. | प्रदेशको अभिलेख संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ | १/०६/२०७६ |
| ११. | सुशासनको प्रत्याभूती सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | संसदमा विचाराधिन |

## नियम, निर्देशिका , कार्यविधी र गठन आदेश

| क्र.स | नियम, निर्देशिका , कार्यविधी र गठन आदेशको नाम | कैफियत |
|---|---|---|
| १. | प्रदेश सेवाका कर्मचारी (व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७५ | |
| २. | मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम संचालन कार्यविधि, २०७५ | |
| ३. | सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७६ | |
| ४. | प्रदेश नं. ५, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ | |
| ५. | प्रदेश नं. ५ प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ | |
| ६. | प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत | |

| | | |
|---|---|---|
| | मार्गदर्शन, २०७६ | |
| ७. | प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्य सञ्चालन ) आदेश, २०७६ | |

### ४.७ प्रदेश समन्वय परिषद्को बैठक आयोजना

नेपालले संघीय शासन प्रणालीको अभ्यासका लागि संविधानतः व्यवस्थित तीन तहका एकल र साझा अधिकारको प्रयोगलाई विभिन्न माध्यमबाट व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भईरहेको छ। यसका लागि संघीय संसद, प्रदेश सभा, गाउँ तथा नगर सभाहरुबाट बिभिन्न कानूनहरु जारी भई कार्यान्वयन भइरहेका छन् र केही कानूनहरु क्रमश जारी हुने प्रकृयामा छन्। एकात्मक शासन व्यवस्थाको क्रममा स्थापित शासकीय संरचनाहरुको संघात्मक प्रणाली बमोजिम बिभिन्न तहमा हस्तान्तरणको कार्य पूर्ण भइसकेको छैन साथै संविधानद्वारा दिशानिर्देश गरिएको प्रशासनिक संघीयताको लागि हुनु पर्ने कर्मचारी समायोजन प्रकृया चलिरहेको छ। त्यसैगरी तीनवटै तहमा संविधान बमोजिम हुनुपर्ने राजस्व बाँडफाँड, प्राकृतिक स्रोत साधनको रोयल्टीको विषयमा समेत प्रश्नहरु उठ्ने गरेका छन्। नेपालको संविधानले परिकल्पना गरेको सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्त बमोजिम प्रदेश र स्थानीय तहले गर्ने कामकारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको बाँडफाँड र उपयोग जस्ता विषयहरुमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न आवश्यक संस्थागत संरचनाको रुपमा स्थानीय सरकार संचालन ऐनको दफा १०५ मा प्रदेश समन्वय परिषद्को परिकल्पना गरिएको छ। यस परिषद्को हालसम्म ३ वटा बैठकहरु सम्पन्न भई पहिलो, दोस्रो र तेश्रो बैठकबाट क्रमशः २१, २० र २५ बुँदे प्रतिबद्धता एवं निर्णयहरु भई क्रमशः कार्यान्वयन भइरहेका छन्। ऐनको व्यवस्था अनुसार समन्वय परिषद्को बैठक वर्षको कम्तीमा एकपटक बस्ने व्यवस्था रहेको र चालू आ.व.मा उक्त बैठक २०७६ आश्विन ६ गते बसेको

थियो।।उक्त बैठकको आह्वान, व्यवस्थापन र संचालन लगायतका विषयहरुलाई व्यवस्थित गर्न प्रदेश समन्वय परिषद्को बैठक तथा कार्यक्रम संचालन कार्यविधि, २०७५ जारी भएको छ। प्रदेश समन्वय परिषदको दोस्रो र तेस्रो बैठकका निर्णयहरु अनुसुचीमा उल्लेख गरिएको छ।

## ४.८ मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम संचालन

प्रदेशको गरिवी न्यूनिकरणमा योगदान गर्दै सामाजिक समावेशीकरण गर्ने उदेश्यले आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटमा ब्यवस्था भए बमोजिम प्रदेशका १२ वटै जिल्लाहरूलाई समेट्ने गरी मानव विकास सूचकांकमा पछाडि परेका प्रत्येक जिल्लाका कम्तीमा २ वटा गाउँपालिका गरी प्रदेश भित्रका कूल ३४ गाउँपालिकामा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम संचालनमा आएको थियो। कार्यक्रमको प्रभावकारीतासंगै आ.व २०७६/७७बाट यो कार्यक्रम प्रदेशका सबै गाउंपालिकामा विस्तार भएको छ। मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम सञ्चालनको लागि मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम सञ्चालन,कार्यविधि,२०७५ जारी भई कार्यान्वयनमा छ।कार्यक्रममा सहजीकरण गर्न २६ जना सहजकर्ताहरूको नियुक्ति गरी खटाईएको छ।यो कार्यक्रमको लागि चालू आ.व.मा रु. ४१ करोड विनियोजन गरी स्थानीय तहलाई विशेष अनुदानको रुपमा प्रदान गरी कार्यक्रम संचालन भइरहेको छ।

## ४.९ राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति समिक्षा

नेपाल सरकारबाट यस प्रदेश भित्र संचालित ७ वटा राष्ट्रिय गौरवका आयोजनाहरू र प्रदेशको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अन्य विकास आयोजनाहरूको प्रगति समीक्षा विभिन्न समयमा गर्ने गरिएको छ।ती आयोजनाहरू कार्यान्वयनसम्बन्धी वस्तुस्थितिबारे जानकारी लिने, कुनै समस्या भए समाधान गर्न सहयोग गर्ने र आयोजनालाई तोकिएको समयमा निर्धारित लागत र गुणस्तरमा

सम्पन्न गर्न सहजीकरण गरिएको छ। उक्त समीक्षाको प्रतिवेदनहरू तयार गरी नेपाल सरकारका मन्त्रालयहरू र निकायहरूमा पठाईएको छ।

### ४.१० अनुगमन, मूल्याङ्कन तथा कारबाही

समग्र प्रदेशको शासकीय व्यवस्थाको निर्देशन, नियमन र नियन्त्रण गर्ने कार्यालय मुख्यमन्त्री तथा मन्त्रिपरषद्को कार्यालय हो। यस कार्यालयले प्रदेश सरकार मातहतका कार्यालयहरुको निरन्तर अनुगमन तथा निरिक्षण गर्ने गरेको छ। सेवाग्राहीको चाप बढी हुने कार्यालयहरुको अनुगमन तथा निरिक्षण गरी कुनै कैफियत भेटिएमा कारवाही गर्ने गरेको छ। सेवाग्राहीको चाप बढि हुने प्रादेशिक अस्पताल बुटवल र यातायात व्यवस्था कार्यालय रुपन्दहीको तेश्रो पक्षद्धारा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिएको छ। त्यस्तै, यस कार्यालय र प्रदेश सरकारका निकायहरुबाट संचालित आयोजना तथा कार्यक्रमहरुको अनुगमन गरी त्यस्ता आयोजना समयमै सपन्न गर्न निर्देशन दिने गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र लगायतका निकायहरुमार्फत प्राप्त उजुरी तथा गुनासाहरुको तथा ती निकायबाट माग भएका विवरणहरु यथासक्य छिटो पठाउने गरिएको छ। प्रदेशको अनुगमन तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्यांकन दिग्दर्शन-२०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ।

### ४.११ सचिव बैठक

प्रदेश सरकार (मन्त्रिपरिषद्)का निर्णयहरू कार्यान्वयन गर्ने, प्रशासकीय तथा विकास निर्माणका गतिविधिहरूलाई समन्वयात्मक रुपमा अगाडि बढाउने, कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गरी समाधान गर्ने र अन्तरमन्त्रालय समन्वय गर्ने उद्देश्यले प्रदेश सरकारका प्रमुख सचिवको अध्यक्षतामा प्रदेशका सचिवहरूको बैठक हरेक महिनाको १ र १५ गते बस्ने गरेको छ। प्रदेश सरकार संचालनमा आएदेखि हालसम्म ५७ वटा यस्ता बैठकहरू सम्पन्न भएका छन्। सचिव बैठकका निर्णयहरूलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

वेवसाईट मार्फत सार्वजनिक गर्ने र सम्बन्धित मन्त्रालयहरुलाई निर्णयहरु कार्यान्वयन गर्न पठाउने गरिएको छ।

## ४.१२ कानूनी प्रतिरक्षा

यस कार्यालयलाई विपक्षी बनाई बिभिन्न व्यक्ति र निकायहरूबाट अदालतमा दर्ता गरिएका रिटहरू उपर कानूनी प्रतिरक्षा गरिएको छ।हालसम्म यस कार्यालयलाई विपक्षी बनाई दायर भएका मुद्धाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। यस कार्यालयलाई विपक्षी बनाई दायर भएका मुद्धाहरुको लिखित जवाफ पेश गर्ने र मुख्यन्यायाधिवक्ता मार्फत प्रतिरक्षा गर्ने काम भएको छ।

**मुद्दाहरुको विवरण**

| क्र.स | तामेली मिति | मुद्धा | मुद्धानं | पक्ष/विपक्ष | दायरभएको अदालत |
|---|---|---|---|---|---|
| १ | ०७४/११/२१ | निशेधाज्ञा परमादेश मिश्रित उत्प्रषेण | ०७४-WO-००५१ | मुख्यमन्त्री तथा मन्त्रिवरिषदको कार्यालय, प्रदेश नं ५समेत।।बासुदेव चौधरी | उच्च अदालत, बुटवल इजलास |
| २ | ०७४/१२/१२ | परमादेश | ०७४-WO-०११३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५समेत।।अधिक्ता विश्वजित तिवारी समेत | उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास |
| ३ | ०७४/१२/१४ | उत्प्रेषण मिश्रित निशेधाज्ञा परमादेश | ०७४-WO-००५५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५समेत।।सुरेन्द्र कहार | उच्च अदालत तुलसीपुर, बुटवल इजलास |
| ४ | ०७४-११-३० | परमादेश र प्रतिशेध | ०७४-WO-०६०९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं ५समेत।।अशोककुमार ब्याँजुसमेत | सर्वोच्च अदालत |
| ५ | ०७५/०१/०२ | उत्प्रेषण मिश्रित निशेधाज्ञा परमादेश | ०७४-WO-००६९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं ५ समेत।। देवी प्रसाद वेलवासे | उच्च अदालत तुलसीपुर, बुटवल इजलास |

| क्र.स | तामेली मिति | मुद्दा | मुद्दानं | पक्ष/विपक्ष | दायरभएको अदालत |
|---|---|---|---|---|---|
| ६ | ०७५/०१/०२३ | उत्प्रेषण मिश्रित निशेधाज्ञा परमादेश | ०७४-WO-००७५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५ समेत।।कोशलकिशोर शुक्ल | उच्च अदालत तुलसीपुर, वुटवल इजलास |
| ७ | ०७५/०२/१६ | उत्प्रेषण,परमादेश, निशेधाज्ञा | ०७४-WO-००९१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५समेत।।अब्दुल गफ्तार मुसलवान | उच्च अदालत तुलसीपुर, वुटवल इजलास |
| ८ | ०७५/०२/१६ | उत्प्रेषण, परमादेश, निशेधज्ञा | ०७४-WO-००९० | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं ५समेत।।राजनारायण ओझा | उच्च अदालत तुलसीपुर, बुटवल इजलास |
| ९ | ०७५/०२/२४ | उत्प्रेषण | ०७४-WO-०८८८ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५समेत।।अधिक्ता रुद्रप्रसाद पाठक | सर्वोच्च अदालत |
| १० | ०७५/०३/२७ | उत्प्रेषण | ०७५-W0-१३७२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं ५ समेत।।अधिबक्ता विष्णुप्रसाद तिमिल्सिना समेत | सर्वोच्चअदालत |
| ११ | ०७५/०६/०८ | उत्प्रेषण मिश्रित निशेधाज्ञा परमादेश | ०७५-WO-००२३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५समेत।।बेलसिंह रावत | उच्च अदालत तुलसीपुर, बुटवल इजलास |
| १२ | ०७५/०८/१३ | निशेधाज्ञा परमादेश | ०७५-WO-००४३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५ समेत।।कृष्णप्रसाद पान्डे समेत | उच्च अदालत तुलसीपुर, बुटवल इजलास |

| क्र.स | तामेली मिति | मुद्धा | मुद्धानं | पक्ष/विपक्ष | दायरभएको अदालत |
|---|---|---|---|---|---|
| १३ | ०७५/०९/१३ | उत्प्रेषण निशेधाज्ञा मिश्रित परमादेश | ०७५-WO-००६३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५समेत।।हरिप्रकाश यादव | उच्च अदालत तुलसीपुर, बुटवल इजलास |
| १४ | ०७५/१०/१३ | उत्प्रेषण परमादेश | ०७५-WO-००१३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५ समेत।।रुद्रवहादुर सुनार | सर्वोच्च अदालत |
| १५ | ०७५/१०/१३ | उत्प्रेषण | ०७५-WO-०६७९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५ समेत।।सुरजवहादुर सोनाम | सर्वोच्च अदालत |
| १६ | ०७५/१०/२७ | उत्प्रेषण | ०७५-WO-०७३५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५ समेत।।सुरजवहादुर सोनाम समेत | सर्वोच्चअदालत |
| १७ | ०७६/०१/०२ | उत्प्रेषण परमादेश | ०७५-WO-०११४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं ५ समेत।।दिपकपन्त | उच्च अदालत तुलसीपुर, बुटवल इजलास |
| १८ | ०७६/०१/०५ | निशेधाज्ञा मिश्रित परमादेश | ०७५-WO-०११६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५समेत।।मातृका कुर्मी समेत | उच्च अदालत तुलसीपुर, बुटवल इजलास |
| १९ | ०७६/०१/२० | उत्प्रेषण | ०७४-WO-१०५२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं ५समेत।।कृष्णबहादुरवि.क रसाईली समेत | सर्वोच्च अदालत |

| क्र. स | तामेली मिति | मुद्धा | मुद्धानं | पक्ष/विपक्ष | दायरभएको अदालत |
|---|---|---|---|---|---|
| २० | ०७६/०४/२२ | उत्प्रेषण | ०७६-WO-००४५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ,प्रदेश नं ५समेत।।अष्ठबहादुर श्रेष्ठ समेत | सर्वोच्च अदालत |
| २१ | ०७६/०५/१६ | उत्प्रेषण | ०७६-WO-०१५९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं ५ समेत।।देवका गौतम | सर्वोच्च अदालत |
| २२ | ५/२५/२०७६ | उत्प्रेषण | ०७६-WO-०१७१ | मुख्यमन्त्रीतथा मन्त्रिपरिषदको कार्यालय समेत।। विजयकुमार भट्टराई समेत | सर्वोच्चअदालत |

## ४.१३ प्रदेश र स्थानीय शासन सहयोग कार्यक्रम संचालनको शुरुवात

प्रदेश तथा स्थानीय तहको क्षमता विकासको लागि Provincial and Local Governance Support Programme (PLGSP) कार्यक्रमको सुरुवात भएको छ।यसको लागि माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा Provincial Coordination Committee गठन भएको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिवलाई कार्यक्रम निर्देशक तोकिएको छ । Provincial Coordination Committee को पहिलो बैठक बसी बजेटको खाका प्रस्तुत भएको छ। संघीय सरकारबाट बजेट हस्तान्तरण हुने प्रक्रियामा रहेको छ।

## ४.१४ विकास साझेदारहरु एवं मित्रराष्ट्रका प्रतनिधिमण्डलहरुसँग उच्चस्तरीय भेटघाट र छलफल

माननीय मुख्यमन्त्री एवं प्रदेश सरकारका बिभिन्न प्रतिनिधि मण्डलहरुको संयोजनमा विभिन्न विकास साझेदारहरुका प्रतिनिधिहरु एवं

बिभिन्न मित्रराष्ट्रका राजदुतहरुसँग समय समयमा विभिन्न भेटघाट गरी प्रदेशको विकास, बिदेशी लगानी आपसी साझेदारी र सहयोग लगायतका विषयहरुमा छलफल भएका छन्। साथै बिभिन्न शिक्षा , स्वास्थ्य, शासकीय सुधार, भौतिक पूर्वाधारजस्ता क्षेत्रमा DFID, ADB, World Bank, चिनिया प्रतिनिधिहरु लगायतसँग छलफल भएको छ। साथै माननीय मुख्यमन्त्रीज्यूको प्रतिनिधि मञ्डलले मित्रराष्ट्र चीनको भ्रमण गरेको छ। यस अवधिमा प्रदेश नं. ५ र मित्र राष्ट्र चीनको गान्सु प्रान्त र सिचुवान प्रान्तसँग भगिनी सम्बन्ध कायम भएको छ। साथै प्रदेशका बिभिन्न स्थानीय तहहरुले बिभिन्न राष्ट्रका शहरहरुसँग भगिनी सम्बन्ध कायम गरी आपसी हित र चासोका विषयहरुलाई अगाडि बढाएका छन्।

## ४.१५ तालिम र क्षमता विकास

यस कार्यालयले प्रदेशमा समायोजन भई आएका कर्मचारीहरुको लागि विभिन्न समयमा विभिन्न किसिमका क्षमता अभिवृद्धिका तालिमहरु संचालन गरेको छ। प्रदेश निजामती सेवा लगायत प्रदेश सरकारी सेवा र स्थानीय सेवामा कार्यरत जनशक्तिहरुको क्षमता विकासको लागि नेपालगंजको ग्रामिण विकास प्रशिक्षण केन्द्रबाट निकट भिवष्यमा सञ्चालन गरिने तालिम तथा प्रशिक्षण लगायतका विषयमा अध्ययन गर्न नेपाल प्रशसनिक प्रशिक्षण प्रतिष्ठान लगायतका केन्द्रिय तालिम केन्द्र र ग्रामिण विकास प्रशिक्षण केन्द्रको अध्ययन गरी उक्त केन्द्रको स्तरोन्नती गर्ने कार्य सुरु भएको छ। निकट भविष्यमै उक्त केन्द्रबाट सेवाकालिन तथा अन्य तालिमहरु सञ्चालन हुने अवस्था रहेको छ। त्यस्तै, स्थानीय तहका जनप्रतिनिधी र कर्मचारीहरुको कानून निर्माण प्रक्रिया, सभा सञ्चालन तथा न्यायिक समितिहरुलाई न्याय सम्पादनको विषययमा प्रदेशका सबै जिल्ला र केही स्थानीय तहमा अन्तर्रक्रिया र छलफल सम्पन्न गरिएको छ। यस्ता छलफल तथा अन्तरक्रिया प्रभावकारी समेत देखिएका छन्।

## ४.१६ योजनावद्ध विकास प्रयासको थालनी र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास

प्रदेश विकासको मोडल र दीर्घकालीन सोंच सहित सार्वजनिक क्षेत्र, निजी क्षेत्र, स्थानीय तह र अन्य सरोकारवालाहरुको सहभागितामा प्रदेशको पञ्चवर्षीय प्रथम आवधिक योजनाको विस्तृत दस्तावेज तयार भई कार्यान्वयनमा आएको छ। आवधिक योजनालाई आधार मानेर वार्षिक नीति तथा कार्यक्रम र बजेट बनाउने र कार्यान्वयन गर्ने परिपाटीको विकास भएको छ। विकास आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन जारी गरी कार्यान्वयनमा आएको छ। मूलतः यो कार्य प्रदेश योजना आयोगबाट सम्पन्न भएता पनि आ.व. २०७५/७६ मा प्रदेश योजना आयोगको छुट्टै सचिवालय नभएको कारणले सचिवालयको कार्य यस कार्यालयबाट सम्पन्न भएको थियो।

## ४.१७ आयोजना तथा कार्यक्रमहरुको नियमित समीक्षा र निर्देशन

आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउन चौमासिक तथा वार्षिक समीक्षा बैठकहरु सम्पन्न भएका छन्। माननीय मुख्यमन्त्रीको अध्यक्षतामा रहने प्रदेश विकास समस्या समाधान समितिमा भएका छलफल तथा निर्णयहरुबाट आयोजना तथा कार्यक्रमहरु सम्पन्न गर्न सघाउ पुगेको छ। प्रदेशमा उर्जाको विकास सम्बन्धमा बृहत बैठक र निर्णय प्रदेशमा जलविद्युत लगायत अन्य उर्जाको विकास सम्बन्धमा नेपाल सरकारको उर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र लगायतका निकायहरु सहभागी बृहत् बैठक सम्पन्न भई प्रदेश ५ मा समग्र उर्जाको विकासका सम्बन्धमा बिभिन्न निर्णयहरु भएका छन्। यसबाट प्रदेश ५ लाई उर्जामा आत्मनिर्भर गराउन तथा अन्य विकास आयोजनासँग विद्युत् विकास र विस्तारका आयोजनाहरुको समन्वय गर्ने विषयमा सहज हुने विश्वास गरिएको छ।

## ५. समस्या तथा चुनौतीहरु

समग्र प्रदेश सरकारसंगै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्थापनाको दुई वर्षको अवधिमा मुख्यतया प्रदेशले व्यहोर्नुपरेका चुनौतीहरु नै यस कार्यालयका चुनौतीहरु हुन् जुन परिच्छेद-३ मा उल्लेख गरिएको छ। विषयगत मन्त्रालयहरुले संचालन गर्ने कृयाकलापहरुको नियमन, निर्देशन र नियन्त्रण तथा प्रदेश सरकारका समग्र कृयाकलापलाई मार्ग निर्देश गर्ने कार्यसमेत यस कार्यालयले गर्नुपर्ने सन्दर्भमा यस कार्यालयका अतिरिक्त चुनौतीहरुलाई यस प्रकार उल्लेख गरिएको छ:

### (क) जनशक्ति व्यवस्थापन

प्रदेशको समग्र जनशक्तिको व्यवस्थापन यस कार्यालयबाट हुने र हाल प्रदेशमा उपलब्ध जनशक्तिको संख्या आवश्यकता अनुसार नरहेकोले न्यून जनशक्तिलाई सबै मन्त्रालय र कार्यालयहरुको कार्यवोझको आधारमा समानुपातिक रुपले वितरण गर्नु चुनौतीपूर्ण देखिएको छ। साथै, उक्त जनशक्ति विगतमा नेपाल सरकार मातहत रही समायोजन मार्फत प्रदेशमा प्राप्त भएकोले त्यसको अभिलेख प्राप्ति र  व्यवस्थापन चुनौतीपूर्ण छ।

### (ख) अन्तरतह समन्वय

संविधान बमोजिम गठित तहगत सरकारहरु बीचको समन्वयको कार्य प्रदेश सरकार कार्य विभाजन नियमावली अनुसार यस कार्यालयको कार्यक्षेत्र भित्र पर्दछ। वर्तमानमा संघीय संसदबाट जारी हुनुपर्ने संविधानको धारा २३५ बमोजिमको समन्वय कानून लगायतका बिभिन्न कानूनहरु जारी  नभइसकेको तथा शासकीय अभ्यासमा तह र निकायहरुबीच एकात्मक शासन प्रणालीमा अभ्यास भएको शैलीबाट पूर्ण रुपान्तरण भई स्वचालित प्रणालीको विकास नभइसकेकोले समन्वयको कार्य चुनौतीपूर्ण छ।

### (ग) विषयगत मन्त्रालयहरुको क्षमता विकास

प्रदेश सरकारका विषयगत मन्त्रालयहरुमा जनशक्ति, भौतिक पूर्वाधार लगायतका विषयहरु पर्याप्त नरहेका तथा एउटै मन्त्रलायमा धेरै विषयक्षेत्रहरु

समेत रहेका कारणले विषयक्षेत्र अनुसार क्षमता विकास गरी प्रदेशका कृयाकलापहरलाई व्यवस्थित गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ।

# २.४ आर्थिक मामिला तथा योजना मन्त्रालय

## १. पृष्ठभूमि

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ। प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरतासम्बन्धी नीति तर्जुमा र नियमन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन र प्रदेशस्तरीय वित्तीय संस्थाहरु सञ्चालन एवम् व्यवस्थापनसम्बन्धी कार्यका लागि यो मन्त्रालयको स्थापना भएको हो।

## २. दीर्घकालीन सोच

प्रदेश नं. ५ लाई समृद्ध प्रदेश खुसी जनताको मूल नाराका साथ द्रुततर विकास गर्दै सवल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र प्रदेशस्तरीय अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने।

## ३. उद्देश्य

संविधान प्रदत्त अधिकारको अधिकतम उपयोग गर्दै उपलब्ध स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउने।

## ४. रणनीतिहरु

क) आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने।

ख) कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधार विकास जस्ता सामाजिक आर्थिक पूर्वाधार र बढी मात्रमा गरीबी निवारणोन्मुख क्षेत्रमा अनुकूल हुने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने।

ग) बढी भन्दा बढी राजस्व वृद्धिका उपाय अवलम्बन गर्ने।

घ) स्थानीय सरकारहरुवीचको साझेदारीमा सम्पन्न गर्न सकिने आयोजनाहरुलाई प्राथमिकता दिने।

ङ) विभिन्न मन्त्रालय र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने।

च) माग तथा सामाजिक न्यायमा आधारित आयोजना कार्यान्वयनमा जोड दिने।

## ५. कार्यक्षेत्र

प्रदेशसरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायअनुसार रहेका छन्:

क) प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,

ख) प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,

ग) प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थीरता सम्बन्धी नीति तर्जुमा,कार्यान्वयन र नियमन,

घ) संघको स्वीकृतीमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,

ङ) प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर,

च) प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,

छ) राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,

ज) प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,

झ) प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,

ञ) संघीय नीति अनुरुप सहवित्तीयकरण,

ट) प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,

ठ) प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,

ड) प्रदेश संचित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,

ढ) प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्वन्धी,

ण) प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

त) प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,

थ) घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

द) संघीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण,

ध) राजश्व चुहावट नियन्त्रणसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

न) संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,

ऩ) तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनातर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,

प) बीमा र बीमा व्यवसायको सञ्चालन,व्यवस्थापन,प्रवर्द्धन तथा विस्तार र नियमन,

फ) प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन,सुधार र नियमन,

ब) आर्थिक विकासमा निजी,सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य

## ६. सँगठन संरचना र जनशक्ति विवरण

यो मन्त्रालय प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री मातहत रहने र नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणीको कर्मचारीको प्रशासनिक नेतृत्व रहने व्यवस्था रहेकोछ | मन्त्रलयमा ४ वटा महाशाखा र १० वटा शाखामा कुल दरवन्दी ४८ जना रहेको छ |

# सँगठन संरचना


मन्त्री
निजी सचिवालय
शाखा अधिकृत (रा.प.तृ./प्र./सा.प्र.)-१
नायब सुब्बा (रा.प.अनं.प्र./प्र./सा.प्र.)-१
प्रदेश सचिव
राजपत्रांकित प्रथम श्रेणी (प्रशासन)-१
नायब सुब्बा (रा.प.अनं.प्र./प्र./सा.प्र.)-१
बजेट योजना तथा कार्यक्रम महाशाखा
उपसचिव(रा.प.द्वि/प्र./सा.प्र.)-१
प्रशासन महाशाखा
उपसचिव(रा.प.द्वि/प्र./सा.प्र.)-१
वित्त व्यवस्थापन महाशाखा
उपसचिव(रा.प.द्वि/प्र./राजस्व)-१
वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखा
उपसचिव(रा.प.द्वि/प्र./राजस्व)-१
बजेट तथा कार्यक्रम शाखा
शाखा अधिकृत रा.प.तृ./प्र./सा.प्र.)-२
शाखा अधिकृत रा.प.तृ./प्र./राजस्व)-१
ना.सु. (रा.प.अनं.प्र./प्र./राजस्व)-२
क.अपरेटर(रा.प.अनं.प्र./विविध)-१
प्रादेशिक योजना तथा अनुगमन शाखा
शाखा अधिकृत रा.प.तृ./प्र./सा.प्र.)-२
ना.सु. (रा.प.अनं.प्र./प्र./राजस्व)-१
ना.सु. (रा.प.अनं.प्र./प्र./सा.प्र.)-१
कर्मचारी प्रशासन शाखा
शाखा अधिकृत रा.प.तृ./प्र./सा.प्र.)-१
ना.सु. (रा.प.अनं.प्र./प्र./सा.प्र.)-२
क.अपरेटर(रा.प.अनं.प्र./विविध)-१
ह.स.चा. श्रेणीविहिन-४
का.स. श्रेणीविहीन-५
कानून तथा फैसला कार्यान्वयन शाखा
कानून अधिकृत रा.प.तृ./न्या./का.)-१
आर्थिक प्रशासन शाखा
लेखा अधिकृत रा.प.तृ./प्र./ले.)-१
सह-लेखापाल रा.प.अनं.द्वि./प्र./ले.)-१
राजस्व व्यवस्थापन शाखा
शाखा अधिकृत रा.प.तृ./प्र./राजस्व)-२
ना.सु. (रा.प.अनं.प्र./प्र./राजस्व)-१
विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा
शाखा अधिकृत रा.प.तृ./प्र./राजस्व)-१
ना.सु. (रा.प.अनं.प्र./प्र./राजस्व)-१
सूचना प्रविधि शाखा
कम्प्युटर ईन्जिनियर (रा.प.तृ./विविध)-१
कम्प्युटर अधिकृत (रा.प.तृ./विविध)-१
क.अपरेटर(रा.प.अनं.प्र./विविध)-१
आर्थिक विश्लेषण शाखा
शाखा अधिकृत(रा.प.तृ./प्र./राजस्व)-१
अर्थशास्त्री (रा.प.तृ./विविध)-१
तथ्याङ्क अधिकृत रा.प.तृ./आ.यो.त.)-१
ना.सु. (रा.प.अनं.प्र./प्र./राजस्व)-१
क.अपरेटर(रा.प.अनं.प्र./विविध)-१
वित्तिय क्षेत्र व्यवस्थापन शाखा
शाखा अधिकृत(रा.प.तृ./प्र./राजस्व)-१

## दरवन्दी र पदपूर्तिको अवस्था


| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरवन्दी संख्या | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ | ० | |
| २ | उपसचिव | प्रशासन | राजश्व | रा.प.द्धितीय | २ | २ | ० | |
| ३ | उपसचिव | प्रशासन | सामान्य प्रशासन | रा.प.द्धितीय | २ | ० | २ | |
| ४ | शाखा अधिकृत | प्रशासन | सामान्य प्रशासन | आठौं/सातौं | ६ | ६ | ० | |
| ५ | शाखा अधिकृत | प्रशासन | राजश्व | आठौं/सातौं | ६ | १ | ५ | |
| ६ | लेखा अधिकृत | प्रशासन | लेखा | आठौं/सातौं | १ | १ | ० | |
| ७ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | १ | १ | ० | |
| ८ | अर्थशास्त्री | विविध | | आठौं/सातौं | १ | ० | १ | |
| ९ | तथ्याङ्क अधिकृत | योजना तथा तथ्याङ्क | तथ्याङ्क | आठौं/सातौं | १ | १ | ० | |
| १० | कम्प्यूटर इन्जिनियर | विविध | | आठौं/सातौं | १ | ० | १ | |
| ११ | कम्प्यूटर अधिकृत | विविध | | आठौं/सातौं | १ | १ | ० | |
| १२ | नायव सुव्वा | प्रशासन | सामान्य प्रशासन | छैठौं/पाचौं | ५ | ५ | ० | |
| १३ | नायव सुव्वा | प्रशासन | राजश्व | छैठौं/पाचौं | ६ | ० | ६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | कम्प्यूटर अपरेटर | विविध | | छैठौं/पाचौं | ४ | ४ | ० | १ जना करार |
| १५ | सह-लेखापाल | प्रशासन | लेखा | पाचौं/चौथो | १ | १ | ० | |
| १६ | ह.स.चा. | | | श्रेणीविहीन | ४ | ४ | ० | ३ जना करार |
| १७ | का.स. | | | श्रेणीविहीन | ५ | ५ | ० | ३ जना करार |
| **जम्मा** | | | | | ४८ | ३३ | १५ | |

## ७. प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश सरकारको समग्र लेखा व्यवस्थापन गर्ने उद्देश्यले यस मन्त्रालय अन्तर्गत रहने गरी चालू आर्थिक वर्षको शुरुदेखि प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना भई सञ्चालनमा आएको छ। जसको सँगठन संरचना र दरवन्दी विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

## सँगठन संरचना



## दरवन्दी र पदपूर्तिको अवस्था

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरवन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | प्रशासन | लेखा | नवौं/दशौं | १ | १ | ० |
| २ | लेखा अधिकृत | | लेखा | सातौं/आठौं | ४ | ४ | ० |
| ३ | लेखापाल | प्रशासन | लेखा | पाँचौं/छैंठौं | ४ | ४ | ० |
| ४ | कम्प्युटर अपरेटर | विविध | विविध | पाँचौं/छैंठौं | १ | ० | १ |
| ५ | सह लेखापाल | प्रशासन | लेखा | चौंथो/पाँचौं | ४ | ४ | ० |
| ५ | हलुका सवारी चालक | | | | २ | १ | १ |
| ६ | का.स. | | | | ४ | ३ | १ |
| जम्मा | | | | | २० | १७ | ३ |

## ८. आर्थिक वर्ष २०७५/७६पौष देखि आर्थिक वर्ष २०७६/७७पौष सम्पादन भएका महत्वपूर्ण कार्यहरु

८.१. आर्थिक ऐन २०७६, विनियोजन ऐन २०७६, प्रदेश तथ्याङ्क ऐन २०७५, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मीतव्ययितासम्बन्धी निर्देशिका २०७५, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मीतव्ययितासम्बन्धी निर्देशिका २०७५, पहिलो सम्शोधन, समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५, प्रदेश सार्वजनिक खरिद सम्बन्धी अन्तरिम व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ ,

प्रदेश आकस्मिक कोष सञ्चालन विधेयक, २०७५ लगायतका ऐन कानूनहरु तर्जुमा गरिएको।

८.२. आ.व. २०७६/७७ मा कार्यान्वयन हुने गरी "विनियोजन ऐन,२०७६", "आर्थिक ऐन, २०७६"को मस्यौदा तयार गरिएको। साथै बजेट वक्तव्य, व्यय अनुमानको विवरण, मध्यमकालीन खर्च संरचना (आ.व. २०७६/७७-आ.व.२०७८/७९) तथा वार्षिक कार्यक्रम (आ.व.२०७६/७७) र आ.व. २०७४/७५ को वार्षिक तथा आ.व. २०७५/७६ को प्रथम आठ महिनाको मन्त्रालयगत प्रगति विवरण तयार गरि प्रदेश सभामा पेश गरिएको।

८.३. विभिन्न मन्त्रालयहरुबाट तर्जुमा गरिएको ऐन/नियमावली तथा कार्यविधि उपर सहमति प्रदान गरिएको।

८.४. बहुवर्षिय योजना स्वीकृतीको मापदण्ड र आयोजना प्राथमिकीकरणका आधारहरु, २०७६ तथा विशेष अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को मस्यौदा तयार गरिएको।

८.५. समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम आ.व. २०७५/७६ को लागि स्थानीय तहबाट माग भई आएका प्रदेश सरकार र स्थानीय तह दुवैको साझेदारीमा सञ्चालन हुने १४२ वटा(७५ स्थानीय तह) आयोजना छनोट गरिएको। ती आयोजनाको आ.व. २०७५/७६ मा प्रदेश सरकारबाट व्यहोर्नुपर्ने कुल रु. ६७ करोड ९६ लाख ८४ हजार मध्ये १९ आयोजनालाई प्रथम किस्ताको रुपमा रु. २ करोड ८७ लाख ९४ हजार, ७ वटा आयोजनालाई दोस्रो किस्ताको रुपमा रु. १ करोड २९ लाख ६ हजार र ९२ ओटा आयोजनालाई अन्तिम किस्ताको रुपमा रु. ३४ करोड ३५ लाख १३ हजार गरी जम्मा ११८ आयोजनाको लागि रु. ३८ करोड ५२ लाख १४ हजार वित्तिय हस्तान्तरण गरिएको।

८.६. प्रदेश सरकारले गत आ.व २०७५/७६ मा सशर्त अनुदानको रुपमा ७३ गाउँपालिकालाई बहुउद्देश्यीय हल निर्माणको लागि रु. ६० लाख, खेलमैदान निर्माणको लागि रु. ३६ लाख गरी प्रत्येकलाई ९६ लाख, ३२ वटा नगरपालिका प्रत्येकलाई खेलमैदान निर्माणको लागि रु. ७५ लाख, बुद्धभूमि नगरपालिकालाई बहुउद्देश्यीय हल निर्माणको लागि रु. ६० लाख (अन्य नगरपालिकालाई खेलमैदानको लागि मात्र अनुदान उपलब्ध गराईएको), ४ वटा

उपमहानगरपालिका लाई खेलमैदान निर्माणको लागि प्रत्येकलाई रु. १ करोड ३३ लाख गरी जम्मा रु.१ अर्ब वित्तिय हस्तान्तरण गरिएको।

८.७. उल्लेखित सशर्त अनुदान तर्फका आयोजनाहरु कार्यान्वयनका लागि उपलब्ध गराईएको रकममध्ये हाल सम्म स्थानीय तहबाट खर्च हुन नसकी रु २९ करोड ४५ लाख ९२ हजार ८सय ७५ प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला भएको देखिन्छ।

८.८. प्रदेश सरकारले आ.व २०७५/७६ मा समानीकरण अनुदान वापतको संघ र प्रदेशको साझेदारीमा सञ्चालन गर्ने गरी समपूरक अनुदान तर्फ सम्बन्धित मन्त्रालयको प्रस्तावका आधारमा १४ वटा आयोजनाको छनौट गरिएको। जसमा संघीय सरकारको ४०% हिस्सा वापत रु. ६९ करोड लगानी रहने तथा प्रदेश सरकारको ६० प्रतिशत हिस्सा वापत रु. १ अर्ब ३ करोड ५० लाख लगानी रहने गरी अर्थ बजेटबाट ब्यहोर्ने गरी आयोजना स्वीकृत गरिएको। जसमा नेपाल सरकारबाट प्राप्त रकममध्ये रु ५ करोड १७ लाख ६६ हजार मात्र खर्च भएको।

८.९. नेपाल सरकारको सशर्त तर्फको आयोजनाको लागि आ.व. २०७५/७६ मा रु ९ अर्व ३७ करोड ३३ लाख ८७ हजार विनियोजन गरेकोमा रु ६ अर्व ५१ करोड २९ लाख ८२ हजार भएको |

८.१०. चालू आर्थिक वर्ष २०७६/७७ को श्रोत परिचालन र बजेट तथा कार्यक्रम तर्जुमाको लागि सहजीकरण तथा सुझावहरु सिफारिस गर्नका लागि प्रदेश सरकार (मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्रीस्तर) को मिति २०७५।१०।२८ गतेको निर्णय अनुसार प्रदेश योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा गठित श्रोत अनुमान समितिको प्रतिवेदन पेश गरिएको र सोही प्रतिवेदनलाई आधार बनाई आ.व २०७६/७७ को लागि स्रोत कायम गरिएको।

८.११. आवधिक योजना, बजेट तथा वार्षिक कार्यक्रम सम्बन्धी अन्तरक्रिया कार्यक्रम माननीय मुख्यमन्त्री, मन्त्रीहरु, प्रदेश सभाका सदस्यहरु, प्रमुख सचिव, मुख्यन्याधिवक्ता, प्रदेश योजना आयोगका उपाध्यक्ष, विभिन्न मन्त्रालयका सचिवहरु, प्रदेश योजना आयोगका सदस्यहरु, विभिन्न क्षेत्रका विषय विज्ञहरु, मन्त्रालयका कर्मचारी लगायतको उपस्थितिमा २०७६/०१/१९ र २० गते सञ्चालन गरिएको। उक्त कार्यक्रममा प्राप्त भएका सुझावहरु समावेश गरी

एकीकृत प्रतिवेदन तयार गरिएको र ती सुझावहरु आवधिक योजना, बजेट तथा वार्षिक कार्यक्रममा समेत समावेश गरिएको।

८.१२. आ.व. २०७६/७७ को बजेट कार्यान्वयन गर्नको लागि सबै मन्त्रालय र कार्यालयलाई मार्गदर्शन पठाईएको।

८.१३. राजस्व संकलन र संकलित राजस्व रकम प्रदेश विभाज्य कोष र सञ्चित कोष दाखिला सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैक, राष्ट्रिय बाणिज्य बैंक र कृषि विकास बैंकसँग आर्थिक मामिला तथा योजना मन्त्रालसंघ, प्रदेश र स्थानीय तहको साझा अधिकार, प्रदेशको एकल अधिकार र प्रदेश एवम् स्थानीय तहको साझा अधिकारको रुपमा रहेका कर तथा गैर कर राजस्व, राजस्व नीति, राजस्वको दर र दायरा लगायतका विषयमा छलफल गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवको संयोजकत्वमा प्रदेश सरकार (माननीय मुख्यमन्त्रीस्तर) को मिति २०७५/१०/२८ को निर्णयानुसार राजस्व परामर्श समिति गठन गरी विभिन्न बैठक बसी आर्थिक वर्ष २०७६/७७ को आर्थिक ऐनमा समावेश गर्ने विषयबस्तु समावेश गरि प्रतिवेदन पेश गरिएको र यसलाई समेत आधार लिई आ.व २०७६/७७ को लागि आन्तरिक राजस्वको प्रक्षेपण तथा श्रोत कायम गरिएको।

८.१४. बजेट कार्यान्वयन र राजस्व व्यवस्थापनका सम्बन्धमा १०९ वटै स्थानीय तह र सरोकारवालाहरुसँग भाद्र देखी पौष महिनामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको। साथै सोही कार्यक्रम पश्चात स्थानीय तहहरुलाई राजस्व संकलन र बजेट कार्यान्वयनमा सहजीकरण गर्ने प्रयोजनार्थ १५ बुँदे निर्देशन प्रदान गरिएको प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका शीर्षकबाट संकलित रकम प्रदेश विभाज्य कोष तथा स्थानीय विभाज्य कोष खातामा दाखिला गरी प्रदेश र स्थानीय तहको सञ्चित कोष खातामा दाखिला गर्ने सम्बन्धमा यस प्रदेशका सबै स्थानीय तह, सबै मालपोत कार्यालयहरु र सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरु लगायत सरोकारवालाहरुको गोष्ठी सञ्चालन गरिएको।

८.१५. प्रदेश नं. ५ का २२ वटै मालपोत कार्यालयहरुसँग घरजग्गा रजिष्ट्रेशन शुल्क वापत संकलित राजस्व रकम प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषमा दाखिला गर्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

८.१६. संघबाट प्रदेश र स्थानीय तहमा समायोजन भई आएका नेपाल प्रशासन सेवा, लेखा समूहका अधिकृतस्तर आठौंका १६ जना, अधिकृतस्तर सातौंका १८ जना,

अधिकृतस्तर छैठौंका ७७ जना, सहायकस्तर पाँचौंका ३२ र सहायकस्तर चौथौंका ३२ जना गरी कुल १७५ जना कर्मचारीको विभिन्न कार्यालयमा पदस्थापना गरिएको।

८.१७. महालेखा परीक्षकको कार्यालयले गरेको आ.ब. २०७४/७५ को लेखापरीक्षण बमोजिम यस मन्त्रालयको नाममा कुनै पनि प्रकारको बेरुजु नरहेको।

८.१८. आ.व.२०७६/७७ मा समपूरक अनुदानको पहिलो र दोस्रो किस्ता वापत कुल रकम रु.७१ करोड ६६ लाख ८१ हजार स्थानीय तहलाई अनुदान हस्तान्तरण गरिएको |

८.१९. आ.व.२०७६/७७ मा विशेष अनुदानको पहिलो र दोस्रो किस्ता वापत कुल रकम रु.२० करोड ७८ लाख ९७ हजार स्थानीय तहलाई अनुदान हस्तान्तरण गरिएको |

८.२०. आ.व.२०७६/७७ मा समानीकरण अनुदानको पहिलो र दोस्रो वापत कुल रकम रु.२५ करोड स्थानीय तहलाई अनुदान हस्तान्तरण गरिएको |

८.२१. समपूरक अनुदानका आयोजनाको छनौट समितिको बिभिन्न मितिमा बैठक बसी रु १ अर्व ६५ करोड ३१ लाख १२ हजार का ९९ पालिकाका ३५७ वटा आयोजना छनौट गरिएको |

८.२२. बिशेष अनुदानका आयोजनाको छनौट समितिको बिभिन्न मितिमा बैठक बसी रु ४५ करोड ८० लाख १ हजार लागतका ९८ पालिकाका १४९ वटा आयोजना छनौट गरिएको |

८.२३. नेपाल सरकार अर्थ मन्त्रालयको समन्वयमा बिषयगत मन्त्रालयका कर्मचारीलाई PLMBIS सम्वन्धी तालिम संचालन गरिएको |

८.२४. अनुदान ब्यवस्थापन, साजश्व वाँडफाँड, बजेट तथा आयोजना कार्यान्यनसम्वन्धी सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रम १०९ पालिका सँग संचालन गरिएको |

८.२५. चालू आ.व. २०७६/७७ का लागि संघ र प्रदेशको साझेदारीमा संचालन गरिने २५ वटा समपुरक आयोजना तथा विशेष आयोजना प्रस्ताव गरिएको जसमध्ये समपुरक तर्फ १२ वटा तथा विशेष तर्फ ६ वटा आयोजना स्विकृत भएको |

८.२६. आगामी आ.व. २०७७/७८ का लागि समपुरक तर्फका १५ वटा तथा विशेष तर्फका ७ वटा आयोजना प्रदेश योजना आयोग मार्फत प्रस्ताव गरिएको |

८.२७. गत आ.व. २०७५/७६ मा बहुउदेश्शीय सभाहल निर्माणको लागि स्रोत सुनिश्चियता लिएका १८ वटा पालिकामा स्रोत सुनिश्चितता गरिएको रकम रु. ९ करोड ८४ लाख २७ हजार वित्त हस्तान्तरण गरिएको।

८.२८. गत आ.व. २०७५/७६ को मन्त्रालयगत रुपमा बार्षिक प्रगती प्रतिवेदन तयार गरी प्रकाशन गरिएको।

८.२९. प्रदेश सरकारले संचालन गर्ने लगानी सम्मेलन सफल बनाउन बिश्व बैंक लगायत अन्तराष्टिय बिकास साजेदार संस्थाका प्रतिनिधी र मुख्यमन्त्री तथा सरोकारवाला प्रतिनिधी सँग अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको।

८.३०. स्थानीय उत्पादन लाई प्रवर्धन गर्ने उदेश्यका लागि पाल्पाली ढाका उधोगको बिकासको लागि ढाका उधोगका प्रतिनिधी तथा गै.स.स. प्रतिनिधी र सरोकारवाला प्रतिनिधीसँग अन्तर्क्रिया कार्यक्रम संचालन गरी प्रदेश सरकार र गै.स.स. को समन्वयमा बिभिन्न कार्यक्रम संचालन गरिएको।

८.३१. कानुन निर्माणको अवस्था

८.३२. गत आ.व. २०७५/७६को माघ महिना देखी यस आ.व. २०७६/७७ को पौष मसान्त सम्म यस मन्त्रालयसँग सम्वन्धित विषयमा कानून निर्माणको अवस्था।

## ९. प्रदेश सभाबाट पारित भएका ऐनहरु

क) प्रदेश आर्थिक ऐन २०७६

ख) प्रदेश बिनियोजन ऐन २०७६

ग) प्रदेश तथ्याङ्क ऐन २०७५

## १०. प्रदेश सभामा पेश गर्नु पर्ने विधेयकहरु

क) प्रदेश लगानी सम्वन्धि ऐन

ख) प्रदेश बैंक तथा वित्तिय संस्था स्थापना र संचालन सम्वन्धि ऐन

## ११. प्रदेश सरकार (मन्त्रिपरिषद)बाट पारित भएका नियमावलीहरु

क) सार्वजनिक खरिद सम्वन्धि प्रदेश नियमावली, २०७६

ख) प्रदेश मनोरञ्जन कर नियमावली, २०७६

ग) प्रदेश बिज्ञापन कर नियमावली, २०७६

घ) प्रदेश सरकार (मन्त्रिपरिषद)बाट पारित गर्न बाकी नियमावलीहरु

ङ) प्रदेश नं. ५ भ्रमण खर्च नियमावली, २०७६

च) प्रदेशसरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत कार्यविधि तथा निर्देशिकाहरु

छ) प्रदेश घरजग्गा न्यूनतम मुल्य निर्धारण समिति(गठन तथा कार्य संचालन) आदेश, २०७६

ज) विशेष अनुदान व्यवस्थापन कार्यविधि, २०७६

झ) प्रदेश नं. ५ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मीतव्ययिता सम्बन्धी निर्देशिका २०७५ को पहिलो संसोधन

**१२. प्रदेशसरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत गर्नु पर्ने कार्यविधि तथा निर्देशिकाहरु**

क) सशर्त अनुदान व्यवस्थापन कार्यविधि, २०७६

ख) कन्टिन्जेन्सी रकम खर्च व्यवस्थापन कार्यविधि, २०७६

**१३. चालू आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित विषयहरु**

यस मन्त्रालयबाट कार्यान्वयन हुनुपर्ने चालू आ.व.को नीति तथा कार्यक्रममा देहायका बिषयहरु रहेका छन् |

**बुदाँ नं. ३४ :** उच्च आर्थिक बृद्धिमार्फत आर्थिक सामाजिक विकासको बाटोबाट समृद्धि हासिल गर्ने आवधिक योजनाले लिएको लक्ष्य अनुकूल हुनेगरी सरकारबाट आर्थिक वर्ष२०७६/७७ को नीति कार्यक्रम तयार गरिएको छ | सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा नयाँ उद्यम व्यवसाय र पूर्वाधार विकासका आधारहरु तयार गर्नेगरी श्रोतको परिचालन गरिनेछ |

**बुदाँ नं. ३६ :** प्रदेशको अधिकार क्षेत्रभित्रको राजश्वको श्रोत परिचालनको सम्भाव्यता अध्ययन गरी आन्तरिक श्रोत बृद्धिका लागि योजनाबद्ध प्रयास गरिनेछ | विप्रेषण आयलाई उत्पादनमूलक कार्यमा लगाउन विशेष कार्यक्रम संचालन गरिनेछ | सरकारको आम्दानी खर्चको व्यवस्थित अभिलेखीकरण र प्रदेश अन्तरगतका सरकारी सम्पत्तिको बैज्ञानिक अभिलेख व्यवास्थापन गर्न आवश्यक प्रणाली बिकास गरिनेछ | आन्तरिक श्रोतको व्यवस्थापनका लागि बचत परिचालनलाई प्रोत्साहन गरिनेछ |

**बुदाँ नं. ३७ :** तीव्र आर्थिक बिकासका लागि आवश्यक लगानी प्रर्द्धन गर्न आर्थिक वर्ष २०७६/७७ मा लगानीकर्तालाई केन्द्रित गरी लगानी सम्मेलनको आयोजना गरिनेछ | प्रदेशभित्रका उद्यमीहरुको व्यावसायिक र व्यस्थापकीय क्षमता अभिबृद्धिमा जोड दिइनेछ |

**बुदाँ नं. १०३ :** प्रदेशको बिकासका लागि महत्वपूर्ण ठानिएका बढीमा दशवटा प्रादेशिक गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्दै लगिनेछ | द्रुतगतिमा विशेष महत्वका पूर्वाधार बिकास गर्न अधिकार सम्पन्न पूर्वाधार विकास प्राधिकरण स्थापना गरिनेछ | पूर्वाधार विकास परियोजना संचालन गर्ने आयोजना वा कार्यलय प्रमुखसँग कार्य सम्पादन करार गरिनेछ |

**बुदाँ नं. १४३ :** सूचना शक्ति हो, तथ्याङ्क शक्तिको श्रोत हो भन्ने तथ्यलाई हृदयंगम गरी प्रदेशको तथ्याङ्कको व्यवस्थापनको लागि संरचनागत व्यवस्था गरिनेछ | आधारभूत तथ्याङ्कका लागि अन्य निकायमा आश्रित हुनु नपर्ने अवस्था श्रृजना गरिनेछ |

## १४. समस्या तथा चुनौतिहरु

क) पूँजीगत खर्च अपेक्षा गरिए अनुरुप हुन नसकेको।

ख) मन्त्रालयले अधिकांश समय कार्यक्रम संशोधनमा केन्द्रितगर्नुपर्ने भएको।

ग) साना तिना कार्यक्रममा अनावश्यक कार्यविधि बनाई प्रकृयालम्ब्याउने गरेको र कार्यविधि उपर सहमतिमाग गर्ने गरिएको।

घ) पालिकाले अनुदान बाहेकका आयोजना प्रस्ताव गर्ने गरेको।

ङ) पालिकाले फिर्ता गर्नुपर्ने अनुदानको रकम समयमै फिर्ता नगरेको।

च) बहुवर्षीय स्रोत सुनिश्चितता नलिएका सशर्तबाट सञ्चालित अधुरा बहुउद्देश्यीय सभाहल तथा खेलमैदानको लागि थप बजेट माग भइरहेको।

छ) मन्त्रालय तथा निकायहरुले नयाँ कार्यक्रमहरु प्रस्ताव गर्ने गरेको।

ज) स्थानीय तहले संकलन गरेको साझा करको अध्यावधिक विवरण प्राप्त गर्ने संयन्त्रको विकास भई नसकेको।

झ) प्रदेश र स्थानीय तह बिचको कोष प्रवाह संयन्त्र तयार हुन नसकेको।

ञ) संचित कोषको प्रतिवेदनको ढाँचा र प्रणाली स्थापित हुन नसकेको।

ट) पालिकाले साझा करबाट संकलित रकम कतिपयले समयमै दाखिलानगरेको।

## १५. मन्त्रालयबाट भएका प्रयासहरु

क) PLMBIS र TSA मा देखिएको समस्या समाधान गरिएको।

ख) बजेट तर्जुमाका लागि PLMBIS प्रदेश सरकारका निकायहरुमा समेत लागू गर्न अर्थ मन्त्रालयको समन्वयमा तालिम प्रदान गरिएको।

ग) राजस्व संकलन गर्ने निकायहरुसँग मासिक प्रतिवेदन लिने कार्यको थालनी गरिएको (विवरण मार्फत/फोन मार्फत)।

घ) सवारी साधन करको रकम विभाज्य कोषमा जम्मा गर्न महालेखा नियन्त्रक कार्यालयसँग समन्वय भैरहेको।

ङ) घर जग्गा रजिष्ट्रेशन शुल्कको रकम प्रदेश संचितकोषमा जम्मा गर्न मालपोत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई अन्तरक्रिया र पत्राचार समेत गरिएको।

च) स्थानीय तहहरुले संकलन गरेको साझा करको रकम बाँडफाँड गरी प्रदेश संचित कोषमा जम्मा गर्न अन्तरक्रिया र पत्राचार गरिएको।

# २.५ आन्तरिक मामिला तथा कानून मन्त्रालय

## १. पृष्ठभूमीः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने कुरा नेपालको संविधानले सुनिश्चित गरेको छ। यसै अनुरुप राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्नुपर्ने हुन्छ। सोही संवैधानिक व्यवस्था बमोजिम प्रदेश सरकारको स्थापना पश्चात् मिति २०७४ साल फागुन ३ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्थापना भई आफ्नो कार्य जिम्मेवारी सुरु गरेको हो।

प्रदेश स्तरीय शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, निर्देशन, सुपरीवेक्षण, मूल्याङ्कन र प्रतिवेदनका साथै कानून, न्याय तथा प्रदेश सभा मामिला लगायत मानवअधिकार, विपद् व्यवस्थापन लगायतका विषयहरू यस मन्त्रालयको मुख्य जिम्मेवारी भित्र पर्दछन्। स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गरी सुशासन प्रवर्द्धन गर्न मन्त्रालयले प्रतिवद्ध भईकार्य सम्पादन गर्दै आएकोछ।

## २. कार्यक्षेत्रः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय अनुसार रहेका छन्ः

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघीय सरकारसँग समन्वय र सहकार्य,

२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,
४. संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन,
५. प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन,रोकथाम,नियन्त्रण तथा समन्वय,
६. कानून, न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी,
७. प्रदेश सभामा पेश हुने बिधेयक तर्जुमा र प्रमाणीकरण सम्वन्धी,
८. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
९. आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग,
१०. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एकप्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,
११. सामुदायिक प्रहरी,
१२. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
१३. प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन,
१४. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय,
१५. गुनासो र विवाद व्यवस्थापन,
१६. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,
१७. फौजदारी कार्यविधि कानूनको कार्यान्वयन,
१८. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,
१९. निवारक नजरबन्द र स्थान हद सम्बन्धी,
२०. अन्तरप्रदेश सम्बन्ध,
२१. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,
२२. स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय,
२३. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२४. विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शांकनन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा,कार्यान्वयन र नियमन,

२५. उपाधि,सम्मान तथा विभूषणको सिफारिस,

२६. प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन,

२७. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना सम्वन्धी,

२८. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी,

२९. प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,

३०. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

३१. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूवना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,

३२. प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन

३३. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन,

३४. साइवर सुरक्षा अनुगमन,

३५. छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन,

३६. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

३७. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

३८. प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,

३९. केबुल वितरणको इजाजत, नवीकरण र नियमन गर्ने।

## ३. सँगठन संरचना तथा जनशक्तिको व्यवस्थाः


### (क) दरवन्दी र पदपुर्तीको अवस्था

यस मन्त्रालयमा सचिव सहित जम्मा ३८ जना कर्मचारीहरुको दरबन्दी रहेको छ। तीनवटा महाशाखा र महाशाखा अन्तर्गत आठ वटा शाखाहरु रहेको मन्त्रालयमा जम्मा ३५

जना कर्मचारीहरु कार्यरत रहेका छन्। जसमध्ये २३ स्थायी पदपुर्ती र १२ करार सेवाबाट पदपुर्ती भएको छ।

| क्र.सं. | पद | दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १. | सचिव (रा.प.प्रथम) | १ | १ | ० | |
| २. | उपसचिव | २ | ० | २ | |
| ३. | उपसचिव (कानून) | १ | १ | ० | |
| ४. | शाखा अधिकृत | ६ | ६ | ० | |
| ५. | लेखा अधिकृत | १ | १ | ० | |
| ६. | कानून अधिकृत | २ | २ | ० | |
| ७. | नायब सुब्बा | ९ | ८ | १ | |
| ८. | कम्प्युटर अपरेटर | ४ | ४ | ० | २ करार |
| ९. | खरिदार | १ | १ | ० | |
| १०. | सह-लेखापाल | १ | १ | ० | |
| ११. | ह.स.चा. | ४ | ४ | ० | ४ करार |
| १२. | कार्यालय सहयोगी | ६ | ६ | ० | ६ करार |
| जम्मा | | ३८ | ३५ | ३ | १२ करार |

## ७.१. सँगठन संरचना


मन्त्री
सचिवालय
शा.अ.रा.प.तृतीय(प्र.)-१
ना.सु. रा.प.अनं. प्र (प्र./सा.प्र.)-१
प्रदेश सचिव
सचिवालय
ना.सु., रा.प.अनं. प्र. (प्र./सा.प्र.) -
प्रशासन तथा योजना महाशाखा
प्रशासन तथा योजना शाखा
शा.अ.रा.प.तृतीय(प्र.,सा.प्र.)-१,
ना.सु., रा.प.अनं. प्र.
विपद व्यवस्थापन शाखा
शा.अ.रा.प.तृतीय(प्र.,सा.प्र.)-१,
ना.सु., रा.प.अनं. प्र.
आर्थिक प्रशासनशाखा
ले.अ.रा.प.तृतीय(लेखा)-१
सह लेखापाल, रा.प.अनं.द्वि.,प्र.,
सुरक्षा समन्वय महाशाखा
उपसचिव रा.प. द्वितीय
प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखा
शान्ति सुरक्षा शाखा
शा.अ.रा.प.तृतीय(प्र.,सा.प्र.)-१,
सूचना समन्वय तथा प्रसारण शाखा
कानून तर्जुमा महाशाखा
कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा
कानून अधिकृत रा.प.तृतीय (न्याय, कानुन) -१
कानून सम्पादन तथा प्रकाशन शाखा

## ४. प्रदेश सरकारको स्थापनादेखि हालसम्मको कार्य प्रगति

मन्त्रालय स्थापना पश्चात संचालित कार्यक्रमहरूको प्रगति देहाय बमोजिम रहेको छ।

आ.व. २०७४/०७५

| क्र.सं. | संचालित कार्यक्रम | कार्य प्रगति |
|---|---|---|
| १ | सार्वजनिक विदा व्यवस्थापन अन्तरक्रिया गोष्ठी | सार्वजनिक विदा व्यवस्थापन सम्बन्धी जिल्ला स्तरीय गोष्ठी प्रदेश नं. ५ का १२ वटै जिल्लामा सम्पन्न भएको। |
| २ | न्यायमा पहुँच वृद्धि | प्रदेश अन्तर्गत पर्ने १०९ वटा स्थानीय न्यायिक समितिका संयोजकहरूलाई न्यायमा पहुँच एवम् क्षमता अभिवृद्धि सम्बन्धमा बुटवल र दाङ्ग जिल्लामा गरी दुई दिने तालिम कार्यक्रम सम्पन्न गरिएको। |
| ३ | सुरक्षा गोष्ठी | १२ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी एवम् सुरक्षा निकायका प्रमुखहरू समेतको उपस्थितिमा बुटवलमा सुरक्षा गोष्ठी सम्पन्न गरिएको। |

आ.व. २०७५/०७६

| क्र.सं. | संचालित कार्यक्रम | कार्य प्रगति |
|---|---|---|
| १ | कारागारमा रहेका कैदी तथा बन्दीहरूका लागि आयआर्जन मुलक तीस दिने सीप विकास तालिम कार्यक्रम | १० जिल्लाका ११ कारागारमा रहेका ३६२ जना कैदी/बन्दीलाई सिलाई कटाई, ब्युटी पार्लर, मुडा बनाउने, अल्लोको कपडा बुन्ने, हाउस वायरिङ्ग लगायतका तालिम संचालन गरिएको |
| २ | प्रदेश रेडियो तथा टेलिभिजन संचालन | नेपाल टेलिभिजन कोहलपुर तथा सामुदायिक रेडियो प्रसारक संघ सँग सम्झौता गरी कार्यक्रम संचालन गरिएको। |
| ३ | कारागारमा रहेका कैदी तथा वन्दीहरुका लागि ५ दिने आचरण सुधार सम्बन्धी | ११ जिल्लाका १२ वटै कारागारमा रहेका ३५७६ कैदी/बन्दीहरूको सहभागितामा आचरण सुधार कार्यक्रम सम्पन्न भएको |

| क्र.सं. | संचालित कार्यक्रम | कार्य प्रगति |
|---|---|---|
| | कार्यक्रम | |
| ४ | कानून तर्जुमा तथा अन्तरक्रिया कार्यक्रम संचालन | सञ्चार नीति, छापाखाना, प्रसारण लगायतका विधेयकमा सरोकारवाला वर्गसँग छलपफल तथा अन्तक्रिया कार्यक्रम सम्पन्न भएको। |
| ५ | जिल्ला स्तरीय विपद व्यवस्थापन तथा अन्तरक्रिया गोष्ठी संचालन | प्रदेशका विभिन्न ८ वटा जिल्लामा गोष्ठी सम्पन्न |
| ७ | प्रदेश भित्र न्यायिक तथा अर्धन्यायिक निकायले गरेका फैसला कार्यन्वयन सम्बन्धी अन्तक्रिया कार्यक्रम | प्रदेशका १२ वटै जिल्लाका स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरू, कानूनी सल्लाहकार एवम् कर्मचारी वीच छलफल तथा अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ। |
| ८ | प्रदेश भित्र रहेका गैर सरकारी सस्थाहरुको अभिलेख तथा विवरण तयारी र समन्वय कार्यक्रम | संघ संस्थाहरुको अभिलेख संकलन गरी कम्प्युटर सफ्टवयरमा प्रविष्टि गर्न सफ्टवयर निर्माणको कार्य भएको। |
| ९ | प्रदेश स्तरीय  सुरक्षा गोष्ठी संचालन | प्रथम चौमासिकमा र तेश्रो चौमासिकमा गरी २ पटक प्रदेश स्तरीय १ दिने सुरक्षा गोष्ठी संचालन गरिएको। |
| १० | प्रदेश सभा सदस्यहरुको लागि कानून तर्जुमा सम्बनधी गोष्ठी संचालन | प्रदेश सभा सदस्यहरुको सहभागितामा लागि १ दिने कानून तर्जुमा सम्बन्धी गोष्ठी संचालन गरिएको। |
| ११ | पारिवारिक मामिला न्यायिक समितिको कामकारवाही, न्यायिक समिति अनुगमन तथा अनुशिक्षण कार्यक्रम | १२ वटै जिल्लामा कार्यक्रम संचालन गरिएको। |
| १४ | मानव अधिकार सम्बन्धी अनुशिक्षण  तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन | प्रदेशका १२ वटै जिल्लामा मानव अधिकार सम्बन्धी अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको र अन्य जिल्लामा कार्यक्रम गर्ने तयारीमा रहेको। |

| क.सं. | संचालित कार्यक्रम | कार्य प्रगति |
| --- | --- | --- |
| १५ | स्थानीय तह तथा अन्य संघसस्थालाई शर्त सहित सम्झौता गरी उपलब्ध गराउने | ४२ वटा स्थानीय तहसँग सम्झौता गरी द्वन्द्वबाट प्रभावित अपाङ्ग, घाईते र मृतक तथा बेपत्ताका आश्रित परिवारका सीप सिकेका व्यक्तिहरुलाई सीपको आधारमा स्वरोजगार बन्न लागि प्रतिव्यक्ति १५००० बराबरका सामाग्री उपलब्ध गराइएको, उक्त कार्यक्रमबाट द्वन्द्वबाट प्रभावित ६३० जना लाभान्वित भएको |
| १७ | विपद् उद्धार सामाग्री खरिद | दुई डुङ्गा खरिद गरी जिल्ला प्रशासन कार्यालय वर्दिया DEOC लाई हस्तान्तरण गरिएको। आवश्यक विपद सामग्री खरिद गरी प्रदेशस्तरमा भण्डारण गरी राखिएको। |
| १८ | विपद् व्यवस्थापन कोष | विपद्बाट प्रभावितको लागि विपद् व्यवस्थापन कोषबाट देहायको संख्यामा वितरण भएको<br>मृतक ५८ जना<br>घर जलेको / भत्केको ८५ वटा<br>पसल/व्यवसाय जलेको ४ वटा<br>जम्मा १४७ जनाले राहत प्राप्त गरेको<br>प्रदेश नं. २ का हावाहुरी प्रभावितका लागि प्रदान गरिएको रू १ करोड समेत रू. २ करोड ८ लाख ३० हजार कोषबाट खर्च भएको |
| १९ | प्रदेश स्तरिय सुचना तथा सञ्चार समन्वय कार्यालय स्थापना तथा संचालन१२ जिल्लामा | प्रदेश मामिला सूचना केन्द्र संचालन निर्देशिका २०७५ मन्त्रिपरिषद्बाट स्वीकृत भई मिति २०७५।७।९ गते माननीय मुख्यमन्त्रीबाट प्रदेश मामिला सूचना केन्द्रको उद्घाटन भइ सञ्चालनमा आएको,<br>प्रदेश मामिला सूचना केन्द्रसँगको सहकार्य र समन्वयका लागि जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र (DEOC)का कर्मचारीहरुसँग एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न |

| क.सं. | संचालित कार्यक्रम | कार्य प्रगति |
|---|---|---|
| | | गरिएको।<br>(DEOC) मार्फत प्रदेश मामिला सूचना केन्द्रमा नियमित सूचनाहरु प्राप्त भइरहेको। |
| २० | प्रदेश प्रहरी अतिथि गृह निर्माण | प्रदेश प्रहरी कार्यालय मार्फत प्रहरी तालिम केन्द्र बुटवलमा  अतिथी गृह निर्माण सम्पन्न भएको |
| २२ | टेलीसेन्टर(knowledge sharing center)स्थापना तथा संचालन (कार्यक्रम खर्च) | १२ जिल्लाका २३ वटा स्थानीय तहसँग MOU गरी २५ वटा टेलीसेन्टर स्थापना भई संचालन भएको दुर्गम स्थानका नागरिकहरुलाई कम्प्यूटर, प्रिन्टर, फोटोकपी, लेमिनेसन, स्क्यानर, इन्टरनेट लगायतका सेवासुलभ रुपमा उपलव्ध भएको |
| २३ | प्रदेश स्तरीय प्रहरी अस्पताल संचालन | नेपालगञ्ज स्थित प्रहरी अस्पताललाई स्तरोन्नती गरी प्रदेशस्तरीय प्रहरी अस्पतालको रुपमा विकास गरिएको। प्रदेश प्रहरी कार्यालय मार्फत अस्पताल संचालनका लागि X- Ray machine, CR machine, C-Arm machine Hematology analyzer, ECG machine, Oxygen cylinder, Defibrillator लगायतका ७३ प्रकारका मेशीन र उपकरणहरू खरिद भएको प्रदेश प्रहरी अस्पताल थप व्यवस्थित रूपमा संचालनमा मद्दत पुगेको |
| २५ | पूर्व सुचना प्रणाली स्थापना<br>(क) पूर्व सूचना प्रणाली स्थापना अन्य सार्वजनिक निर्माण<br>(ख) पूर्व सूचना प्रणाली स्थापना मेशिनरी औजार | जिल्ला प्रशासन कार्यालयहरू मार्फत११ वटा जिल्लाका जोखिमयुक्त क्षेत्रहरूमा पुर्वसूचना प्रणालीका लागि आवश्यक मेशिनरी औजार खरिदगरी साइरन, रेनगेज, डिस्प्ले बोर्ड, मोबाइल एप, लगायतका उपकरण जडान गरिएको |
| २६ | कारागार सुधार कार्यक्रम | ६ वटा जिल्लाका कारागार मर्मतका लागि रकम उपलव्ध गराइएको। |
| २८ | इन्टरकम तथा टेलिफोन सिस्टम जडान | मन्त्रालयमा आवश्यकतानुसारका टेलिफोनहरु जडान कार्य भएको। |

| क.सं. | संचालित कार्यक्रम | कार्य प्रगति |
|---|---|---|
| ३० | सुचना तथा प्रविधि पार्क निर्माण<br>(क) सुचना तथा प्रविधि पार्क निर्माण भवन निर्माण<br>(ख) सुचना तथा प्रविधि पार्क निर्माण मेशिनरी औजार<br>(ग) सुचना तथा प्रविधि पार्क निर्माण अन्य सार्वजनिक निर्माण<br>(घ) सुचना तथा प्रविधि पार्क निर्माण पुँजीगत अनुसन्धान तथा परामर्श | सूचना प्रविधि पार्कको लागि स्थान खोजी गर्न गठित समितिले सिफारिस गरेका स्थान मध्ये घोराही उप म.न.पा. वडा नं. १० लमडरूवामा रहेको जग्गा प्राप्तिको प्रकृया अगाडि बढाइएको। |
| ३१ | विपद व्यवस्थापन समाग्रीका भण्डारका लागि भवन मर्मत सुधार | बुटवल जितगढीमा रहेको पूरानो सरकारी भवनलाई मर्मत गरी बिपद् सामग्री भण्डारको रूपमा प्रयोग गरिएको। |
| ३२ | प्रदेश सूचना प्रविधिका विषयमा अध्ययन | प्रदेश योजना आयोगका सदस्य डा. विष्णु प्रसाद गौतमको संयोजकत्वमा प्रदेश सूचना प्रविधिका विषयमा अध्ययन गर्न गठित समितिको प्रतिवेदन प्राप्त भएको |
| ३३ | गठित सडक दुर्घटनाका कारण र सोको न्यूनीकरणका उपाय सम्बन्धमा अध्ययन | मुख्य न्यायाधिवक्ताज्यूको संयोजकत्वमा गठित सडक दुर्घटनाका कारण र सोको न्यूनीकरणका उपाय सम्बन्धमा अध्ययन गर्न गठित समितिको प्रतिवेदन प्राप्त भएको र कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको |

आ.व. २०७६/०७७

| क्र.सं. | संचालित कार्यक्रम | कार्य प्रगति |
|---|---|---|
| १ | विपद् व्यवस्थापन कोष | विपदमा परेका नागरिकहरूलाई राहतस्वरूप रकम उपलब्ध गराउने प्रयोजनका लागि स्थापना गरिएको विपद् व्यवस्थापन कोषमा यस आर्थिक वर्षमा रू ४ करोड जम्मा गरिएको।<br>यस आर्थिक वर्षमा रु.७७,२५,०००।— रुपैयाँ राहत वितरण भईसकेको। |
| २ | प्रदेश प्रहरी तालिम केन्द्र स्थापना | प्रदेशप्रहरी तालिम केन्द्र स्थापनाको कार्य ५ नं.प्रदेश तालिम केन्द्रबाट अगाडि बढेको |
| ३ | प्रदेश प्रहरी चौकी निर्माण | प्रदेशभित्र विभिन्न स्थानमा प्रहरी चौकी निर्माणका लागि प्रहरी कार्यालयलाई बजेट तथा अख्तियारी प्रदान गरिएको |
| ४ | पिकअप भ्यान खरिद | प्रदेश प्रहरी कार्यालय र विभिन्न जिल्ला प्रहरी कार्यालयलाई आवश्यक पिक अप भ्यान खरिदका लागि बजेट अख्तियारी प्रदान गरिएको |
| ५ | सि.सि.टि.भी. प्रणाली जडान | गत वर्ष स्थापना गरिएको सि.सि.टि.भी. प्रणालीलाई थप विस्तार गर्नका लागि यस वर्ष थप ६९ स्थानमा सि.सि.क्यामेरा जडान गर्ने कार्य प्रकृया अगाडि बढाइएको। |
| ६ | कारागार निर्माण | जिल्ला प्रशासन कार्यालय, रोल्पालाई अख्तियारी प्रदान गरिएको |
| ७ | द्वन्द्व प्रभावित घाइतेको उपचार | लुम्बिनी प्रादेशिक अस्पतालसंस सम्झौता गरी हाल उपचार कार्य भइरहेको, आ.व. २०७५/७६ मा ६१ जना र आ.व. २०७६/७७ मा हालसम्म१९ जना द्वन्द्व प्रभावितले सेवा लिएको। |
| ८ | प्रदेश टि.भी. तथा रेडियो संचालन | नेपाल टेलीभिजनको कोहलपुर प्रशारण केन्द्रसँग MOU गरी प्रदेश डायरी तथा समृद्ध प्रदेश कार्यक्रम उत्पादन |

| | | |
|---|---|---|
| | | तथा प्रशारण गर्ने कार्य भइरहेको। |
| ९ | न्यायिक समितिहरूलाई कानून तर्जुमा सम्बन्धमा अन्तर्क्रिया तथा गोष्ठी | रुपन्देहीको बुटवलमा र दाङ्गको घोराहीमा सरोकारवालाहरूको उपस्थितीमा कार्यक्रम सम्पन्न गरिएको। |
| १० | विपद् पूर्वतयारी सम्बन्धी गोष्ठी | विभिन्न ३ जिल्लामा विपद् पूर्व तयारी तथा व्यवस्थापन गोष्ठी संचालन गरिएको। |
| ११ | न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम | विभिन्न ७ जिल्लामा तालिम तथा अनुशिक्षण कार्यक्रम संचालन गरिएको। |
| १२ | लैंगिक तथा लक्षित वर्ग मैत्री पत्रकारीता क्षमता विकास कार्यक्रम | कार्यक्रम सम्पन्न भएको। |
| १३ | प्रादेशिक सामुदायिक रेडियो प्रशारक संघको भवन निर्माण अनुदान | सामुदायिक रेडियो प्रसारक संघको भवन निर्माणका लागि सम्झौता भई कार्य अगाडि बढेको। |
| १४ | चलचित्र तथा वृत्तचित्र उत्पादन | चलचित्र तथा वृत्तचित्र उत्पादनसम्बन्धी निर्देशिका स्वीकृत भई उत्पादन प्रकृया अगाडि बढाइएको। |
| १५ | संचार सम्वद्धसंघसंस्था तथा क्लबहरूलाई अनुदान | संचार सम्वद्धसंघसंस्था तथा क्लबहरूलाई अनुदानसम्बन्धी निर्देशिका स्वीकृत भई कार्य प्रकृया अगाडि बढाइएको। |
| १६ | कारागारका कैदीहरूलाई आचरण सुधारसम्वन्धी तालिम | जिल्ला कारागार नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)मा भएका कैदीहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको। |
| १७ | लागू औषध दुर्व्यसन न्यूनिकरण सम्वन्धी कार्यक्रम | रूपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाका सामुदायिक विद्यालयका विद्यार्थीहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको। |
| १८ | विपद् प्रतिकार्य तालिम | जिल्ला प्रशासन कार्यालयहरू मार्फत विपद् जोखिमको आधारमा स्थानीय तहको विवरण माग गरी स्थानीय तहहरुको छनौट भएको। |
| १९ | प्रदेश स्तरिय सुरक्षा | गृह मन्त्रालय र यस मन्त्रालयको संयुक्त आयोजनामा |

| | | |
|---|---|---|
| | गोष्ठी | २०७६/७/१८ र १९ गते बुटवलमा सम्पन्न भएको |
| २० | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान गठन | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान गठन भई कार्यप्रारम्भ गरेको। |
| २१ | विपद् प्रभावित क्षेत्रको स्थलगत अध्ययन तथा सरोकारवालासँग छलफल | रोल्पा जिल्लाको सुनछहरी गाँउपालिका र गुल्मी जिल्लाको सत्यवती गाउँपालिकामा पहिरोबाट प्रभावित क्षेत्रको स्थलगत अवलोकन गरी क्षतिको विवरण समेत संकलन गरेर सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाइएको। |
| २२ | विपद् पूर्वसूचना प्रणाली स्थापना | जिल्लामा पूर्व सूचना प्रणाली स्थापनाको लागि आवश्यक कार्यक्रम र बजेटको माग गरी सोको आधारमा ११ जिल्ला प्रशासन कार्यालयलाई विपद् पूर्वसुचना प्रणाली स्थापनाका लागि अख्तियारी प्रदान गरिएको। |

## ५. कानून निर्माणको अवस्थाः

प्रदेश सरकार तथा मन्त्रालयहरुलाई आवश्यक पर्ने कानूनहरुको निर्माण र कानून निर्माणमा सहयोग तथा सहजीकरण गर्नुका साथै मन्त्रालयहरुलाई सैद्धान्तिक सहमति एवम् मस्यौदामा सहमति प्रदान गर्नु मन्त्रालयको जिम्मेवारी रहेको छ। तर्जुमा भएका विधेयक प्रदेश सभामा दर्ता गर्न सहजीकरण गर्ने साथै प्रदेश सभाबाट पारित भई प्रमाणिकरण भएका कानूनहरु प्रदेश राजविवरणमा प्रकाशन गरी विभिन्न मन्त्रालय तथा निकायहरुमा वितरण समेत गर्ने कार्य यस मन्त्रालयले गर्दै आएको छ। मन्त्रालयबाट सहजीकरण भई प्रदेश सभामा पेश भएका तथा प्रदेश सभाबाट पारित भएका कानूनहरुको विवरण प्रदेश सभाको प्रगति विवरणमा उल्लेख भैसकेको छ। अन्य नियमावली, निर्देशिका आदि सम्बन्धी विवरण यस प्रकार छ।

**नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डहरू**

| क्र.स. | विवरण |
|---|---|
| १ | प्रदेश नं. ५, प्रदेश सरकार (कार्यविभाजन)नियमावली, २०७४ |
| २ | प्रदेश नं. ५, प्रदेश सरकार (कार्यसम्पादन)नियमावली, २०७४ |

| | |
|---|---|
| ३ | प्रदेशनं.५, प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरणसम्बन्धी नियमावली, २०७४ |
| ४ | प्रदेश कानून मस्यौदा तथा सुझाव अयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको आदेश, २०७४ |
| ५ | प्रदेशनं. ५को प्रदेश सभा नियमावली, २०७४ |
| ६ | प्रदेश नं. ५ प्रदेश सभा नियमावली (पहिलो संशोधन), २०७५ |
| ७ | प्रदेश नं. ५ विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५ |
| ८ | सार्वजनिक लिखत प्रमाणीकरण नियमावली (पहिलो संशोधन), २०७६ |
| ९ | प्रदेश नं. ५ घरजग्गा न्यूनतम मूल्य निर्धारण समिति गठन तथा कार्यसञ्चालन आदेश, २०७६ |
| १० | प्रदेश नं.५ प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसुचीमा हेरफेर |
| ११ | प्रदेश नं. ५ संघ संस्था दर्ता नियमावली, २०७६ |
| १२ | मुख्य न्यायधिवक्ताको काम कर्तव्य अधिकार र सेवाका अन्य शर्तसम्बन्धि ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको अनुसूचीमा हेरफेर |
| १३ | प्राइभेट फर्म दर्ता नियमावली, २०७६ |
| १४ | सार्वजनिक खरीद सम्बन्धि प्रदेश नियमावली, २०७६ |
| १५ | मनोरञ्जन कर नियमावली, २०७६ |
| १६ | विज्ञापन कर नियमावली, २०७६ |
| १७ | प्रदेश पदक नियमावली, २०७६ |
| १८ | प्रदेश प्रसारण नियमावली, २०७६ |
| १९ | प्रदेश राजविवरण प्रकाशन सम्बन्धी कार्यविधी, २०७५ |
| २० | प्रदेश नं. ५ विपद्बाट भएको क्षतिको राहत वितरण सम्बन्धी मापदण्ड, २०७५ |
| २१ | विपद् व्यवस्थापन कार्य संचालन निर्देशिका, २०७६ |
| २२ | प्रदेश नं. ५ प्रदेश सञ्चार नीति, २०७५ |

| | |
|---|---|
| २३ | प्रदेश नं. ५ प्रदेश मामिला सूचना केन्द्र संचालन निर्देशिका, २०७५ |
| २४ | सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्वन्धी निर्देशिका, २०७५ |
| २५ | प्रदेश नं ५ विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका,२०७६ |
| २६ | प्रदेश नं ५ टेलीसेन्टर सञ्चालन निर्देशिका, २०७५ |
| २७ | आवश्यकता अनुसार निश्चित उद्देश्य पूर्तीका लागि आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका,२०७५ |
| २८ | द्वन्द्वबाट प्रभावित विभिन्न व्यवसायिक तालिम प्राप्त व्यक्तिहरूका लागि व्यवसायिक सामाग्री तथा औजार प्रदान गर्ने सम्बन्धी निर्देशिका ,२०७६ |
| २९ | प्रदेश नं. ५ घरजग्गा न्यूनतम मूल्य निर्धारण समिति गठन तथा कार्यसञ्चालन आदेश २०७६ |
| ३० | प्रदेश योजना आयोग गठन तथा कार्य संचालन आदेश दोश्रो संशोधन आदेश२०७६ |
| ३१ | बहुबर्षीय आयोजना स्वीकृति तथा ठेक्का सम्बन्धि मापदण्ड २०७६ |
| ३२ | प्रदेश पूर्वाधार विकास प्राधिकरण गठन तथा कार्य आदेश २०७६ |
| ३३ | अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ |
| ३४ | चलचित्र तथा वृत्तचित्र उत्पादनका लागि अनुदान सम्बन्धी निर्देशिका, २०७६ |
| ३५ | प्रदेश नं. ५, टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण सम्बन्धी निर्देशिका, २०७६ |
| ३६ | द्वन्द प्रभावित स्वरोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७६ |
| ३७ | लागू औषध प्रभावितको लागि पुनर्स्थापना केन्द्र संचालन अनुदान सम्बन्धी कार्यविधि, २०७६ |
| ३८ | संचार सम्बद्ध संघ संस्थाहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७६ |

यस मन्त्रालयको जिम्मेवारी अन्तर्गत मन्त्रालयले प्रदेश राजविवरण प्रकाशन गरी कानून न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरवार, प्रदेश प्रमुखको कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेशका सवै मन्त्रालयहरू, मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश भित्र रहेका

उच्च तथा जिल्ला अदालतहरू, सरकारी वकिल कार्यालयहरू, यातायात व्यवस्था कार्यालयहरू, मालपोत कार्यलयहरू, आन्तरिक राजस्व कार्यालयहरू र प्रदेश भित्रका सबै स्थानीय तहमा समेत राजविवरण पठाउने कार्य गर्दै आइरहेको छ।

यस मन्त्रालयको कार्य जिम्मेवारीमा रहेका विषयहरूमध्ये देहायका विधेयकहरुको अवधारणा विवरणमा मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयवाट सैद्धान्तिक सहमति प्राप्त गरेको छ।

(क) प्रदेश चलचित्र निर्माण, प्रदर्शन तथा वितरण सम्बन्धी व्यवस्था गर्न बन्ने विधेयक तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणा विवरण।
(ख) प्रदेश सञ्चार परिषद् गठन तथा संचालन गर्ने व्यवस्था गर्न बन्ने विधेयक तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणा विवरण।

<u>छलफलको प्रक्रियामा रहेका विधेयकहरू</u>

(क) प्रदेश संचार परिषद् ऐन, २०७६
(ख) प्रदेश चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०७६

## ६. चालू आर्थिक वर्ष (आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरुः

१. प्रदेश भित्रका सडकमा भइरहेको दुर्घटनाका कारण पहिचान गरी सुझाव दिन गठित समितिले अध्ययन प्रतिवेदन पेश गरेको छ। सडक यातायात व्यवस्थापन र सडक सुरक्षाका लागि विधेयकको मस्यौदा तयार गरिएको छ। महत्वपूर्ण सडक क्षेत्र एवम् अन्य संवेदनशील क्षेत्रमा सिसिटिभी जडान कार्य अभियानको रुपमा प्रारम्भ गरिएको छ।
२. जनतालाई प्रवाह गरिने सेवासम्बन्धी प्रक्रियालाई प्रविधिमैत्री बनाउन र समग्र शासकीय तथा विकास निर्माण कार्यमा सूचना प्रविधिको प्रयोग बिस्तार गर्न सुझाव दिने उद्देश्यले गठित कार्यदलले प्रतिवेदन पेश गरेको छ। आर्थिक वर्ष २०७५।७६ मा कार्यदलको सुझाव समेतका आधारमा प्रदेशको सूचना प्रविधि नीति तर्जुमा र कानूनी तथा संरचनागत व्यवस्था गरिनेछ।

३. शान्ति सुरक्षा, प्रहरी प्रशासन र साझा अधिकार सूचीका विषयमा संघीय तहबाट जारी हुनुपर्ने कानूनका विषयमा अन्तर प्रदेश परिषद् मार्फत केन्द्रको ध्यानाकर्षण गरिएको छ।

४. विपद् व्यवस्थापनलाई प्राथमिकता दिनुका साथै चट्याङ प्रतिरोधी अभियान, वर्षा, वायू तथा बाढीमापन एवम् पूर्वसूचना केन्द्र स्थापना, हेलिप्याड निर्माण जस्ता कार्यक्रम संचालन गर्दै लगिनेछ।

५. विपद्का समयमा अस्थायी व्यवस्थापनका लागि स्थानीय तहको सहयोगमा जग्गा उपलब्ध हुने स्थानमा बहुउद्देश्यीय भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। प्रादेशिक सरकारी कार्यालय भवन निर्माण, मर्मत तथा सुधारलाई निरन्तरता दिइनेछ।

६. राष्ट्रिय सुरक्षा र आन्तरिक सुरक्षा नीतिलाई मद्दत पुग्नेगरी प्रदेशको सुरक्षा नीति तर्जुमा गरी लागू गरिनेछ। प्रदेश प्रहरी गठन तथा संचालनसम्बन्धी कानूनको तर्जुमा गरी प्रदेश प्रहरी गठन गरिनेछ। प्रदेश प्रहरी तालिम केन्द्रलाई आधुनिक र व्यवस्थित ब्याटल ड्रिल सहितको सुविधायुक्त तालिम केन्द्रको रुपमा विकास गरिनेछ। अपराधको न्यूनीकरणका लागि सुरक्षा निकायहरु बीचमा आवश्यक समन्वय गरिनेछ।

७. सबै स्थानीय तहबाट पारित भएका कानूनको संकलन, अभिलेखांकन र विश्लेषण गरी सोका आधारमा स्थानीय तहलाई आवश्यक सुझाव दिने व्यवस्था मिलाइनेछ। स्थानीय तहका न्यायिक समितिहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रम संचालन गरिनेछ।

८. विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् व्यवस्थापन प्रतिकार्य तालिम केन्द्र स्थापना र संचालन गरिनेछ। विपद् व्यवस्थापन सामग्रीको उचित भण्डारण र आपूर्तिको व्यवस्था मिलाइनेछ। "विपद् सबैलाई पर्छ, हामी जुटे सजिलै टर्छ"भन्ने नाराका साथ विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय एवम् स्थानीय समुदाय र संघसंस्थासँग सहकार्य गरिनेछ।

९. सडक सुरक्षा एवम् ट्राफिक व्यवस्थापनका लागि संवेदनशील सडकक्षेत्रमा सिसिटिभी जडान कार्यलाई निरन्तरता दिइनेछ। सडक दुर्घटना कम गर्न सचेतनामूलक कार्यक्रमका साथै, जोखिमपूर्ण यात्रा बहिष्कार, हाम्रो सुरक्षाको आधार अभियान संचालन गरिनेछ।

१०. प्रदेशमा स्थापित सूचना केन्द्र तथा टेलिसेन्टरलाई प्रदेश र जनताबीचको सम्बन्ध स्थापित गर्ने माध्यमको रुपमा विकास गरी सूचना, विकास र सुशासन प्रणालीसँग आवद्ध गरिनेछ।

११. टेलिफोन सुविधा नपुगेका स्थानमा सेवा विस्तारका लागि दूरसंचार कम्पनीहरुसँग सहकार्य गरी प्रदेशका सबै बस्तीहरुमा संचार सुविधा पुर्‍याउन विशेष कार्यक्रम संचालन गरिनेछ।

१२. प्रदेशभित्र लागू औषध प्रयोगकर्ताको संख्या, स्थल र ओसारपसार गर्ने ट्रान्जिट प्वाइन्टमा कडाइका साथ निगरानी गरिनेछ। लागू औषध बिरुद्ध जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। प्रदेशमा लागू औषध पुनस्थापना केन्द्र स्थापनाका लागि कानूनी एवम् नीतिगत व्यवस्था गरिनेछ

१३. प्रदेश चलचित्र बोर्डको गठन गरी संचालन र व्यवस्थापन गर्नुका साथै ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय एवम् सामाजिक रुपान्तरणको विधामा चलचित्र वा वृत्तचित्र उत्पादन गर्ने कम्पनीलाई आवश्यक सहयोग गरिनेछ।

१४. प्रदेशको सूचना तथा संचार माध्यमसम्बन्धी कानूनको तर्जुमासंगै प्रदेश सूचना संचार प्रतिष्ठान गठन गरी संचार माध्यमहरुको स्थापना, संचालन र नियमनलाई व्यवस्थित गरिनेछ। संचारमाध्यम र संचारकर्मीको क्षमता विकासका लागि कार्यक्रम ल्याइनेछ। संचारकर्मीहरुको न्यूनतम पारिश्रमिकसम्बन्धी मापदण्ड लागू गर्ने संचारमाध्यमलाई सरकारी सूचना र विज्ञापन उपलब्ध गराउने नीति लिइनेछ।

१५. यस प्रदेशलाई डिजिटल प्रदेश बनाउने कार्य प्रारम्भ गरिनेछ। सूचना प्रविधिको विकास र प्रयोगका लागि सँगठनात्मक संरचनासँगै प्रदेश डाटासेन्टरको स्थापना गरिनेछ।

१६. प्रदेश अनुसन्धान ब्यूरो गठनका लागि कानून तर्जुमा गरी ब्यूरो गठनको कार्य अगाडि बढाइनेछ।अपराध अनुसन्धानका लागि डिजिटल फरेन्सिक ल्याब स्थापनाको कार्य अगाडि बढाइनेछ।

१७. द्वन्दबाट प्रभावित हालसम्म उपचार हुन नसकेका व्यक्तिहरु पहिचान गरी उपचारको आवश्यक व्यवस्था मिलाइनेछ। द्वन्द्वका सामाजिक अवशेषहरुलाई न्यूनीकरण गर्न सामाजिक मेलमिलापको लागि कार्यक्रम संचालन गरिनेछ।

१८. प्रदेश भित्रका कारागारहरुको पुनर्निर्माण र आधुनिकीकरण गरिनेछ। सुधार र उत्पादन कार्यमा सहभागी हुन सक्नेगरी खुला कारागारको व्यवस्था गरिनेछ। बन्दीहरुको स्वरोजगारसम्बन्धी तालिम तथा कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ।

## ९. कार्यक्रम संचालन तथा सम्पादनमा देखिएका समस्या तथा चुनौतिहरू

आन्तरिक मामिला तथा कानून मन्त्रालयले भोग्दै आएका प्रमुख समस्या तथा चुनौतीहरु देहाय बमोजिम रहेका छन्:

(क) संघीय कानूनहरू बनी नसकेको कारण प्रदेश कानून निर्माणमा ढिलाई
(ख) कानून तर्जुमाको लागि प्रर्याप्त दक्ष जनशक्तिको कमी
(ग) भौतिक पूर्वाधारको कमी,
(घ) स्वीकृत दरवन्दी अनुसारको जनशक्ति पूर्ति हुन नसक्दा कार्यसम्पादनमा कठिनाई
(ङ) बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालय मातहतका संरचना नहुनु

# २.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभुमी

प्रदेश नं. ५ मा उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी रहेको यस मन्त्रालय २०७४ माघ महिना देखि स्थापना भई सञ्चालनमा रहेको छ ।प्रदेश भित्रको औद्योगिक तथा व्यापार व्यवसायको प्रवर्द्धन, विकास र नियमन, पर्यटन तथा संस्कृति विकासका लागि योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन, खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापन र नियमन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनसम्बन्धी नियमन र व्यवस्थापन, विज्ञान प्रविधि र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने यस मन्त्रालयको जिम्मेवारी रहेको छ।

## २.दीर्घकालीन सोच, लक्ष्य र उदेश्य

### क) दिर्घकालीन सोंच

उद्योग तथा पर्यटन क्षेत्रको प्रवर्द्धन, प्राकृतिक श्रोतहरूको संरक्षण एवम् दिगो व्यवस्थापनबाट समृद्धि हासिल गर्दै "समृद्ध प्रदेश, खुशी जनता"प्रादेशिक लक्ष्य पूरा गर्न योगदान पुऱ्याउने।

### ख) लक्ष्य

उद्योग तथा पर्यटनमा आधारित रोजगारी वृद्धि गरी उपलब्ध प्राकृतिक, साँस्कृतिक तथा जैविक श्रोतहरूको दिगो र सन्तुलित उपयोग गरी प्रादेशिक अर्थतन्त्रमा योगदान पुर्याउने।

### ग) उद्देश्य

<u>उद्योगतर्फ</u>

अ) उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कूल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु।

आ) उद्योगको विकास र प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण सिर्जना गर्नु।

इ) औद्योगिक वस्तुहरूको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु।

**पर्यटनतर्फ**

अ) प्रदेश नं. ५ लाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटक आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु।

आ) पर्यटकीय गन्तव्यस्थल तथा उपजमा विविधीकरण र विकास गर्नु।

इ) प्रदेश भित्रका प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्द्धन गर्नु।

ई) प्रदेश भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक महत्वका स्थलहरूको संरक्षण र संवर्धन गर्नु।

**वन तथा जलाधारतर्फ**

अ) दीगो एवम् वैज्ञानिक वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु।

आ) जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु।

इ) जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकिकृत संरक्षण र व्यवस्थापन गर्नु।

**वाणिज्य तथा आपूर्तितर्फ**

अ) आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धनमार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नु।

आ) तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु

इ) उपभोक्ताको हकहित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमा आपूर्तिहुने व्यवस्था मिलाउनु।

ई) आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउनु।

वातावरण तथा जलवायूतर्फ

अ) हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायू परिवर्तन अनुकूलित गराउनु।

आ) बढ्दो शहरीकरणबाट उत्सर्जित प्रदूषण न्यूनीकरण गराउनु।

इ) दीगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु।

## ३. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसारका कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्।

(१) व्यापार/बाणिज्य र बजार प्रतिष्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण

(२) प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन

(३) ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन

(४) नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता

(५) व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन

(६) खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय

(७) भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी

(८) प्रदेशका कलकारखाना र औद्योगिकीकरण सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

(९) उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन

(१०) प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार

(११) औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन

(१२) सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

(१३) उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन

(१४) मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन

(१५) संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन

(१६) उपभोक्ता अदालत गठन र सञ्चालन

(१७) अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्तिसम्वन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यबस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय

(१८) लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन

(१९) करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

(२०) संघसँगको समन्वयमा कम्पनी स्थापनासम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन

(२१) दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापनसम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

(२२) प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन

(२३) प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन

(२४) संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमनसम्बन्धी

(२५) प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

(२६) औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन

(२७) उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग

(२८) स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता

(२९) प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन

(३०) पर्यटक प्रहरी व्यवस्थापन

(३१) पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन

(३२) विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल संबन्धी

(३३) संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग संबन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन

(३४) ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व वोकेका प्रादेशिकस्तरका दरबारहरूको संरक्षण, संभार, अध्ययन, अनुसन्धान तथा व्यबस्थापन

(३५) प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, संचालन तथा व्यबस्थापन

(३६) प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारह, संग्रहालय, सांस्कृतिक धरोहर संबन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवं संरक्षण, संभार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण

(३७) धर्म, परम्परा र गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरूको संचालन र व्यबस्थापन

(३८) संस्कृतिको विकास संबन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन

(३९) प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन

(४०) वन्यजन्तु र वन पैदावार ओसारपसारसम्वन्धी नियमन र अपराध नियन्त्रण

(४१) वन, वनस्पति, वन्यजन्तु र जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन

(४२) प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन

(४३) जैविक विविधता पार्क,हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन

(४४) जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन

(४५) वन तथा वातावरणसम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह

(४६) वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग

(४७) प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन

(४८) प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड

(४९) प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन

(५०) प्रदेशभित्र भूस्खलन नियन्त्रण

(५१) प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन

(५२) प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन

(५३) प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना

(५४) प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार

(५५) प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन

(५६) प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण

(५७) प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन

(५८) प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन

(५९) प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण

(६०) भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन

(६१) संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण

(६२) अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षरोपण व्यवस्थापन

(६३) वृक्षरोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन

(६४) प्रदेशभित्र वृक्षरोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन


(६५) प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन

(६६) वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

(नोटः प्रदेश नं. ५ प्रदेश सरकार (कार्य विभाजन ) नियमावली, २०७४ को अनुसूचीमा २०७६।०३।३१ को मन्त्री परिषदको निर्णय बमोजिम विज्ञान प्रविधी तर्फको जिम्मेवारी सामाजिक विकास मन्त्रालयमा र सामाजिक विकास मन्त्रालयको भाषा तथा संस्कृति तर्फको जिम्मेवारी यस मन्त्रालयमा सारिएको छ।।)

## ४. सँगठन संरचना र जनशक्तिविवरण

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५, बुटवलको संगठन तालिका



## दरवन्दी र पदपूर्तिको अवस्था

| सि.नं. | मन्त्रालय/ कार्यालयको नाम/ ठेगाना | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५ बुटवल | ४५ | ३६ | ९ |
| २ | उद्योग, वाणिज्यतथा उपभोक्ता हित संरक्षण निर्देशनालय भैरहवा | १४ | ९ | ५ |
| ३ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बुटवल | १० | ८ | २ |
| ४ | वन निर्देशनालय भैरहवा | २८ | २२ | ६ |
| ५ | भू तथा जलाधार व्यवस्थापन कार्यालय पाल्पा | १७ | १६ | १ |
| ६ | भूतथा जलाधार व्य.का.दाङ्ग | १७ | १४ | ३ |
| ७ | डिभिजन वन कार्यालय बाँके | ९४ | ९१ | ३ |
| ८ | डिभिजन वन कार्यालय वर्दिया | ७८ | ७४ | ४ |
| ९ | डिभिजन वन कार्यालय दाङ्ग(दाङ्ग) | ११० | ७० | ४० |
| १० | डिभिजन वन कार्यालय रुकुम पूर्व | ३४ | १९ | १५ |
| ११ | डिभिजन वन कार्यालय रोल्पा | ५५ | ४१ | १४ |
| १२ | डिभिजन वन कार्यालय प्यूठान | ४५ | ३७ | ८ |
| १३ | डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) | ९५ | ९५ | |
| १४ | डिभिजन वन कार्यालय रुपन्देही | ९५ | ८५ | १० |
| १५ | डिभिजन वन कार्यालय परासी | ७८ | ६४ | १४ |
| १६ | डिभिजन वन कार्यालय गुल्मी | ४५ | ४१ | ४ |
| १७ | डिभिजन वन कार्यालय अर्घाखाँची | ५० | ४५ | ५ |
| १८ | डिभिजन वन कार्यालय पाल्पा | ६० | ५४ | ६ |

| सि.नं. | मन्त्रालय/ कार्यालयको नाम/ ठेगाना | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १९ | डिभिजन वन कार्यालय दाङ्ग देउखुरी | ११० | ७१ | ३९ |
| २० | डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) | ९४ | ८९ | ५ |
| २१ | घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी | ९ | ६ | ३ |
| २२ | घरेलु तथा सानाउद्योग कार्यालय पाल्पा | ९ | ५ | ४ |
| २३ | घरेलु तथा सानाउद्योग कार्यालय कपिलवस्तु | ८ | ५ | ३ |
| २४ | घरेलु तथा सानाउद्योग कार्यालय दाङ्ग | १० | ८ | २ |
| २५ | घरेलु तथा सानाउद्योग कार्यालय वाँके | १२ | ११ | १ |
| २६ | घरेलु तथा साना उद्योगकार्यालय रुपन्देही | १० | ८ | २ |
| २७ | घरेलु तथा साना उद्योगकार्यालय वर्दिया | ८ | ६ | २ |
| २८ | घरेलु तथा साना उद्योग विकास समिति अर्घाखाँची | ७ | ४ | ३ |
| २९ | घरेलु तथा साना उद्योग विकास समिति प्यूठान | १० | ४ | ६ |
| ३० | घरेलु तथा साना उद्योग विकास समिति रुकुम पूर्व | ६ | ४ | २ |
| ३१ | घरेलु तथा साना उद्योग विकास समिति गुल्मी | ७ | ३ | ४ |
| ३२ | घरेलु तथा साना उद्योग विकास समिति रोल्पा | ६ | ३ | ३ |
| जम्मा | | १२७६ | १०४८ | २२८ |

*(स्रोतः प्रशासन शाखा, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय २०७६)*

**५) मन्त्रालय/निकाय स्थापना भएपछि २ वर्षमा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरू**

क) आ.व. २०७५/०७६ को प्रगतिको तथ्यांक

१) वनको वैज्ञानिक व्यवस्थापन मार्फत काठ तथा दाउरा उत्पादन गरी आपूर्तिलाई सहज बनाइएको (२५५६२३६ क्यू.फि. काठ र ५८४० चट्टा दाउरा उत्पादन भै १५६६२२६ क्यू.फि. काठ र २७८२ चट्टा दाउरा विक्रि भएको)

२) काठजन्य २४६०००० र जडीवुटी तथा गैरकाष्ठजन्य ६७०००० गरी जम्मा ३१३०००० विरुवा उत्पादन भइ वितरण तथा रोपण गरिएको,
३) वन क्षेत्रबाट ४७,३३,८२२श्रमदिन प्रत्यक्ष रोजगारी सिर्जना भएको,
४) प्रदेश भित्र रहेका महत्वपुर्ण २४ वटा ताल तलैया तथा सिमसार क्षेत्रहरूको संरक्षण गरिएको,
५) दाङ्ग र कपिलवस्तु जिल्ला बाहेका प्रत्येक जिल्लामा १/१ वटा नगर वन उद्यानहरु निर्माण गरिएको,
६) १२ वटा स्थानमा आकस्मिक पहिरो ब्यबस्थापन तथा नदी खोला नियन्त्रण गरिएको,
७) ५० कि. मि. ग्रामीण सडकमा भू-संरक्षणका कार्यक्रम संचालन गरिएको,
८) २४ वटा स्थानमा गल्छि, पहिरो तथा खहरे रोकथामका कृयाकलापहरु संचालन गरिएको,
९) १२ कि मि नदिको किनार तटबन्धन मार्फत ब्यवस्थापन गरिएको,
१०) ६० वटा संवेदनशील शहरी जलाधार क्षेत्र संरक्षण गरिएको,
११) दाङ्गको गहतेखोला तुल्सीपुर र पाल्पाको चिदिपानीमा नमूना भू-संरक्षण प्लट स्थापना गरिएको,
१२) एक गाउँ एक पोखरी निर्माण अभियान अन्तर्गत ११६ वटा पोखरीहरु निर्माण भएका जसबाट कुल ५२००० घ.मि. पानी संचित भइ वहुउपयोगमा आउन सक्ने,
१३) उद्योग प्रशासनतर्फ चालू आर्थिक वर्षमा १७,९९७ वटा नयाँ साना, लघु तथा घरेलु उद्योगहरु दर्ता भइ सञ्चालनमा रहेका,
१४) वाणिज्य प्रशासनतर्फ चालू आर्थिक वर्षमा ५,९९५ वटा नयाँ फर्महरु दर्ता भई सञ्चालनमा रहेका,
१५) विभिन्न उद्यम विकास तालिमबाट ६,५२६ जना नयाँ लघु उद्यमीहरुको सिर्जना गरिएको,
१६) ६३५६ जना ब्याक्तिहरुलाई विभिन्न सिपमूलक सम्बन्धी तालिम प्रदान गरिएको,

**ख) आ.व. २०७६/०७७ को पुष मसान्तसम्म सम्पादन गरिएका मुख्य कार्यहरू**

१) उद्योग दर्ता संख्या ५२५१, राजश्व प्राप्त रू. ३५२३७११८।-,
२) वन तर्फ राजस्व रू. २५,६३,८०,८१९.४४

३) २०७६ पुष १६ गते नेपाल भ्रमण वर्ष २०२० को उद्घाटन प्रदेश नं. ५ का मुख्यमन्त्री मा. शंकर पोखरेलज्यूबाट वर्दियाको ठाकुरद्वाराबाट उद्घाटन गरिएको।
४) लुम्विनी भ्रमण वर्ष २०७६ अन्तर्गत मासिक पुर्णिमा उत्सव, साहित्यिक गोष्ठी, मायादेवी मन्दिरमा दैनिक दिप प्रज्ज्वलन भै रहेको।
५) बोटानिकल गार्डेन, तुल्सीपुरमा निर्माण कार्य भैरहेको।
६) धारापानी क्षेत्रमा पार्क सहित भौतिक पुर्वाधार निर्माणको कार्य भैरहेको।
७) जगदिशपुर तालमा वहुउदेश्यिय भवन र चरा अवलोकन टावर निर्माणको चालू आ.व. मा विनियोजित वजेट बरावरको कार्य सम्पन्न भएको।
८) मानसरोवरको प्रतिकात्मक स्थल सहित बोटानिकल गार्डेनको निर्माण कार्य शुरू गरिएको।
९) पाल्पाको श्रीनगरमा साँस्कृतिक डबली निर्माण कार्य जारी रहेको।
१०) बाबा वर्दगोरियामा मन्दिर धर्मशाला संरक्षण कार्य सम्पन्न भएको।

## ६. कानूननिर्माणको अवस्था

यस मन्त्रालयबाट कानून सम्बन्धी  भएको प्रगतिको अवस्था देहाय बमोजिम रहेको छः

### क) पारित भएका कानूनहरू

(१) प्रदेश नं. ५, औद्योगिक व्यवसाय ऐन, २०७५,
(२) प्रदेश नं. ५, प्रदेश पर्यटन ऐन,२०७५,
(३) प्रदेश नं. ५, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७५,
(४) साझेदारी ऐन,२०७६,
(५) प्राइभेट फर्म दर्ता ऐन, २०७६,
(६) प्राइभेटफर्म दर्ता नियमावली, २०७६
(७) प्रदेश सभामा पेश भएका विधेयकहरू
(८) वातावरण संरक्षणविधेयक २०७६
(९) प्रदेश सरकार, मन्त्रिपरिषदबाट र मन्त्रालयबाट स्वीकृत भएका नीति, कार्यविधी तथा निर्देशिकाहरू
(१०) नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५,
(११) वार्षिक कार्यक्रम संचालन कार्यविधी २०७६

## ७. आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा यस मन्त्रालयसँग सम्बन्धित विषयहरु

| क्र.स. | बुदानं. | नीति तथा कार्यक्रम |
|---|---|---|
| १. | ६१ | औद्योगिक विकास प्रदेशको विकासको महत्पुर्ण आधार हो। कृषिजन्य लगायत अन्य उद्योगहरूको समेत पर्याप्त संभावना रहेकोले प्रदेश भित्र रहेका औद्योगिक क्षेत्रहरूलाई प्रदेशको मातहतमा ल्याई उद्योग क्षेत्रलाई प्रोत्साहन तथा प्रवर्धन गरिनुका साथै औद्योगिक करिडोर बन्न सक्ने क्षेत्रहरूको पहिचान गरी थप उद्योग संचालनका लागि आवश्यक पुर्वाधार तयार गरिनेछ। |
| २. | ६२ | उद्यम विकास को स्थापनागरी उद्योगको विकास र विस्तारका लागि घरेलु तथा साना उद्योगहरू मार्फत युवाहरूलाई स्वरोजगारका लागि प्रोत्साहित गरिनेछ। स्वदेशी कच्च पदार्थ र स्वदेशी श्रम प्रयोग गरी संचालन गरिने उद्योगलाई यस्ता उद्योग स्थापनामा सरल कर्जा र निश्चित प्रतिशतसम्म व्याज अनुदानको नीति अवलम्बन गरिनेछ। |
| ३. | ६३ | आगामी ३ वर्ष भित्र प्रत्येक स्थानीय तहमा उद्योगग्राम स्थापना गर्ने नीति अनुरूप आर्थिक वर्ष २०७६/०७७ मा एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्राम स्थापनाको कार्यक्रम संचालन गरिनेछ।आयात प्रतिस्थापन र निर्यात प्रवर्धनका लागि टेवा पुग्ने उद्योग स्थापनाका लागि लगानीकर्ताहरूलाई प्रोत्साहित गरिनेछ। |
| ४. | ६४ | गुणस्तरिय वस्तुको आपुर्ति सुनिश्चित गर्न गुणस्तर परिक्षण र नियमित अनुगमनमा जोड दिइनेछ। उपभोक्ताको हकहित संरक्षणका लागि जागरण अभियान संचालन गरिनेछ। |
| ५. | ६५ | उपयुक्त स्थान पहिचान गरी खानीजन्य निर्माण सामग्री उत्खनन तथा उपयोग गर्ने नीति लिइनेछ। |
| ६. | ६६ | प्रदेश भित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक एवं अन्य पर्यटकिय स्थलहरूको पहिचान गरी रोष्टर तयार गरिनेछ। ती स्थलहरूको विकासका लागि गुरूयोजना तयार गरिनेछ। बाँके जिल्लामा तयार गर्न लागिएको मानसरोवरको आकृति सहितको वहुउदेश्यिय पार्क आगामी ३ वर्ष भित्र निर्माण सम्पन्न गरिनेछ। |

| | | |
|---|---|---|
| ७. | ६७ | रुकुम पुर्वमा रहेका तातोपानीका मुहानहरू संरक्षण गरी स्वास्थ्य पर्यटन प्रवर्धन गरिनेछ।<br>लुम्वनी भ्रमण वर्षलाइ प्रभावकारी वनाउन विशेष कार्यक्रम संचालन गरिनेछ। लुम्विनी विकास कोषसँगको सहकार्यमा लुम्विनी क्षेत्रमा फलफुलका विरूवा रोपी थप हरियाली र सौन्दयर्यता प्रवर्धन गरिनेछ। वुद्ध सर्किटमा तिव्रताकका साथ भौतिक तथा अन्य पुर्वाधार विकास गरिनेछ। |
| ८. | ६८ | विभिन्न पर्यटकिय स्थलमा शुरू गरिएको पुर्वाधार विकास कार्यलाइ विस्तार गरिनेछ। पहाडी जिल्लाहरूमा हिल स्टेसन निर्माणको शुरूवात गरिनेछ। उपयुक्त स्थानमा होमस्टे संचालनका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ। |
| ९. | ६९ | ऐतिहासिक, धार्मिक र प्राकृतिक क्षेत्रमा पदमार्गको विस्तृत अध्ययन गरी संभावित स्थानमा पदमार्ग विकास गरिनेछ। |
| १०. | ७० | पर्यटकहरूलाइ आकर्षित गर्न प्रदेशमा रहेका विभिन्न सामाजिक समुदायहरूको कलासंस्कृति समेतको प्रवर्धन हुने गरी सांस्कृतिक डबलीको निर्माण कार्यलाइ निरन्तरता दिइनेछ। |
| ११. | ७१ | परम्परागत ज्ञान, खानपान, भेषभुषा रीतिरिवाज आदिको संरक्षण एवं पर्यटन प्रवर्धनमा योगदान पुग्ने गरी युवा तथा बालबालिका लक्षित तीनपुस्ते अनुभव आदानप्रदान कार्यक्रम संचालन गरिनेछ। |
| १२. | ७२ | वनको वैज्ञानिक व्यबस्थापन र उपयोगको नीति लिइनेछ। यसका लागि प्रदेशमा वनसंबन्धी कानून तर्जुमा गरी हाल कायम रहेको वास्तविक वन क्षेत्र नघट्ने गरी वनको सहभागितामुलक व्यबस्थापन र उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरू संचालनका लागि प्रेरित गरिनेछ। |
| १३. | ७३ | जडीवुटी तथा सुगन्धित वनस्पतिको संभाव्यता अध्ययन गरी प्रत्येक जिल्लामा जडिवुटी तथा सुगन्धित वनस्पतिको पकेट कार्यक्रम संचालन गरिनेछ। |
| १४. | ७४ | जैविक विविधताको संरक्षण र संवर्धन गर्दै वन अतिक्रमण रोक्न प्रभावकारी कार्यक्रम संचालन गरिनेछ। अतिक्रमित वन क्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि समुदायसँग सहकार्य गरिनेछ। वनको वहुउपयोगको नीति अवलम्बन गर्दै खाली जग्गाहरूमा वृक्षारोपण अभियान संचालन गरिनेछ। |

| | | |
|---|---|---|
| १५. | ७५ | राष्ट्रिय निकुन्ज, संरक्षित र मध्यवर्ति क्षेत्र लगायत वन क्षेत्र आसपासमा हुने मानव र वन्यजन्तुको द्वन्द्व न्यूनीकरणका लागि समुदायको क्षमता अभिवृद्धि, सचेतनामूलक एवं उद्दार तथा राहतका कार्यक्रम संचालन गरिनेछ। जंगली जनावरहरूले मानव वस्तीमा प्रवेश गरी दिने हैरानी नियन्त्रणका लागि वनलाइ तारवार गर्ने लगायत स्थानीय तहसँगको सहकार्यमा विशेष कार्यक्रम संचालन गरिनेछ। |
| १६. | ७७ | प्लाष्टिकजन्य पदार्थहरूको उपयोगलाई निरूत्साहित गरिनेछ। वातावरणिय प्रदुषण कम हुने गरी वस्तुहरूको प्रयोग गर्न प्रेरित गर्दै त्यस्ता वस्तुहरूको पुनःप्रयोगका लागि स्थानीय तहसँगको सहकार्यमा नमुनाको रूपमा प्रत्येक जिल्लाको एक स्थानमा फोहोरमैला प्रशोधन केन्द्र निर्माणको संभाव्यता अध्ययन गरिनेछ। |
| १७. | ८५ | सय वर्ष भन्दा पुराना ऐतिहासिक सम्पदा स्थललाई पहिचान गरी पर्यटकिय स्थलको रूपमा विकास गर्दै लगिनेछ। |

## ८. यस अवधिमा प्राप्त मुख्य उपलब्धिहरू

(१) यस मन्त्रालयको कार्य र जिम्मेवारी अन्तर्गत पर्ने क्षेत्रहरूको नियमनको लागि आवश्यक ६ वटा कानूनको तर्जुमा गरिएको।

(२) ऐतिहासिक, धार्मिक र साँस्कृतिक पर्यटन पुर्वाधारका योजनाहरू क्रमिक रूपमा संचालन भईरहेको।

(३) वनस्पति उद्यानहरूको निर्माण कार्य भइरहेको।

(४) वैज्ञानिक वन व्यबस्थापन कार्ययोजना तयार भई काठ तथा दाउराको उत्पादन गरी आपुर्ति गर्ने कार्य भै रहेको।

(५) भू क्षय रोकथामका लागि भू संरक्षण संबन्धी कृयाकलापहरू संचालन भइरहेको।

(६) १२७६ जना कर्मचारीहरूको यस मन्त्रालय र अन्तर्गतका निकायहरूमा समायोजन गरिएको।

(७) ३७ वटा उद्योगहरूको कार्यसूची र १८ उद्योगहरूको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन स्वीकृत गरिएको।

## ९. संघीयता कार्यान्वयका क्रममा सामना गर्नुपरेका समस्या, चुनौतिहरू र समाधानका उपायहरू

| क्र.स. | समस्या | समस्या समाधानका प्रयास | समस्या समाधानका उपायहरु |
|---|---|---|---|
| १ | पर्यटनका कार्यक्रम सञ्चालन गर्न प्राविधिक जनशक्तिको कमी, डिपिआर भेरीफिकेशन गर्न समेत गाह्रो परेको | दुइ जिल्ला वरावर एक इन्जिनयिरको अस्थायी दरबन्दी सृजना गरी डिभिजन वन कार्यालय मातहमा राखी पर्यटन तर्फका कृयाकलापहरू संचालन गरिएको छ। कतिपय कार्यहरूमा पूर्वाधार विकास कार्यालय तथा स्थानीय तहमा रहेका प्राविधिक (इन्जिनियरहरु) को सहयोगमा कार्यक्रम सञ्चालन गरिएको छ। | सवै डिभिजन वन कार्यालयहरुमा इन्जिनियरहरुको व्यवस्था गर्ने। |
| २ | डिपिआर बिनाको पूर्वाधार आयोजनाहरु बार्षिक कार्यक्रममा समावेश हुदा कार्यान्वयन गर्न कठिन भएको | डिपिआर तयार गरिएको | डिपिआर आवश्यक पर्ने आयोजनाहरुको हकमा पहिला डिपिआर र स्थान छनोट भएपछि मात्र कार्यान्वयनको लागि योजना राख्ने। |

# २.७ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**१. परिचयः**

कृषि क्षेत्रलाई समग्र प्रदेशको विकासको मेरुदण्डका रुपमा मनन गरी कार्यान्वयन गर्न प्रदेश नं.५, बुटवलमा यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना वि.सं. २०७४ साल फाल्गुण महिनामा भएको हो। "समृद्ध प्रदेश, खुशी जनता" भन्ने मूल नारालाई आत्मसात् गरी यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.५ ले कृषि, पशुपालन, मत्स्य, भूमि तथा सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनको अभिभारा लिएको छ। कृषि क्षेत्रलाई व्यवसायमुलक तथा प्रतिस्पर्धात्मक बनाई आयआर्जनमा टेवा पुर्याउँदै नेपालको संविधानले तोकेको नागरिकको खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्नु नै मन्त्रालयको मूलभुत उद्देश्यरहेको छ।

२. **दीर्घकालीन सोच**

कृषि क्षेत्रको आधुनिकिकरण, व्यावसायीकरण र औधोगिकरणबाट प्रदेशको समृद्धिमा योगदान।

३. **लक्ष्य**

कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यवसायिक र सम्मानजनक पेशाको रुपमा रुपान्तरण गर्ने।

४. **उद्धेश्य**

(१) निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु।
(२) बाली वस्तुको मूल्य श्रृंखलामा आधारित कृषि उद्योगहरुको विकास गर्नु।
(३) कृषि क्षेत्रलाई सम्मानजनक र बिशिष्टिकृत व्यवसायको रुपमा विकास गर्नु।
(४) कृषि उपजहरुको उत्पादन लागत घटाई कृषि बजार प्रवर्द्धन गर्नु।
(५) परम्परागत कृषि ज्ञान तथा कृषि जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्नु।

**५. मन्त्रालयको कार्यक्षेत्रः**

प्रदेश सरकार कार्य विभाजन नियमावली अनुसार यस मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

(१) कृषि पशु विकास तथा खाद्य पोषणसम्बन्धी प्रदेशिक नीति, कानून ,मापदन्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

(२) कृषितथा पशुजन्य रोग ,किरा एवम् महामारी नियन्त्रण ।

(३) कृषि औद्योगिकीकरण र पशुपन्छि उद्योग ब्यवसायको विकास तथा प्रवर्द्धन ।

(४) कृषि तथा पशु यान्त्रिकीरण र उन्नत औजार विकास तथा विस्तार ।

(५) कृषि तथा पशुरोग निदान प्रयोगशाला ब्यवस्थापन

(६) कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामाग्री एवम् बउबिजन एवम् नस्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, स्तरीयकरण प्रमाणीकरण र नियमन ।

(७) प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर ।

(८) कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणाली को ब्यवस्थापन र स्रोत संरक्षण ।

(९) कृषि मल बीउ र विषादी आपुर्ति ब्यवस्थापन र नियमन ।

(१०) कृषि प्रसार कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण ।

(११) कृषि उपजको न्युनतम समर्थन मूल्य कार्यान्वयन ।

(१२) कृषि तथा पशुपन्छी बीमासम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन

(१३) कृषि बजार, पुर्बाधार र कृषि फार्म केन्द्रहरुको विकास, वस्तार तथा सञ्चालन ।

(१४) राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन ।

(१५) सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन|

(१६) चरन तथा खर्कसम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन ।

(१७) कृषिजन्य र पशुपन्छीजन्य औषधी, बिषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र ब्यवस्थापनसम्बन्धी प्रदेशिक नीति, कनून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्रीबितरणको अनुमति, अनुगमन र नियमन ।

(१८) भूमि ब्यवस्थापन भूमि प्रशासन र जग्गा नापजाँच, भूमि सुधार ,भु-उपयोग तथा चक्लाबन्दीसम्बन्धी प्रादेशिक नीति कानून तथा मापदण्डको तर्जुमा कार्यान्वयन र नियमन ।

(१९) निजी ,सरकारी तथा सार्वजनिक जग्गाको प्रदेशिक अभिलेख ब्यवस्थापन ।

(२०) जग्गा दर्ता, रजिष्ट्रेशन ,जग्गाधनी प्रमाण पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन ।

(२१) संघीय सरकारबाट प्राप्त हुने नक्शा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्शा र अभिलेखको ब्यवस्थापन ।

(२२) नाप नक्शाका नियन्त्रण बिन्दुहरुको सञ्जाल ब्यस्थापन ।

(२३) क्रमबद्ध कित्ता नापी र भूमि लागतसम्बन्धी मापदण्ड र कार्यान्वयन ।

(२४) भूमिहिन सुकुम्बासी, दलित ,मुक्त कमैया, हलिया ,हरवा, चरवा आदि वर्गको बसोबास,जिविकोपार्जन र पुन:स्थापनासम्बन्धी प्रदेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा ,कार्यान्वयन र नियमन ।

(२५) सरकारी जग्गा भाडामा दिनेसम्बन्धी नीति कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन ।

(२६) सुरक्षित बसोबास र जग्गा एकीकरणसम्बन्धी नीति कार्यान्वयन ।

(२७) गुठी तथा गुठी जग्गा ब्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन तथा गुठी जग्गाको संरक्षण, अभिलेख ब्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वयन ।

(२८) गरीबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान सर्वेक्षण, सूचना संकलन गरिब घरपरिवर पहिचन, समाजिक सुरक्षा र संरक्षण ।

(२९) सहकारी संस्था सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन तथ्याङ्क ब्यवस्थापन र अध्ययन अनुसन्धान ।

(३०) कृषि तथा सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन|

(३१) सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीयतहका संघ संस्थासँग समन्वय र सहकार्य|

(३२) सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन ।

## ६. सांगठनिक संरचना र जनशक्ति विवरण

### ६.१ सांगठनिक संरचना

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत दुई निर्देशनालय (कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय), आठ कृषि ज्ञान केन्द्र( कपिलवस्तु, बाँके, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ्ग र रोल्पा) , छ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र( दाङ्ग, बाँके, कपिलवस्तु, रुपन्देही, पाल्पा, रोल्पा ), दुई तालिम केन्द्र (कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रर पशु सेवा तालिम केन्द्र), एक कुखुरा विकास फर्म, एक मत्स्य विकास केन्द्र, दुई वीउ विजन प्रयोगशाला , एक बाली संरक्षण प्रयोशाला, एक माटो तथा मल परिक्षण प्रयोगशाला रहेका छन्।

| क्र.सं. | कार्यालयको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ बुटवल, रुपन्देही | १२ जिल्ला |
| २ | निर्देशनालयहरु | |
| २.१ | कृषि विकास निर्देशनालय, रुपन्देही | १२ जिल्ला |
| २.२ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, रुपन्देही | १२ जिल्ला |
| २.३ | सहकारी प्रशिक्षालय, नेपालगंज | १२ जिल्ला |
| ३ | कृषि ज्ञान केन्द्र | १२जिल्ला |
| ३.१ | कृषि ज्ञान केन्द्र, कपिलवस्तु | कपिलवस्तु |
| ३.२ | कृषि ज्ञान केन्द्र, बाँके | बाँके, बर्दिया |
| ३.३ | कृषि ज्ञान केन्द्र, नवलपरासी | बर्दघाट सुस्तापश्चिम नवलपरासी, रुपन्देही |
| ३.४ | कृषि ज्ञान केन्द्र, पाल्पा | पाल्पा |
| ३.५ | कृषि ज्ञान केन्द्र, गुल्मी | गुल्मी |
| ३.६ | कृषि ज्ञान केन्द्र, अर्घाखाँची | अर्घाखाँची |
| ३.७ | कृषि ज्ञान केन्द्र, दाङ्ग | दाङ्ग, प्युठान |
| ३.८ | कृषि ज्ञान केन्द्र, रोल्पा | रोल्पा, पूर्वी रुकुम |
| ४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | १२ जिल्ला |

| क्र.सं. | कार्यालयको नाम | कार्यक्षेत्र |
|---|---|---|
| ४.१ | भेटेरिनरी अस्पताल  तथा पशु सेवा विज्ञ केन्द्र दाङ्ग | दाङ्ग, प्युठान |
| ४.२ | भेटेरिनरी अस्पताल  तथा पशु सेवा विज्ञ केन्द्र बाँके | बाँके, बर्दिया |
| ४.३ | भेटेरिनरी अस्पताल  तथा पशु सेवा विज्ञ केन्द्र कपिलवस्तु | कपिलवस्तु, अर्घाखाँची |
| ४.४ | भेटेरिनरी अस्पताल  तथा पशु सेवा विज्ञ केन्द्र रुपन्देही | नवलपरासी, रुपन्देही |
| ४.५ | भेटेरिनरी अस्पताल  तथा पशु सेवा विज्ञ केन्द्र पाल्पा | पाल्पा, गुल्मी |
| ४.६ | भेटेरिनरी अस्पताल  तथा पशु सेवा विज्ञ केन्द्र रोल्पा | रोल्पा, पूर्वी रुकुम |
| ५ | तालिम केन्द्र/फार्म/प्रयोगशाला | १२ जिल्ला |
| ५.१ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, बाँके | १२ जिल्ला |
| ५.२ | कुखुरा विकास फर्म बाँके | १२ जिल्ला |
| ५.३ | पशु सेवा तालिम केन्द्र, बाँके | १२ जिल्ला |
| ५.४ | मत्स्य विकास केन्द्र शम्शेरगंज, बाँके | १२ जिल्ला |
| ५.५ | वीउ विजन प्रयोगशाला, भैरहवा | ६ जिल्ला |
| ५.६ | बीउ विजन प्रयोगशाला, बाँके | ६ जिल्ला |
| ५.७ | बाली संरक्षण प्रयोशाला, बाँके | १२ जिल्ला |
| ५.८ | माटो तथा मल परिक्षण प्रयोगशाला खजुरा बाँके | १२ जिल्ला |
| जम्मा | | |

### ६.२.जनशक्ति विवरणः

यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगत कुल दरवन्दी ७४ रहेको छ भने यस मन्त्रालय मातहतका कार्यालयमा कुल दरवन्दी ३७० गरी जम्मा कुल दरवन्दी ४४४ रहेको छ। हालको अवस्थामा दरवन्दि अनुसार ८५ प्रतशत पदपुर्ति भएको देखिन्छ।

| क्र.सं. | कार्यालयको नाम | संख्या | कुल दरबन्दी | कार्यरत कर्मचारी संख्या | रिक्त संख्या |
|---|---|---|---|---|---|
| १ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ बुटवल, रुपन्देही | १ | ७४ | ५८ | १७ |
| २ | निर्देशनालयहरु | | | | |
| २.१ | कृषि विकास निर्देशनालय, रुपन्देही | १ | ३८ | २६ | १२ |
| २.२ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, रुपन्देही | १ | २४ | २० | ६ |
| २.३ | सहकारी प्रशिक्षालय, नेपालगंज | १ | १३ | १२ | १ |
| ३ | कृषि ज्ञान केन्द्र | ८ | १२६ | १११ | १६ |
| ३.१ | कृषि ज्ञान केन्द्र, कपिलवस्तु | १ | १६ | १५ | १ |
| ३.२ | कृषि ज्ञान केन्द्र, बाँके | १ | १७ | १७ | ० |
| ३.३ | कृषि ज्ञान केन्द्र, नवलपरासी | १ | १७ | १७ | ० |
| ३.४ | कृषि ज्ञान केन्द्र, पाल्पा | १ | १५ | १२ | ३ |
| ३.५ | कृषि ज्ञान केन्द्र, गुल्मी | १ | १५ | १० | ५ |
| ३.६ | कृषि ज्ञान केन्द्र, अर्घाखाँची | १ | १५ | १२ | ३ |
| ३.७ | कृषि ज्ञान केन्द्र, दाङ्ग | १ | १६ | १६ | १ |
| ३.८ | कृषि ज्ञान केन्द्र, रोल्पा | १ | १५ | १२ | ३ |
| ४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ६ | ८० | ७२ | ८ |

| क.सं. | कार्यालयको नाम | संख्या | कुल दरबन्दी | कार्यरत कर्मचारी संख्या | रिक्त संख्या |
|---|---|---|---|---|---|
| ४.१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ्ग | १ | १४ | ११ | ३ |
| ४.२ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँके | १ | १४ | १३ | १ |
| ४.३ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कपिलवस्तु | १ | १५ | १३ | २ |
| ४.४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रुपन्देही | १ | १५ | १३ | २ |
| ४.५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पा | १ | १२ | १२ | ० |
| ४.६ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रोल्पा | १ | १० | १० | ० |
| ५ | तालिम केन्द्र/फार्म/प्रयोगशाला | ८ | ८९ | ७७ | १२ |
| ५.१ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, बाँके | १ | १६ | १३ | ३ |
| ५.२ | कुखुरा विकास फर्म बाँके | १ | १० | ९ | १ |
| ५.३ | पशु सेवा तालिम केन्द्र, बाँके | १ | १२ | ९ | ३ |
| ५.४ | मत्स्य विकास केन्द्र शम्शेरगंज, बाँके | १ | ११ | ११ | ० |
| ५.५ | वीउ विजन प्रयोगशाला, भैरहवा | १ | ११ | ९ | २ |

| क्र.सं. | कार्यालयको नाम | संख्या | कुल दरबन्दी | कार्यरत कर्मचारी संख्या | रिक्त संख्या |
|---|---|---|---|---|---|
| ५.६ | बीउ विजन प्रयोगशाला, बाँके | १ | ११ | ८ | ३ |
| ५.७ | बाली संरक्षण प्रयोशाला, बाँके | १ | ८ | ८ | ० |
| ५.८ | माटो तथा मल परिक्षण प्रयोगशाला खजुरा बाँके | १ | १० | १० | ० |
| जम्मा | | २६ | ४४४ | ३७६ | ७२ |

## ७. नीति, कानून र कार्यविधि निर्माणको अवस्थाः

विधिको शासनमा मन्त्रालयका गतिविधिहरु सञ्चालन गर्न नीति, कानून र कार्यविधि निर्माणको आवश्यकतालाई मशसुस गर्दै मन्त्रालयले शुरु देखी नै नीति कानून र कार्यविधिमा जोड दिएको छ।

### (क) स्वीकृत भएका निर्देशिका र कार्यविधिहरुः

(१) विशेष मागमा आधारित लक्षित कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

(२) सहकारी खेती स्किम र सहकारी खेती साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(३) मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०७५

(४) माछामारी जीविकोपार्जन गर्ने समुदायको क्षमता अभिवृद्धि गरी प्रादेशिक नदी प्रणालीमा जलीय जीव संरक्षणमा टेवा पुर्याउने कार्यक्रम कार्यान्वयन कार्याविधि, २०७५

(५) कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(६) प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(७) भावि किसानका लागि सहयोगी कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

(८) कृषि प्राविधिक धारका विद्यालयमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(९) बाली उत्पादनोपरान्त क्षति न्यूनिकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(१०) कृषि पर्यटन प्रवर्द्धन मार्फत आय आर्जनमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(११) उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(१२) च्याउ बीउ उत्पादन गर्ने व्यक्ति/समूह/सहकारीलाई अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(१३) कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(१४) शीत भण्डार निर्माण अनुदान कार्यक्रम कार्यविधि, २०७५

(१५) बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयन कार्याविधि, २०७५

(१६) कृषि उपज बजार स्थलको व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७५

(१७) कृषि व्यवसायका लागि कृषि मन्त्री कार्यक्रम सञ्चालन निर्देशिका, २०७५

(१८) भूमिहीन किसानका लागि करार खेतीमा अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७५

(१९) कृषि अनुदान कोष सञ्चालन कार्यविधि, २०७५

(२०) स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन कार्यविधि, २०७५

(२१) स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(२२) सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७६

(२३) सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६

(२४) सहकारीको माध्यमबाट नवीनत्सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

(२५) गुठीलाई संरचनागत सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६

(२६) कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(२७) गरिबी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(२८) पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(२९) कृषि तथा पशुपन्छी सम्बन्धी अभियानमुखी (मिसन)कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

(३०) च्याउ ग्राम स्थापना कार्यक्रम कार्यान्वयन विधि, २०७६

(३१) प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(३२) मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७६

(३३) कृषि उपजको ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा लेबलिङको लागि अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६

(३४) स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(३५) जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६

(३६) हरित स्वयं सेवक परिचालन कार्यविधि,२०७६

(३७) स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(३८) स्मार्ट कृषिगाउँ सहयोगी कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

(३९) कृषि यन्त्र उद्योग स्थापना अनुदान सहयोग कार्यक्रम सञ्चालन,२०७६

(४०) प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(४१) प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

(४२) प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

(४३) कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(४४) कृषिजन्य वस्तुको प्रशोधन उद्योग स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

(४५) आरन व्यवस्थापन सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(४६) खाद्यान्न भण्डार घर निर्माण/सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

(४७) बीउभण्डार गृह (बीउ वैंक) स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**(ख) स्वीकृत भएका ऐनहरु**

(४८) प्रदेश न ५ सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(४९) प्रदेश न ५ दाना पदार्थ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(५०) प्रदेश न ५ वीउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(५१) प्रदेश न ५ मल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(५२) प्रदेश न ५ पशु बधशाला तथा मासु जाँच सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(५३) प्रदेश न ५ पशु स्वास्थ्य तथा पशुसेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

८. **चालू आ.व. २०७६।७७ को निति तथा कार्यक्रमहरु**

**(१)** बुदा नं. ३८. कृषिको आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रीकरण गरी कृषिजन्य उद्योगमार्फत विकासको आधार तयार गर्न आधुनिक कृषि प्रणालीको अबलम्बन र कृषिजन्य उद्योगलाई प्रोत्साहित गर्न कृषि नीतिको तर्जुमा र कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ। कृषिको यान्त्रीकरणका लागि कृषि उपकरण खरिद गर्न सरल कर्जाको व्यवस्थाका लागि वित्तीय संस्थासँग सहकार्य गर्दै लागतमा निश्चित प्रतिशत नगद अनुदान उपलब्ध गराउने नीति लिइनेछ।

**(२)** बुदा नं. ३९. कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यसुरक्षा, आत्म निर्भरता र निर्यात प्रवर्द्धनका लागि सिंचित क्षेत्र बिस्तार, माटो, मल र बालीहरुको संरक्षण, गुणस्तरीय बीउको उत्पादन तथा प्रयोग र सामूहिक वा सहकारीका माध्यमबाट जग्गा चक्लावन्दी गरी व्यावसायिक खेती गर्नका लागि प्रोत्साहन गरिनेछ। नवीनतम प्रविधिमा आधारित साना सिचाइ कार्यक्रम लागू गरिनेछ।

**(३)** बुदा नं. ४०. स्वस्थ बिरुवा उत्पादन गरी व्यावसायीकरणमा टेवा पुर्याउनका लागि टिस्यू कल्चर प्लान्टको स्थापना तथा सुदृढीकरण गरिनेछ। यसको संचालनमा निजी तथा सहकारीलाई प्रोत्साहन गरिनेछ।

**(४)** बुदा नं. ४१. खाद्यान्न तथा तरकारी बालीहरुको गुणस्तरीय बीउ उत्पादन, रक्षित भण्डारण र यसको प्रयोगमा वृद्धि गरिनेछ। नागरिकको खाद्य सुरक्षाको हकलाई सम्बोधन गर्न खाद्य भण्डारण स्थल र बीउ बिजनको संरक्षणका लागि आवश्यक बीउ भण्डारण गृह स्थापनामा सहयोग गरिनेछ

**(५)** बुदा नं. ४२. कृषि क्षेत्रको औद्योगिकीकरणका लागि बाली, वस्तु तथा क्षेत्रविशेष मूल्य श्रृङ्खलामा आधारित प्रशोधन केन्द्र तथा उद्योग स्थापना र संचालन गर्न आवश्यक सहयोग पु¥याउने नीति लिइनेछ। यसका लागि कस्टम हायरिङ सेन्टरहरु स्थापना तथा संचालनमा प्रोत्साहन गरिनेछ। उत्पादनमूलक

कृषिभूमिको समुचित प्रयोग गरी स्थानीय स्तरमै रोजगार सिर्जना गर्नका लागि कृषिकर्मी रोजगार कार्यक्रम संचालन गरिनेछ। कृषि उपज संकलन केन्द्रहरु निर्माणमा किसानहरुलाई सहयोग पुर्याइनेछ।

(६) बुदा नं. ४३. माछाको उत्पादन र उपभोग वृद्धिका लागि भुरा उत्पादन,पोखरी बिस्तार, दाना उद्योग संचालन र माछा बीमा तथा बजारीकरण कार्यक्रम संचालन गरिनेछ।आवश्यक प्राविधिक अध्ययन गरी पहाडी जिल्लामा ट्राउट तथा असला माछाको उत्पादन कार्यक्रम संचालन गरिनेछ।बजारीकरणका लागि स्थानीय तह र निजी क्षेत्रसँगको समन्वयमा आगामी वर्ष कम्तीमा तीन स्थानमा माछा महोत्सव कार्यक्रम संचालन गरिनेछ।

(७) बुदा नं. ४४. पोषण तथा खाद्य सुरक्षामा कमजोर देखिएका क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा बहुपक्षीय पोषण योजना अनुरुप सरोकारवालासँगको सहकार्यमा कार्यक्रम बिस्तार गरिनेछ। खाद्य संस्कृतिको विकासका साथै रैथाने तथा स्थानीय बालिनालीहरुको संरक्षण, सम्बर्द्धन र प्रयोगका लागि स्थानीय तहसँगको सहकार्यमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। आमा तथा बालबालिकामा हुने कुपोषणको समस्या न्यूनीकरणका लागि दूध, अण्डा र मासुको उपलब्धता तथा पहुँच बढाउँदै लगिनेछ।

(८) बुदा नं. ४५. कृषि पेशालाई सम्मानजनक बनाई यस पेशाप्रति आकर्षण जगाउने उद्देश्यले उत्कृष्ट कृषकहरुलाई प्रादेशिक पुरस्कार र सहुलियतको व्यवस्था गरिनेछ। "गरौं व्यावसायिक कृषि, यसैबाट शुरुहुन्छ प्रदेशको समृद्धि" भन्ने नाराका साथ कृषिलाई व्यावसायीकरण गर्न यूवाहरुलाई परिचालन गरी यूवा कृषि कार्यक्रम संचालन गरिनेछ।यसलाई कृषि विषयमा उच्चशिक्षा हासिल गरेका र वैदेशिक रोजगारीबाट फर्किएका यूवाहरुको सीप र दक्षतासँग आबद्ध गरिनेछ।

(९) बुदा नं. ४६. रासायनिक मल तथा विषादीहरुको उचित व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। जैविक तथा वनस्पातिक विषादी उत्पादनका लागि उद्योग स्थापना र प्राङगारिक मल उत्पादनका लागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

(१०) बुदा नं. ४७. कृषकहरुलाई कृषि प्रविधि तथा विज्ञ सेवामा पहुँच वृद्धिका लागि संस्थागत व्यवस्था गरिनेछ। प्रत्येक स्थानीय तहमा एक कृषि तथा पशुपंक्षी प्रयोगशाला स्थापनाको नीति लिइनेछ। यी प्रयोगशाला रैथाने बाली तथा

पशुपंक्षीको संरक्षण र आधुनिकीकरण, माटो परीक्षण, कृषि तथा पशुपंक्षीजन्य रोग तथा महामारीको अनुसन्धान तथा नियन्त्रण र स्थानीय उत्पादनको प्रमाणीकरण केन्द्रको रुपमा विकास हुनेछन्। कृषिसम्बन्धी आधुनिक ज्ञान हस्तान्तरणका लागि स्थानीय तहसँगको सहकार्यमा कृषि क्याम्पससँग समन्वय गरी स्नातक र स्नातकोत्तर अध्ययनरत विद्यार्थी परिचालनको नीति लिइनेछ।

(११) बुदा नं. ४८. भौगोलिक विशेषता अनुरुप फलफूल तथा पुष्प व्यवसायको उत्पादन र बजारीकरण प्रवर्द्धन गरिनेछ। तराईका जिल्लामा आँप, मेवा, अनार र केरा तथा पहाड र हिमाली जिल्लामा सुन्तला र स्याउको व्यावसायिक उत्पादन गर्न प्रोत्साहन गरिनेछ। फलफूल खाऔं, स्वस्थ रहौं भन्ने नाराका साथ फलफूलको उत्पादन र उपभोगलाई बढावा दिइनेछ।

(१२) बुदा नं. ४९. निजी तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्दै प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरुको पहिचान एवम् उत्पादन र ब्रान्डिङ् गरी बजारीकरणलाई सहज बनाइनेछ। कृषि तथा पशुपंक्षीजन्य रोग, किरा र महामारी नियन्त्रणका लागि आवश्यक पूर्व तयारी गरिनेछ। कुनै क्षेत्रलाई प्रांगारिक पकेट क्षेत्र तोकी कार्यक्रम संचालन गरिनेछ।

(१३) बुदा नं. ५०. जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै चालू आर्थिक वर्षदेखि संचालनमा आएको करार खेती कार्यक्रमलाई परिमार्जन सहित बिस्तार गरिनेछ। स्थानीय वनसँगको समन्वय र सहकार्यमा सम्भावनाका आधारमा बालीहरुको छनौट गरी नगदे बालीहरुको उत्पादनमार्फत उनीहरुको आयआर्जनमा टेवा पुर्याउन कृषि वन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

(१४) बुदा नं. ५१. ग्रामीण पशु प्रवर्द्धनका लागि तरल नाईट्रोजन प्लान्ट सहितको आधुनिक प्रजनन केन्द्र र समुदायमा आधारित प्रजनन् केन्द्रहरु स्थापना गर्न सहयोग गरिनेछ। पशुआहार सुधारका लागि उन्नत प्रविधिको अवलम्बन गरिनेछ।

(१५) बुदा नं. ५२. उच्च मूल्यको निर्यातमूलक पशुपन्छीजन्य पदार्थको उत्पादन तथा मूल्य अभिवृद्धिमा आधारित उद्योग स्थापनाका साथै मिटमार्ट तथा पशुबधशाला निर्माणमा सहयोग पुर्याइनेछ। पशुपंछी पालनबाट ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ।

(१६) बुदा नं. ५३. उत्पादित कृषि वस्तुहरुको उचित व्यवस्थापन, भण्डारण र बजारीकरणका लागि आवश्यकताका आधारमा विभिन्न क्षमता र संख्याका शीत

भण्डार थप गर्नुका साथै विभिन्न स्थानमा खाद्य गोदामका लागि स्थानीय तह, सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

(१७) बुदा नं. ५४. उत्पादनको सिजनमा सस्तो मूल्यमा बिक्री गरी उपभोगका बखत महंगो मूल्यमा खरीद गर्नुपर्ने व्यवस्थाको अन्त्य गर्न धान, गहुँ मकै लगायत प्रमुख बालीहरुको न्यूनतम आधारमूल्य तोकी सम्बन्धित निकायसँग सहकार्य गरी कृषि उत्पादन खरीदको सुनिश्चितता गरिनेछ। प्राकृतिक प्रकोप लगायत अन्य कारणबाट हुने बालीनालीको क्षतिपूर्तिका लागि कृषि बीमा कार्यक्रम संचालन गरिनेछ।

(१८) बुदा नं. ५५. आ.व. २०७५.७६ देखि प्रत्येक निर्वाचन क्षेत्रमा संचालित प्रदेश स्मार्ट कृषि गाउँ कार्यक्रमलाई बिस्तार गर्दै प्रत्येक पालिकास्तरसम्म पुर्‍याउने नीति अवलम्बन गरिनेछ। कृषि प्रविधि प्रसार प्रणालीलाई सवल र प्रभावकारी बनाउन कृषि अध्ययनरत विद्यार्थी, विज्ञ तथा वैज्ञानिकमार्फत अनुसन्धान गर्नका लागि विश्वविद्यालय तथा अनुसन्धान केन्द्रसँग समन्वय गरिनेछ।

(१९) बुदा नं. ५६. विशेष सम्भावना भएका कृषि बाली र तुरुन्तै आम्दानी लिन सकिने लसुन, प्याज, मुसुरो जस्ता नगदेबालीमा उत्पादनदेखि बजारीकरणसम्मका मिसन कार्यक्रम संचालन गरिनेछ। साथै, कृषि तथा पशुपंक्षीको व्यावसायीकरणका लागि स्थानीय तहसँगको समन्वय र निजी तथा सहकारी क्षेत्रसँगको साझेदारीमा स्रोत केन्द्र र एक पालिका एक फर्म स्थापना कार्यक्रम संचालन गरिनेछ।

(२०) बुदा नं. ५७. कृषि तथा पशुपंक्षी व्यवसायमा आकर्षणका लागि कृषि सहकारीहरुलाई परिचालन गरी कृषि बीमा तथा सुलभ कर्जा कार्यक्रम संचालन गरिनेछ। यसका लागि बैंक र बीमा कम्पनीहरुसँग सहकार्य गरिनेछ।

(२१) बुदा नं. ५८. सहकारीमार्फत कृषकहरुको क्षमता वृद्धि गरी सेवाको माग गर्ने, योजना तयार पार्ने, बजारीकरण गर्न सक्षम बनाइनेछ। साना सहकारीहरुको क्षमता बढाउन मर्जरको नीतिमा समेत जोड दिईनेछ। सहकारीहरुको क्षमता विकास र उत्पादनमा लाग्न सहयोग गर्ने उद्देश्यले सहकारी विकास कोष स्थापना गरी व्यवस्थित ढंगले संचालन गरिनेछ।

(२२) बुदा नं. ५९. सहकारी क्षेत्रको पूँजीलाई घरेलु तथा साना उद्योग, कृषिजन्य उत्पादन, पशुपंन्छी विकास, फलफूल उत्पादन जस्ता क्षेत्रमा प्राथमिकताका साथ

परिचालन गरी रोजगारी तथा स्वरोजगारी सिर्जना गर्दै उद्यमशीलताका माध्यमबाट गरिवी निवारणमा टेवा पुर्‍याउने नीतिलाई निरन्तरता दिइनेछ।

(२३) बुदा नं. ६०. भू-सूचना प्रणालीलाई व्यवस्थित गर्न प्रदेशस्तरमा भू अभिलेख केन्द्रको स्थापना गरी भूमीको वैज्ञानिक र आधुनिक लगत राख्ने व्यवस्था मिलाइनेछ। संघीय कानून अनुसार भूमिको व्यवस्थापन र अव्यवस्थित वसोवासलाई व्यवस्थित गरिनेछ।

## ९. मन्त्रालय स्थापनाकाल देखि हालसम्मको मुख्यमुख्य उपलब्धिहरु

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ को २ वर्षको प्रगति निम्न अनुसारको रहेका छन्।

महत्वपुर्ण बुँदाहरुः

कुल बजेटमा एकमुष्ट भारित प्रगति ८९.९० प्रतिशत र एकमुष्ट वित्तिय प्रगति ७५.२९ प्रतिशत कायम गरी कार्यसम्पादन गरिएको।

आर्थिक वर्ष २०७५/७६ मा निजी उद्यमी, समूह तथा सहकारीहरुलाई अनुदान प्रोत्साहनका रुपमा ४४८६ आयोजनाहरु सम्पन्न भएको।

१५१८६ मे.टन क्षमताका ३५ वटा शित भण्डारनिर्माण भएको।

आ.व. २०७५।७६ मा एकीकृत मोडल सहितको ५२ वटा गाउँ कार्यक्रम संचालन, चालू आ.व. मा थप २४ वटा संचालनको प्रकृयामा रहेको।

आ.व. २०७५।७६ मा करिब १७ हजार कृषक लाभान्वित हुने गरी २३१५ साना ठुला कृषि यन्त्र उपकरणहरु उपलब्ध गराईएको।

स्थानीय तह समेतको गरी करिब ७ करोड पूंजी परिचालन र १३ करोड ५६ लाख अनुदान सहयोगमा ७८ वटा स्थानीय तहसँगको सहकार्यमा कृषि तर्फ ५७ र पशुपंछितर्फ ४४ गरी १०१ आयोजनाहरु सम्पन्न भएको।

आ. ब. २०७५/७६ मा विनियोजित बार्षिक बजेट तथा कार्यक्रमहरु लक्ष्य अनुरुप र दिगो प्रतिफल दिन सक्ने गरी संचालन भएकोमा कायम भएको कुल बजेट २ अर्ब ७१ करोड ९ लाख ४७ हजार मध्ये २ अर्ब ४ करोड ९ लाख ७० हजारखर्च भई एकमुष्ट भारित प्रगति ८९.९० प्रतिशत र एकमुष्ट वित्तिय प्रगति ७५.२९ प्रतिशत कायम गरी कार्यसम्पादन गरिएको छ।

प्रदेश सरकारको नीति तथा कार्यक्रम र संविधान अनुरुपको कार्य विस्तृतिकरण अनुसारको कार्य सम्पादन गर्न आ. ब. ०७५/७६ मा २ ऐन (सहकारी र दाना पदार्थ), ६३ कार्यविधि र ७ निर्देशिका गरी जम्मा ७२ दस्तावेज निर्माण गरी कानुनी आधार तय गरिएको छ।

जनअपेक्षा अनुसार कृषि, पशुपंछी, मत्स्य, सहकारी, भूमि, गुठी र गरिबी निवारणका कार्यक्रमहरु संचालन गर्न मन्त्रालयले आ ब ०७५/७६मा मातहतका २५ वटा कार्यलयहरु स्थापना तथा संचालन गरी सेवा प्रवाह गर्न सक्ने अवस्थामा पुर्याईएको छ।स्मार्ट कृषि गाउँलाई मन्त्रालयको गौरवको आयोजनाका रुपमा लिई आ.व. २०७५।७६ मा एकीकृत मोडल सहितको ५२ वटा गाउँ कार्यक्रम संचालन गरी शुरु गरिएको छ।आधुनिक प्रविधि, यान्त्रिकरण र बजार विकासका अभ्यासहरु सहित ब्यवसायिक उत्पादनकालागि आधार तयार भएकोमा ५०६३ कृषक घरपरिवार आबद्ध र थप ३१६ प्रत्यक्ष रोजगारी सृजना भएको छ। यस कार्यक्रमलाई निरन्तरता दिई आ.व. २०७६।७७ मा क्रमागत रुपमा साविकका ५२ तथा थप २४ स्मार्ट कृषि गाउँहरु संचालन गर्ने कार्यक्रम रहेको छ।

आ. ब.०७६/७७मा सम्पन्न हुने गरी १५१८६ मे.टन क्षमताका ३५ वटा शित भण्डार निर्माणको बिस्तृत परियोजना विवरण तयार भई कार्य अघि बढेको छ।

कृषि क्षेत्रलाई आधुनिकिकरण तथा व्यवसायिक रुपमा विकास गर्दै लैजाने उद्देश्यका साथ कृषि यान्त्रिकरण कार्य व. २०७५।७६ मा १६९७ कृषक समूह तथा सहकारी र २९७ ब्यवसायिक फर्मका करिब १७ हजार कृषक लाभान्वित हुने गरी २३१५ साना ठुला कृषि यन्त्र उपकरणहरु उपलब्ध गराईएको छ। सोही कार्यक्रमलाई निरन्तरता दिई आ.व. २०७६।७७ मा कष्टम हायरिङ्ग सेन्टरको कार्यक्रम सहित धेरै भन्दा धेरै कृषकहरुलाई कृषि यन्त्रको पहुँच बृद्धि गरि उत्पादन लागत न्यूनिकरण गर्न टेवा पुर्याउने अपेक्षा गरिएको छ।

तरकारी तथा फलफुल प्रवर्द्धनका लागि आ.व. २०७५।७६ मा ९ वटा तरकारी उत्पादनर २वटा फलफुल नर्सरीका गरी ११ वटा हाईटेक टनेलहाउस निर्माण भएका छन्। कृषकहरुको माग बमोजिम आ.व.२०७६।७७ मा प्रोटेक्टेड हर्डिकल्चर कार्यक्रम मार्फत यस कार्यक्रमलाई निरन्तरता दिइ संचालनमा ल्याइएको छ।

आ.व. २०७५।७६ मा ४३ वटा बजार निर्माण तथा सुधार र ६ वटा जिल्ला विशेष सहकारी बजार स्थापना, आ.व. २०७६।७७ मा थप १५ वटा बजार तथा ३ वटा सहकारी बजार संचालनमा ल्याउने तयारी भएको।

२३९ महिला सहित कुल ५६९ कृषकहरुलाई कृषि तथा पशुपन्छीका विभिन्न विषयमा उधमशिलता विकासका लागि ब्यवहारिक तथा क्षमता विकास तालिम दिईएको।

प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत कुल २६ वटा दुग्ध सहकारीहरुका १४६१२ कृषकहरु प्रत्यक्ष लाभान्वित हुने गरी २ करोड ४० लाख बराबर रकम प्रोत्साहन अनुदान दिइएको।

भूमिहिन किसानका लागि करार खेती कार्यक्रम अन्तर्गत कृषि उत्पादनका लागि ३८९ विघामा करार सम्झौता भई ५२ योजनाहरु सम्पन्न भएका।

सहकारीहरुबाट नविनतम सोचसहितका रोजगारी र उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत१८ वटा सहकारी संस्थाको ६ करोड ३० लाख पूंजी परिचालित भइ कम्तिमा ८००० सदस्यहरु प्रत्यक्ष लाभान्वित हुने गरि कार्यक्रम सञ्चालन भई पूर्वाधार तयार भएको छ।

आ.व. ०७५/७६ मा ४९७ ब्यवसायिक फर्म, कृषक समूह तथा कृषि सहकारीहरुको थप २४ करोड ८७ लाख पूँजीलाई परिचालन गरी आ. ब. २०७८/७९ सम्म प्रदेशलाई दुध, फुल, माछा र मासुमा आत्मनिर्भर बनाउने आधार तय गर्ने गरीउत्पादन क्षमता विकास र बजारीकरणमा टेवा पुर्याउन साझेदारीमा ५० प्रतिशत रकम अनुदान उपलब्ध गराईएको छ।

प्रदेश भित्रको उत्पादनलाई बजार सम्मको पहुँच तथा उत्पादक र उपभोक्ता बिचको मूल्य कम गर्ने उद्देश्य आ.व. २०७५।७६ मा ४३ वटा बजार निर्माण तथा सुधार र ६ वटा जिल्ला विशेष सहकारी बजार स्थापना गरी संचालनमा ल्याईएको साथै आ.व. २०७६।७७ मा थप १५ वटा बजार तथा ३ वटा सहकारी बजार संचालनमा ल्याउने तयारी सहित कार्यक्रम तय गरिएको छ।

ब्यवसायिक पशुपालन र दुध उत्पादन दरमा बृद्धि गर्ने उद्धेश्य सहित संचालित आ.व. २०७५।७६ मा संचालित प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत कुल २६ वटा दुग्ध सहकारीहरुका १४६१२ कृषकहरु प्रत्यक्ष लाभान्वित हुने गरी १ करोड ३० लाख लिटर दुध उत्पादनमा प्रति लिटर रु १.९२ का दरले २ करोड ४० लाख बराबर रकम प्रोत्साहन अनुदान दिइएको छ। प्रभावकारिता आधारमा चालू आ.व. मा पनि यस कार्यक्रमलाई बृहत रुपमा संचालन गर्ने लक्ष्य लिइएको छ।

मिल्क होलिडे न्यूनिकरणमा सहयोग पुग्ने अपेक्षा सहित यस वर्ष थप ५० हजार लिटर दुध प्रति दिन संरक्षण गर्ने गरी २८ चिलिङ्भ्याट र थप ७७ हजार लिटर दुध प्रति दिन ढुवानी गर्ने क्षमता बृद्धि हुनेगरी १२ वटा मिल्क टयाङ्कर कृषि सहकारी तथा ब्यवसायिक डेरीको ५० प्रतिशत लागत साझेदारी हुनेगरी रु ५ करोड २ लाख उपलब्ध गराइएको छ। यसबाट सानो सानो परिमाणमा संकलन हुने ग्रामिण भेगका दुधले समेत बजार पाउनेछ। थप ३ लाख ४४ हजार चल्ला बार्षिक ह्याचिङ गर्न सक्ने क्षमता सहितका साना ठुला गरी १३ वटा पोल्ट्री ह्याचरी उद्योग स्थापना भएका छन। ह्याचरी उद्योग स्थापनाका लागि निजी क्षेत्रको थप १ करोड ५० लाख पूंजीगत सहलगानीमा १ करोड अनुदान रकम प्रवाह गरिएको छ।

स्थानीय तह समेतको गरी करिब ७ करोड पूंजी परिचालन र १३ करोड ५६ लाख अनुदान सहयोगमा ७८ वटा स्थानीय तहसँगको सहकार्यमा कृषि तर्फ ५७ र पशुपंछितर्फ ४४ गरी १०१ आयोजनाहरु सम्पन्न भएका छन।यसबाट १५ वटा संकलन केन्द्र, ३२१ प्लाष्टिक घर, २५ ब्यवसायिक पशुपालन फर्म र ८ डेरी पसल सुधार कार्य सम्पन्न भइ कम्तिमा ६०० जनालाई प्रत्यक्ष रोजगारी सृजना भएको छ।

भूमिहिन किसानका लागि करार खेती कार्यक्रम अन्तर्गत कृषि उत्पादनका लागि ३८९ विघामा करार सम्झौता भई ५२ योजनाहरुले पूर्वाधार विकासका कार्यहरु आ.व. २०७५।७६ मा सम्पन्न गरेका छन्।यसबाट १०६ प्रत्यक्ष रोजगारी सृजना भएको र उत्पादनशिल क्षेत्रफल र उत्पादन बृद्धि भई गरिबि निवारणमा टेवा पुगेको छ।यस कार्यक्रमलाई थप परिमार्जन गरी बाँझो रहेको सरकारी जग्गालाई कृषि भुमिमा परिणत गर्नाका लागि स्थानीय तहसँगको सहकार्यमा योजना सहितको कार्यक्रम अगाडि बढाइने छ।

गत आर्थिक वर्षमा सहकारीहरुबाट नविनतम सोचसहितका रोजगारी र उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गतउत्पादन तर्फ९, बजारीकरण तर्फ ५ तथा उत्पादनदेखि बजारीकरण सम्म

४ वटा गरि १८ वटा सहकारी संस्थाका कम्तिमा ८००० सदस्यहरु प्रत्यक्ष लाभान्वित हुने गरि कार्यक्रम सञ्चालन भई पूर्वाधार तयार भएको छ। यस कार्यक्रममा सहकारी सस्थाहरुको ६ करोड ३० लाख पूंजी परिचालित भएकोमा ३ करोड १५ लाख रकम मन्त्रालयले अनुदान स्वरुप उपलब्ध गराएको छ। चालू आ. व. मा पनि सोही कार्यक्रमलाई निरन्तरता दिईएको छ।

पशु प्रजनन सेवा प्रदान तर्फ (कृत्रिम गर्भाधान गाई, भैसी, बाख्रा) ५८३१, पशु स्वास्थ्य कार्यक्रम तर्फ (पशुपन्छीको उपचार सेवा) १००९१, रोग निदान प्रयोगशाला सेवा तर्फ (गोबर परिक्षण, थुनेलो परिक्षण तथा शव परिक्षणका ) जम्मा २४९८ कार्य सम्पन्न, रोग नियन्त्रण सेवा तर्फ ६०६ वटा कुखुरा, कुकुर, भेडा, बाख्रा, बिरालो आदिमा भ्याक्सिनेसन सेवा प्रदान तथा ५४५९ वटा परिजिवि नियन्त्रण कार्यक्रम सम्पन्न भएका छन्।

गत आ.व. मा मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट यस बर्ष २३९ महिला सहित कुल ५६९ कृषकहरुलाई कृषि तथा पशुपन्छीका विभिन्न विषयमा उधमशिलता विकासका लागि ब्यवहारिक तथा क्षमता विकास तालिम दिईएको छ। चालू कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रले मागका आधारमा मौरी, कागति, च्याउ, तरकारी खेतीका साथै प्राङ्गारिक खेती, बायोचार तथा विषादी तयारी सम्बन्धि तालिम १५० जना कृषकहरुलाई दिने गरी कृषकहरुको नामावली प्रकाशन गरेको छ।

**अन्य उपलब्धि**

(१) कार्यालयको संरचनात्मक व्यवस्थापन तथा सुद्धृढिकरण, जनशक्ति परिचालन, मातहतका कार्यालयहरुको स्थापना तथा सुद्धृढिकरण।

(२) प्रदेशमा कार्यरत मन्त्रालयको कार्यक्षेत्रसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सरोकार राख्ने सरकारी, गैह्र सरकारी तथा निजी क्षेत्रका सरोकारवालाहरु सँग नीति निर्माण र सहकार्यका क्षेत्र पहिचान सम्बन्धी अन्तरकृया कार्यक्रमहरु।

(३) तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन (कृषि, पशुपंक्षी, भूव्यवस्थापन तथा सहकारीका छुट्टा छुट्टै)

(४) आर्थिक वर्ष २०७५/७६ मा निजी उद्यमी, समूह तथा सहकारीहरुलाई कृषि उत्पादन तथा व्यवसायिकरण बृद्धि गर्न, सहकारीहरुलाई उत्पादनमुलक गराउनका साथै तथा गुठिहरुको संरचनात्मक सुदृढिकरणका लागि विभिन्न अनुदान प्रोत्साहनका ४४८६ आयोजनाहरु सम्पन्न भएका छन।

(५) आ.व. २०७६।७७ मा संचालन हुने सम्पुर्ण कार्यक्रमहरु संचालनका कार्यविधि तथा निर्देशिकाहरुको निर्माण करिब करिब सम्पन्न भैसकेको।

(६) आ.व. २०७६।७७ मा जिल्लास्थित सम्पुर्ण कृषि ज्ञान केन्द्र तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञहरु मार्फत संचालन हुने कार्यक्रमहरुको सम्बन्धित कार्यालयहरुबाट सुचना प्रकाशन गरि प्रस्ताव आव्हान भएको र हाल फिल्ड प्रमाणिकरण सम्पन्न भएको।

(७) मन्त्रालय, निर्देशनालय तथा मातहतका कार्यालयहरुबाट संचालन हुने करिव २५ वटा कार्यक्रमहरुको प्रस्ताव आव्हान भएको तथा केही कार्यक्रमहरुको फिल्ड प्रमाणिकरण भइ अनुदानग्राही छनौट प्रकृया अगाडि बढिरहेको।

(८) नेपालको कृषि क्षेत्रलाई मार्गनिर्देश गर्ने कृषि विकास रणनिति (२०७२-२०९२) कार्यान्वन गर्नाका लागि प्रदेश भित्रका जिल्लाहरुका स्थानीय तहहरुसँग अभिमुखिकरण तथा सहजिकरणका गोष्ठिहरु सम्पन्न भएको।

## १०. कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौतिहरुः

यस मन्त्रालयमा कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौतिहरु निम्न अनुसारका रहेका छन्।

| क्र.सं. | कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौतिहरुः |
|---|---|
| १ | प्रादेशिक तथ्याङ्कहरु पुर्ण रुपमा अध्यावधिक नभइसकेको। |
| २ | तिन तहका सरकार बिच कार्यक्रम संचालनमा समन्वयको अभाव रहेको। |
| ३ | स्थापनाकालको शुरुवाती चरणमा भएकाले नयाँ संरचना अनुरुपको व्यवस्थापनमा कठिनाई भइरहेको। |
| ४ | मानव श्रोत साधन तथा जिल्लागत कार्यालयहरुको अपुर्णताले सम्पुर्ण जिल्लाहरुको भौगोलिक, आर्थिक, सामाजिक तथा वातावरणिय विविधतालाई सम्बोधन गर्ने कार्यक्रम संचालनमा गर्न कठिनाई भइरहेको। |

## ११. कार्यक्रम कार्यान्वयनमा आईपरेका समस्याहरु र समाधानका लागि गरिएका प्रयासहरुः

यस मन्त्रालयमा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु र समाधानका लागि गरिएका प्रयासहरु निम्न अनुसारका रहेका छन्।

| समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|
| रासायनिक मल ब्यवस्थापन | प्रदेश अनुसार मलको वासलात तयार गरी लागू गर्नु पर्ने। |
| विषादि नियमन | परिक्षण प्रयोगशालामा जनशक्ति र उपकरण संघिय सरकारबाट सुनिश्चित हुनुपर्ने वा प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने। |
| थलचर र जलचर जनावरको रोगहरु सम्बन्धि विवरण केन्द्रिकृत गरी OIE पठाउने, जिल्ला तथा प्रदेशगत खाद्यान्न तथा बीउविजन बासलात तयारीमा समस्या | तिनै तहका सरकार विच औपचारिक समन्वय कायम हुनुपर्ने। |
| सिंचाई, सडक, विजुली सम्बन्धि अन्तरमन्त्रालय विषयहरु | विशेष कार्यक्रमहरु लागू भएका क्षेत्रहरुमा एकिकृत कार्यक्रम तथा सेवा प्रवाह गर्नुपर्ने। |
| सबै जिल्लाहरुमा कार्यालय ब्यवस्थापनमा समस्या | समन्वयात्मक भूमिका निर्वाह गर्ने वा बैकल्पिक कार्यालय ब्यवस्थापन गर्नुपर्ने। |
| कृषकहरुको बर्गिकरण स्पष्ट नभएकाले योजना तर्जुमामा कठिनाई | चालू आ.व. मा कृषकहरुको बर्गिकरणको तथ्याङ्क संकलन गर्ने कार्यक्रम तय भएको। |

**१२. भावी कार्यक्रम तथा कार्यदिशाः**

यस मन्त्रालयको भावी कार्यक्रम तथा कार्यदिशा निम्न अनुसारको रहेको छ।

(१) कृषिको व्यवसायिकरण, यान्त्रीकरण, आधुनिकिकरण तथा विविधिकरण मार्फत उत्पादन र उत्पादकत्व बृद्धिमा टेवा पुर्याउने।

(२) उत्पादित कृषि उपजको प्रशोधन तथा बजारिकरणमा सहयोग गर्ने कार्यक्रमहरुको विकास गर्ने।

(३) प्रतिफलमा आधारित अनुदान कार्यक्रम तथा ब्याजमा अनुदान कार्यक्रमलाई विस्तार गरी धेरै भन्दा धेरै कृषकहरुको पहुँचमा कृषि ऋण पुर्याउने।

(४) कृषि श्रोत केन्द्रहरुको स्थापना तथा सबलिकरण गरि खोज अनुसन्धान तथा प्रसार कार्यक्रमलाई एककृत रुपमा अगाडि लैजाने।

(५) स्मार्ट कृषि गाउँ कार्यक्रमलाई क्रमशः एक स्थानीय तह, एक स्मार्ट गाउँको अवधारणाको रुपमा अवलम्वन गरि बिस्तार गर्दै लाने।

(६) स्थानीय तहहरुको समन्वय तथा सहकार्यमा करार खेती कार्यक्रमलाई विस्तार तथा व्यवस्थापन गरि खेती योग्य जमिनको सदुपयोग गर्ने।

(७) सहकारीहरु संस्थाहरुलाई विकास, प्रोत्साहन र प्रबर्द्धन गरी सबल तथा सक्षम बनाई कृषि रुपान्तरणको माध्यमको रुपमा परिचालन तथा आवश्यक नियमन गर्ने।

(८) कृषि मल र बीउको सहजता तथा आवश्यकता अनुसारको उपलब्धताको लागि सहजिकरण गर्ने।

(९) गुठिको संरचनात्मक सुधार गर्ने तथा आयआर्जनका कार्यक्रमहरुको माध्यमबाट गुठिहरुलाई आत्मनिर्भर बनाउदै लैजाने।

(१०) प्रादेशिक कृषि तथ्याङ्क संकलन तथा अध्यावधिक गरी क्रमिक रुपमा डिजिटल रुपमा व्यवस्थित गर्दै लैजाने।

# २.८ भौतिक पूर्वाधार विकास मन्त्रालय

## १. पृष्ठभूमी

नेपालको संविधान अनुसार संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको कार्यान्वयन गर्ने क्रममा वि.सं. २०७२ असोज ३ गते जारी गरिएको नेपालको संविधानको अनुसूची ४ बमोजिम नेपाललाई ७ प्रदेशमा विभाजन गरिए अनुरुप प्रदेश नं. ५ मा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्वी भाग), रोल्पा, प्यूठान, दाङ्ग, बाँके र बर्दिया गरी १२ वटा जिल्लाहरु रहने व्यवस्था गरेको छ। प्रदेशको समग्र आर्थिक विकास र जीवनस्तर उकास्न प्रादेशिक सडक, आवास, भवन तथा शहरी विकास, जलश्रोत एवं सिंचाइ, ऊर्जा, खानेपानी तथा सरसफाईको पूर्वाधार निर्माण कार्य तथा आधारभूत सेवा सुधार र यातायात व्यवस्थाको लागि यस प्रदेशमा मिति २०७४/१०/१९ मा भौतिक पूर्वाधार विकास मन्त्रालयको स्थापना भएको हो।

नेपाल सरकार मन्त्रिपरिषद्को २०७५/०२/०६ को निर्णयानुसार यस मन्त्रालय अन्तर्गत प्रादेशिक सडक तथा यातायात व्यवस्था, ग्रामीण सडक तथा पुल, आवास, भवन तथा शहरी विकास, जलश्रोत तथा ऊर्जा विकास, खानेपानी तथा सरसफाई र प्रशासन, योजना तथा अनुगमन गरी ६ वटा महाशाखा सहित कूल ५६ जना विभिन्न तहका कर्मचारी रहने गरी सँगठन संरचना तथा दरवन्दी विवरण सहितको प्रतिवेदन सिफारिस भै आएको कार्यान्वयनमा रहेको छ। आ.व. ०७५/७६ देखि १ वटा यातायात पूर्वाधार निर्देशनालय (हालको नाम सडक पूर्वाधार निर्देशनालय) र ४६ वटा विद्यमान कार्यालयहरु स्थापन गरी १२ वटै जिल्लामा मन्त्रालयले सेवा प्रदान गर्दै आएको छ।

## २. दीर्घकालीन सोच

राष्ट्रिय सबल अर्थतन्त्रमा टेवा पुग्ने गरी प्रदेश स्तरमा आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिको लागि स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित भौतिक पूर्वाधारहरुको विकास र विस्तार गर्ने।

## ३. उद्देश्य

प्रदेशको भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई परिपुरक हुने गरी विभिन्न भौतिक पूर्वाधारहरुको निर्माणबाट आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन सडक, पुल, सिंचाई, खानेपानी, उर्जा, आवास, भवन तथा शहरी विकास जस्ता भौतिक पूर्वाधारहरुको समष्टिगत विकास, विस्तार प्रवर्धन तथा सम्वर्धन गर्नुका साथै प्रदेश स्तरमा भरपर्दो यातायात व्यवस्थापन गर्ने।

## ४. रणनितीहरु

(१) प्रदेशका स्थानीय तहहरुको पहुँच र आर्थिक बृद्धिलाई योगदान पुग्ने गरी भौतिक पूर्वाधारहरुको विकास, विस्तार र सुदृढिकरण गर्ने।

(२) भौतिक पूर्वाधारको विकासलाई रोजगारीका अवसर सिर्जना गर्न माध्यमको रुपमा प्रयोग गर्ने।

(३) भौतिक पूर्वाधारको विकासलाई नागरीक एवं वातावरण मैत्री बनाउने।

(४) विपन्न र सीमान्तकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायति र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने।

(५) सवै प्रकारका विपद जोखिम न्यूनीकरण हुने गरी पूर्वाधार हरुको विकास र विस्तार गर्ने

(६) सहर गाउँ अन्तर सम्वन्धलाई सुदृढिकरण गर्ने गरी पूर्वाधारहरुको विकास र विस्तार गर्ने।

(७) स्थानीय श्रम शिप स्रोत साधन र प्रविधिको उपयोगलाई प्राथमिकता दिई जनसहभागिता र जनस्वामित्वमा पूर्वाधारहरुको विकास गर्ने।

## ५. कार्यक्षेत्र

<u>सडक तथा यातायात</u>

(१) प्रदेश स्तरका लोकमार्गहरु
(२) साविकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट भइरहेका सम्पूर्ण कार्यहरु (संरचना समेत)
(३) दुई वा दुईभन्दा बढी स्थानीय तह भएर जाने सडकहरु (ग्रामीण र कृषि सडक समेत)
(४) झोलुङ्गे पुल
(५) यातायात तथा सडक सुरक्षा सुदृढीकरण
(६) यातायात व्यवस्थापन
(७) सिंचाई
(८) मझौला प्रकृतिका आयोजना (तराई-मधेशमा २०० हेक्टर देखि १०,००० हेक्टरसम्म र हिमाल पहाडमा ५० हेक्टर देखि १००० हेक्टरसम्म) आयोजनाहरुको अध्ययन, अनुसन्धान, गुरुयोजना तथा निर्माण।
(९) एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरुको निर्माण तथा समन्वय।
(१०) तराई-मधेशमा २००० हेक्टर देखी २०,००० हेक्टरसम्म सिंचित क्षेत्र भएका सिंचाइ आयोजनाहरुको मर्मत सम्भार तथा व्यवस्थापन।
(११) भूमिगत जल सिंचाइ अन्तरगत मेशिन ड्रिल ट्यूववेल तथा डिप ट्यूववेल सिंचाइ योजनाहरु तथा ट्यूववेल योजनाको मर्मत तथा व्यवस्थापन।

### जल उत्पन्न प्रकोप व्यवस्थापन

(१) मझौला प्रकृतिका नदीहरु (महाभारत पहाड र चुरे पहाडबाट उद्गम भई बग्ने नदी) नियन्त्रण/व्यवस्थापन।

(२) लम्बाइ १०० देखी २०० मिटरसम्म, फेदको चौडाइ ५० देखि १०० मिटर तथा कुल क्षेत्र ५००० देखि २०,००० वर्ग मिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन।

**खानेपानी तथा सरसफाई**

(१) प्रदेशस्तरका आधारभूत खानेपानी उत्पादन, प्रशोधन र वितरणसम्वन्धी कार्यहरु।

(२) तराई-मधेशमा १० हजार देखी ५० हजार, पहाडमा १० हजारदेखी २५ हजार र हिमालमा २ हजारदेखी ५ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना।

(३) फोहोरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरु।

(४) एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरु।

**उर्जा**

(१) प्रदेश स्तरीय जलविद्युत आयोजनाहरुको निर्माण तथा सञ्चालन।

(२) ११ के.भी. सम्मका प्रसारण लाइन निर्माण र व्यवस्थापन।

(३) ग्रामीण तथा सामुदायिक विद्युतीकरण।

**आवास, भवन तथा शहरी विकास**

(१) प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पुर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार।

(२) प्रदेशभित्रको आवास तथा भवन सम्वन्धी योजनाहरुको कार्यान्वयन र मार्गनिर्देशन।

(३) प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको योजना तर्जुमा, कार्यान्वयन तथा संयोजन।

(४) लक्षित आवास कार्यक्रमको नीति, योजना र कार्यान्वयन।


(५) एकीकृत बस्ती विकास।

(६) प्रदेश तहका सरकारी भवन निर्माण तथा मर्मत सम्भार ।

## ६. सँगठन संरचनातथा जनशक्ति

नेपाल सरकारबाट स्वीकृत भए बमोजिम यस मन्त्रालयको र मन्त्रालय मातहात रहेका निकायहरुको सँगठन संरचना र जनशक्ति सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

### ६.१ सँगठन संरचना



## ६.२ दरबन्दी तेरिज

यस मन्त्रालय तथा मन्त्रालय मातहातका लागि स्वीकृत, सेवा, समूह, श्रेणी/तहगत रुपमा स्वीकृत दरबन्दीको विवरण, पदपूर्तिको अवस्था र रिक्त दरबन्दीको मिति २०७६ बैशाख मसान्तसम्मको विवरण तपसिल बमोजिम प्रस्तुत गरिएको छ।

| क्र.सं. | पद | सेवा | समूह | उप-समूह | तह/श्रेणी | स्वीकृत | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | ईन्जिनियरि | सिभिल | समूहकृत नहुने | रा.प.प्रथम | १ | १ | ० |
| २ | निर्देशक | ईन्जिनियरि | सिभिल | जनरल | एघारौं | १ | ० | १ |
| ३ | उप-सचिव | प्रशासन | सा.प्र. | - | नवौं/दशौं | ५ | १ | ४ |
| ४ | सि.डि.ई | ईन्जिनियरि | सिभिल | हाईवे | नवौं/दशौं | ४ | २ | २ |
| ५ | सि.डि.ई | ईन्जिनियरि | सिभिल | जनरल | नवौं/दशौं | ८ | ५ | ३ |
| ६ | सि.डि.ई | ईन्जिनियरि | सिभिल | हा.पा./इरि. | नवौं/दशौं | १ | १ | ० |
| ७ | सि.डि.ई | ईन्जिनियरि | एगृ.इरि. | - | नवौं/दशौं | २ | २ | ० |
| ८ | सि.डि.ई | ईन्जिनियरि | सिभिल | इरिगेशन | नवौं/दशौं | १२ | ११ | १ |
| ९ | सि.डि.ई | ईन्जिनियरि | सिभिल | स्यानिटरी | नवौं/दशौं | ६ | ६ | ० |
| १० | सि.डि.ई | ईन्जिनियरि | सिभिल | वि.आ. | नवौं/दशौं | ५ | १ | ४ |
| ११ | सि.डि.हा.जी. | ईन्जिनियरि | जियोलोजी | हा.जि. | नवौं/दशौं | ३ | ३ | ० |
| १२ | शाखाअधिकृत | प्रशासन | सा.प्र. | - | सातौं/आठौं | २० | १८ | २ |
| १३ | लेखाअधिकृत | प्रशासन | लेखा | - | सातौं/आठौं | ४ | ३ | १ |
| १४ | कानूनअधिकृत | न्याय | कानून | - | सातौं/आठौं | १ | १ | ० |
| १५ | ईन्जिनियर | ईन्जिनियरि | सिभिल | हाईवे | सातौं/आठौं | १८ | ३ | १५ |
| १६ | ईन्जिनियर | ईन्जिनियरि | सिभिल | जनरल | सातौं/आठौं | २५ | १९ | ६ |
| १७ | ईन्जिनियर | ईन्जिनियरि | सिभिल | इरिगेशन | सातौं/आठौं | ३९ | २९ | १० |
| १८ | ईन्जिनियर | ईन्जिनियरि | एगृ.इरि. | - | सातौं/आठौं | ४ | ४ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | ईन्जिनियर | ईन्जिनियरि | सिभिल | हा.पा. | सातौं/आठौं | ४ | १ | ३ |
| २० | ईन्जिनियर | ईन्जिनियरि | सिभिल | स्यानिटरी | सातौं/आठौं | २० | १७ | ३ |
| २१ | ईन्जिनियर | ईन्जिनियरि | सिभिल | वि.आ. | सातौं/आठौं | १७ | ५ | १२ |
| २२ | मे.ईन्जिनियर | ईन्जिनियरि | मेकानिकल | ज.मे. | सातौं/आठौं | ५ | ० | ५ |
| २३ | हा.जि. | ईन्जिनियरि | जियोलोजी | हा.जि. | सातौं/आठौं | ६ | ५ | १ |
| २४ | ना.सु./अधिकृत | प्रशासन | सा.प्र. | – | पाचौं/छैठौं | ६० | ५६ | ४ |
| २५ | लेखापाल | प्रशासन | लेखा | – | पाचौं/छैठौं | ४५ | ४२ | ३ |
| २६ | कम्प्यूटर अपरेटर | विविध | – | – | पाचौं/छैठौं | ३० | २८ | २ |
| २७ | सब-ईन्जिनियर | ईन्जिनियरि | एगृ.इरि. | – | पाचौं/छैठौं | ० | ० | ० |
| २८ | सब-ईन्जिनियर | ईन्जिनियरि | सिभिल | हाईवे | पाचौं/छैठौं | २७ | ५ | २२ |
| २९ | सब-ईन्जिनियर | ईन्जिनियरि | सिभिल | इरिगेशन | पाचौं/छैठौं | ६० | ५० | १० |
| ३० | सब-ईन्जिनियर | ईन्जिनियरि | सिभिल | जनरल | पाचौं/छैठौं | ३३ | ३० | ३ |
| ३१ | सब-ईन्जिनियर | ईन्जिनियरि | सिभिल | स्यानिटरी | पाचौं/छैठौं | १८ | १० | ८ |
| ३२ | सब-ईन्जिनियर | ईन्जिनियरि | सिभिल | वि.आ. | पाचौं/छैठौं | १२ | ४ | ८ |
| ३३ | सब-ईन्जिनियर | ईन्जिनियरि | सिभिल | हा.पा. | पाचौं/छैठौं | ० | ० | ० |
| ३४ | सि.ए.अर्गनाईजर | ईन्जिनियरि | सिभिल | इरिगेशन | पाचौं/छैठौं | ८ | ३ | ५ |
| ३५ | अ.ग्र.हा.जी. | ईन्जिनियरि | जियोलोजी | हा.जि. | पाचौं/छैठौं | ३ | १ | २ |
| ३६ | खा.पा.स.टे.प्रथम | ईन्जिनियरि | सिभिल | स्यानिटरी | पाचौं/छैठौं | १८ | १५ | ३ |
| ३७ | महिला कार्यकर्ता | विविध | – | – | पाचौं/छैठौं | ४ | ४ | ० |
| ३८ | ल्याब टेक्निसियन | ईन्जिनियरि | सिभिल | जनरल | पाचौं/छैठौं | ६ | ० | ६ |
| ३९ | मे.सुपरभाईजर | ईन्जिनियरि | मेकानिकल | ज.मे. | पाचौं/छैठौं | ८ | ७ | १ |
| ४० | सिनियर मेकानिक्स | ईन्जिनियरि | मेकानिकल | नि.उ.सम्भार | पाचौं/छैठौं | ३ | ३ | ० |
| ४१ | इले.ओभरसियर | ईन्जिनियरि | इलेक्ट्रिकल | ज.इलेक्ट्रिकल | पाचौं/छैठौं | ३ | ३ | ० |
| ४२ | ए.ओ. | ईन्जिनियरि | एगृ.इरि. | – | चौथो/पाचौं | ६ | ५ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४३ | खा.पा.स.टे.द्वितीय | ईन्जिनियरि | सिभिल | स्यानिटरी | चौथो/पाचौं | ८ | ८ | ० |
| ४४ | सह-लेखापाल | प्रशासन | लेखा | – | चौथो/पाचौं | ११ | ११ | ० |
| ४५ | स.क.अ. | विविध | – | – | चौथो/पाचौं | ३ | ३ | ० |
| ४६ | ल्याब असिस्टेन्ट | ईन्जिनियरि | हाइवे | | चौथो/पाचौं | ४ | ० | ४ |
| ४७ | खरिदार | प्रशासन | सा.प्र. | – | चौथो/पाचौं | २५ | २४ | १ |
| ४८ | ह.स.चा. | ईन्जिनियरि | मेकानिकल | | | ३६ | ३३ | ३ |
| ४९ | का.स. | प्रशासन | | | | १०१ | ९० | ११ |
| | | | | जम्मा | | ७४३ | ५७३ | १७० |

## ७. उपलब्धीहरु

### ७.१ सडक महाशाखा तर्फ

| क्र.स. | सम्पन्ननिर्माण कार्यको विवरण | इकाइ | परिमाण |
|---|---|---|---|
| १. | नयाँ ट्र्याकनिर्माण | कि.मी. | १२० |
| २. | सडक चौडा गर्नेकाम | कि.मी. | ५२० |
| ३. | सडक ग्राभेल | कि.मी. | २५८.५ |
| ४. | कालो पत्रेको लागि तयारी | कि.मी. | ७१ |
| ५. | कालो पत्रे सम्पन्न | कि.मी. | २६६.५ |
| ६. | ह्युम पाइप कल्भर्ट | वटा | ४८० |
| ७. | स्ल्याब कल्भर्ट | वटा | ८३ |
| ८. | बक्स कल्भर्ट | वटा | ३ |
| ९. | कजवे | वटा | ९ |
| १०. | पक्की नाली | कि.मी. | ७०.०३ |
| ११. | सडक ढलान | कि.मी. | २.४ |
| १२. | सम्पन्न पक्की पुल | वटा | १० |
| १३. | सम्पन्न झो.पु. | वटा | ६ |

## ७.२ सिंचाई तर्फ

### (क) परिमाणात्मक उपलब्धि

| सम्पन्न कार्यको विवरण | इकाइ | परीमाण |
|---|---|---|
| सिचाइ बाँध निर्माण | वटा | ५ |
| पक्की नहर निर्माण | कि.मि. | ३९ |
| लिफ्ट सिचाइ निर्माण | वटा | ९ |
| डिप ट्युवेल निर्माण | वटा | ५१ |
| पम्प हाउस निर्माण | वटा | ५२ |
| पाइपलाइन बिस्तार | कि.मि. | ५६ |
| नदि नियन्त्रण | कि.मि. | ४० |

### (ख) खुद उपल्ब्धी

सिचाइ सुविधा विस्तार : १७९४ हेक्टर
सिचाइ संरचनाको सुदृढीकरण : ५९४५ हेक्टर
जग्गा उकास : ५४३ हेक्टर
खेतीयोग्य जमिनको सुरक्षा : ३५६० हेक्टर
जोखिम पूर्ण घरहरुको संरक्षण : २११३ घरधुरी

## ७.३ उर्जा तर्फ

### (क) उपलब्धि

वितरण लाइन बिस्तार :४५ कि.मि. (७ जिल्ला: पाल्पा, नवलपरासी पश्चिम, रुपन्देही, अर्घाखाँची, बाँके, दाङ, प्युठान )

२ वटा ट्रान्सफर्मर जडान

१० वटा जलविद्युत आयोजनाको पुर्व सम्भाव्यता अध्ययन अगाडि बढाइएको

१०७८ घरधुरीमा सौर्य उर्जा प्रणाली जडान ( ७ जिल्ला : पाल्पा, गुल्मी, रोल्पा, कपिलबस्तु, दाङ्ग, नवलपरासी पश्चिम, बर्दिया)

फोहोरबाट उर्जा उत्पादनका लागि १२ वटा डि.पि.आर तयारी।

**७. ४ खानेपानी तर्फ**

**(क) परीमाणात्मक उपलब्धि**

खानेपानी पाइप (विभिन्न साइज) : १०६३ कि.मि.
इन्टेक निर्माण : १२८ वटा
डिप ट्युवेल निर्माण : १७ वटा
पाइप लाइन जडान : ४६१ कि.मि.
पानीपोखरी निर्माण : २३३ वटा
धारा निर्माण : २७९१ वटा
सम्पन्न आयोजना : १४ वटा

**(ख) खुद उपलब्धि**

६८९९ घरधुरीमा खानेपानी सुविधा पुर्याइएको।
हालसम्मको खानेपानी सुविधा कभरेज ९०.६%।

**७. ५ भवन तर्फ**

**क) परिमाणात्मक उपलब्धि**

ढल निर्माण : १२ कि .मि.
सडक ग्राभल : १४ कि.मि.
कालोपत्रे सडक निर्माण : १ कि.मि.
सडक ढलान : २८० मि.
पार्क निर्माण : २ वटा
प्रदेश गेट निर्माण : १ वटा निर्माणाधिन
सरकारी कार्यालय भवन मर्मत : ४२ वटा
अध्ययन प्रतिवेदन : ७ वटा
जनता आवास कार्यक्रम तर्फ
घर निर्माण सम्पन्न : १८२६ वटा
घर निर्माणाधिन : ११०८ वटा

## ८. कानून निर्माणको अवस्था

| क्र.स. | प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट र मन्त्रालयस्तरबाट स्वीकृत भएका नीति, कार्यविधि र निर्देशिकाहरु | प्रदेश सभामा पेश हुने विधेयकहरु | मन्त्रालय स्थापना भएपश्चात २०७६ पौष मसान्तसम्म पारित भएका कानूनहरु |
|---|---|---|---|
| १. | जनता आवास कार्यान्वयन कार्यविधि, २०७५(प्रथम संशोधन) | प्रदेश सडक ऐन,२०७६(सहमति को लागि पठाइएको, सहमति प्राप्त पछि पेश हुने) | प्रदेश भवन ऐन,२०७५ |
| २. | घरेलु सौर्य उर्जा अनुदान कार्यविधि,२०७४ | | सडक,यातायात तथा परिवहन सम्बन्धी ऐन,२०७६ |
| ३. | खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६ | | |
| ४. | विपद् प्रभावित क्षेत्रमा एकीकृत वस्ती तथा पूर्वाधार विकास कार्यक्रम कार्यविधि,२०७६ | | |
| ५. | सडक छेउमा फ्युल फिलिङ स्टेशन स्थापनका लागि मापदण्ड, २०७६ | | |
| ६. | भवन नियमावली (सहमतिका लागि कार्यदलमा पठाइएको, सहमति प्राप्तपछि म.प.मा पेश हुने) | | |

## ९. चालू आ.व.०७६/७७ को यस मन्त्रालयको नीति तथा कार्यक्रमः

पूर्वाधार निर्माणतर्फ नयाँ आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) तयारी, क्रमागत आयोजनाको निर्माण र अन्यको मर्मत संभार तथा स्तरोन्नती भैरहेको छ। कूल ४५ सडकको डि.पि.आर सम्पन्न हुने क्रममा रहेको र २१५ वटा सडकको मर्मत संभार र स्तरोन्नती भैरहेको छ। साथै ३२ वटा स्थानीय तहको केन्द्रसम्म पुग्ने पहुँच मार्गको निर्माण थालिएको छ ।

प्रदेशभित्रका सडकमा भइरहेको दुर्घटनाका कारण पहिचान गरी सुझाव दिन गठित समितिले अध्ययन प्रतिवेदन पेश गरेको छ। सडक यातायात व्यवस्थापन र सडक सुरक्षाका लागि विधेयकको मस्यौदा गरी यस सभामा प्रस्तुत भइसकेको छ। महत्वपूर्ण सडक क्षेत्र एवम् अन्य संवेदनशील क्षेत्रमा सिसिटिभी जडान कार्य अभियानको रुपमा प्रारम्भ गरिएको छ ।

आर्थिक वर्ष प्रारम्भ भएको ४ महिना पछि मात्रै केन्द्रबाट सँगठन हस्तान्तरण हुनु, कतिपय क्षेत्रमा नेपाल सरकारका पुराना संरचना भन्दा कम संरचना प्राप्त हुनु, प्रदेशले दायित्व बहन गर्नुपर्ने क्षेत्रका केही संरचना हालसम्म प्राप्त नहुनु, कर्मचारी समायोजनमा ढीलाई हुनु, स्वीकृत दरबन्दीको करिव एक तिहाइ जनशक्तिबाट काम लिनुपर्ने स्थिति हुनु, कानून र कार्यविधि निर्माण गर्न समय लाग्नु र नयाँ आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) तयारी कार्यमा समय लिएकाले प्रगती अपेक्षाकृत हुन सकेन। तर, धेरै आयोजनाको ठेक्का लागिसकेको र कतिपय आयोजनाको डि.पि.आर तयार भएकाले आगामी वर्षदेखि कार्यक्रम तीव्र रुपमा कार्यान्वयन गर्ने वातावरण सिर्जना भएको छ ।

आगामी ३ वर्षभित्र प्रत्येक स्थानीय तहमा उद्योगग्राम स्थापना गर्ने नीति अनुरुप आर्थिक वर्ष २०७६।७७ मा एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्राम स्थापनाको कार्यक्रम संचालन गरिनेछ। आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि टेवापुग्ने उद्योग स्थापनाका लागि लगानीकर्ताहरुलाई प्रोत्साहित गरिनेछ। ठूला उद्योग स्थलसम्म पुग्ने सडक तथा अन्य पूर्वाधार विकासलाई प्राथमिकतामा राखी निर्माण र स्तरोन्नती गरिनेछ। उद्योगका लागि आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि विश्वविद्यालय र प्राविधिक शिक्षालयहरुसँग सहकार्य गरिनेछ ।

स्वच्छ पानी, स्वस्थ जीवन भन्ने नाराका साथ पिउने पानीको परीक्षणका लागि प्रयोगशालाको स्थापना गरिनेछ । पानीजन्य रोगहरुको नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । पानीको शुद्धता मुहानमै मापन गरी मुहान प्रमाणीकरण गर्ने कार्य अभियानको रुपमा संचालन गरिनेछ ।

पूर्वाधार विकासमा संलग्न जनशक्तिको कार्यक्षमता विकासका लागि कानूनी तथा भौतिक पूर्वाधार व्यवस्था गरी पूर्वाधार पुस्तकालय तथा तालिम केन्द्रको स्थापना गरिनेछ । संचालन खर्चमा आत्मनिर्भर बन्नेगरी सो केन्द्रलाई संचालन गर्ने नीति लिइनेछ ।

प्रदेशका पाँच जिल्ला प्रत्यक्ष लाभान्वित हुने संभाव्यता अध्ययन हुँदै गरेको बहुउद्देश्यीय नौमुरे परियोजनालाई संघीय द्दढ सरकारसँगको सहकार्यमा प्रादेशिक गौरवको आयोजनाको रूपमा कार्यान्वयन गर्ने गरी कार्य अगाडि बढाइनेछ ।

प्रदेश जलस्रोत ऐन तर्जुमा गर्नुका साथै विद्युत् नियमन एकाईको स्थापना गरिनेछ। विद्युत् उत्पादन, खरिदबिक्री तथा वितरणका लागि नेपाल विद्युत् प्राधिकरणसित समन्वय गरी प्रदेश सरकार मातहत आवश्यक संयन्त्र विकास गरिनेछ । प्रदेश सरकारले तीन वर्ष भित्र सबै जनतालाई आधारभूत खानेपानी र विद्युत् पुऱ्याउने अठोट लिएको छ । उक्त लक्ष्य हासिल गर्न स्थानीय तहसँगको सहकार्यमा खानेपानी संकल्प कार्ययोजना एवम् विद्युत् संकल्प कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ। संकल्प कार्ययोजना अनुरूप काम गर्दा तहगत सरकार वा निकायका बजेट तथा कार्यक्रम नदोहोरिने र कोही परिवार नछुट्ने गरी कार्यक्रम सुनिश्चित गरिनेछ । प्रदेशको खानेपानी तथा सरसफाइ गुरुयोजना तयार गरिनेछ । सबै जनतालाई गुणस्तरीय तथा भरपर्दो खानेपानी सेवा पुर्याउन ग्राभिटी तथा लिफ्ट, भूमिगत पम्पिङ्ग प्रणालीयुक्त खानेपानी कार्यक्रम संचालन गरिनेछ । स्रोत नभएका स्थानमा वर्षाको पानी संकलन कार्यक्रम संचालन गरिनेछ। खानेपानी आयोजनाको गुणस्तर सुधार गर्न खानेपानी गुणस्तर परिक्षणको व्यवस्था गरिनेछ ।

सरसफाई हाम्रो पहिचान हाम्रो संस्कृती भन्ने नाराका साथ सफा प्रदेश अभियान संचालन गरिनेछ। मानिसको चहलपहल हुने स्थान र राजमार्गको छेउछाउमा हरेक ५० कि.मि को दूरीमा निजी क्षेत्रसँगको सहकार्यमा गुणस्तरीय शौचालय निर्माण र संचालन गरिनेछ। सवारी साधनबाट सडकमा कुनै किसिमको फोहोर फाल्न प्रतिबन्ध गरी कडाईका साथ पालना गराइनेछ।

सौर्य ऊर्जाको बिस्तारमा जोड दिइनेछ । सौर्य ऊर्जाका लागि अध्ययन, पहुँच मार्ग तथा प्रसारण लाइन निर्माण, जग्गा प्राप्तिको सहज व्यवस्था तथा प्रदेश सरकारकै लगानीमा नमूना प्लान्ट निर्माण गरी व्यावसायिक सौर्य ऊर्जामा निजी लगानी आकर्षित गरिनेछ । पाँच वर्षमा कम्तीमा ३०० मेगावाट सौर्य ऊर्जा उत्पादन गर्ने लक्ष्यका साथ आगामी वर्ष यसको सम्भाव्यता अध्ययन सम्पन्न गरी निर्माण कार्य शुरु गरिनेछ।

जैविक उत्पादनमार्फत नवीकरणीय स्वच्छ ऊर्जाको प्रयोग वृद्धि, ऊर्जामा आत्मनिर्भरता तथा रोजगारी वृद्धिका लागि वायोब्रिकेट, वायोडिजेल र वायोग्यास लगायतका उत्पादनको प्रवर्द्धन गरिनेछ।

पालिका केन्द्रसम्म पुग्ने पहुँचमार्गको निर्माणलाई निरन्तरता दिइनेछ । कृषि, उद्योग र पर्यटन तथा सौर्य ऊर्जासमेतको क्षेत्रमा ठोस कार्यक्रमसहित जग्गा बाहेक कम्तीमा १ अर्ब रूपैंया लगानी गर्ने उद्योगलाई त्यस्तो कार्यक्रम गरिने स्थलसम्म प्राथमिकताका साथ पहुँच मार्ग बनाइदिने नीति लिइनेछ । कृषि विशेष, पर्यटन विशेष र उद्योग विशेष सडक निर्माणमा प्राथमिकता दिइनेछ । शहरी वस्तीका साना सडक निर्माणमा सामुदायिक साझेदारीको सुनिश्चितता गरिनेछ ।

यातायात तथा सवारी व्यवस्थापन सम्बन्धी कानूनको तर्जुमा गरिनेछ। सुरक्षित यात्रालाई प्राथमिकता दिई सडक सुरक्षा अडिटको शुरूवात गरिनेछ । यात्रुमैत्री यातायातलाई प्राथमिकता दिँदै निजीक्षेत्रको सहभागितामा प्रदेश सार्वजनिक यातायात प्राधिकरण संचालनमा ल्याइनेछ । लाइसेन्स तथा सवारी दर्तालाई सहज गराइनेछ। सूचना प्रविधिको प्रयोग गरी सवारी साधनको कर अनलाइनमार्फत् तिर्ने व्यवस्था गरिनेछ । विद्युतीय बस सेवा संचालनमा जोड दिइनेछ । एकीकृत यातायात व्यवस्थापन गुरुयोजना तयार र लागू गरिनेछ।

पहाडबाट तराईमा हुने उच्च बसाईसराईलाई नियन्त्रण गरी जनसांख्यिक सन्तुलन कायम गर्न र विकासका सम्भावनालाई सबै नागरिकको घरदैलोमा पुर्‍याउने उद्देश्यले एकीकृत बस्ती विकाससम्बन्धी मापदण्ड तयार गरी स्थानीय तह र वडाका केन्द्रहरुलाई साना शहरी केन्द्रका रुपमा विकास गर्ने नीति लिइनेछ । खरको छानामुक्त अभियानलाई केन्द्रसँगको सहकार्यमा सम्पन्न गरिनेछ ।

स्थानीय तहसँगको सहकार्यमा असुरक्षित बस्तीहरूलाई स्थानान्तरण तथा अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गर्दै एकीकृत बस्ती विकास र सघन शहरी क्षेत्रमा बहुतले आवास निर्माणमा जोड दिइनेछ । स्थानीय निर्माण सामग्री तथा प्राचीन वास्तुकलाका विशिष्ट आयामहरूलाई प्रवर्द्धन गर्दै मौलिक, सुपथ र सुरक्षित घर निर्माणका लागि आवश्यक अध्ययन, डिजाइन तथा सहजीकरण गर्दै लगिनेछ ।

ल्याण्डपुलिङ र प्लटिङका कार्यक्रम संचालनका साथै औद्योगिक क्षेत्र केन्द्रित आवास निर्माणमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ । खुला स्थानहरुको संरक्षण र विकास गर्दै कम्तीमा एक वडा एक पार्कको कार्यक्रम लागू गरिनेछ। सार्वजनिक जग्गाको अतिक्रमण रोकिनेछ।

प्रदेश भित्र भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन तथा नियमन गरी प्रकोप प्रतिरोधी, सुरक्षित र किफायती भवनहरुको निर्माण, स्तरोन्नति र सुधारका लागि स्थानीय तहसँग आवश्यक समन्वय र प्राविधिक क्षमता अभिवृद्धिमा सहयोग गरिनेछ ।

नेपाल सरकारबाट आर्थिक वर्ष २०७५/७६ मा हस्तान्तरण भै आएको अति विपन्न, लोपोन्मुख र सीमान्तकृत लगायतका लक्षित वर्गहरुलाई आवासको सुविधासम्बन्धी क्रमागत जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ । प्रदेश सरकारबाट निर्माण गरिने सबै नयाँ भौतिक संरचनालाई अपांगतामैत्री बनाईनेछ ।

विपद्का समयमा अस्थायी व्यवस्थापनका लागि स्थानीय तहको सहयोगमा जग्गा उपलब्ध हुने स्थानमा बहुउद्देश्यीय भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । प्रादेशिक सरकारी कार्यालय भवन निर्माण, मर्मत तथा सुधारलाई निरन्तरता दिइनेछ ।

प्राविधिक, आर्थिक र वातावरणीय पक्षबाट सम्भाव्य साना, मझौला सतह सिंचाइ आयोजना प्राथमिकीकरण गरी कार्यान्वयन गरिनेछ । सम्भाव्य स्थानमा भूमिगत जलश्रोतमा आधारित स्यालो र डीप ट्यूवेल आयोजना प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ ।

मझौला सिंचाइ प्रणालीमा पानीको थप श्रोत बढोत्तरीको लागि स्थानीय श्रोतहरुको समेत अधिकतम उपयोग गरिनेछ । पानीको मूल, पोखरी र तालतलैयाको संरक्षण तथा सुदृढीकरण गरी सिंचाइका लागि उपयोग गरिनेछ । एक गाउँ एक पोखरी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

प्रदेशको सिँचाइ गुरुयोजना तयार गरी सिँचाइ प्रवर्द्धन गरिनेछ । स्थानीय स्रोत, साधन, जनशक्ति र प्रविधि सुहाउँदो हुनेगरी बहुउद्देश्यीय जलाशयको कार्यक्रम शुरू गरिनेछ। पुराना पोखरी र तालको संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

सिंचाइ प्रणालीलाई टिकाइ राख्न उपभोक्ताहरुको श्रोतसहितको सहभागितामा सोको नियमित मर्मत संभार तथा दिगो व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिनेछ। सिंचित क्षेत्रमा भइरहेको शहरीकरणलाई निरुत्साहित गरी कृषियोग्य भूमिको संरक्षण गरिनेछ ।

भूमिगत जलश्रोतअन्तर्गतका सिंचाइ प्रणालीलाई छोटो अवधिमा सम्पन्न हुनेगरी संचालन गरिनेछ । योजनाबद्ध नदी नियन्त्रण तथा व्यवस्थापनका लागि गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । प्रदेश भित्रका जलश्रोतको बहुपक्षीय प्रयोगसम्बन्धी संभावना तथा वातावरणीय अध्ययन कार्यलाई निरन्तरता दिइनेछ ।

हाल मस्यौदा भइरहेको प्रदेश यातायात गुरुयोजना २०७६/७७ मा तयारी गरी लागू गरिनेछ । सडकको मापदण्ड निर्धारण गरी प्रदेशका रणनैतिक महत्वका सडक, स्थानीय तह पहुँच मार्ग, प्रदेशका प्रमुख राजमार्ग, प्रदेशस्तरका सडक गरी सडक क्षेत्रलाई विभाजन गरी कम्तीमा ग्रामीण क्षेत्रमा १० कि.मि. र शहरी क्षेत्रमा ५ किमी भन्दा लामो र यातायात गुरुयोजनामा परेका सडक निर्माणमा जोड दिइनेछ ।

प्रदेशको रणनीतिक महत्वका सडक, स्थानीय तह पहुँच मार्ग तथा यातायात गुरुयोजनामा रहेका सडकमा पर्ने पूलहरुलाई प्राथमिकीकरण गरी अधिकतम २० करोड लागत र बढीमा १०० मिटरसम्म लम्बाई हुने पूलको निर्माणका लागि बजेटकोव्यवस्था गरिनेछ । सोभन्दा माथिको लम्बाईका पूलहरु निर्माणका लागि नेपाल सरकारसँग समन्वय गरिनेछ ।

सडकका खाल्डाखुल्डी पुर्ने र वर्षात्को पानी कटाई सडकको दिगोपन ल्याउन कार्य सम्पादनमा आधारित करार सम्झौता गरी प्राथमिकता प्राप्त सडक आयोजनाहरुको नियमित मर्मत सम्भारको व्यवस्था मिलाईनेछ ।

सडक सुरक्षाका जोखिम हटाउन धेरै सवारीका साधन चल्न महत्वपूर्ण सडकमा ग्रेड सुधार, मोड सुधार, प्यारापेट तथा डेलिनेटर पोष्टको निर्माण, रिफ्ल्याक्टर मिरर जडान, सडक बत्तिको स्थापना, जोखिम बारे अग्रिम सूचना दिने बोर्डको स्थापना, गति नियन्त्रणसम्बन्धी

सूचना जस्ता सुधारका कार्यका साथै सडक सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

सडक, पूल तथा झोलुङ्गे पूलहरुको निर्माणमा गुणस्तर कायम गर्न कपिलबस्तुको शिवपुरमा एक सामग्री परीक्षण प्रयोगशालाको स्थापना गरिनेछ । निर्माणाधीन सडक तथा पूललाई निर्धारित समयमै सम्पन्न गर्न अनुगमन प्रणालीलाई चुस्त बनाईनुका साथै कार्य सम्पादनका आधारमा निर्माण व्यवसायीलाई दण्ड र पुरस्कारको व्यवस्था लागू गरिनेछ ।

यस वर्ष ट्र्याक खोलिएको सिद्धबाबा क्षेत्रको वाईपास सडकको रुपमा रहेको बुटवल धागो कारखाना चरङ्गे झुम्सा सडकमा पूलपुलेसाको निर्माण र कालोपत्रे गरिनेछ । कुहेरपानी सर्रा सडकलाई गुर्जेखोलासम्म बिस्तार गरिनेछ ।

सरकारको लगानीमा निर्माण भएका सडकमा उपभोक्ताले सुविधा पाउनेगरी सार्वजनिक यातायात संचालनको व्यवस्था मिलाईनेछ। सार्वजनिक यातायात क्षेत्रमा देखिएका सिन्डिकेट, कार्टेलिङ्ग तथा गुण्डागर्दी जस्ता सबै प्रकारका अनियमितताको अन्त्य गर्दै सार्वजनिक यातायातमा स्वच्छ प्रतिश्पर्धा सुनिश्चित गरिनेछ ।

प्रदेशभित्र भरपर्दो यातायातको व्यवस्था गर्न सामयिक भाडादर निर्धारण गरी सवारी संचालनका लागि रुट अनुमतिको व्यवस्था कडाईका साथ लागू गरिनेछ । प्रदेशका प्रमुख राजमार्गमा सुविधा सम्पन्न रिफ्रेस सेन्टरको निर्माण गरी संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

निर्माण सम्पन्न सडकहरुलाई उत्पादनसँग आवद्ध गर्न सडक कोरिडर एकीकृत उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

## १०. संघीयता कार्यान्वयन गर्ने सिलसिलामा सामना गर्नुपरेका समस्या, चूनौती र समाधानका उपायहरुः

**(क) जनशक्तिको अभावः** यस भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत हुने सडक, आवास, भवन तथा शहरी विकास, जलश्रोत एवं ऊर्जा, खानेपानी तथा सरसफाईको सम्पूर्ण निर्माण, मर्मत सम्भार एवं सञ्चालनको कार्यको जिम्मेवारी यस मन्त्रालयलाई छ। यी सम्पूर्ण काम प्राविधिक जनशक्तिबाट गर्नुपर्ने हो र हाल १७१ दरबन्दी रिक्त छ । जसमध्ये १५० जना प्राविधिक जनशक्ति नै हुन् । यसमा ५० जना ईन्जिनियर र १००

जना जति सब-ईन्जिनियरको स्थान रिक्त छ । हाल संघीय निजामती सेवा ऐन बनिनसकेको अवस्थामा प्रदेश निजामती सेवा ऐन बनाउन सकिएको छैन । यस्तो परिस्थितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी हाललाई तत्कालको काम सम्पन्न गर्न परामर्शमा रिक्त दरबन्दी बमोजिमको ईन्जिनियर, सब-ईन्जिनियर राखी काममा लगाउने सहमती बमोजिम आवश्यक सबै कार्यालयहरुलाई निर्देशन गरिएको छ ।

**(ख) बजेटको अभाव**: बजेटको समस्या समाधान गर्न र सशर्तका योजनाहरु समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गर्न तपसिल बमोजिम माग गरी पठाई सकिएको छ र बजेट आउने क्रम पनि जारी भएको छ। सडक तर्फ मिति २०७६/०८/२३ गतेको विवरणबाट २०३ गोटा मध्ये १८० गोटा योजना सम्पन्न गर्न रु.४,४५,०८,४८,९८०/- यसै आ.व.को लागि माग गरी भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयलाई माग गरी पठाइएकोमा हालसम्म रु.१,७५,००,००,०००/- प्राप्त भईसकेको छ। बाँकी २,७०,०८,४८,९८०/- बजेट प्राप्त हुन आवश्यक छ । बाँकी रहने २३ वटा आयोजनाहरु आगामी आ.व.मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । जसका लागि ३१,६१,४९,०००/- बजेट आवश्यक छ ।

खानेपानी तर्फ कूल हस्तान्तरित ६२५ गोटा आयोजना मध्ये यस आ.व.मा १२५ गोटा सम्पन्न गर्न थप रु. २,०२,६१,५८,०००/- श्री खानेपानी मन्त्रालय, सिंहदरबारलाई मिति २०७६/०८/२३ को विवरण मार्फत माग गरिएकोमा हालसम्म रु.४०,००,००,०००/- प्राप्त भईसकेको छ । बाँकी रहेका ५०० गोटा आयोजनाहरुलाई आउँदो २ वर्ष भित्र २५०-२५० का दरले ७.५ अर्ब प्रतिवर्षका दरले बजेट व्यवस्था गर्न प्रस्ताव गर्ने लक्ष्य राखिएको छ ।

सिंचाइ तथा नदी नियन्त्रण तर्फ कूल हस्तान्तरित ६५ गोटा आयोजना मध्ये ५० गोटा यस आ.व.मा सम्पन्न गर्न रु.१,५५,०९,०७,०००/- मिति २०७६/०८/२३ को विवरणबाट माग गरिएकोमा हालसम्म रु.५०,००,००,०००/- प्राप्त भईसकेको छ। यति सम्पन्न भएपछि बाँकी रहेका १५ गोटालाई आगामी आ.व.मा रकम रु.८४,५३,०६,०००/- व्यवस्था गरी सम्पन्न गर्ने व्यवस्था गर्ने लक्ष्य राखिएको छ ।

समस्या र चुनौतीहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| जनशक्ति अभाव तथा समायोजन | Duplication(Overlap of Responsibility) |
| न्यून कार्य अवधि | Quality Construction/Life of Project |
| योजना परिवर्तन | हस्तान्तरित आयोजना संचालन |
| धेरै संख्याका आयोजना | अन्य निकायबाट भएका DPR प्राप्ती |
| बहुवर्षीय गर्नुपर्ने आयोजनाको स्वीकृति | Contract Management |
| DPR नभएको | Overloaded Contractors |
| Insurance Validity | वातावरणीय व्यवस्थापन |
| वनजंगल तथा आरक्षण क्षेत्रका आयोजना | निर्माण सामग्री व्यवस्थापन |
| चालू आ.व.मा बजेट विनियोजन नभएका आयोजना | निर्माण कार्यमा समय व्यवस्थापन |
| वैकल्पिक सडक आयोजना निर्माण | DTMP हरुको कार्यान्वयन |
| समपूरक लगानीका आयोजना संचालन (ठुलो रकम र न्यून समय) | अधिक संख्याका सडकको मर्मत र संचालन |
| Master Plan को अभाव | सडक सुरक्षा |
| IEE/EIA समयमा गर्न नसक्नु | उपलब्ध IEE/EIA प्रतिवेदनको कार्यान्वयन |
| Chronic Project को व्यवस्थापन | Capacity Development of Contractors (Equipment, Human Resources, Expertise) |
| स्थानीय तहको प्राविधिक क्षमता | Priority Investment |
| म्याद थप/Variation | सेवा संचालन र जनसन्तुष्टीको प्राप्ति |

| | |
|---|---|
| ठेक्कामा बचत रकम व्यवस्थापन | Information Management |
| कार्यालय भवन, प्रयोगशालाको अभाव | समन्वय |
| हस्तान्तरित आयोजनामा बजेटको अभाव | |

# २.९ सामाजिक विकास मन्त्रालय

## १. पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा ५६ बमोजिम सङ्घीयता कार्यान्वयनसँगै २०७४ फागुन ३ गते स्थापना भएको प्रदेश सरकारको सँगठन संरचना बमोजिम स्वास्थ्य, शिक्षा, महिला,बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक, समाजकल्याण, श्रम तथा रोजगार,भाषा, लिपि, विज्ञान प्रविधि, युवा तथा खेलकूद र सरसफाई जस्ता क्षेत्रहरुका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि सामाजिक बिकास मन्त्रालयको गठन भएको हो ।

## २. दीर्घकालीन सोच

स्वस्थ, शिक्षित, सुसंस्कृत, सृजनशील, समतामूलक र उद्यमशील प्रदेश ।

## ३. लक्ष्यः

सामाजिक विकास मन्त्रालयको लक्ष्य देहाय अनुसार रहेको छ:

१) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको माध्यमबाट रोजगारका लागि प्रदेश बाहिर जानु पर्ने अवस्थाको अन्त्य गर्ने ।

२) शिक्षालाइ असल नागरिक र व्यवसायिक जनशक्ति उत्पादन गर्ने मर्यादित क्षेत्रको रुपमा विकास गर्ने।

३) गुणस्तरीय स्वास्थ्य सेवामा प्रदेशका आम नागरिकहरुको पहूँच बढाउने ।

४) महिला वालवालिका तथा सहायोगापेक्षी नागरिकहरुको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने ।

५) युवा तथा महिलाहरुलाई उद्धमशील आत्मनिर्भर, स्वावलम्वी र चरित्रवान र राष्ट्रप्रति बफादार बनाउने ।

६) सबै नागरिकहरुलाई सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने ।

७) खेलकूदको विकास र विस्तार गरी स्वस्थ सक्षम अनुशासित र विश्वस्तरमा प्रतिष्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने ।

८) विज्ञान र प्रविधिको विकास गरी सृजनशिलता र नविनतम प्रदेशको निर्माण गर्ने ।

४. उद्देश्य

१) समाबेशी, समतामूलक, प्रबिधियुक्त जीवन पर्यन्त गुणस्तरीय शिक्षा र उच्च शिक्षा प्रदान गर्नु ।

२) बिशेषज्ञ सेबा सहितको स्वास्थ्य सेवामा सबैको पहुँच पुराउनु,।

३) महिला,बालबालिका तथा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लगायतका वर्गलाई सामाजिक सुरक्षा प्रदान गर्नु । ,

४) सक्षम, सीपयुक्त,अनुशासित र कर्मशील युवा शक्तिको बिकास गर्नु ।

५) प्रदेशका भाषिक सम्पत्तीहरुको संरक्षण गर्नु ।

६) श्रमिकहरुको हकहितको संरक्षण गर्दै श्रमशक्ति र श्रमबजारको प्रबर्द्धन र रोजगारी बृद्धि गर्नु ।

७) बिज्ञान प्रविधिलाई शिक्षा र नागरिकको आयसँग जोडी यसलाई नागरिकको अभिन्न अंगको रुपमा स्थापना गर्नु ।

८) रोजगारका लागि सिप विकासका अवसरहरु प्रदान गर्नु ।

५. रणनीतिहरु

१) सार्वजनिक स्वास्थ्यलाई भरपर्दो, गुणस्तरीय र सर्वसुलभ बनाई यसमा सर्वसाधारणको पहुँच बढाउने।

२) विज्ञान , प्रविधि, इन्जिनियरिंग र गणित शिक्षाको विकास, विस्तार र प्रवर्धन गर्ने।

३) प्रबिधिलाई शिक्षाको गुणस्तर बिकासमा उपयोग गर्ने ।

४) गुणस्तरीय प्राबिधिक तथा उच्च शिक्षाको पहूच बिस्तार गर्ने ।

५) शिक्षालयहरुमा पूर्वाधारको बिकास गरी तालिम प्राप्त सक्षम शिक्षकबाट प्रभावकारी सिकाइ सुनिश्चित गर्ने ।

६) धार्मिक तथा बिशेष शिक्षालाई मूलप्रवाहिकरण गर्ने ।

७) आधारभुत तथा बिशेषज्ञ स्वास्थ्य सेवाको सुदृढीकरण तथा बिस्तार गर्ने ।

८) पोषण तथा रोगहरुको रोकथाममा सचेतना बृद्धि गर्ने ।

९) परम्परागत तथा बैकल्पिक चिकित्सा पद्धतिको बिस्तार गर्ने ।

१०) जेष्ठ नागरिक असहाय अपाङ्गहरुलाई घरघरमै स्वास्थ्य सेवा पुर्‍याउने ।

११) खेलकूदलाई वृत्ति विकाससँग समेत जोड्ने ।

१२) हिंसा प्रभावित तथा जोखिममा परेका महिला तथा वालवालिकाहरुको लागि अल्पकालिन तथा दीर्घकालीन आश्रय स्थलको निर्माण तथा संचालन गरी पारिवारिक पुनर्मिलन गराउने ।

१३) स्वरोजगारका अबसरहरु प्रदान गर्दै साना कामहरुको लागि बिदेसिनु पर्ने अवस्थाको अन्त्य गर्ने ।

१४) प्रदेशका भाषाहरुको अभिलेखीकरण तथा प्रचारप्रसार गरी तिनको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

१५) महिलाहरुको जीवनस्तर उठाउन र निर्णय प्रकृयामा सहभागी गराउन सीप बिकास तथा आय आर्जनमा जोड दिने र बिभिन्न किसिमका बिभेदहरुबाट मुक्त गर्ने ।

१६) बालअधिकारको प्रत्याभुत गराउने ।

## ६. कार्यनीतिहरूः

१) विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षालाई केन्द्रित गरी प्रदेश विश्वविद्यालयको स्थापना गर्ने।

२) सार्वजनिक निजी साझेदारीको अवधारणमा बहुप्राविधिक शिक्षालयको स्थापना, विकास र विस्तार गर्ने।

३) विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना गरी यसलाई सीप विकास तथा रोजगारी, अनुसन्धान तथा विकास, सीपको नियमन र STEMको च्याम्पियन संस्थाको रुपमा विकास गर्ने।

४) गैर सरकारी संस्था र स्थानीय तहसँगको सह-कार्यमा व्यवसायिक सामाजिक उत्तरदायित्वको अवधारणामा जेष्ठनागरिक, असहाय र अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी अपाङ्ग ग्राम, र जेष्ठनागरिक ग्रामको स्थापना गर्ने ।

५) बिशेषज्ञ सेवासहितका प्रादेशिक अस्पतालहरुको विकास र सुदृढीकरण गर्ने ।

६) सुविधा सम्पन्न र अत्याधुनिक प्रदेश स्तरीय प्रादेशिक स्वास्थ्य प्रयोगशाला स्थापना गर्ने ।

७) प्रदेशको स्वामित्वमा रहेका अस्पतालको पुर्वाधार, जनशक्ति र प्रविधिमा लगानी गरी सार्वजनिक अस्पताललाई भरपर्दो , गुणस्तरीय र सर्वसुलभ बनाउने ।

८) आय सिर्जना, नागरिक अधिकारको सशक्तिकरण, नैतिक आचरण, पोषणलाई समावेश गरी स्थानीय तहसँगको सह-कार्यमा प्रदेश स्तरीय आर्थिक-सामाजिक सशक्तिकरणका लागि सामुदायिक परिचालन कार्यक्रम संचालन गर्ने ।

९) प्रदेशलाई खेलकूदको हबको रुपमा विकास गर्न खेलकूदको पुर्वाधारमा लगानी गर्ने ।

१०) प्रदेशस्तरीय अत्याधुनिक ट्रमासेन्टर स्थापना गर्ने ।

११) महिला,वालवालिका,अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरु लक्षित गरी सशक्तिकरण र उद्धमशीलताका कार्यक्रमहरु संचालन गर्ने ।

## ७. सामाजिक विकास मन्त्रालयको कार्य क्षेत्र

नेपालको संविधान, २०७२ को धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं ५-प्रदेश मन्त्रीपरिषदले प्रदेश सरकारको बिभिन्न मन्त्रालयको कार्य, कार्य-जिम्मेवारीको बाँडफाँड सम्बन्धमा मिति २०७४ फागुन १३ को राजविवरणमा प्रकाशन गरी प्रदेश सरकार (कार्य विभाजन नियमावली), २०७४ स्वीकृत गरी कार्यन्वयनमा ल्याएको छ।प्रदेश सरकारको मिति २०७६ असार ३१ को निर्णयले यस कार्यबिभाजन नियमावलीको अनुसूचिमा केही फेरबदल समेत गरेको छ। यस कार्य बिभाजन नियमावलीले सामाजिक विकास मन्त्रालयलाई देहायको कार्य-जिम्मेवारी प्रदान गरेको छ ।

### ७.१ शिक्षा सम्बन्धी कार्य-जिम्मेवारीहरु

१. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
२. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,
३. प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
४. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्यसामाग्री निर्माण, उत्पादन र वितरण ,
५. प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन ,
६. प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,
७. माध्यमिकतहको परीक्षा व्यवस्थापन,
८. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन ।

### ७.२ स्वास्थ्य सम्बन्धी कार्य-जिम्मेवारीहरु

१. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२. प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

३. स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमती र नियमन,

४. प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

५. राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमती र नियमन,

६. राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमती र नियमन,

७. खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

८. राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

९. प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,

१०. औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण,

११. खोप र परिवार नियोजन,

१२. संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,

१३. प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह,

१४. प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

१५. सूर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन,

१६. स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्यसेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,

१७. सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

१८. राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

१९. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

२०. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

**७.३ खानेपानी तथा सरसफाई सम्बन्धी कार्य-जिम्मेवारीहरु**

१. प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन,

२. खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

३. सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता,

४. जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय ।

**७.४ सामाजिक सशक्तिकरण सम्बन्धी कार्य-जिम्मेवारीहरु**

१. महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२. लैङ्गिकहिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रियसन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन,

३. महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,

४. लैंगिक उत्तरदायी वजेट र लैङ्गिक परिक्षण,
५. बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनातर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध रसेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,
६. प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,
७. समाजकल्याण र संघसस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,
८. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजनातर्जुमा र कार्यान्वयन,
९. सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य।

**७.५ युवा तथा खेलकूद सम्बन्धी कार्य-जिम्मेवारीहरु**

१. युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन ,
२. खेलकूदसम्वन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन,
३. खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन,

**७.६ श्रम तथा रोजगारी सम्बन्धी कार्य-जिम्मेवारीहरु**

१. राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता,
२. प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय,
३. रोजगार प्रवर्द्धनसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
४. श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन,
५. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना,
६. औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण,
७. कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन।

### ७.६ विज्ञान प्रविधि सम्बन्धी कार्य-जिम्मेवारीहरु


१. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग,
२. वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास,
३. विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन ।

## ८. सँगठन संरचना तथा जनशक्ति

### ८.१ सामाजिक विकास मन्त्रालयको वर्तमान सँगठन संरचना

सामाजिक विकास मन्त्रालयमा स्वास्थ्य निर्देशनालय; शिक्षा विकास निर्देशनालय; शिक्षा तालिम केन्द्र; स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, ३वटा प्रादेशिक अस्पताल, १३ वटा जिल्ला स्तरीय अस्पताल, १२ स्वास्थ्य कार्यालयहरु र १० आयुर्वेद केन्द्रहरु र अस्थायी रुपमा ६ जिल्लामा खुलेका सामाजिक विकास डिभिजन कार्यालयहरु गरी जम्मा ११९८ जना कर्मचारीहरुको दरबन्दी रहेको छ ।

## ८.२ सामाजिक विकास मन्त्रालयको हालको संरचना




## ८.३ सामाजिक बिकास मन्त्रालय दरबन्दी तेरिज

| क्र. स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरव न्दी | पदपूर्ति संख्या | रिक्त दरवन्दी |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ | ० |
| २ | उप सचिव | प्रशासन | प्रशासन | नवौं/दशौं | १ | १ | ० |
| ३ | उप सचिव | शिक्षा | शिक्षा | नवौं/दशौं | ३ | ३ | ० |
| ४ | प्र.म.वि.अधिकृत | विविध | | नवौं/दशौं | १ | १ | ० |
| ५ | बरिष्ठ जनस्वास्थ्य प्रशासक | स्वास्थ्य | हे.ई | नवौं/दशौं | १ | ० | १ |
| ६ | बरिष्ठ।उपस्वास्थ्य प्रशासक | स्वास्थ्य | प.हे.ए। ए.ची | नवौं/दशौं | १ | १ | ० |
| ७ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | सातौं।आठौं | ३ | ३ | ० |
| ८ | लेखा अधिकृत | प्रशासन | लेखा | सातौं। आठौं | १ | १ | |
| ९ | शाखा अधिकृत | शिक्षा | शि.प्र. | सातौं। आठौं | ५ | ५ | |
| ११ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृ. | १ | १ | |
| १२ | म. बि. अधिकृत | बिबिध | | सातौं।आठौं | २ | २ | |
| १३ | आयुर्बेद चिकित्सक | स्वास्थ्य | आयुर्बेद | आठौं | १ | १ | |
| १४ | कम्प्यूटर इञ्जिनियर | विविध | विविध | रा प तृतीय | १ | ० | १ |
| १५ | क.न.अधिकृत | स्वास्थ्य | क.नर्सिङ | सातौं।आठौं | १ | | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | ब. ज.स्वा. अधिकृत | स्वास्थ्य | हे.ई. | सातौ। आठौ | १ | | १ |
| १७ | ब.फार्मेसी अधिकृत | स्वास्थ्य | फार्मेसी | सातौ। आठौ | १ | | १ |
| १८ | ब. स्वा.शि.अधिकृत | स्वास्थ्य | हे.ए. | सातौ। आठौ | १ | १ | |
| १९ | नायब सुब्बा | प्रशासन | सा.प्र. | पाचौ। छैठौ | ४ | ४ | |
| २० | प्रा.स. | शिक्षा | शि.प्र. | पाचौ। छैठौ | ५ | २ | ३ |
| २१ | क.अ. | विविध | | पाचौ। छैटौ | ३ | २ | १ |
| २२ | म.बि.निरीक्षक | बिबिध | | पाचौ। छैठौ | २ | १ | १ |
| २३ | स.ले.पा. | प्रशासन | लेखा | चौथो। पाचौ | १ | १ | |
| २४ | ह.स.चा. | | | श्रेणी बिहिन | ५ | ५ (३ जना करार सेवा बाट) | |
| २५ | का.स. | प्रशासन | | श्रेणी बिहिन | ८ | ८ करार सेवा बाट) | |
| | **जम्मा** | | | | ५४ | ४४ | १० |

## ८.४ मन्त्रालय र मातहतका कार्यालयहरुः




## ९. आ.ब. २०७४/०७५ मा मन्त्रालयबाट सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

१) उत्कृष्ट सामुदायिक विद्यालय प्रोत्साहन, रंगशाला मर्मत तथा संभार कार्यक्रम, शैक्षिक पार्क निर्माण र खेलाडीहरुको सम्मान तथा प्रोत्साहन कार्यविधिहरु निर्माण।

२) गणतन्त्र दिवस २०७५ का अवसरमा मुख्यमन्त्री ११ र प्रमुख सचिव ११ विचमा मैत्रीपुर्ण भलिवल प्रतियोगिता ।

३) प्रदेश क्षेत्रभित्रका १०९ स्थानीय तहको शिक्षाको अवस्था र स्थानीय तह र प्रदेश सरकारको अधिकार क्षेत्र र समन्वयका अन्तक्रियात्मक कार्यशाला सम्पन्न ।

४) विद्यालय भर्ना अभियानलाई सफल पार्न अभियानमा सहभागि भई प्रचार प्रसार ।

५) आर्थिक बर्ष २०७५।०७६ को कुल बजेटको ७.३७ प्रतिशत बजेट प्राप्त भएकोमा ८ प्रतिशत र कार्यक्रम खर्चमा ९२ प्रतिशत ।

६) "म स्वस्थ्य, मेरो देश स्वस्थ्य"मेरो बर्ष २०७५ राष्ट्रिय अभियान कार्यक्रम ।


७) मन्त्रालयको वेब साईट र फेसबुक पेज संचालन ।

८) गणतन्त्र दिवस २०७५को उपलक्ष्यमा मर्चवारमा २ दिने बृहत बिशेषज्ञ स्वास्थ्य शिविर संचालन।

९) बाँकेमा ०७५।०३।१७ गते खुला दिशामुक्त जिल्ला घोषणा सभा ।

१०.प्रदेश बजेटको आ.व. २०७५/७६ को वार्षिक प्रगतिः

| निकाय | वार्षिक प्रगति | | |
|---|---|---|---|
| | बजेट | खर्च | प्रतिशत |
| मन्त्रालय | ७५९३.६८ | ५२५८ | ६९.२५ |
| स्वास्थ्य निर्देशनालय | २३८०.६ | १३१८.८५ | ५५.४ |
| शिक्षा बिकास निर्देशनालय | ७८८६.३५ | ७६६७ | ९७.२२ |
| शिक्षा तालिम केन्द्र | ६९६.८१ | ६३५.९ | ९१.२६ |
| स्वास्थ्य तालिम केन्द्र | ६५२ | २९७ | ४५.५७ |
| प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र | १०३२.४९ | ७४७.६२ | ७२.४१ |
| अस्पतालहरु तथा आयुर्बेद औषधालयहरु | ९५८२.४३ | ८२८३.१ | ८६.४४ |
| ब्यावसायिक तथा सीप बिकास तालिम केन्द्रहरु २ | ३५८.३९ | ३१६.६६ | ८८.३५ |
| १२ स्वास्थ्य कार्यालयहरु | २७६७.८ | २०५७ | ७४.३१ |
| बालकल्याण गृह | ६९.८६ | ५०.०८ | ७१.७ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | २७५९.३५ | २५७८.८८ | ९३.४५ |
| रोजगार सूचना केन्द्र दाङ | १९.८३ | १९.८३ | १०० |
| कूल | ३५७९९.५९ | २९२२९.९२ | ८१.६४ |





११. आ.व. २०७५/७६ का भएका मन्त्रालयका मुख्य उपलब्धीहरु:

**१. सामाजिक विकास मन्त्रालय (कार्य संचालन तथा प्रशासनिक) तर्फ:**

प्रशासनिक उपलब्धी

क. पशुपति पुस्तकालय,कपिलबस्तु निर्माण
ख. १२ वटा क्याम्पसहरुमा भवन निर्माण
ग. ८ वटा क्याम्पसहरुमा ICT ल्याव
घ. ६ वटा क्याम्पसमा कम्पाउण्डवाल निर्माण
ङ. सर्वोदय पुस्तकालय दाङको निर्माण प्रारम्भ




**२ भाषा तथा संस्कृति तर्फ**

क. ४ भाषाहरु(थारु,मगर, गुरुङ र अवधी )को कार्यशाला सम्पन्न। जम्मा सहभागी-३५० जना।
ख. ६ वटा सङ्ग्राहलयहरु सुदृढीकरण गरिएको।
ग. २८ वटा धार्मिक संस्थाको मर्मत संभार कार्य सम्पन्न भएको।

## ३. युवा तथा खेलकूद

युवा तथा खेलकूद उपलब्धी


क. उल्लेखनीय कार्य गर्ने १८ युवालाई र १५ जना खेलाडीहरुलाई सम्मान।

ख. नेत्रलाल अभागी रङ्गशाला र उजिरसींह रङ्गशालाहरु निर्माण प्रकृया प्रारम्भ।

ग. १२ स्थानमा विभिन्न खेलसंरचनाहरु निर्माण तथा सुधार।

घ. विभिन्न १० विषयहरुमा २०० जना युवाहरुलाई सीप तालिम।

ङ. १४०जना शिक्षकहरुलाई खेलकूद सम्बन्धी तालिमहरु संचालन।




च. मुख्यमन्त्री रनिङ शिल्ड प्रतियोगिता संचालनः मुख्यमन्त्री रनिङ शिल्ड प्रतियोगिता संचालनः ५ खेलका बिभिन्न इभेन्टहरु सम्मिलित गरी प्रदेशमा पहिलो पटक प्रदेश स्तरीय खेलकूद प्रतियोगिता संचालन गरिएको छ । मिति २०७६/०१/२३ देखी ०१/२५ सम्म खेलकुदमा युवा सहभागित प्रदेश र राष्ट्रको समृद्धिमा अग्रता" भन्ने आदर्श वाक्यका साथ प्रथम मुख्यमन्त्री रनिङ शील्ड प्रतियोगितामा प्रथमः रुपन्देही द्वितियःदाङ र तृतियःबाँके भएका ।

## ४. महिला बालबालिका तथा जेष्ठ नागरिक

क. क्षमता बिकास सशक्तिकरण तथा पैरवीका कामहरुबाट १७०० महिला १९३० वालवालिका र ८२५ जना जेष्ठ नागरिकहरुलाई ।

## ५. सामाजिक सुरक्षा तथा समाज कल्याण


क. २ वटा पुनर्स्थापना केन्द्र र वालसुधार गृहमा सहयोग।

ख. १५५० अपाङ्गहरुलाई सशक्तिकरण र पैरवी।

ग. ४५ अपाङ्गलाई सहायक सामग्री र ७७ बिउ पुँजी बितरण ।

घ. १३४० सीमान्तीकृत समूहमा सीप बिकास  तालिमहरु संचालन।

## ६. शिक्षा




क. ६५ बिद्यालयहरुमा भौतिक सुधार अन्तरगत २५० कक्षा कोठा निर्माण,६०शौचालयहरु निर्माण,६वटा होस्टलहरु निर्माण,६०वटा कम्पाउण्डवालहरु निर्माण,६० विद्यालयहरुमा खानेपानी सेवामा सुधार ,१०१-मर्मत सम्भार।

ख. ५१वटा विद्यालयहरुमा थ्री इन वन डिजिटल डिभाइस सहयोग।

ग. ८५ वटा सामुदायिक क्याम्पसहरुको गुणस्तर सुधारका लागि सहयोग ।

घ. प्राविधिक तथा बिज्ञान शिक्षामा ४४ वटा विद्यालयहरुलाई सहयोग ।

ङ. ३०० जना शिक्षक प्रधानाध्यापक तथा प्राध्यापकहरुको तालिम

च. ३५९ वटा धार्मिक बिद्यालयहरुलाई  सहयोग ।

छ. बिशेष शिक्षा संचालित ४७ श्रोत कक्षा तथा विद्यालयलाई सहयोग ।

ज. ९४ वटा पुस्तकालयहरुमा सहयोग।

## ७. स्वास्थ्य तथा सरसफाइ

क. १० वटा अस्पतालजन्य फोहरको व्यवस्थापन ।

ख. ४० जना महिला स्वयमसेविकाहरु पुनर्ताजगी तथा एडभान्स तालिम ।

ग. १२ वटाअस्पतालहरुमा भौतिक पूर्वाधार तथा औजार उपकरणहरुको व्यबस्था ।

घ. ७८६५ जना ८४ बर्ष पुगेका नागरिकलाई घरघरमा स्वास्थ्य सेवा ।

ङ. १८ स्थानमा निशुल्क स्वास्थ्य शिविरहरु संचालन ।

च. १७ वटा बर्थीङ सेन्टरहरुको बिस्तार तथा स्थापनामा उपकरणहरुको सहयोग ।

छ. ११ वटा अस्पतालहरुमा मर्चरी रुम तथा मर्चरी फ्रिजको ब्यबस्था ।

ज. सर्पदंश सेवामा १२ सेट उपकरण सहयोग ।

झ. पञ्चकर्म हलको ब्यबस्था-१।

ञ. ८ वटा एम्बुलेन्स खरिदमा सहयोग ।

ट. १६ वटा स्वास्थ्य संस्थाहरुलाई प्रयोगशाला बिस्तार गर्न उपकरण बितरण ।

## १२. आ.व. २०७६/७७ को पुस महिना सम्मको उपलब्धीहरुः

१. कक्षा १० को गणित तथा बिज्ञान विषयको नतिजा सुधार अभियान संचालनः प्रदेशका ७४२ विद्यालयहरुमा बिज्ञान र ८८८ विद्यालयहरुमा गणित गरी झण्डै ५३०० विद्यार्थीहरुलाई उपचारात्मक कक्षाहरु संचालन ।

२. सामुदायिक क्याम्पसका शिक्षकहरुलाई अनुसन्धान कार्यशाला सम्पन्न गरी २० वटा विषयमा क्याम्पसहरुको सहयोगमा अनुसन्धान कार्य सम्पन्न हुदै।

३. ४५वटा सामुदायिक क्याम्पसहरुमा भवन निर्माण पुस्तकालय आईसीटी ल्यावहरु निर्माणको संझौता भईरहेको।

४. प्रदेशमा लुम्बिनी बौद्ध विश्वविद्यालयको सहकार्यमा ५ बर्षे बीए.एल.एल.बी र पद्मोदय क्याम्पसमा बी.एस्सी कक्षाहरु संचालन।

५. नेपाल संस्कृत र लुम्बिनी बौद्ध विश्वविद्यालयहरुको सहकार्यमा अनुसन्धान कार्यहरु संचालन।

६. प्रदेश स्तरीय खेलकुद प्रवर्द्धनका लागि ५ वटा संघ संस्थालाई सहयोग।

७. विभिन्न दिवसीय कार्यक्रमहरु संचालन।

८. महिला उद्यमशीलता प्रोत्साहन गर्न र औद्योगिक प्रदर्शनीमा उद्यमी महिलाहरुको व्यवसायिकसहभागिता बढाउन सहयोग।

९. लैंगिकहिंसा विरुद्धको १६ दिने अभियान संचालन।

१०. सचेतनामूलक कार्यक्रम (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैंगिकतथा यौनिक अल्पसंख्यकका अधिकार र जातीय छुवाछुत विरुद्ध) संचालन।

११. आ.व.२०७६/७७को सामाजिक विकास मन्त्रालयका कार्यक्रमहरुको स्थानीय तहसम्म प्रवोधिकरण

१२. सामुदायिक अस्पतालहरुमा विशेषज्ञ सेवा संचालनमा सहजिकरणको लागि प्रस्तावमा आधारित पुँजीगत अनुदान यन्त्र उपकरण तथा मेशिनरी औजार।

१३. आँखा अस्पतालहरुको सेवा सवलीकरण तथा सहजिकरणको लागि प्रस्तावनामा आधारित पुँजीगत अनुदान यन्त्रउपकरण

१४. नेपाल रेडक्रस सोसाइटीलाइ जिल्ला स्तरमा व्लड बैंक सुदृढीकरण को लागि पुँजीगत अनुदानयन्त्र उपकरण तथा औजार
१५. राजयोग सभागृह बुटवलमा भवन निर्माण कार्यमा सहकार्य
१६. स्वास्थ्यकर्मीहरुलाई भि.आई.ए तालिम, परिवार नियोजन साधन सम्बन्धी तालिम, एस.वि.ए तालिम, सुरक्षित मातृत्वको लागि अनसाईट कोचिङ मेन्टरिङ तालिम, कुष्ठरोगउपचार सम्बन्धि तालिम, चिकित्सकहरुको लागि मेडिको लिगल तालिम, अस्पतालनर्सिङ स्टाफहरुलाई ओटि म्यानेजमेन्ट तालिम, चिकित्सकहरुलाईभ्यासेक्टोमी तालिम, कम्प्रहेन्सिभ परिवार नियोजना (COFP) तालिम र चिकित्सकहरुकोलागि नसर्ने रोग सम्बन्धि ५ दिने प्रशिक्षक प्रशिक्षण तालिमहरु सम्पन्न भएकाछन्।
१७. बहुप्राविधिक शिक्षालय निर्माणको लागि स्थान छनौट।
१८. पुस्तकालयहरुलाई सहयोग
१९. आयआर्जनका लागि व्यवसायिक संरचना निर्माणका लागि विद्यालयहरुलाई पुँजीगत अनुदान
२०. प्राविधिक तथा वहुप्राविधिक शिक्षालयहरुलाई सहयोग
२१. कक्षा ११र १२ मा विज्ञान संकाय संचालित विद्यालयहरुलाई प्रस्तावमा आधारित गुणस्तर सुदृढिकरण कार्यक्रम
२२. मुस्लिम सीमान्तकृत तथा अल्पसंख्यक सामुदायका छात्राहरुलाई अ न मी, अ हे व छात्रवृत्ति।
२३. मुक्त कमैया कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुलाई कक्षा ११ र १२ अध्ययनका लागि मासिक १००० का दरले छात्रवृत्ति।
२४. कक्षा ११ र १२ मा सामुदायिक विद्यालयमा विज्ञान अध्ययनरत छात्राहरुलाई छात्रवृत्ति
२५. समपूरक अनूदानबाट कान्ति माध्यमिक विद्यालय बुटवलमा झण्डै २० करोडको लागतमा बहुवर्षीय रुपमा सम्पन्न हुने गरी बिज्ञान भवन तथा छात्राबासहरुको निर्माण भैरहेको छ।
२६. समपूरक अनूदानबाट रु २२ करोडको लागतमा रुकुम पूर्वमा बहुबर्षीय कार्यक्रम संचालनमा छ।

२७. विशेष अनूदानबाट ७४२ वटा विद्यालयहरुमा बिज्ञान र ८८८ विद्यालयहरुमा गणित विषयको नतीजा सुधार अभियान २०७६ माघ र फागुनमा संचालन हुने गरी कार्यक्रमलाई अगाडि बढाइएको छ।

२८. विशेष अनूदानबाट प्रदेशका झण्डै ४००० वालविकास केन्द्रका शिक्षकहरुलाई तालिम तथा सामग्री निर्माण सहयोग गरिदै छ।

२९. विशेष अनुदानबाट प्रदेशका ६ वटा जिल्लाहरुमा सिकलसेल एनिमियाका सचेतना स्क्रनिङ ल्याव स्थापना तथा अन्य कार्यक्रमहरु संचालन।

३०. बर्थिङ्ग सेन्टरहरुको बिस्तार, औजार उपकरण वितरण तथा दक्ष प्रसुतिकर्मी उत्पादन गर्न रु १२ करोड प्राप्त भई कार्यक्रमहरु संचालन भैरहेका छन्।

## १३. समस्या तथा चुनौतिहरु

१. साझा अधिकारका क्षेत्रमा सङ्घिय सरकारले निर्माण गर्नुपर्ने ऐन नियमहरु समयमै बन्न नसक्दा प्रदेशले आफ्ना कानुन बनाउन नसकिएको। जस्तैः शिक्षा ऐन ,

२. खरिद प्रक्रिया परामर्श सेवा अनुसन्धान जस्ता बिषयको प्रक्रिया लामो हुदा समयमा काम गर्न नसक्नु

३. प्रदेश निजामती सेवा सम्बन्धी ऐन नबनेका कारणले रिक्त रहेका दरबन्दीहरु पुर्तिहुन नसकी सेवा प्रवाहमा समस्या रहन गएको।

४. प्रदेशमा कार्यरत सरकारी कर्मचारीहरुको पारिश्रमिक र सुविधाहरु अत्यन्तै न्यून रहेको कारणले गर्दा सार्वजनिक प्रशासनमा आकर्षण घट्न गएको र कार्यरत कर्मचारीको मनोबल बढाउन नसकिएको।

५. कार्यन्वयन गर्ने संरचना ढिलो स्थापना हुनु र स्थापित निकायमा कर्मचारी पदपुर्ति समयमा हुन नसक्नु

६. वातावरण संरक्षण सम्बन्धि ऐन र नियमावलीको अभावले प्रारम्भिक वातावरण परीक्षण सम्न्धी कार्य र वातावरण प्रभाव मूल्याङ्कनको कार्य अगाडि बढ्न नसकी रङ्गशाला निर्माण लगायतका पूर्वाधार निर्माण सम्बन्धि ठूला परियोजनाहरु अगाडि बढाउन नसकिएको।

७. लेखा प्रणाली संचालनमा एकिकृत सफ्टवेयरको अभाव।

८. पूर्वाधार सम्बन्धि निर्माण कार्यको लागि प्राविधिक जनशक्तिको अभाव भएको।

९. डिभिजन कार्यालयहरुमा जनशक्तिको अभाव रहेको।

**१४. सामाजिक विकास मन्त्रालयका रणनितिक महत्वका योजनाहरुः**

१. माध्यमिक तह कक्षा ११ र १२ तथा उच्च शिक्षामा स्टेम (STEM) विकास तथा विस्तार।
२. आधुनिक सुविधा सम्पन्न प्रादेशिक स्वास्थ्य प्रयोगशालाको स्थापना।
३. आधुनिक तथा सुविधा सम्पन्न आवाशीय स्वास्थ्य तालिम केन्द्रको स्थापना र संचालन।
४. आधुनिक तथा सुविधा सम्पन्न ट्रमासेन्टरको स्थापना र संचालन।
५. सार्क स्तरीय नेत्रलाल अभागी र उजिरसिंह रङ्गशालको स्थापना।
६. जेष्ट नागरिक र अपाङ्गग्रामको स्थापना।
७. रुकुममा बहुप्राविधिक शिक्षालयको स्थापना।
८. लुम्विनी र राप्ती प्रादेशिक अस्पताललाई नमुना अस्पतालको रुपमा रुपान्तरण।
९. बिज्ञान प्रविधि प्रतिष्ठान तथा प्रदेश विश्वबविद्यालयको स्थापना।
१०. सीप विकास तथा आर्थिक सामाजिक सशक्तीकरणमा आधारित समुदाय परिचालन।

# २.१० मुख्य न्यायाधिवक्ताको कार्यालय

## १.पृष्ठभूमि

संविधान सभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान (यसपछि संविधान भनिएको) को भाग १२ धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ। मुख्य न्यायधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था रहेको छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहाकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारिलाई राय सल्लाह दिनु पर्नेछ। प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट प्रदेश सरकारको प्रतिनिधित्व गरिनेव्यवस्था गरेको छ।उक्त संवैधानिक व्यवस्था बमोजिम प्रदेश नं. ५ मा मिति २०७४ चैत्र २ गतेबाट मुख्यन्यायाधिवक्ताको नियुक्ति भए देखि मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भई कार्य संचालन भईरहेको छ ।

नेपालको संविधानको धारा १६० को उपधारा ७ मा मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतको न्यायाधीस सरह हुने र मुख्य

न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्थाछ। सोही अनुसार प्रदेश नं. ५ को प्रदेश सभाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५मिति २०७५।०४।०८ मा बनाई लागू भएको अवस्था विद्यमान छ। उक्त ऐनको दफा ४ मा संविधानको धारा १६० मा उल्लखित काम, कर्तव्य, अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताले प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्ने र प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने मुख्य कर्तव्य तोकिदिएको छ।

**२.दीर्घकालीन सोच**

स्वच्छ, निश्पक्ष, न्यायपुर्ण समाजको निर्माण गरी कानुनी राज्यको अवधारणालाई व्यवहारमा लागू गर्नु।

**३.उद्देश्य**

१. व्यवसायिक कानुनी राय प्रदान गरी प्रदेश सरकार प्रतिको जनविश्वास बढाउने।
२. प्रभावकारी रुपमा प्रदेश सरकारको प्रतिरक्षा गर्ने तथा प्रदेश सरकारको तर्फबाट मुद्दा दायर गर्ने।
३. लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता प्रवर्द्धन गर्ने।
४. ब्यवसायिक ,प्रभावकारीर जनबिश्वास प्राप्त संस्थाको रुपमा स्थापना गर्ने।

**४. रणनीति**

१. प्रभावकारी प्रतिरक्षा एवं मुद्दा दायर,
२. व्यवसायिक कानूनी राय प्रदान गर्ने,
३. पुस्तकालय व्यवस्थापन गर्ने,
४. ऐन, नियम र कार्यविधि वनाउनेकार्यमा प्रदेश सरकारका मन्त्रालय तथा अन्य कार्यालयलाई राय सुझाव दिने,
५. हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरिक्षण ,
६. आचार संहिता बनाउने,
७. वार्षिक प्रतिवेदन तयार गर्ने,

८. फैसलाको प्रभावकारी कार्यान्वयन गर्ने/गराउने,

९. जनशक्ति व्यवस्थापन गर्ने,

१०.मानव अधिकारको रक्षाको लागि आवश्यक कार्य गर्ने।

**५. कार्यक्षेत्र**

संविधानले मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने संवैधानिक जिम्मेवारी तोकेको छ। मुख्य न्यायाधिवक्तालाई मुख्य न्यायाधिवक्ताको काम कर्तब्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐनमा मुलतः सम्पादन गर्ने मुख्य कार्यहरु निम्न रहेका छनः-

१. प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी गर्ने गराउने,

२. प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

३. प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,


४. प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

५. प्रदेश सरकार मातहत रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका कैदिबन्दिहरु उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

६. माथि उल्लेखित मुख्यकार्यहरु समेतका जिम्मेवारी प्रभावकारी रुपमा संपन्न गरि ब्यवसायिक,प्रभावकारीर  जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापना गर्नु।

## ६.सँगठन संरचना तथा जनशक्ति

### ६.१ सँगठन संरचना




### ६.२ दरवन्दी विवरण

मुख्य न्यायाधिवक्ता वाहेक तपशिलको पदपुर्ति भएको जनशक्ति रहेको छ।

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | पदपूर्ति संख्या | रिक्त दरवन्दी संख्या | कुल दरवन्दी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | उपन्यायाधिबक्ता | न्याय | सरकारी वकिल | रा.प.द्धितीय | १ | ० | १ |
| २ | शाखा अधिकृत | न्याय | सरकारी वकिल | रा.प.तृतीय | ३ | ० | ३ |
| ३ | नायव सुव्वा | प्रशासन | सामान्य प्रशासन | रा.प.अनं. प्रथम | ० | २ | २ |
| ४ | कम्प्यूटर अपरेटर | विविध | | रा.प.अनं. प्रथम | १ | ० | १ |
| ५ | लेखापाल | प्रशासन | लेखा | रा.प.अनं. प्रथम | १ | ० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | हलुका सवारी चालक | | | श्रेणीविहिन | १ | ० | १ |
| १७ | कार्यालय सहयोगी | | | श्रेणीविहिन | २ | ० | २ |
| जम्मा | | | | | ९ | २ | ११ |

## ७.आ.ब. २०७६/०७७ मा हाल सम्मको प्रगती बिवरण

### ७.१ बहस एवं प्रतिरक्षा तर्फः

यस आ.ब.मा हालसम्म बहस पैरवी गरिरहेका र किनारा लगाएका मुद्दाहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

मुद्दाहरुको बहस र प्रतिरक्षा सम्बन्धी विवरण

गत आ.ब.बाट सरिआएका मुद्दाहरु

| सि नं. | रिट नं. | मुद्दा | निवेदक | विपक्षी | दर्ता मिति | फैसला मिति | परिणाम | मुद्दाको चलेको निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०७५-WO-०००७ | उत्प्रेषण मिश्रित परमादेश | रिना नेपाल बि.क. समेत | प्रदेश सभा सचिवालय प्रदेश नं. ५ | २०७५/०४/३१ | २०७६/०३/२५ | रिट निवेदन खारेज | |
| २ | ०७५-WO-००४३ | निषेधाज्ञा परमादेश | वलराम पोखेल समेत | भौतिक पूर्वाधार बिकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७५/०५/२४ | | | उच्च अदालत बुटवल इजलास |
| ३ | ०७५-WC-००१३ | उत्प्रेषण परमादेश समेत | रुद्र बहादुर सुनार | मुख्यमन्त्री शंकर पोखरेल प्रदेश नं. ५ | २०७५/१०/१५ | | | सर्वोच्च अदालत |

| सि नं. | रिट नं. | मुद्दा | निवेदक | विपक्षी | दर्ता मिति | फैसला मिति | परिणाम | मुद्दाको चलेको निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ०७५-WO-६७९ | उत्प्रेषण | सुरज बहादुर सोनाम | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं. ५समेत | २०७५/१०/१६ | | | सर्वोच्च अदालत |
| ५ | ०७५-WO-०७३५ | उत्प्रेषण | सुरज बहादुर सोनाम | मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं. ५ समेत | २०७५/११/१० | | | सर्वोच्च अदालत |
| ६ | ०७५-WO-९३९ | उत्प्रेषण परमादेश प्रतिशेध | नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघको तर्फबाट अ.प्र. चन्द्र साउद समेत | सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/०१/१२ | | | सर्वोच्च अदालत |
| ७ | ०७५-WO-००११४ | उत्प्रेषण परमादेश समेत | दिपक पन्त | सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय, मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय प्रदेश नं. ५ बुटवल | २०७६/०१/१२ | २०७६/०५/२६ | तामेली | बुटवल इजलास |
| ८ | ०७५-WO-१०५३ | उत्प्रेषण | कृष्ण बहादुर बि.क. रसाइलि समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ५ बुटवल | २०७६/०१/२५ | | | सर्वोच्च अदालत |

| सि नं. | रिट नं. | मुद्दा | निवेदक | विपक्षी | दर्ता मिति | फैसला मिति | परिणाम | मुद्दाको चलेको निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ०७४-WO-०८४७ | उत्प्रेषण | अच्युत प्रसाद खरेल | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०७५/०३/०५ | | | सर्वोच्च अदालत |
| १० | ०७४-WO-०६०९ | परमादेश प्रतिशेध | अशोक कुमार व्यान्जु समेत | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत | २०७५/०३/०५ | | | सर्वोच्च अदालत |
| ११ | ०७५-WO-०१५४ | उत्प्रेषण सहित परमादेश | चुन्त बहादुर थापा | समाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/ | २०७६/०५/१८ | तामेली | बुटवल इजलास |
| १२ | ०७५-WO-०१३२ | उत्प्रेषण सहित परमादेश | गोपाल प्रसाद गौतम | समाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/०२/२२ | | | बुटवल इजलास |
| १३ | ०७५-WO-०१९२ | निशेधाज्ञा मिश्रित उत्प्रेषण परमादेश | श्याम बिहारी पाण्डे | अर्थ उद्योग तथा पर्यटन समिति प्रदेश नं. ५ बुटवल समेत | २०७६/०३/२३ | २०७६/०८/०४ | रिट खारेज | बुटवल इजलास |

आ.ब. २०७६/०७७ मा दर्ता भएका मुद्दाहरु

| सि.नं. | रिट नं. | मुद्दा | निवेदक | विपक्षी | दर्ता मिति | फैसला मिति | परिणाम | मुद्दाको चलेको निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १४ | ०७५-WO-०१७५ | उत्प्रेषण निशेधाज्ञा परमादेश | हलिम हलुवाइ | आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ५ समेत | २०७६/०४/१० | २०७६/०४/२९ | रिट खारेज | बुटवल इजलास |

| सि नं. | रिट नं. | मुद्दा | निवेदक | विपक्षी | दर्ता मिति | फैसला मिति | परिणाम | मुद्दाको चलेको निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १५ | ०७५-WO-१७७२ | उत्प्रेषण | अधिवक्ता विष्णु प्रसाद तिमिल्सिना कुमारि खरेल | मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय प्रदेश नं. ५ बुटवल | २०७६/०४/१३ | | | |
| १६ | ०७५-WO-१२६९ | उत्प्रेषणयुक्त परमादेश समेत | शैलेन्द्र प्रसाद हरिजन समेत | आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेशनं. ५ बुटवल | २०७६/०३/१५ | | | |
| १७ | ०७६-WO-१७७२ | उत्प्रेषण | अष्ट वहादुर श्रेष्ठ समेत | मुख्यमन्त्रि तथा मन्त्री परिषद्को कार्यालय प्रदेश नं. ५ बुटवल | २०७६/०५/०२ | | | सर्वोच्च अदालत |
| १८ | ०७६-WC-000२ | उत्प्रेषण परमादेश | लोकेन्द्र बहादुर ओलि | प्रदेश सभा सचिवालय | २०७६/०५/१५ | २०७६/०७/०१ | रिट जारी | सर्वोच्च अदालत |
| १९ | ०७६-WO-१५९ | उत्प्रेषण | देवका गौतम | मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय प्रदेश नं. ५ बुटवल | २०७६/०५/१७ | | | सर्वोच्च अदालत |

| सि नं. | रिट नं. | मुद्दा | निवेदक | विपक्षी | दर्ता मिति | फैसला मिति | परिणाम | मुद्दाको चलेको निकाय |
|---|---|---|---|---|---|---|---|---|
| २० | ०७६-WO-१७१ | उत्प्रेषण | विजय कुमार भट्टराइ | मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय<br>प्रदेश नं. ५ बुटवल | २०७६/०६/०९ | | | सर्वोच्च अदालत |
| २१ | ०७६-WO-००९७ | उत्प्रेषण रहित<br>परमादेश | खिमा कुमारी<br>डाँगी समेत | समाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/०६/३० | | | उच्च अदालत<br>पाटन |
| २२ | ०७६-WO-०२६० | उत्प्रेषण | दिपक पौडेल समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश नं. ५ बुटवल | २०७६/०७/०७ | | | सर्वोच्च अदालत |
| २३ | ०७६-WO-०२८५ | उत्प्रेषण परमादेश | सिप्रदी ट्रेडिङ तर्फबाट राजुवु श्रेष्ठ | भौतिक पूर्वाधार विकास<br>मन्त्रालय प्रदेश नं. ५<br>बुटवल | २०७६/०७/१७ | | | सर्वोच्च अदालत |
| २४ | ०७६-WO-०३०९ | उत्प्रेषण परमादेश | सुरज बहादुर सोनाम | उद्योग पर्यटन वन वातावरण मन्त्रालय प्रदेश नं.<br>५ बुटवल | २०७६/०७/१९ | | | सर्वोच्च अदालत |

| सि नं. | रिट नं. | मुद्दा | निवेदक | विपक्षी | दर्ता मिति | फैसला मिति | परिणाम | मुद्दाको चलेको निकाय |
|---|---|---|---|---|---|---|---|---|
| २५ | ०७६-WO-००५५ | उत्प्रेषण परमादेश | लोकनाथ भण्डारी | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/०७/२४ | | | बुटवल इजलास |
| २६ | ०७६-WO-००५९ | उत्प्रेषण परमादेश | धन बहादुर तुलाचन | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/०७/२६ | | | बुटवल इजलास |
| २७ | ०७६-WO-०२५७ | उत्प्रेषण परमादेश | सुरेन्द्र पाठक | भौतिक पूर्वाधार विकास मन्त्रालय यातायतात पूर्वाधार निर्देशनालय प्रदेश नं. ५ बुटवल | २०७६/०७/२६ | | | बुटवल इजलास |
| २८ | ०७६-WO-०२७० | उत्प्रेषण परमादेश | निरज राना | सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/०७/२८ | | | सर्वोच्च अदालत |
| २९ | ०७६-WO-००५९ | उत्प्रेषणयुक्त परमादेश मिश्रित निषेधाज्ञा | धन बहादुर तुलाचन | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/०८/०३ | | | बुटवल इजलास |

| सि नं. | रिट नं. | मुद्दा | निवेदक | विपक्षी | दर्ता मिति | फैसला मिति | परिणाम | मुद्दाको चलेको निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ३० | ०७६-WO-००५९ | उत्प्रेषणयुक्त परमादेश मिश्रित निषेधाज्ञा | शालिकराम भट्टराइ लोकना भण्डारी समेत | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/०८/०३ | | | बुटवल इजलास |
| ३१ | ०७६-WO-००५६ | उत्प्रेषणयुक्त परमादेश मिश्रित निषेधाज्ञा | भुपेन्द्र सारु मगर समेत | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/०८/०३ | | | बुटवल इजलास |
| ३२ | ०७६-CP-०३०५ | | रामदास अग्रहरी | भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भैरहवा | २०७६/०८/०८ | | | रुपन्देही जिल्ला अदालत भैरहवा |
| ३३ | ०७६-WO-००७३ | निशेधाज्ञा परमादेश | तुयफल जोल्हा | यातायात पूर्वाधार निर्देशनालय रुपन्देही समेत | २०७६/०८/३० | | | बुटवल इजलास |
| ३४ | ०७६-WO-०४९९ | उत्प्रेषण | देवराज डाँगी | प्रदेश प्रहरी कार्यालय दाङ | २०७६/०९/०८ | | | सर्वोच्च अदालत |

| सि नं. | रिट नं. | मुद्दा | निवेदक | विपक्षी | दर्ता मिति | फैसला मिति | परिणाम | मुद्दाको चलेको निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ३५ | ०७६-WO-००१५ | उत्प्रेषणयुक्त परमादेश | लिलाधर खत्री | डिभिजन वन कार्यालय तुल्सीपुर दाङ | २०७६/०९/०९ | | | उच्च अदालत तुल्सीपुर इजलास |
| ३६ | ०७६-WO-००८५ | निषेधाज्ञा परमादेश | उत्तम बहादुर थापा | भौतिक योजना तथा निर्माण मन्त्रालय प्रदेश नं. ५ बुटवल | २०७६/०९/२४ | | | उच्च अदालत तुल्सीपुर इजलास |
| ३७ | ०७६-WO-००१९ | परमादेश/ उत्प्रेषण निशेधाज्ञा | नविन बुढाथोकी | डिभिजन वन कार्यालय तुल्सीपुर दाङ | | | | उच्च अदालत तुल्सीपुर इजलास |
| ३८ | ०७६-WO-००१८ | निषेधाज्ञा परमादेश | टेक बहादुर बिष्ट | डिभिजन वन कार्यालय तुल्सीपुर दाङ | २०७६/०९/२५ | | | उच्च अदालत तुल्सीपुर इजलास |

**७.२) कार्यक्रम तर्फः**

१. मिति २०७६/०५/०५ गते पाल्पा जिल्लामा कानून र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन। पाल्पा जिल्ला अन्तर्गतका १० वटा स्थानीय तहका न्यायिक समितिका संयोजक सहित सदस्यहरु महिला १६ जना र पुरुष १६ जनाले प्रत्यक्ष ज्ञान हासिल गर्नुभयो।

२. मिति २०७६/०६/१५ गते अर्घाखाँची जिल्लामा कानून र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन।उक्त कार्यक्रममा

अर्घाखाँची जिल्ला स्थित ६ वटा स्थानीय तहका न्यायिक समिति संयोजक सहित २० जना पुरुष र ८ जना महिला सदस्यले सहभागीता जनाउनु भएको थियो।

३. मिति २०७६/०७/१ गते रुपन्देही जिल्लामा वैज्ञानिक अनुसन्धान र प्रभावकारी अभियोजन सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरिएको। उक्त कार्यक्रममा अर्घाखाँची, गुल्मी, पाल्पा, कपिलबस्तु, नवलपरासी र रुपन्देही जिल्लाका सरकारी वकिलहरु तथा जिल्ला प्रहरी कार्यालय र मुद्दा चल्ने सम्पूर्ण इलाका कार्यालयहरुबाट एक/एक जना अनुसन्धानकर्ता प्रहरी अधिकृतहरुको सहभागीता रहेको थियो।

४. मिति २०७६/०७/०७ गते गुल्मी जिल्लामा कानून र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन।उक्त कार्यक्रममा गुल्मी जिल्ला अन्तर्गतका १२ वटा स्थानीय तहका न्यायिक समिति संयोजक सहित ४३ जनाले प्रत्यक्ष सहभागीता जनाउनु भएको थियो।

५. मिति २०७६/०८/१२ गते नवलपरासी जिल्ला स्थित महाकवी देवकोटा नमूना माध्यमिक विद्यालय सुनवलमा वाल न्याय सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गरियो।उक्त कार्यक्रममा महाकवी देवकोटा नमुना माध्यामिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत ७० जना विद्यार्थीहरुको सहभागीता रहेको थियो।

६. मिति २०७६/०८/१६ गते हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम दाङको घोराहीमा संचालन गरिएको। उक्त कार्यक्रममा प्रदेश नं. ५ भित्रका १२ वटा जिल्ला स्थित सम्पूर्ण कारागार कार्यालयका प्रमुख तथा कारागार सुरक्षा व्यवस्थापनमा खटीएका सुरक्षा प्रमुखहरुको सहभागिता रहेको थियो।

७. मिति २०७६/०८/२४ गते प्यूठान जिल्लामा कानून र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन।उक्त कार्यक्रममा प्यूठान जिल्ला भित्रका ९ वटा स्थानीय तहका न्यायिक समिति संयोजक तथा सदस्यहरु सहित २९ जनाले सहभागिता जनाउनु भएको थियो।

## ८. कानुनी तथा नीतिगत व्यवस्था

यस कार्यालयले आफूलाई तोकिएको कार्य जिम्मेवारी पुरा गर्न अन्य प्रचलित कानूनका अतिरिक्त देहायका कानूनहरुको अधिनमा रही क्रियाकलाप संचालन गर्दै आएको छ।

१. नेपालको संविधान
२. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५
३. सार्वजनिक खरिद ऐन, २०६३
४. सार्वजनिक खरिद नियमावली, २०६४
५. प्रदेश आर्थिक ऐन, २०७५
६. प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४,
७. प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४
८. संचित कोष संचालन कार्यविधि, २०७४
९. बजेट बक्तव्य, २०७५
१०.प्रदेश सार्वजनिक खरिद सम्बन्धी अन्तरिम व्यवस्था गर्न बनेको कार्यविधि, २०७५
११.आर्थिक वर्ष २०७५/७६ को वार्षिक कार्यक्रम पुस्तिका
१२.सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ ।

## ९.चालू आ.व.को नीति कार्यक्रममा कार्यालयको जिम्मेवारीको क्षेत्रः

प्रदेश सरकारले शासकीय प्रबन्धका सबै काम जरुरी र महत्त्वको आधारमा प्राथमिकीकरण गर्दै सम्पादन गने कार्ययोजना बनाएको छ। यस अन्तर्गत यसै आर्थिक वर्षभित्र नीति, नियम, कार्यविधि, मापदण्ड निर्देशिका लगायत तत्काल आवश्यक ठानिएका प्रशासनिक संरचनाको नीति निर्माण संगै नीति कार्यक्रम कार्यान्वयनलाई व्यवहारिक रुपमा रुपान्तरण गर्ने कार्य जारी छ। प्रदेशसरकारले प्रदेशका जनताको विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न उपलब्ध साधनश्रोत र सामर्थ्यको अधिकतम परिचालन गर्ने कुरामा कुनैकसर बाँकी राख्नेछैन ।

## १०. हालसम्मको प्रगति विवरणः

## १०.१ बहस एवम् प्रतिरक्षातर्फः

यस कार्यालयले प्रतिरक्षा लगायतका कार्य गर्न पाऊँ भनी उच्च अदातल तुलसीपुर र सर्वोच्च अदालत काठमाण्डौमा पत्राचार गरी वहस पैरवीको कार्य गर्दै आएको छ। यस आ.व.मा हालसम्म बहस पैरवी गरिरहेका र किनारा लगाएका मुद्दाहरूको विवरण तालिका नं. २.१८ मा प्रस्तुत गरिएको छ।

**बहस र प्रतिरक्षा सम्बन्धी विवरण**

| क्र. सं. | निवेदकको नाम | विपक्षीको नाम | मुद्दाको नाम / नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | वेलसिंह रावत | शितगंगा नगरपालिका | उत्प्रेषण मिश्रित निषेधाज्ञा परमादेश मुद्दा 074- WO -0023 | रीट खारेज |
| २ | तुल्सीराम शर्मा | सैनामैना न.पाको कार्यालयसमेत | उत्प्रेषण प्रतिषेध र परमादेश ०७४- WO -००७९ | खारेज |
| ३ | विमला कुमारी श्रेष्ठ समेत | घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी समेत | उत्प्रेषण निषेधाज्ञा मिश्रित परामादेश ०७४- WO-००१९ | खारेज |
| ४ | विष्णु प्रसाद मिश्र समेत | जिल्ला समन्वय समिति रुपन्देही समेत | उत्प्रेषण निषेधाज्ञा मिश्रित परामादेश ०७४- WO-००१९ | खारेज |
| ५ | पुष्करवहादुर पाण्डे | लुम्विनी अञ्चल अस्पताल विकास समिति | उत्प्रेषण मिश्रित निषेधाज्ञा परमादेश मुद्दा ०७५- WO -०००१ | खारेज |
| ६ | भेषराज पाण्डे | सामाजिक विकास मन्त्रालय बुटवल | उत्प्रेषण परमादेश एवम् निषेधाज्ञा ०७५- WO -४७ | चालू |

| क्र.सं. | निवेदकको नाम | विपक्षीको नाम | मुद्दाको नाम / नम्बर | कैफियत |
|---|---|---|---|---|
| ७ | रुकमागत पाण्डे | सामाजिक विकास मन्त्रालय बुटवल | उत्प्रेषण परमादेश एवम् निषेधाज्ञा ०७५- wo -४८ | चालू |
| ८ | रिना वि.क. नेपाल | प्रदेश सभा प्रदेश नं. ५ समेत | उत्प्रेषण मिश्रित परमादेश उत्प्रेषण ०७५- wo -००७ | चालू |
| ९ | कृष्ण प्रसाद पाण्डे समेत | भौतिक पूर्वाधार विकास मन्त्रालय | उत्प्रेषण, परमादेश, प्रतिषेध मुद्दा 074-WO-0043 | चालू |
| १० | सफिक मुसलमान | सामाजिक विकास मन्त्रालय | उत्प्रेषण परमादेश प्रतिषेध ०७५-wo-००३८ | चालू |

साथै वहस पैरविका अतिरिक्त उक्त मुद्दाहरूमा लिखित जवाफको स्तरीयता कायम गरी पठाउने गरिन्छ।

**१०.२ कार्यक्रमतर्फ**

१. मिति २०७५।७।१८ गते यस कार्यालयसँग सरोकार राख्ने मन्त्रालय र यस जिल्लास्थित कार्यालयहरूवीच अन्तरक्रिया कार्यक्रम राखी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य अधिकार र सेवा शर्तसम्बन्धी कानूनका बारेमा संक्षिप्त जानकारी गराइएको छ।

२. मिति २०७५।७।३० गते पाल्पा जिल्लाको रिब्दीकोट गाउँपालिकाका माध्यमिक विद्यालयमा अध्यनरत विद्यार्थी समक्ष कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ।

३. मिति २०७५।९।०३ गते रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका वडा नं. १३ स्थित नागरिक समक्ष आधारभूत कानूनी शिक्षा कार्यक्रम संचालन गरिएको छ।

४. मिति २०७५।०९।२० गते पाल्पा, गुल्मी, कपिलवस्तु, रुपन्देही, नवलपरासी र उच्च सरकारी वकील कार्यालय बुटवलका सरकारी वकीलहरूलाई एकदिने

अनुसन्धान र अभियोजनमा सरकारी वकीलको भूमिका विषयक गोष्ठी संचालन गरिएको छ।

५. मिति २०७५।०९।२१ गते पाल्पा, कपिलवस्तु, रुपन्देही, नवलपरासीका जिल्ला र ईलाका प्रहरी कार्यालयका मुद्दा हेर्ने अधिकारीहरूलाई सहभागी गराई एकदिने वैज्ञानिक एवम् वस्तुनिष्ठ अनुसन्धानमा प्रहरी कर्मचारीको भूमिका विषयक गोष्ठी संचालन गरिएको छ।

# २.११ प्रदेश लोक सेवा आयोग

**१.पृष्ठभूमीः**

नेपालको संविधानको धारा २४४ माप्रदेशमा प्रदेश लोक सेवा अयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र संघीय संसद्ले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ। प्रदेश सभाबाट पारित भई मिति २०७६।२।२१ मा प्रमाणीकरण भएको प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ३ बमोजिम प्रदेशमा लोक सेवा आयोगको गठन भई आयोगका अध्यक्षले सपथ ग्रहण गरी पदवहाली गरे संगै प्रदेश लोक सेवा आयोगको कार्यालय मिति २०७६।४।२८ मा बुटवलमा स्थापना भएको छ।

**२.काम, कर्तव्य र अधिकारः**

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरु सञ्चालन गर्नु आयोगको कर्तव्य हो। प्रदेश प्रहरी सेवा लगायत प्रदेशका अन्य सरकारी सेवा र सँगठित संस्थाको पदमा पदपूर्तिका लागि लिखित परीक्षा लिने, प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा र सँगठित संस्थाका सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्वन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श दिने काम पनि प्रदेश लोक सेवा आयोगको रहेको छ। साथै प्रदेश निजामती सेवाको शर्त सम्वन्धी कानूनी विषयमा प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, वढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा, प्रदेश निजामती सेवाको पदमा ६ महिनाभन्दा वढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा वढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा वहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा वढुवा गर्ने विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने र आयोगले परामर्श दिने व्यवस्था गरिएको छ। प्रस्तुत कामका अतिरिक्त आयोगले आफूले गरेको काम कारवाहीको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्दछ।

**३.सँगठन संरचना र जनशक्ति व्यवस्थाः**

प्रदेश लोक सेवा आयोगमा हाल अधिकृत र सहायकस्तर कर्मचारी, हलुका सवारी चालक तथा कार्यालय सहयोगी सहित जम्मा १० जना कर्मचारी कार्यरत रहेका छन्। आयोगका लागि आवश्यक जनशक्ति र सँगठन तालिका स्वीकृतिका लागि प्रदेश सरकारमा पठाइएको छ ।आवश्यकता अनुसार प्रदेश सरकारलाई आयोगमा कर्मचारी पठाउन आयोगले अनुरोध गरेको छ।

**४. चालू आ.व. मा रहेका मुख्य मुख्य कार्यक्रमः**

प्रदेश लोक सेवा आयोगको आ.व. २०७६।७७ को कार्यक्रमका मुख्य विषयहरुमा लोक सेवा आयोगसँग समन्वय गर्ने, कार्यालयको स्थापनामा आवश्यक फर्निचर, मेसिनरी सामानको व्यवस्था गर्ने, नियमावली, निर्देशिका, आचारसंहिता तयारी गर्ने, विज्ञहरुको रोष्टर तयार गर्ने, प्रदेश सरकार र मन्त्रालयहरु र कार्यालयहरु एवं स्थानीय तहहरुसँग अन्तरक्रिया गर्ने, पाठ्यक्रम निर्माण र शैक्षिक योग्यता निर्धारण गर्न गोष्ठी,अन्तरक्रिया गरी सुझाव लिने, वेवसाइट निर्माण गर्ने, आयोगको वुलेटिन र ब्रोसर प्रकाशन गर्ने, पाठ्यक्रम निर्माण गर्ने र माग बमोजिम पदपूर्तिका लागि परीक्षाहरु सञ्चालन गर्न पूर्वाधार तयार गर्ने रहेका छन्। यसै आ.व. मा स्थापना भएको हुँदा आवश्यकता अनुसार नियमभित्र रही कार्यक्रम संशोधन गरी काम गर्दै जान सकिनेछ।

**५.हालसम्म भएका मुख्य मुख्य कामहरुः**

१. यस अवधिमा आयोगले आफ्नो काम, कर्तव्य र भावी कार्यदिशा सम्वन्धमा लोक सेवा आयोग अनामनगर काठमाण्डौसँग दुईवटा अन्तरक्रिया तथा प्रदेश सरकारसँग एक र प्रदेश कार्यालय तथा स्थानीय तहहरुसँग तीनवटा अन्तरक्रिया कार्यक्रम गरी सुझावहरु संकलन गरिरहेको।
२. आयोगले प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ तर्जुमा गरी कानून मस्यौदा कार्यदल एवं अन्य सरकोरवालाको सुझाव लिई अन्तिम रुप दिएको।
३. आयोगले आफ्नो कार्यसम्पादनको लागि विज्ञहरुको रोष्टर तयार गरिरहेको।
४. आयोगले कर्मचारी पदपूर्तिका लागि पाठ्यक्रम निर्माण गर्ने कार्य प्रारम्भ गरेको।
५. आयोगको लागि आवश्यक जनशक्ति सहितको सँगठन संरचना स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्ताव पेश गरेको।
६. योग्यता तोकी आयोगलाई उपलब्ध गराइदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गरिएको।

७. आयोगको स्थापना भएदेखि हालसम्म न्यूनतम पूर्वाधार (भौतिक, आर्थिक, कानूनी र प्रशासनिक पक्ष)को व्यवस्थापनको लागि सम्वन्धित मन्त्रालयहरुसँग समन्वय गरी पूर्वाधारको विकास हुदै गएको।

८. आयोगको लागि आवश्यक कार्यविधि मापदण्ड, आचारसंहिता निर्माण गर्ने कार्य भैरहेको।

९. प्रदेश सरकारबाट माग भएको वखत कर्मचारी पदपूर्तिको प्रक्रिया प्रारम्भ गर्ने गरी आयोगले तयारी गरिरहेको।

१०. कार्यालयको वेवसाइट निर्माण भएको र यसलाई अझ वढी सम्पन्न गर्ने प्रक्रियामा रहेको।

११. मिति २०७६।१०।१३ गतेसम्म आयोगको सात पटक वैठक वसी विभिन्न निर्णयहरु गरी कामलाई अघि वढाइएको छ।

# २.१२ प्रदेश योजना आयोग

**१.पृष्ठभूमिः**

प्रदेश सरकार स्थापनाको २ वर्षलाई फर्केर हेर्दा प्रदेश योजना आयोग गत आ.व.२०७५/७६ सम्म अलग्गै निकायको रुपमा नभइ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एउटा ईकाइको रुपमा रहेको थियो। चालू आ.व.२०७६/७७ मा प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश,२०७४ को दोस्रो संशोधन पछि अलग्गै सचिवालयको समेत स्थापना हुन पुगेको छ।प्रदेश सरकारको दूरगामी सोंच सहितको विकास अवधारणा तयार गर्ने, अवधारणा अनुसारको उद्देश्य तथा लक्ष्यहरु निर्धारण गर्ने, दिर्घकालीन र अल्पकाली नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेशस्तरका महत्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवम् मूल्याङ्कन गरी प्राप्त सूचनाका आधारमा अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता वमोजिको राय, सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने उद्देश्यका साथ विज्ञ सँगठनको रुपमा प्रदेश योजना आयोगको गठन गरिएको थियो।आयोगको गठन तथा सचिवालयको सँगठन संरचना यस प्रकार रहेको छ।

## २. आयोग तथा सचिवालयको सँगठन संरचना

प्रदेश नं ५, प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश,२०७४ वमोजिम प्रदेश योजना आयोगमा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा देहाय वमोजिमका पदाधिकारीहरु रहेन व्यस्था छ।

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) प्रदेश सरकारबाट नियुक्त एक जना -उपाध्यक्ष


(ग) प्रदेश सरकारबाट नियुक्त कम्तिमा एकजना महिला सहित बढीमा ४ जना -सदस्य

(घ) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव

प्रदेश सरकारका प्रमुख सचिव आयोगको बैठकमा आमन्त्रित स्थायी सदस्यको रुपमा रहने व्यवस्था रहेको छ।

प्रदेश योजना आयोगका संगठन संरचना देहाय अनुसार रहेको छ।




संरचना अनुसार प्रदेश योजना आयोगमा पूर्णकालीन पदाधिकारीको रुपमा १ (एक) जना उपाध्यक्ष र बढीमा ४ (चार) जनासम्म सदस्यहरु रहने व्यवस्था छ। जस अनुसार हाल १ जना उपाध्यक्ष प्रा.डा.ईश्वर गौतम र २ जना सदस्यहरु डा.बिष्णु प्रसाद गौतम र पुष्पा भुसाल (लुईटेल) प्रदेश सरकारबाट नियक्त भइ कार्यरत रहनुभएको छ।उल्लेखित संरचना बमोजिम आयोगको पूर्ण बैठक बस्ने र उपाध्यक्षको अध्यक्षतामा प्रदेश योजना

आयोगका सदस्य र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव सदस्य-सचिव रहनेगरी आयोगको नियमित बैठक बस्ने कानूनी ब्यवस्था रहेको छ।

### ३. आयोगको कार्यक्षेत्र तथा जिम्मेवारी

प्रदेश योजना आयोगको देहायका ५ (पाँच) मुख्य कार्यक्षेत्र तथा जिम्मेवारी रहेका छन।

(क) दिर्घकालीन सोंच, तथ्यपरक नीति तथा योजनाको तर्जुमा गर्ने।

(ख) अनुगमन तथा मूल्याङ्कन गर्ने।


(ग) तहगत समन्वय गर्ने।

(घ) अध्ययन, अनुसन्धान र अन्वेषण गर्ने।

(ङ) लगानीका लागि आवश्यक समन्वय र परामर्श गरी लगानीको वातावरण तयार गर्ने।

### ४. आयोगको सचिवालयको संगठन संरचना तथा दरवन्दी

प्रदेश योजना आयोगको सचिवालयको सँगठन संरचना र कर्मचारीको दरवन्दी देहाय अनुसार रहेको छ।



गत आ.व.२०७५/७६ सम्म आयोगको लागि छुट्टै कर्मचारी दरवन्दी व्यवस्था थिएन। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आयोगलाई सचिवालयको सेवा प्रदान गरिरहेको अवस्था थियो जसका लागि एक जना राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत कर्मचारीलाई आयोगको कामकाज गर्न खटाईएको थियो। चालु आ.व.२०७६/७७ मा प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश,२०७४ को दोस्रो संशोधन पछि प्रदेश सरकारबाट आयोगको लागि अस्थायी कर्मचारी दरवन्दी स्वीकृत भइ अलग सचिवालयको समेत स्थापना भएको छ।

## ५. नीति तथा कार्यक्रम अनुसार आयोगको जिम्मेवारीः

१. गत आ.व.२०७५/७६ को नीति तथा कार्यक्रमको बुँदा नं. १६ मा आवधिक योजना बनाउने प्रमुख कार्यक्रम रहेको थियो। उक्त कार्यक्रमलाई प्रमुख प्राथमिकता दिइ प्रदेश योजना आयोगले गत आ.व.२०७५/७६ मा प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) निर्माण गर्ने कार्य सम्पन्न गरेको छ।

२. त्यसै गरी चालु आ.व.२०७६/७७ को नीति तथा कार्यक्रमको बुँदा नं. ३७ मा उल्लेखित तीव्र आर्थिक विकासका लागि आवश्यक लगानी प्रवर्द्धन गर्न लगानीकर्तालाई केन्द्रित गरी "लगानी सम्मेलन"को आयोजना गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी  कार्य अगाडि बढाईएको छ।

३. नीति तथा कार्यक्रमको बुँदा नं. ८६ मा लुम्बिनी प्रादेशिक अस्पताललाई विशिष्टिकृत अस्पतालको रुपमा रुपान्तरण गरी जटिल रोगको उपचार प्रदेशभित्रैउपलब्ध गराउने व्यवस्थाको शुरुवातको लागि प्रदेश योजना आयोगका उपाध्यक्ष प्रा.डा.ईश्वर गौतमज्यूको संयोजकत्वमा "लुम्बिनी प्रादेशिक अस्सपताल सुधार सुझाव उच्चस्तरीय समिति" गठन भइ अस्पतालको अल्पकालीन सुधारको लागि प्रारम्भिक प्रतिवेदन प्रदेश सरकारमा पेश गरिएको छ भने दीर्घकालीन सुधारको लागि गुरुयोजना निर्माणको काम भैरहेको छ।

४. नीति तथा कार्यक्रमको बुँदा नं. १०७ मा प्रदेश योजना आयोग अन्तर्गत "प्रदेश परियोजना बैंक" स्थापना गर्ने कार्यक्रमलाई उच्च प्राथिकता दिइ हाल प्राविधिक जनशक्ति परामर्श सेवाबाट लिनको लागि प्रक्रिया अगाडि बढाईएको छ।

## ६. चालू वर्षमा सम्पादन गरिएका प्रमुख कार्यहरु

१. लुम्बिनी प्रादेशिक अस्सपताल सुधार सुझाव उच्चस्तरीय समिति" गठन भइ अस्पतालको अल्पकालीन सुधारको लागि प्रारम्भिक प्रतिवेदन प्रदेश सरकारमा पेश गरिएको छ। दिर्घकालीन सुधारको लागि गुरुयोजना निर्माणको काम भैरहेको छ।

२. दिगो विकास लक्ष्यको आधार तथ्याङ्क प्रकाशनः संयुक्त राष्ट्र संघ विकास कार्यक्रम (UNDP)को आर्थिक सहयोगमा दिगो विकास लक्ष्यको आधार तथ्याङ्क(SDG Base Line Report)तयार गरी प्रकाशन गर्नुका साथै सार्वजनिकिकरण गरिएको।

३. पूर्वाधार विकास प्राधिकरणः यस प्रदेशको समग्र भौतिक पूर्वाधर विकासको लागि पूर्वाधार विकास प्राधिकरण स्थापनाका गर्ने कार्यको लागि प्रदेश योजना आयोगबाट मस्यौदा तयारी गरी प्रदेश सरकारद्वारा प्राधिकरण गठन तथा सञ्चालनको आदेश स्वीकृत भएको छ।

४. विकासमा समन्वयका लागि प्रदेशमा कार्यरत गैससहरुसँग अन्तरक्रियाः भूमण्डलीकरण, विश्वव्यापीकरण र उदारीकरणको युगमा गैर सरकारी तथा अन्तर्राष्ट्रियगैर सरकारी संस्थाहरुलाई समेत विकासको साझेदारको रुपमा स्विकार गरिएको छ। सोही मान्यतालाई स्विकार गर्दै प्रदेश योजना आयोगले प्रदेश नं. ५ भित्र क्रियाशिल रहेका गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग प्रदेश सरकारले लिएका लक्ष्य तथा उद्देश्यहरुलाई पुरा गर्न प्रदेश सरकारसँग समन्वय गरी आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न अनुरोध गर्दै विभिन्न छलफल, गोष्ठी तथा अन्तरक्रियाहरु सञ्चालन गरेको छ।राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरुसँग भएको छलफल तथा अन्तरक्रियाको मिति देहाय वमोजिम रहेको छ।

५. UNDP नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा तयार गरिएको दिगो विकास आधार तथ्याङ्क प्रतिवेदन (SDG's Base Line Report) मिति २०७६ श्रावण १० गते माननीय मुख्यमन्त्री शंकर पोखेलज्यूद्वारा सार्वजनिक गरिएको।

६. UNICEF नेपालले सन् २०१९/२० मा प्रदेशभित्र सञ्चालन गर्ने कार्यक्रमहरुको बारेमा मिति २०७६ श्रावण २१ गते सार्वजनिकिकरण गरेको।

७. प्रदेशभित्र कार्यक्षेत्र भएका गैससहरुसँग माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा मिति २०७६ श्रावण २९ गते छलफल तथा अन्तरक्रिया गरिएको।

८. मित्र राष्ट्र चीनको सिचुआन प्रान्तसँग भगिनी सम्वन्ध स्थापनामा आयोगको सहभागिताः जनवादी गणतन्त्र चीनको सिचुवान प्रान्तसँग प्रदेश नं. ५ सरकारको भगिनी सम्वन्ध स्थापना कार्यमा आयोगका सदस्य डा.बिष्णु प्रसाद गौतमले मिति २०७६ आश्विन महिनामा सो प्रान्तको भ्रमण गरी प्रदेश सरकारको उक्त कार्यमा सहयोग गर्नुभएको छ।

९. मापदण्ड निर्माणः चालू आ.व.२०७६/७७ मा प्रदेश योजना आयोगले "बहुवर्षिय आयोजना स्विकृती तथा ठेक्का बन्दोवस्त सम्वन्धी मापदण्ड,२०७६" निर्माण गरी प्रदेश सरकारबाट स्विकृत भैसकेको छ र उक्त मापदणड वमोजिम बहुवर्षीय आयोजनाहरुको स्वीकृति दिने काम शुरु भएको छ। हालसम्म ११ (एघार) वटा परियोजना तथा कार्यक्रमको स्वीकृति प्रदान गरिसकिएको छ। "प्रदेश गौरवका आयोजना निर्धारण सम्वन्धी मापदण्ड,२०७६" को मस्यौदा तयार गरी छलफलको चरणमा रहेको छ।


१०. मिति २०७६ साल पौष ३ गते प्रदेश मन्त्रालयहरुका सचिवज्यूहरुसँग "प्रदेश गौरवका आयोजना निर्धारण सम्वन्धी मापदण्ड,२०७६" को मस्यौदा उपर छलफल भयो र छलफलबाट प्राप्त सुझावहरु समेटेर मस्यौदा संशोधन गरी मन्त्रिपरिषद्समक्ष पेश गर्ने दिशामा तयारी भैरहेको छ।

११. लुम्बिनी प्रादेशिक अस्पतालको गुरुयोजनाः लुम्बिनी प्रादेशिक अस्पताललाई विशिष्टिकृत अस्पतालको रुपमा विकास गर्न प्रदेश सरकारबाट प्रदेश योजना आयोगका उपाध्यक्ष प्रा.डा.ईश्वर गौतमज्यूको संयोजकत्वमा "लुम्बिनी प्रादेशिक अस्पताल सुधार सुझाव उच्चस्तरीय समिति" गठन भइ सो समितिले प्रारम्भिक मस्यौदा प्रतिवेदन प्रदेश सरकारमा पेश गरि सकेको र अन्तिम प्रतिवेदन पेश गर्नको लागि सो अस्पतालको गुरुयोजना तयारी सम्वन्धी काम भैरहेको छ। गुरुयोजना तयारीको लागि परामर्शदाता (Consultant)सँग सम्झौता भइ गुरुयोजनाको काम अगाडि बढी सकेको छ।

१२. परियोजना बैंक योजनामा आधारित रहेर प्रदेशको विकास गर्दै प्रदेशको समृद्धि र जनताको खुसी हासिल गर्नको लागि रूपान्तरणकारी तथा प्रतिफलमुखी आयोजनाहरू

छनौट गरी कार्यान्वयन गर्दै लैजानु पर्ने हुन्छ। प्रथम आवधिक योजनाले तय गरेका लक्ष्यहरू हासिल गर्नका लागि प्रदेशमा गर्नुपर्ने कुल लगानीको करिब ६२% लगानी निजी क्षेत्रबाट हुने अनुमान गरिएको छ। सन २०३० सम्ममा दिगो विकासका लक्ष्यहरु समेत हासिल गर्नका लागि उपलव्ध सिमित वित्तीय स्रोतलाई प्रभावकारी परिचालन गर्नु पर्दछ। प्रदेश सरकारले कृषि, उद्योग र पर्यटनलाई प्रदेश समृद्धिको आधारको रुपमा लिएको छ र आधारहरुको परिचालनका लागि भौतिक पूर्वाधारको विकासलाई महत्वपूर्ण रणनीतिको रुपमा लिइएको छ। योजनाबद्ध विकासको माध्यमद्वारा लक्ष्य प्राप्तिका लागि विपद् व्यवस्थापन तथा वातावरणको संरक्षण गर्दै गुणस्तरीय सेवाप्रवाह गर्ने रणनीतिहरु लिइएको छ। परियोजना बैंक निर्माणका चरणहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**परियोजना बैंक निर्माणको कार्यबहावः**



१३. स्थानीय तहहरुको आवधिक योजना निर्माण:प्रदेशभित्रका स्थानीय तहहरुको आवधिक योजना निर्माणमा सहयोग गर्ने उद्देश्यले मिति २०७६ साल मंसिर महिनामा प्युठान जिल्लाका आवधिक योजना निर्माण नगरेका स्थानीय तहहरुसँग १ (एक) दिने अन्तरक्रिया कार्यक्रम गरिएको थियो। वर्तमानको अवसुथा देखिने तथ्याङ्क नै आवधिक योजनाको मुख्य आधार भएकाले मिति २०७६ साल पौष २२ र २३ गते दाङको भालुवाङमा रोल्पा, दाङ, प्युठान, बाँके र बर्दियाका स्थानीय तहहरुसँग, मिति २०७६ साल पौष २५ र २६ गते बुटवलमा रुपन्देही, कपिलवस्तु र नवलपरासी पश्चिमका स्थानीय तहहरुसँग, मिति २०७६ साल पौष २७ र २८ गते गुल्मीको रिडीमा पाल्पा, गुल्मी, अर्घाखाँची र रुकुम पूर्वका स्थानीय तहहरुसँग संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विकास गरिएको तथ्यङ्क संकलनमा प्रयोग हुने APP सम्वन्धी २/२ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ। उक्त अभिमुखिकरण कार्यक्रमले स्थानीय तहहरुलाई तथ्याङ्क संकलन सम्वन्धी कार्य र आवधिक योजना निर्माण कार्यमा सहयोग पुग्न जाने अपेक्षा प्रदेश योजना आयोगले लिएको छ।

१४. Wash Planर खानेपानी संकल्प कार्ययोजना: प्रदेश योजना आयोगले अघि सारेको अवधारणालाई मूर्त रुप दिन प्रदेश समन्वय परिषद तथा विभिन्न तहमा पटकपटक छलफल, अन्तरक्रिया गरिएको र हाल १०९ पालिकाको Wash Planको Field Data Collectionसम्बन्धित कार्य भईरहेको छ।

१५. अनुगमन तथा मूल्याङकन: प्रदेश योजना आयोगले प्रदेश सरकारबाट गत आ.व.२०७५/७६ मा सञ्चालन गरेका आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षणको कार्यको शुरुवात गरेको छ। अनुगमन गरिएका स्थानहरुको विवरण यस प्रकार रहेको छ।

१६. उपाध्यक्षज्यूको नेतृत्वमा पाल्पाको रिब्दीकोट गाउँपालिकाले गत आ.व.२०७५/७६ मा सञ्चालन गरेको प्रदेश सरकारको सशर्त अनुदानबाट सञ्चालन गरेका बहुउद्देश्यीय सभाहल र खेल मैदान आयोजनाको अनुगमन मिति २०७६ साल मंसिर महिनामा गरिएको।

१७. प्रदेश योजना आयोगका सदस्यज्यूहरु डा.बिष्णु प्रसाद गौतम र श्री पुष्पा भुसाल (लुईटेल) लगायत आयोगका कर्मचारीहरुको संयुक्त टोलीबाट दाङ, प्युठान र रोल्पा जिल्लाका केही स्थानहरुमा गत आ.व.२०७५/७६ मा प्रदेश सरकारका मन्त्रालयहरुद्वारा सञ्चालन गरिएका पूर्वाधार निर्माणअन्तर्गत सडक निर्माण र कृषि

सम्वन्धी आयोगजनाहरु अन्तर्गत स्मार्ट कृषि गाउँ सम्वन्धी आयोजनाहरुको अनुगमन गरिएको छ भने आगामी दिनमा सञ्चालन गरिने केही योजनाहरु (सौर्य उर्जा उत्पादन, पर्यटन विकासमा सहयोग पुग्ने केही आयोजनाहरु) को लागि स्थान अवलोकनको कार्य समेत सम्पन्न गरिएको छ।

१८. अन्य कार्यहरुः

- विद्युत प्राधिकरण र उर्जा तथा जलश्रोत मन्त्रालय, AEPC सँग अन्तरक्रिया तथा प्रदेश योजना आयोगबाट प्रस्तुतीकरण भएको।
- दाङको दंगीशरण गाउँपालिकाबाट पेश हुन आएको थारु साँस्कृतिक संग्रहालय सम्वन्धी DPRको विषयमा माग गरिएको राय प्रतिक्रिया दिइएको ।
- रामपुर-कपुरकोट सडक अन्तर्गतप्युठानको भिङ्ग्री-दाखाक्वाडी सडक खण्डको DPRसम्वन्धमा भौतिक पूर्वाधार विकास मन्त्रालयबाट माग गरिएकोमाआयोगबाट राय प्रदान गरिएको।
- बुटवल-भैरहवा आसपासका सडक करीडोर सम्वन्धी अन्तरक्रिया कार्यक्रम GIZसँगको सहकार्यमा मिति २०७६ साल पौष २४ गते समपन्न भएको।
- राष्ट्रिय योजना आयोगसँग सबै प्रदेशका योजना आयोगहरुसँग समन्वय तथा अन्तरक्रिया कार्यक्रम गरिएको।
- नेपाल उद्योग परिसंघ (CNI)द्वारा आयोजित "पूर्वाधार विकास सम्मेलन" मा परियोजनाहरुको प्रस्ताव तथा स्टलराखी प्रदर्शनीमा सहभागिता जनाएको।
- प्रदेशका सबै मन्त्रालयहरुका प्रवक्ताहरुसँग हरेक महिनाको ८ गते नियमित छलफल गर्ने कार्यको थालनी गरिएको।
- मिति २०७६ साल श्रावण देखि प्रदेश योजना आयोगले मासिक योजना बुलेटीनको प्रकाशन गर्न थालनी गरेको।

# परिच्छेद—तीन
## समस्या तथा चुनौती र भावी कार्यदिशा

प्रदेश सरकार संचालनमा आएको दुईवर्ष पुरा भएको छ। लामो राजनीतिक अभ्यास पछि जारी भएको नेपालको संविधान र सो अनुरुप भएको तीनवटै तहका निर्वाचन पश्चात सरकारहरु गठन भई कार्यसम्पादन भइरहेका छन्।संविधानद्वारा निर्धारित एकल एवं साझा अधिकार सूची बमोजिमका अधिकारको अभ्यास एवं सो बमोजिम दायित्व निर्वाह गर्ने क्रममा प्रदेश सरकार जनताको दोस्रो नजिकको सरकारको रुपमा रहेको छ। साथै विकास निर्माणका कार्यहरु संचालन गर्ने सन्दर्भमा प्रदेश सरकार एकल महत्वपूर्ण र संरचनाको रुपमा स्थापित भएको छ। संघीयताको विषय सबैको लागि नयाँ विषयको रुपमा रहनु, प्रादेशिक संरचना पूर्व स्थापित संरचना नभएको र सबै विषयहरु शुन्यबाट शुरु गर्ने अवस्था रहनु, आफ्नै जनशक्ति र भौतिक संरचनाहरु नरहनु, संविधानद्वारा स्पष्ट गरिएका विषयहरुका साथै अस्पष्ट विषयहरुमा समेत संघीय कानूनहरु समयमा प्राप्त हुन नसक्नु आदि जस्ता कारणले अझै पनि प्रदेश सरकार पूर्ण गतिशील हुन सकिरहेको अवस्था छैन तथापि आवश्यकता र औचित्यताका आधारमा सँगठन संरनचा एवं जनशक्तिको व्यवस्थापन गरी संवैधानिक र कानूनी व्यवस्था बमोजिम प्रदेशका कृयाकलापहरुलाई व्यवस्थित गरी अगाडि बढ्ने क्रममा थुप्रै उपलब्धिहरु हासिल भएका छन् र आमजनतामा प्रदेशको आवश्यकता महसुस गराउन प्रदेश सरकार सफल भएको छ। राजनीतिक संघीयताको सफल कार्यान्वयन भएता पनि कानूनी, प्रशासनिक र वित्तीय संघीयताले पूर्णता नपाइसकेको स्थिति छ। संविधानतः हुनुपर्ने कर्मचारी समायोजनको एक चरणको प्रकृया सम्पन्न भएता पनि यसले अझै पूर्णता पाइनसकेको स्थिति छ जसबाट सँगठन संरचना र जनशक्ति व्यवस्थापनमा प्रदेश स्वतन्त्र रुपमा अगाडि बढ्न सकिरहेको छैन। प्रदेशको स्थायी राजधानी तोक्ने र नामाकरण गर्ने प्रयोजनका लागि प्रदेश सभामा समिति गठन भई काम अगाडि बढेको छ र संभवत चालू चौथो अधिवेशनबाट यस विषयमा प्रदेश सभा निर्णयमा पुग्ने अपेक्षा गरिएको छ। साझा अधिकार सूचीका विषयमा आधारित कानूनहरू र

संविधानको धारा २३५ बमोजिम संघीय संसदबाट बन्नुपर्ने समन्वय कानून बन्ने क्रममा छ। त्यसैगरी संविधानसँग बाझिएका कानूनका प्रतिस्थापन कानूनहरू संघीय संसदबाट जारी भएकाले कार्यप्रकृयामा सरलता भएतापनि थुप्रै विषयहरुमा संघीय कानूनहरु नबने सम्म अगाडि बढ्न नसक्ने स्थिति छ।

# ३.१ समस्या तथा चुनौती

प्रदेश सरकार संचालनको प्रारम्भ देखि नै मुख्य रुपमा देखापरेका जनशक्ति अभाव भौतिक साधन र स्रोतको न्यूनता, कानूनी अन्यौलताको अवस्थालाई चिर्दै वर्तमान अवस्थामा आईपुग्दा समेत निश्चित विषयहरु विगत देखिनै चुनौतिका रुपमा रहेका छन् साथै समय सन्दर्भ अनुसार थप भएका समेत गरी समग्र समस्या तथा चुनौतीहरुलाई यस प्रकार उल्लेख गरिएको छ :

१. संघीय संरचनामा जनताले पाउने सेवामा प्रदेश सरकार जनताको दोस्रो नजिकको सरकार भएको र राजनीतिक परिवर्तनसंगै बढेको जनआकांक्षालाई सम्बोधन गरी समृद्ध प्रदेशको लक्ष्य हासिल गर्ने चुनौती छ।
२. संघीय कानूनहरू जारी नभई विशेषतः प्रदेशबाट साझा अधिकार सूचीका विषयमा कानूनहरू जारी हुन नसक्ने स्थिति छ। संघीय संसदबाट बन्नुपर्ने कानूनहरू निर्माण कार्य भईनसकेको कारणले कानूनहरू निर्माण कार्य कठिनाई उत्पन्न भएको छ।
३. वित्तीय संघीयताका पूर्ण कार्यान्वयन हुन नसकेको प्रदेशको राजस्वका स्रोतहरू न्यून भएकाले प्रादेशिक आवश्यकता अनुसार स्रोतको व्यवस्थापनमा चुनौती छ।
४. संघबाट संरचना हस्तान्तरण भएका तर त्यसका प्रणाली हस्तान्तरण नभएका (जस्तै यातायात व्यवस्था कार्यालहरु) वा प्रणाली हस्तान्तरण भएका तर अभिलेख वा संरचना हस्तान्तरण नभएका (जस्तै विभिन्न भौतिक निर्माण सँग सम्बन्धित आयोजनासँग सम्बन्धित अभिलेखहरु) वा प्रदेशको अधिकार क्षेत्र भित्र पर्ने तर संरचना र प्रणाली केही पनि हस्तान्तरण नभएका (जस्तै मालपोत कार्यालयहरु, प्राविधिक शिक्षालयहरु, औद्योधिक क्षेत्रहरुआदि) को संरचना, प्रणाली र अभिलेख प्राप्त गर्न र सेवा प्रवाहमा सुधार ल्याउनु पर्ने अवस्था छ।

५. प्रादेशिक आवश्यकता अनुरुप विकास योजनाहरू तर्जुमा गरी त्यसलाई संघीय र स्थानीय सरकारका विकास योजनासँग तालमेल मिलाउनु चुनौतीपूर्ण छ। साथै स्थानीय तहले चालू आ.व. भित्रमा आवधिक योजना बनाउने प्रतिबद्धता जनाएको भएता पनि थोरै स्थानीय तहले मात्र उक्त कार्य सम्पन्न गरेकाले संघीय आवधिक योजना संगै प्रादेशिक आवधिक योजना र स्थानीय विकास योजनाहरुबीचमा सामञ्जस्यता स्थापना गर्नु चुनौतीपूर्ण छ। यसैगरी सेवा प्रवाहका लागि संविधानले स्थानीय तहहरूलाई मुख्य निकायको रुपमा परिकल्पना गरेको र स्थानीय तहहरू छुट्टै सरकारका रुपमा रहेकाले स्थानीय तहहरूसँगको समन्वयमा सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्ने अवस्था छ।

६. न्यून जनशक्तिबाट प्रदेशको सम्पूर्ण कार्य संचालन गर्नुपरेको अवस्थामा जनशक्ति ब्यवस्थापनको कार्य जटिल रहेको छ।साथै, हाल सम्म संघीय निजामती सेवा सम्बन्धी कानून नबन्नु तथा उक्त कानूनले निर्धारण गर्ने निजामती सेवाका आधारहरु बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सेवासम्बन्धी कानून जारी हुनुपर्ने कारणले उक्त कानून यथाशक्य छिटो प्राप्त गर्नुपर्ने अवस्था छ। कर्मचारी समायोजन मार्फत् प्रदेशले प्राप्त गरेका जनशक्तिहरू मिलान गरी प्रदेश र स्थानीय तहको आवश्यकता अनुसार विभिन्न प्रकारका विषय क्षेत्रगत जनशक्तिको पूर्वानुमान, प्राप्ति, क्षमता विकास र परिचालन जस्ता विषयहरू चुनौतीपूर्ण छन्।

७. प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने विषयहरूको कार्य सम्पादनका लागि आवश्यकता अनुसार सँगठन संरचना तयार गर्नु, कार्यालयहरूको लागि आवश्यक भौतिक संरचनाहरू प्राप्त/निर्माण गर्नुपर्ने स्थिति छ।

८. प्रदेशको आन्तरिक सुरक्षाको विषय प्रदेशको एकल अधिकारको विषय रहेको भएपनि हालसम्म राष्ट्रिय सुरक्षासबन्धी संघीय कानून बनिनसकेको कारणले सुरक्षा निकायहरूको ब्यवस्थापन, परिचालन र जनताको सुरक्षाको विषयमा प्रदेश सरकार सक्रिय हुन नसकेको स्थिति छ।

९. विगतमा संघबाट संचालन भएकका केही विकास आयोजनाहरू विशेषतः सडक तथा सिचाई जस्ता पूर्वाधारका आयोजनाहरू प्रदेशस्तरमा स्तरमा हस्तान्तरण भए पनि

त्यससँग सम्बन्धित जनशक्ति र ती आयोजना सम्पन्न गर्न लाग्ने बजेट रकम हस्तान्तरण नहुँदा समस्या भएको छ।

१०. तीन वटै तहका सरकारहरूले सेवा प्रवाह गर्ने भूगोल र जनता एउटै हुने तर सेवाको प्रकृति फरक तहका सरकारमा बाँडिएको कारणले एकीकृत रुपमा विकास निर्माण र सेवा प्रवाह गर्ने विषय चुनौतीपूर्ण छ। साथै संविधानले परिकल्पना गरे अनुरुप राष्ट्रिय स्तर वा बृहत् प्रकृतिका आयोजना, प्रादेशिक स्तरका आयोजना र स्थानीय स्तरका आयोजनाको केही हदसम्म वर्गीकरण भएता पनि त्यसको वैज्ञानिक वर्गीकरण हुन नसकेकोले विकास निर्माणका कार्यमा दोहोरोपना आउन सक्ने स्थिति रहेको छ।

११. प्रदेश र स्थानीय तहले प्राप्त गर्ने साझा अधिकार सूचीका राजस्वका स्रोतहरुबाट संकलन हुने राजस्वको बाँडफाँडका विषयमा कतिपय स्थानीय तहहरुको कम चासो रहेका कारणले उक्त विषयलाई व्यवस्थित गर्ने कार्य चुनौतीपूर्ण छ।

१२. एकात्मक संरचनामा रहेका र संघीय शासन प्रणालीको कार्यान्वयन पश्चात प्रदेश र स्थानीय तहसँगको कार्यप्रणाली परिभाषित हुन नसकेका निकायहरु (विशेषगरी नेपाल सरकार मातहत रहेका सार्वजनिक संस्थानहरु (जस्तैः नेपाल विद्युत प्राधिकरण, नेपाल नेपाल टेलिकम, कृषि विकास बैंक आदि) को प्रादेशिक इकाइहरुको प्रदेशसँगको सम्बन्ध स्पष्ट नभएकाले विकास निर्माण र सेवा प्रवाहका कार्याहरुलाई व्यवस्थित गर्ने कार्य चुनौतीपूर्ण छ।

१३. प्रदेशले आफ्ना विकास कार्यक्रम तथा आयोजनाहरु निर्माण र संचालन गर्दा जग्गा प्राप्तीको विषय जटिल र कठिन भएको कारणले समग्र कार्यक्रम र आयोजना व्यवस्थापन समस्याग्रस्त रहेको छ।

१४. नेपाल सरकारबाट शशर्त अनुदान मार्फत पठाइएका कार्यक्रमहरु टुक्रे कार्यक्रमका रुपमा रहेका तथा कार्यक्रमसंगै कार्यविधि तथा निर्देशिका नआउँदा काम गर्न अप्ठ्यारो भएको र कार्यक्रमकै प्रभावकारिता कम हुने देखिएको छ।

१५. "राष्ट्रिय योजना आयोगबाट जारी संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरुको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड

२०७६" बमोजिम प्रदेश र स्थानीय तहले संचालन गर्ने आयोजना कार्यक्रमहरुको हस्तान्तरण नहुनुले काम र जवाफदेहितामा चुनौती थपिएको छ।

## ३.२ अवसर

संविधानमै एकल अधिकारको रुपमा निश्चित अधिकारहरू निर्दिष्ट गरिएका, साझा अधिकार सूचीका विषयहरूमा समेत कार्यविस्तृतीकरण प्रतिवेदनले वर्गीकृत गरेको, कर्मचारी समायोजन कार्य करीब सम्पन्न भएको, प्रहरी सेवा सम्बन्धी संघीय कानूनको प्राप्तिसंगै प्रदेश प्रहरी समायोजनको कार्य अगाडि बढ्ने अवस्था रहेको, अधिकार तथा दायित्व बमोजिम धेरै कार्यालय तथा संरचनाहरु प्रदेशमा हस्तान्तरणका, वित्तीय संघीयताले समेत गति लिएको, संघ र स्थानीय तहसँग समन्वयको अवस्था राम्रो रहेको, को कार्य समेत , संघीयताको अभ्यासमा आमजनता आशावादी रहेको, सुविधाजनक बहुमत प्राप्त संसद र स्थीर सरकार रहेकोले तीव्र आर्थिक वृद्धि र विकास गर्ने अवसर प्राप्त छ। प्रारम्भिक अवस्थामै प्रभावकारी संयन्त्रहरू निर्माण गर्दै प्रशासनिक दक्षता विकास गर्न सकिने, प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा स्थानीय सेवा लगायत विभिन्न आवश्यक सेवा सम्बन्धी कानूनहरु प्रदेश स्तरबाटै तर्जुमा गरी अगाडि बढ्न सकिने स्थिति रहेको, विकास प्रशासनलाई चुस्त बनाउन आवश्यक गतिशील संचरना प्रारम्भ देखिनै निर्माण गर्न सक्ने अवसर रहेको, आवधिक योजनाको तर्जुमा भई प्रदेशको योजनाबद्ध विकासको प्रकृया थालनी भएको, प्रदेशबाट तर्जुमा हुनुपर्ने आधारभूत कानूनहरु तर्जुमा भईसकेका, आर्थिक वृद्धि र विकास प्रति जनताको उत्कट चाहना र अपेक्षा रहेकोले तीनवटै तहका सरकारहरूबीच समन्वय कायम गरी जनताको विकास र समृद्धिको आकांक्षा पुरा गर्न सकिने स्थिति छ।

## ३.३ भावी कार्य दिशा

प्रस्तुत समस्या तथा चुनौतीहरूलाई प्राप्त अवसरको माध्यमबाट निराकरण गर्दै प्रदेशले लिएको "समृद्ध प्रदेश खुसी जनता" को दीर्घकालीन गन्तव्य प्राप्त गर्न प्रदेशका कृयाकलापहरू केन्द्रित हुनुपर्दछ। सरकारका कामहरूलाई जनअपेक्षा अनुरुप संचालन गर्ने र सिमित स्रोत र साधनबाट अधिकतम लक्ष्य प्राप्त गर्ने सन्दर्भमा प्रदेश सरकारले बिभिन्न

दस्तावेजहरु मार्फत आफ्नो कार्यदिशा उजागर गरिरहेको अवस्था छ। यस सन्दर्भमा प्रदेश सरकारले देहायका कार्यदिशाहरूमा आफ्नो ध्यान केन्द्रित गर्नेछ।

**१. प्राथमिकीकरण गरी कानून तर्जुमा**

संविधान अनुसार प्रदेशको एकल अधिकार सूचीभित्र रहेका आधारभूत कानूनहरुको तर्जुमा भइसकेको अवस्थामा साझा आधिकार सूचीमा आधारित कानून हरुको साथै आवश्यक्तामा आधारित कानूनहरुको तर्जुमा गरी कार्यान्वयनमा लैजानु पर्दछ। साथै स्थानीय तहका लागि आवश्यक प्रदेश कानूनहरु प्राथमिकताका साथ तर्जुमा गर्ने र यसैगरी स्थानीय तहबाट निर्माण हुने कानूनमा एकरुपता ल्याउन स्थानीय तहसँग आवश्यक समन्वय गर्ने तर्फ प्रदेश सरकार केन्द्रित रहनु पर्दछ।

**२. प्रादेशिक स्थानीय सेवाको व्यवस्थापन**

संवैधानिक अधिकार बमोजिम सेवा प्रवाहमा प्रभावकारीता ल्याउन एकीकृत प्रशासनिक संरचना तयार गर्ने, संस्थागत संरचनाको सट्टा सेवा प्रवाहलाई जोड दिने, लागत मैत्री छरिता संरनचाहरु निर्माण गरी जनशक्ति व्यवस्थापन गर्ने, प्रदेश लोक सेवा आयोग संचालनमा आइसकेको सन्दर्भमा आवश्यक कानून तर्जुमा गरी प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति आपूर्तिको प्रदेशको शान्ति सुरक्षालाई मजबुत बनाउनुका साथै भ्रष्टाचार नियन्त्रण एवम् सुशासन कायम गरी सार्वजनिक सेवा प्रवाहलाई जनअपेक्षा अनुरुप बनाउनेतर्फ प्रदेश सरकार कृयाशील रहनु पर्दछ।

**३. अन्तरसरकारी समन्वय र सहकार्य**

सेवा प्रवाहमा प्रभावकारीता ल्याई सुसाशन कायम गर्ने, जनताका आधारभूत आवश्यकता पुरागर्ने तथा जनताको समयमै स्तरीय सेवा प्राप्त गर्ने अधिकारको सुनिश्चितताका लागि संघ, प्रदेश र स्थानीय तहबीचमा सहकारिता, सहअस्तित्व र समन्वयको माध्यमबाट अनुकूल स्थिति सृजना गर्नु आवश्यक छ। साथै, सेवा प्रवाह गर्ने जनता र भूगोल एउटै रहेको कारणले एकीकृत सेवा प्रवाह प्रणालीको स्थापना गरी कम लागतमा सेवा प्रवाह गर्ने वातावरणको सृजना गर्ने तर्फ प्रदेश सरकार कृयाशील रहनु पर्दछ। जनस्तरमा सेवा प्रवाहसँग प्रत्यक्ष जोडिने स्थानीय सरकार र राष्ट्रिय आवश्यकता अनुरुप नीति निर्माण र कार्यान्वयन गर्ने संघीय सरकारबीच पूलको

रुपमा रही विकास निर्माणका कार्यहरुलाई अगाडि बढाउने दिशामा प्रदेश सरकारका कृयाकलापहरु अगाडि बढ्नु पर्दछ।

**४. आवधिक योजनाको प्रभाकारी कार्यान्वयन गरी समृद्धि हासिल गर्ने**

प्रदेशले लिएको "समृद्धि प्रदेश, खुशी जनता"को लक्ष्यलाई मूर्तरुप दिन आवश्यक स्रोतको पहिचान र अधिकतम उपयोग गरी दिगो र फराकिलो आर्थिक विकास गर्नेतर्फ प्रदेश सरकार केन्द्रित हुनुपर्दछ। साथै, त्यसका लागि विकासका आधारहरूको पहिचान गरी योजनाबद्ध विकास प्रणालीको माध्यमबाट संघ प्रदेश र स्थानीय तहका योजनाहरुमा तादम्यमता कायम गरी विकासका प्रतिफलहरूको समुचित वितरण मार्फत लोकतन्त्रको लाभ सबैले लिन सक्ने गरी समाजबाद उन्मुख समावेशी समाज निर्माणमा प्रदेश सरकारले भूमिमा निर्वाह गर्नुपर्दछ।

नेपालको परिवेशमा संघीय शासन प्रणाली नयाँ प्रणाली हो। पटक पटकका राजनीतिक परिवर्तन संगै शासकीय व्यवस्थामा भएकाक परिवर्तनहरुका कारण जनताले एउटै प्रणालीको लामो समय सम्म अभ्यास गर्न नपाइरहेको अवस्था छ। एउटै पुस्ताले राणा शासनदेखि पंचायती व्यवस्था, प्रजातान्त्रिक काल, लोकतन्त्र र गणतन्त्रसंगै संघीय शासन शासन प्रणालीको अभ्यासमा रहनु परेको कारणले समेत राजनीतिक विषयहरुले प्राथमिकता पाएका र "विकास र समृद्दि" का विषयहरु ओझेलमा परेको सन्दर्भमा संविधान सभाबाट संविधान जारी भई संघीय शासन प्रणाली अभ्यासमा आएपश्चात आर्थिक विकास र समृद्धिको विषय जोडदार रुपमा अगाडि आएको छ। प्रदेश र स्थानीय तहहरू भर्खर स्थापना भई आफ्नो अधिकार र दायित्वका क्षेत्रहरूमा पूर्ण रुपमा कृयाशील नभईसकेका कारणले जनमानसमा केही अन्यौलताको स्थिति समेत छ। अधिकार तल्लो तहमा हस्तान्तरण भए पनि त्यससंगै आवश्यक स्रोत, क्षमता र संरचना हस्तान्तरण भईनसकेका कारणले कार्य सम्पादनलाई तीव्रता दिन कठिनाईहरू रहेका छन्। संविधान अनुरुप प्रदेशमा विधि, पद्धति तथा ब्यवस्था मिलाउने र योजनाबद्ध तरिकाले विकास तथा समृद्धिका प्रयासहरूमार्फत जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने गरी सरकारले ध्यान केन्द्रित गर्नेछ।

# अनुसूचीहरु

# अनसूची -१

## (क) प्रदेश समन्वय परिषद्को दोस्रो बैठकका निर्णयहरु

**आबधिक योजना तर्जुमा**

(१) नेपाल सरकारले २५ बर्षे दीर्घकालीन सोच सहित पन्ध्रौं योजना तर्जुमा गरिरहेको छ भने प्रदेश सरकारले **समृद्ध प्रदेश, सुखी जनता** भन्ने सोच राखी प्रदेशको प्रथम आबधिक योजनालाई अन्तिम रुप दिँदैछ । यसैले यस परिषद्को प्रथम बैठकमा प्रतिवद्धता जनाइए अनुरुप योजना तर्जुमा गर्न बाँकी भएका स्थानीय तहले चालू आर्थिक बर्षभित्रै आबधिक योजना तर्जुमा गरिसक्ने ।

(२) आबधिक योजनामा कृषि, उद्योग र पर्यटनलाई प्राथमिकतादिई यी क्षेत्रको विकासका लागि आबश्यक पर्ने पूर्वाधार निर्माण गर्ने नीति लिने । साथै, मानवीय विकास स्थितिमा सुधारका लागि शिक्षा, स्वास्थ्य तथा सुशासनलाई समेत उचित प्राथमिकतामा राख्ने ।

(३) स्थानीय तहका आबधिक योजनाले स्थानीय आबश्यकता, संभावना, क्षमता र जनताको मनोभावनालाई समेट्नुका साथै प्रदेशको आबधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्न योगदान पुर्याउनुपर्ने विषयलाई समेत बिशेष ध्यानदिने ।

(४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको समन्वय र सहकार्यमा आगामी ५ बर्षभित्रमा शतप्रतिशत जनतालाई सुधारिएको खानेपानी र विद्युत सेवा पुर्याउने संकल्प गरी योजना तथा कार्यक्रम तर्जुमा, साधन विनियोजन र कार्यान्वयन गर्ने ।

**आ.ब.२०७५।७६ को राजश्व**

(५) प्रदेश सरकारले स्थानीयतहहरुलाई उपलब्ध गराउनु पर्ने सवारी साधन कर प्रदेश संचित कोषमा यथाशीघ्र प्राप्त गरी स्थानीयतहलाई उपलब्ध गराउने ।

(६) स्थानीयतहले प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्ने चालू आ.ब.२०७५।७६ को प्राकृतिक स्रोत शुल्क (ढुंगा, गिट्टी, बालुवा) को रकमर रजिष्ट्रेशन दस्तुर, मनोरञ्जन कर,

विज्ञापन कर वापतको रकम विभाज्यकोष खाता मार्फत प्रदेश संचितकोषमा यथाशीघ्र दाखिला गर्ने ।

**आ.ब.२०७५।७६ को कार्यक्रमको कार्यान्वयन**

(७) प्रदेश सरकारले सशर्त अनुदान मार्फत खेल मैदान र सभाहल निर्माणका लागि उपलब्ध गराएको रकमबाट ती निर्माण कार्य यसैबर्ष सम्पन्नगर्ने ।

(८) समपुरक अनुदान अन्तर्गतका आयोजनाको कार्यान्वयनमा बिशेष ध्यान दिने ।

**आगामी आ.ब.को कार्यक्रम तथा वजेट तर्जुमा**

(९) सबै स्थानीयतहले कानूनले निर्धारण गरेको समयभित्रै वजेट प्रस्तुत तथा पारित गराउने ।

(१०) आबधिक योजनाका आधारमा योजनाबद्ध हिसाबले र परिणाम आउने गरी साधन विनियोजन गर्ने ।

(११) प्रदेशबाट स्थानीयतहलाई प्रदान गरिने समपुरक अनुदानको सीमा उपलब्ध गराइएको हुँदा त्यसका लागि स्थानीय तहतर्फको आबश्यक रकम विनियोजन गरिराख्ने र यस्तो अनुदान माग गर्दा समपुरक अनुदान कार्यविधि २०७५ को प्रक्रिया पूरा गर्ने ।

(१२) करको क्षेत्र र दर निर्धारण गर्दा करदाता जनताको क्षमता, करको प्रकृति तथा उठ्ने रकमको आकार र कर उठाउँदा सम्बन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्नजाने सकारात्मक वा नकारात्मक असर समेत आंकलन गर्ने एवम् करदाताको सुझाव समेतका आधारमा निर्णय लिने ।

**नेपाल सरकारलाई सुझाव पठाउने**

(१३) सशर्त अनुदानतर्फ चालू आ.ब. मा प्राप्त भएका कतिपय आयोजना धेरै सानो वजेट आकार तथा क्षेत्र भएका वा परिणाम देखाउन सकिने किसिमका समेत नदेखिएकाले आगामी आर्थिक बर्षमा सशर्त अनुदान पठाउँदा आयोजनाभन्दा पनि विषयगत क्षेत्र तोकेर मात्र पठाउने ।

(१४) बिद्यमान खरिद ऐन विकास आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि अनुकूल नदेखिएकाले उक्त ऐनमा यथाशीघ्र संशोधन गर्ने ।

(१५) विकास आयोजनाहरुको निर्माण स्थलमा पर्ने बनक्षेत्रको रुख कटानीसम्बन्धी निर्णय, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गर्ने अधिकार प्रदेश सरकारलाई हस्तान्तरण गर्ने,

(१६) कार्य विस्तृतीकरणलाई समेत आधार मानी साझा अधिकार सूचीमा रहेका विषय समेतमा संघ, प्रदेश र स्थानीय तहको अधिकार प्रष्ट हुनेगरी कानून तर्जुमा गर्ने ।

**तथ्यांक ब्यवस्था, प्रतिवेदन र अन्य कार्य**

(१७) तथ्यपरक योजना निर्माण तथा कार्यान्वयन र त्यसबाट हासिल हुने नतिजा मापन गर्न तथ्यांकको महत्वपूर्ण भूमिका रहने भएकाले त्यसको ब्यवस्थाका लागि प्रदेश तथ्यांक ऐन पारित भइसकेको छ । यस अनुरुप स्थायी संस्थागतब् यवस्था र एकिकृत तथ्यांक प्रणाली विकास गर्ने कार्यक्रम छ । यसका लागि तथ्यांक सिर्जना तथा संकलनको जिम्मेवारी प्रारम्भिक तहको सरकारको नाताले स्थानीय तहको हुने भएकाले आबश्यकत थ्यांक संकलन गरी प्रयोग गर्ने र आबधिक रुपमा प्रदेशमा समेत उपलब्ध गराउने।

(१८) स्थानीय तहले विकास निर्माण कार्यको गतिविधि,खर्च रकम र प्राप्त परिणाम खुलाई चौमासिक र बार्षिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन गर्ने ।

(१९) स्थानीय तहले तर्जुमा गर्ने कानूनको एकिकृत अभिलेख राख्न एवम् अन्तरसम्बन्ध विश्लेषण गर्नका लागि स्थानीय तहले बनाएका कानूनी दस्तावेजहरु पूर्व निर्णय वमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

(२०) परिषद्को प्रथम बैठकका निर्णयहरुमध्ये कार्यान्वयन हुन बाँकी बिषय प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

## (ख) प्रदेश समन्वय परिषद्को तेस्रो बैठकका निर्णयहरु

१. चालू आ.व. मा प्रदेश तथा स्थानीय तहहरुले निर्धारण गरेका नीति कार्यक्रम तथा बजेटको कार्यान्वयनगर्दा प्रदेशका कार्यालयहरु तथा स्थानीय तहहरूवीच पर्याप्त समन्वय र सहकार्य गरी आर्थिक अनुशासन र कामको गुणस्तर हुने गरी सालबसाली प्रकृतिका आयोजनाको हकमा आर्थिक वर्षको जेष्ठ मसान्त सम्म सम्पन्न गर्ने गरी काम गर्ने।

२. विकास आयोजना तथा कार्यक्रमहरु छनौट गर्दा दोहोरोपन अन्त्य गर्ने उद्देश्यले प्रदेश सरकारले निर्माण गर्न लागेको आयोजना अभिलेख प्रणालीमा सबै स्थानीय तहहरुले पहिचान गरेका र यस आ.व.मा निर्धारण गरेका आयोजना तथा कार्यक्रमहरुको विवरण अभिलेखीकरणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार तथा सुशासन महाशाखालाई उपलब्ध गराउने।

३. प्रदेश र स्थानीय तहमा हाल स्वीकृत दरवन्दीमा रिक्त जनशक्तिको पूर्तिका लागि प्रदेश लोकसेवा आयोगसँग सम्पर्क गरी माग गर्ने। प्रदेश सरकारले स्थानीय सेवा ऐनको निर्माण गर्ने कार्य शीघ्र सम्पन्न गर्ने। समायोजन ऐन अनुसार समायोजन कार्य सम्पन्न भैसकेको हुँदा दरवन्दीभन्दा बढि कर्मचारी पठाउने कार्य बन्द गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने। प्रदेश लोक सेवा आयोगबाट कर्मचारीको व्यवस्था नहुञ्जेलका लागि तत्काल कर्मचारी अभाव पुरा गर्न प्रदेश सरकार र स्थानीय तहहरुले स्नातक तह उत्तिर्ण गरेका Fresh Graduate हरुलाई बढीमा छ महिनाका लागिमात्र कार्यविधि बनाई Internship कार्यक्रम मार्फत् काममा लगाउने।

४. समान विषयमा स्थानीय तहहरुमा बन्ने कानूनहरुमा एकरुपता कायम गर्न एवं प्रदेश र स्थानीय तहका कानूनहरुको अन्तरसम्बन्ध विश्लेषण एवं अभिलेखीकरणका लागि सबै स्थानीय तहबाट हालसम्म पारित कानूनहरु पूर्व निर्णय (पहिलो बैठकको निर्णय बुँदा नं. १६ एवं दोस्रो बैठकको निर्णय बुँदा नं. १९) बमोजिम एक महिना भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा संवैधानिक मामिला महाशाखामा पठाउने।

५. प्रदेश सरकारले आगामी तीन बर्ष भित्र प्रदेशका सबै जनतामा स्वच्छ खानेपानीको आधारभूत पहुँच पुर्याउने संकल्प लिएको र यो विषय दिगो विकासका लक्ष्यहरुमध्ये महत्वपूर्ण लक्ष्यको रुपमा समेत रहेको सन्दर्भमा उक्त लक्ष्य प्राप्त गर्न प्रदेश सरकार एवं सबै स्थानीय तहहरुले खानेपानी र सरसफाई क्षेत्रमा कम्तिमा पाँच प्रतिशत रकम अनिवार्य रुपमा खर्च गर्ने व्यवस्था गर्ने। साथै, प्रत्येक स्थानीय तहले खानेपानीको पहुँच नपुगेका स्थानमा खानेपानीको व्यवस्थाका लागि नपूग बजेटको अनुमान गरी स्थानीय तहबाट उपलब्ध हुन सक्ने बजेट र प्रदेशबाट थप गर्नुपर्ने बजेटको आँकलन सहित प्रदेशमा पठाउने। पालिका क्षेत्रमा पर्ने मुख्य सडकहरु एवं सार्वजनिक महत्वका स्थलहरुमा सार्वजनिक शौचालय र खानेपानीको व्यवस्था मिलाउने। यस क्षेत्रमा काम गर्नको लागि स्थानीय तहमा छुट्टै इकाइको व्यवस्था गर्ने र समन्वय र नियमनका लागि प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय र स्थानीय तहको संयुक्त संयन्त्र तयार गर्ने।

६. प्रदेश सरकारको आ.व. २०७८/७९ भित्र प्रदेशका सबै जनतामा उर्जाको आधारभूत पहुँच पुऱ्याउने लक्ष्य प्राप्तिका लागि संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा प्रदेश सरकारले आवश्यक कार्यक्रमहरु तय गर्ने। सो प्रयोजनका लागि प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रको आवश्यकता पहिचान गरी सो को विवरण कार्तिक मसान्त सम्म भौतिक पूर्वाधार विकास मन्त्रालयमा उपलब्ध गराउने।

७. प्रदेश सरकारले कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकिकरण गरी आधुनिक कृषि प्रणालीको विकास गर्ने उद्देश्यले कार्यक्रमहरु संचालन गरिरहेको छ। कार्यक्रमहरु मध्ये अनुदानमा आधारित कार्यक्रमहरु संघ र स्थानीय तहबाट समेत संचालन हुने कार्यक्रमसँग दोहोरोपन आउने र दुरुपयोग हुने सम्भावनालाई रोक्न यस्ता कार्यक्रमहरु संचालन गर्दा प्रदेश र स्थानीय तहले आपसी समन्वयबाट संचालन गर्ने गरी भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयद्वारा संयन्त्र निर्माण गर्ने।

८. कृषि उत्पादनमा वृद्धि गर्न आवश्यक रोग किराको नियन्त्रण, बीउ मलको व्यवस्थापन, बीउ बैङ्कको स्थापना, विशेषज्ञ सेवा, कृषि तथा पशुपंक्षीजन्य उत्पादनको गुणस्तर नियमन जस्ता विषयहरुमा सहकार्यका लागि प्रदेश र स्थानीय तहले समन्वय गरी स्थानीय तहमा संयुक्त संयन्त्र निर्माण गर्ने।

९. प्रत्येक स्थानीय तहका छुट्टाछुट्टै आवश्यकता र प्राथमिकताका विषयहरु रहेकाले ती आवश्यकताहरुलाई सम्बोधन गर्ने नीति तय गर्न आधारभूत तथ्याङ्कहरु महत्पूर्ण हुने भएकाले तथ्याङ्क प्रणालीको विकासका लागि स्थानीय तहहरुले कार्यालयमा तथ्याङ्क ईकाइ वा शाखा स्थापना गरी आधारभूत तथ्याङ्क संकलन गर्ने व्यवस्था गर्ने र उक्त तथ्याङ्कहरु प्रदेशको तथ्याङ्क सम्बन्धी निकायमा पठाउने। साथै, प्रदेशस्तरीय तथ्याङ्क प्रणालीको विकासका लागि प्रदेश योजना आयोगले आवश्यक कार्य र समन्वय गर्ने।

१०. नदीजन्य पदार्थ (गिटी बालुवा, दहत्तर बहत्तर आदि) को व्यवस्थापन गर्दा संघ, प्रदेश र स्थानीय तह सबैका महत्वपूर्ण आयोजनाहरुमा निर्माण सामग्रीको अभाव नहुने गरी समयमै ठेक्का व्यवस्थापन गर्ने। यसको लागि आवश्यक सबै व्यवस्थापकीय कार्य कार्तिक पहिलो हप्तासम्म पुरा गरिसक्ने र सोको विवरण प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा जानकारी गराउने।

११. स्थानीय तहहरुसँग समन्वयका लागि प्रदेश सरकारका सबै मन्त्रालयहरुले सम्पर्क व्यक्ति (Focal Person) तोक्ने र सबै मन्त्रालयका सम्पर्क व्यक्तिहरुबीचको समन्वयको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार तथा समन्वय महाशाखा (स्थानीय तह समन्वय इकाई) ले गर्ने।

१२. प्रदेश सरकार र स्थानीय तहले सेवा सुविधा प्रवाह गर्ने क्रममा सीमान्तकृत समुदाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बालबालिका, द्वन्द्व प्रभावित र वेपत्ता व्यक्तिहरुका परिवारहरुका लागि सेवा प्रवाहको विशेष व्यवस्था गरी सहज र सरलरुपमा सेवा उपलब्ध गराउने।

१३. प्रदेश र स्थानीय तहले योजना तथा कार्यक्रम निर्माण र संचालन गर्दा भौतिक पूर्वाधार विकासका अतिरिक्त, गरिबी निवारण, सर्वाङ्गीण विकास, मानव अधिकार

तथा मौलिक हक, कानूनी राज्य, समतामूलक समाज, समावेशी प्रतिनिधित्व, भाषा, संस्कृतिको पहिचान र संरक्षण, सुशासन, आर्थिक अनुशासन लगायतका विषय समेत समावेश गर्ने।

१४. प्रत्येक स्थानीय तहले भू-उपयोग योजना बनाई अव्यवस्थित वस्ती विकास र जमिनको खण्डीकरणलाई निरुत्साहित गर्ने। व्यवस्थित औद्योगिक क्षेत्र, कृषि क्षेत्रर आवास क्षेत्रहरुको पहिचान गरी सोही अनुरुप पूर्वाधार विकास र सेवा प्रवाहको व्यवस्था गर्ने गरी कार्यक्रमहरु तय गर्ने।सो कार्यमा प्रदेश योजना आयोगले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने।

१५. पर्यटनको पूर्वाधार विकास र पानीका श्रोतहरुको सुरक्षाका लागि प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रमा पानीका मूल रिचार्ज, पोखरी, ताल तलैयाको संरक्षण र विकासका लागि आवश्यक कार्यक्रम बनाई लागू गर्न प्राथामिकता दिने।

१६. दुर्घटना न्यूनीकरण, विपद व्यवस्थापन र स्थानीय सुरक्षा व्यवस्थापनका क्षेत्रमा सबै स्थानीय तहले विशेष कार्य योजना बनाई लागू गर्ने र सो कार्यका लागि प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक सहयोग उपलब्ध गराउने।

१७. दशै, तिहार, छठ, ईद लगायतका पर्वहरुमा बजारमा देखिने विसँगती र स्वच्छ र प्रतिस्पर्धात्मक बजारसम्बन्धी कानून विपरितका क्रियाकलाप रोकथाम गर्न प्रत्येक स्थानीय तहले विशेष कार्यक्रम सञ्चालन गर्ने। सो कार्यमा प्रदेश सरकारको सम्बन्धित निकाय र जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायसँगको समन्वयको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय गर्ने।

१८. चाडपर्वको समयमा हुने यातायात सेवा र अन्य बस्तु तथा सेवाको आपूर्तिलाई सहज र सरल बनाउन सम्बन्धित स्थानीय तह, यातायात व्यवस्था कार्यालय र सुरक्षा निकायको सहभागितामा सयंत्र बनाई कार्यन्वयन गर्न प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयले सहजिकरण गर्ने।

१९. लुम्बिनी भ्रमण बर्ष, २०७६ र नेपाल भ्रमण बर्ष, २०२० समेतलाई मध्यनजर गरी पर्यटन प्रवर्द्धनका लागि सबै स्थानीय तहले कार्य योजना बनाई कार्यान्वयन

गर्ने। सो कार्यका लागि प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आवश्यक सहयोग र समन्वय गर्ने।

२०. आगामी प्रदेश समन्वय परिषद्को बैठकमा सबैको सहभागितालाई समावेश गराउने अभ्यासको रुपमा जिल्ला समन्वय समितिहरुको तर्फबाट १, नगरपालिकाहरुको तर्फबाट १ र गाउँपालिकाहरुको तर्फबाट २ वटा प्रस्तुतीहरु तयार गरी प्रस्तुत गर्ने।

२१. स्थानीय तहको मानव विकास सूचकाङ्क र कूल ग्राहस्थ उत्पादन सम्बन्धी तथ्याङ्क तयार गर्ने कार्यका लागि प्रदेश योजना आयोगले आवश्यक कार्य गर्ने।

२२. पशुपंक्षीको सुरक्षित पालनपोषण तथा संरक्षणका लागि सम्बन्धित पालिकाले आवश्यक नीति बनाई लागू गर्ने। साथै छाडा पशुपंक्षीको उचित र मर्यादित व्यवस्थापन गर्न स्थानीय तहले आवश्यक नीति बनाई कार्यान्वयन गर्ने।

२३. मल, बिउ, विषादीको आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक समन्वय गर्ने।साथै मन्त्रालयले विषादीयुक्त खाद्यान्य परिक्षणका लागि आवश्यक जनशक्ति र साधनको व्यवस्था गर्ने।

२४. प्रदेश अस्पतालहरुमा चिकित्सक र कर्मचारीहरुको व्यवस्था गरी निर्वाध रुपमा स्वास्थ सेवा उपलब्ध गराउने व्यवस्था सामाजिक विकास मन्त्रालयले गर्ने।

२५. प्रदेश तथा सबै स्थानीय तहहरुले परिषद्को यसपूर्वका बैठकका निर्णयहरु एवं यस बैठकका निर्णयहरु प्राथमिकताका साथ कार्यान्वयन गर्ने र कार्यान्यनको प्रगति चौमासिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शासकीय सुधार तथा समन्वय महाशाखामा पठाउने।

# अनुसूची - २

## प्रदेश नं.५ का प्रमूख सूचकहरु (नेपाल र प्रदेश नं.५ को तुलना)

| क्षेत्र | उप क्षेत्र | इकाई | नेपाल | प्रदेश नं.५ |
|---|---|---|---|---|
| भुगोल | कूल क्षेत्रफल | व.कि.मी. | १,४७,१८१ | २२,२८८ |
| | जिल्ला | संख्या | ७७ | १२ |
| निर्वाचन क्षेत्र | संघिय निर्वाचन | संख्या | १६५ | २६ |
| | प्रादेशिक निर्वाचन | संख्या | ३३० | ५२ |
| स्थानीय तह | गाउँपालिका | संख्या | ४६० | ७३ |
| | नगरपालिका | संख्या | २७६ | ३२ |
| | उपमहानगरपालिका | संख्या | ११ | ४ |
| | जम्मा | संख्या | ७५३ | १०९ |
| जनसांख्यिक विवरण (रा.ज.ग.२० ६८ ) | कूल जनसंख्या | संख्या | २,६४,९४,५०४ | ४४,९९,२७२ |
| | महिला | संख्या | १,३६,४५,४६३ | २३,५८,९५६ |
| | पुरुष | संख्या | १,२८,४९,०४१ | २१,४०,३१६ |
| | ग्रामिण जनसंख्या | % | ३७.०५ | ४८ |
| | शहरी जनसंख्या | % | ६२.९५ | ५२ |
| | जनघनत्व | प्रति व.कि.मी. | १८० | २५२.६ |
| | कूल परिवार | संख्या | ५४,२७,३०२ | ८,८४,७५७ |
| | परिवारको आकार | जना | ४.८८ | ५.०८ |
| | जनसंख्या बृद्दि दर | % | १.३५ | १.३७ |
| | लैङ्गिक अनुपात | प्रति सय महिलामा पुरुषको संख्या | ९४.२ | ९०.७ |
| कृषि तथा पशु उत्पादन | धान | मे.टन | ५२,३०,३२७ | ११,३५,३४४ |
| | मकै | मे.टन | २३,००,१२१ | ३,०७,९७९ |

| | | | | |
|---|---|---|---|---|
| (२०७३/७४) | गहुँ | मे.टन | १८,७९,१९३ | ४,५७,३४३ |
| | तेलहन | मे.टन | २,१४,४५५ | ५४,३५४ |
| | दलहन | मे.टन | ३,८३,४८० | १,१८,५२६ |
| | आलु | मे.टन | २६,९१,०३९ | २,६५,४१८ |
| | तरकारी (२०७१/७२) | मे.टन | ३५,८०,०८५ | ५,२३,२०० |
| | दुध | मे.टन | १९,११,२३९ | ३,१४,८४५ |
| | मासु | मे.टन | ३,३२,५४४ | ५८,५५८ |
| | माछा | मे.टन | ५५,८४२ | ११,५५० |
| | अण्डा | संख्या(हजार मा) | १३,३८,३१२ | १,४९,६१४ |
| वन | वन क्षेत्र | % | ४४.७४ | ५२.६ |
| | राष्ट्रिय निकुञ्ज | संख्या | १२ | २ |
| पूर्वाधार क्षेत्र | विद्धुत उत्पादन | मेगावाट | १००६.८ | ३६.४ |
| | राष्ट्रिय सडक | कि.मी. | २९,६३९ | २,४३८.७० |
| | विमान स्थल | संख्या | ४४ | ४ |
| शिक्षा | साक्षरता दर | % | ६५.९ | ६६.४ |
| | महिला साक्षरता दर | % | ५७.३९ | ५८.३ |
| | पुरुष साक्षरता दर | % | ७५.१४ | ७५.५ |
| | सामुदायिक विध्यालय | संख्या | २८,९२७ | ४,५६६ |
| | संस्थागत विध्यालय | संख्या | ४,७५२ | ८६४ |
| | कक्षा १-५ को खुद भर्ना दर(२०७४) | % | ९७.२ | ९७.७ |
| | कक्षा ६-८ को खुद भर्ना दर(२०७४) | % | ८७.४ | ८४.७ |
| | कक्षा ९-१० को खुद भर्ना दर(२०७४) | % | ६५.९ | ६१.६ |
| | कक्षा ११-१२ को खुद भर्ना दर(२०७४) | % | | |
| स्वास्थ्य | कुल प्रजनन् दर | | २.३ | २.४ |
| | परिवार नियोजन प्रयोगकर्ता दर | % | ५२.६ | ४८ |

| | | | | |
|---|---|---|---|---|
| | नवजात शिशु मृत्युदर | प्रतिहजार जिवित जन्ममा | २१ | ३० |
| | शिशु मृत्युदर | प्रतिहजार जिवित जन्ममा | ३२ | ४२ |
| | बाल मृत्युदर (५ वर्ष मुनी) | प्रतिहजार जिवित जन्ममा | ३९ | ४५ |
| | औषत आयु | वर्ष | ६९.९ | ६७.५ |
| आय,मानव विकास, गरिवी | मानव विकास सूचकाङ्क | | ०.५७ | ०.४६१ |
| | प्रतिव्यक्ति आय (२०६८) | अमेरिकी डलर | १,१६० | ९५० |
| | निरपेक्ष गरिवीको रेखामुनीको जनसंख्या | % | २५.२ | २४.५ |
| | मानव गरिवी सूचकाङ्क | % | ३१.१२ | ३१.९ |
| वित्तिय संस्था | वाणिज्य बैंक | संख्या | ३२०० | ४७६ |
| | विकास बैंक | संख्या | ११३६ | २९७ |
| | वित्त कंपनी | संख्या | १९५ | २९ |
| | सहकारी | संख्या | ३४५१२ | ४,०४३ |
| उद्धोग,प्रतिष्ठान | ठूला उद्धोग | संख्या | ७४९० | ८८२ |
| | घरेलु तथा साना उद्धोग | संख्या | २,६४,०८६ | २४,०४४ |
| | व्यावसायिक प्रतिष्ठान | संख्या | ९,२३,३५६ | १,४७,७८९ |
| | प्रतिष्ठानमा संलग्न जनशक्ति | संख्या | ३२,२८,४५७ | ४,७४,२६४ |
| आर्थिक क्षेत्र | कुल गार्हस्त उत्पादन बृद्दिदर ( स्थिर मूल्यमा ) २०७५/७६ | % | ६.८१ | ७.३७ |

# अनुसूची -३

# प्रदेश नं.५ का कार्यालयहरु

| क्र सं | मन्त्रालय | कार्यालय |
|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | प्रदेश सभा सचिवालय |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>मुख्यन्यायाधिवक्ताको कार्यालय, रुपन्देही |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>सूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवल |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय<br>प्रदेश लेखा नियन्त्रक कार्यालय, रुपन्देही |
| ५. | भौतिक पूर्वाधार विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय<br>यातायात पूर्वाधार निर्देशनालय, रुपन्देही<br>खानेपानी तथा सरसफाई डिभिजनकार्यालय, रुपन्देही<br>खानेपानी तथा सरसफाई डिभिजनकार्यालय, दाङ<br>खानेपानी तथा सरसफाई डिभिजनकार्यालय, प्यूठान<br>खानेपानी तथा सरसफाई डिभिजनकार्यालय, पाल्पा<br>खानेपानी तथा सरसफाई डिभिजनकार्यालय, गुल्मी<br>खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाँके<br>सडक पूर्वाधार विकास कार्यालय, गुल्मी<br>सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही<br>सडक पूर्वाधार विकास कार्यालय, दाङ<br>सडक पूर्वाधार विकास कार्यालय, प्यूठान<br>सडक पूर्वाधार विकास कार्यालय, बाँके<br>सडक पूर्वाधार विकास कार्यालय, बर्दिया<br>सडक पूर्वाधार विकास कार्यालय, अर्घाखाँची<br>सडक पूर्वाधार विकास कार्यालय, रुकुम पूर्व<br>सडक पूर्वाधार विकास कार्यालय, रोल्पा<br>सडक पूर्वाधार विकास कार्यालय, पाल्पा |

| क्र सं | मन्त्रालय | कार्यालय |
|---|---|---|
| | | सडक पूर्वाधार विकास कार्यालय, कपिलबस्तु<br>शहरी विकास तथा भवन कार्यालय, रुपन्देही<br>शहरी विकास तथा भवन कार्यालय, दाङ<br>शहरी विकास तथा भवन कार्यालय, बाँके<br>शहरी विकास तथा भवन कार्यालय, पाल्पा<br>यातायात व्यवस्था कार्यालय, रुपन्देही सवारी, रुपन्देही<br>यातायात व्यवस्था कार्यालय, रुपन्देही लाइसेन्स, रुपन्देही<br>यातायात व्यवस्था कार्यालय, बाँके,<br>यातायात व्यवस्था कार्यालय, दाङ,<br>यातायात व्यवस्था सेवा कार्यालय, पाल्पा,<br>यातायात व्यवस्था सेवा कार्यालय, भैरहवा,<br>यातायात व्यवस्था सेवा कार्यालय, भालुवाङ, दाङ<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, पाल्पा<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन, प्यूठान<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन , गुल्मी<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन , अर्घाखाँची<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन, रोल्पा<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन, रुपन्देही<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन, नवलपरासी<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन, कपिलवस्तु<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन, दाङ<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन, वाँके<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन, बर्दिया<br>जलस्रोत तथा सिँचाइ विकास सव-डिभिजन, रुकुम पूर्व<br>भूमिगत जलस्रोत तथा सिँचाइ विकास, रुपन्देही<br>भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय,वाँके<br>भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, दाङ<br>बाणगंगा सिंचाइ व्यवस्थापन डिभिजन, कपिलवस्तु<br>प्रगन्ना सिंचाइ व्यवस्थापन डिभिजन, दाङ |

| क सं | मन्त्रालय | कार्यालय |
|---|---|---|
| | | माडि लुङ्गि सिचाई आयोजना, |
| ६. | सामाजिक विकास मन्त्रालय | सामाजिक विकास मन्त्रालय<br>शिक्षा विकास निर्देशनालय, रुपन्देही<br>स्वास्थ्य निर्देशनालय, रुपन्देही<br>शिक्षा तालिम केन्द्र, रुपन्देही<br>स्वास्थ्य कार्यालय, दाङ<br>स्वास्थ्य कार्यालय , वाँके<br>स्वास्थ्य कार्यालय, बर्दिया<br>स्वास्थ्य कार्यालय, रुपन्देही<br>स्वास्थ्य कार्यालय, पाल्पा<br>स्वास्थ्य कार्यालय, कपिलवस्तु<br>स्वास्थ्य कार्यालय, गुल्मी<br>स्वास्थ्य कार्यालय, अर्घाखाँची<br>स्वास्थ्य कार्यालय, प्यूठान<br>स्वास्थ्य कार्यालय, रोल्पा<br>स्वास्थ्य कार्यालय, रुकुम पूर्व<br>स्वास्थ्य कार्यालय, नवलपरासी<br>प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, रुपन्देही<br>स्वास्थ्य तालिम केन्द्र, रुपन्देही<br>प्रदेश जनस्वास्थ्य प्रयोगशाला, रुपन्देही<br>व्यावसायिक तथा सीपविकास तालिमकेन्द्र, दाङ<br>व्यावसायिक तथा सीपविकास तालिमकेन्द्र, वाँके<br>रोजगार सूचना केन्द्र वुटवल, रुपन्देही<br>लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रुपन्देही<br>राप्ती प्रादेशिक अस्पताल, तुल्सिपुर, दाङ<br>भीम अस्पताल, भैरहवा, रुपन्देही<br>पृथ्वी चन्द्र अस्पताल, रामग्राम, नवलपरासी<br>कपिलवस्तु अस्पताल, तौलिहवा, कपिलवस्तु<br>अर्घाखाँची अस्पताल, सन्धिखर्क, अर्घाखाँची<br>पाल्पा अस्पताल, तानसेन, पाल्पा |

| क सं | मन्त्रालय | कार्यालय |
|---|---|---|
| | | पाल्पा अस्पताल, रामपुर, पाल्पा<br>गुल्मी अस्पताल, तम्घास, गुल्मी<br>प्यूठान अस्पताल, बिजुवार, प्यूठान<br>रोल्पा अस्पताल, रेयुगा, रोल्पा<br>बर्दिया अस्पताल, गुलरिया, बर्दिया<br>रुकुम पुर्व अस्पताल, रुकुम पुर्व<br>राप्ती आयुर्वेद चिकित्सालय, तुल्सीपुर, दाङ्ग<br>बाँके आयुर्वेद स्वास्थ्य केन्द्र, नेपालगंज, बाँके<br>बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र, गुलरिया, बर्दिया<br>प्रादेशिक आयुर्वेद चिकित्सालय, विजौरी, दाङ्ग<br>रोल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, लिवाङ, रोल्पा<br>प्यूठान आयुर्वेद स्वास्थ्य केन्द्र, खलंगा, प्यूठान<br>गुल्मी आयुर्वेद स्वास्थ्य केन्द्र, तम्घास, गुल्मी<br>अर्घाखाँची आयुर्वेद स्वास्थ्य केन्द्र, सन्धिखर्क, अर्घाखाँची<br>कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्र, तौलिहवा, कपिलवस्तु<br>पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, तानसेन, पाल्पा<br>लुम्बिनी आयुर्वेद चिकित्सालय, बुटवल, रुपन्देही<br>सामाजिक विकास डिभिजन कार्यालय, प्यूठान<br>सामाजिक विकास डिभिजन कार्यालय, दाङ्ग<br>सामाजिक विकास डिभिजन कार्यालय, पाल्पा<br>सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही<br>सामाजिक विकास डिभिजन कार्यालय, कपिलबस्तु<br>सामाजिक विकास डिभिजन कार्यालय, बाँके<br>पाल्पा दरबार संग्राहलय, पाल्पा |
| ७. | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>उद्योग, वाणिज्य तथा उपभोक्ता हीत संरक्षण निर्देशनालय, रुपन्देही<br>वन निर्देशनालय, रुपन्देही<br>वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, रुपन्देही<br>घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा |

| क सं | मन्त्रालय | कार्यालय |
|---|---|---|
| | | घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तु<br>घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी<br>घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही<br>घरेलु तथा साना उद्योग कार्यालय, दाङ<br>घरेलु तथा साना उद्योग कार्यालय, बाँके<br>घरेलु तथा साना उद्योग कार्यालय, वर्दिया<br>डिभिजनवन कार्यालय, रुपन्देही<br>डिभिजनवन कार्यालय, नवलपरासी<br>डिभिजनवन कार्यालय, कपिलबस्तु<br>डिभिजनवन कार्यालय, कपिलबस्तु गौतमवुद्ध<br>डिभिजनवन कार्यालय, गुल्मी<br>डिभिजनवन कार्यालय, पाल्पा<br>डिभिजनवन कार्यालय, अर्घाखाँची<br>डिभिजनवन कार्यालय, बर्दिया<br>डिभिजनवन कार्यालय, बाँके<br>डिभिजनवन कार्यालय, दाङ<br>डिभिजनवन कार्यालय, दाङ देउखुरी<br>डिभिजनवन कार्यालय, प्यूठान<br>डिभिजनवन कार्यालय, रोल्पा<br>डिभिजनवन कार्यालय, रुकुम<br>भू तथा जलाधार व्यवस्थापन कार्यालय, पाल्पा<br>भू तथा जलाधार व्यवस्थापन कार्यालय, दाङ<br>पर्यटन डिभिजन कार्यालय, रुपन्देही<br>पर्यटन डिभिजन कार्यालय, बाँके |
| ८. | भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>कृषि विकास निर्देशनालय, रुपन्देही<br>पशुपंक्षि तथा मत्स्य विकास निर्देशनालय, रुपन्देही<br>कृषि ज्ञानकेन्द्र, नवलपरासी<br>कृषि ज्ञानकेन्द्र, अर्घाखाँची<br>कृषि ज्ञानकेन्द्र, गुल्मी |

| क सं | मन्त्रालय | कार्यालय |
|---|---|---|
| | | कृषि ज्ञानकेन्द्र, पाल्पा<br>कृषि ज्ञानकेन्द्र, कपिलवस्तु<br>कृषि ज्ञानकेन्द्र, बाँके<br>कृषि ज्ञानकेन्द्र, दाङ<br>कृषि ज्ञानकेन्द्र, रोल्पा<br>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा<br>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पा<br>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तु<br>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देही<br>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ<br>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाँके<br>कृषि विकास प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, बाँके<br>पशु विकास तालिम केन्द्र, बाँके<br>सहकारी प्रशिक्षालय, बाँके<br>कुखुरा विकास फर्म, खजुरा, बाँके<br>मत्स्य विकास केन्द्र, महादेवपुरी,, बाँके<br>क्षेत्रीय बीउ विजन परिक्षण प्रयोगशाला, रुपन्देही<br>क्षेत्रीय बीउ विजन परिक्षण प्रयोगशाला, खजुरा, बाँके<br>क्षेत्रीय बालीसंरक्षण प्रयोगशाला, खजुरा, बाँके<br>क्षेत्रीय माटो परिक्षण प्रयोगशाला, बाँके |
| ९. | प्रदेश लोक सेवा आयोग, बुटवल | |
| १०. | प्रदेश योजना आयोग, बुटवल | |
| ११. | पूर्वाधार विकास प्राधिकरण | |



उर्जा सम्बन्धी बैठक




Institutional Memory Transfer



तेस्रो समन्वय परिषद् बैठक




तेस्रो समन्वय परिषद् बैठक



क्षमता अभिबृद्धि र तालिम



क्षमता अभिबृद्धि र तालिम



क्षमता अभिबृद्धि र तालिम



क्षमता अभिबृद्धि र तालिम




विभिन्न दिवसहरु



विभिन्न दिवसहरु



विभिन्न दिवसहरु



विभिन्न दिवसहरु